# नेपाली निबन्धपरम्परामा स्याङ्जा जिल्लाको योगदान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र

सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको

स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ

पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

**पदमबहादुर रानाभाट**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ


२०६४ ।

**त्रिभुवन विश्वविद्यालय**

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर

**मितिः २०६४/०६/**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र श्री पदमबहादुर रानाभाटले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **नेपाली निबन्धपरम्परामा स्याङ्जा जिल्लाको योगदान** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन-समिति

| क्र.सं. | नाम | | हस्ताक्षर |
|---|---|---|---|
| १. | **प्रा. राजेन्द्र सुवेदी** | (विभागीय प्रमुख) | ............................ |
| २. | **प्रा. मोहनराज शर्मा** | (बाह्य परीक्षक) | ............................ |
| ३. | **उपप्रा. गोविन्दप्रसाद शर्मा** | (शोधनिर्देशक) | ............................ |

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, कीर्तिपुरका स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी श्री पदमबहादुर रानाभाटले **नेपाली निबन्धपरम्परामा स्याङ्जा जिल्लाको योगदान** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । यस शोधकार्यप्रति म पूर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०६४/ ०६/

...........................

**गोविन्दप्रसाद शर्मा**

**उप प्राध्यापक**

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

काठमाडौं ।

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र आदरणीय गुरु उपप्रा.श्री गोविन्दप्रसाद शर्माको निर्देशनमा तयार पारेको हुँ । विभिन्न परिस्थितिमा पनि आफ्नो अमूल्य समयप्रदान गरी निर्देशन गर्नाले यो शोधपत्र तयार भएको हो । यस उल्लेखनीय कार्यका लागि म श्रद्धेय गुरुप्रति हृदयदेखि नै कृतज्ञताज्ञापन गर्दछु ।

यस शोधकार्यको क्षेत्रीय अध्ययनका क्रममा प्रमुख आधारसामग्री प्रदान गरी सहयोग गर्ने स्रष्टाहरू डा. महेश्वर शर्मा, देवीप्रसाद वनवासी, विश्वप्रेम अधिकारी, पिताम्बर शर्मा, घनश्याम ढकाल, डा. अच्युतशर्मा अर्याल, डा. जगदीशचन्द्र भण्डारी, शारदा शर्मा, परशुराम कोइराला, डा. दिलबहादुर क्षेत्री, राजेन्द्र चापागाइँ, सुकुम शर्मा, लालगोपाल सुवेदी, गायत्री लम्साल र आत्मीय मित्र प्रेमराज लुइटेलप्रति हृदयदेखि नै कृतज्ञता जाहेर गर्दछु । यसैगरी शोधकार्यका लागि उचित सल्लाह र सुझाउ प्रदान गर्नुहुने आदरणीय गुरुहरू घनश्याम उपाध्याय, प्रा.डा. दयाराम श्रेष्ठ, प्रा. राजेन्द्र सुवेदी, डा. महादेव अवस्थी, डा. कृष्णहरि बराल, डा. खगेन्द्र लुइटेल र भीमनारायण रेग्मीप्रति आभार प्रकट गर्दछु ।

शोधकार्य गर्नका लागि अवसर प्रदान गर्ने त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुर तथा विभिन्न पुस्तक पत्रपत्रिका फोटोकपि उपलब्ध गराई सहयोग गर्ने त्रि.वि. केन्द्रीय पुस्तकालय, पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय (पोखरा), लक्ष्मी स्मृति पुस्तकालय (स्याङ्जा)प्रति आभारी छु ।

मलाई यस धर्तीमा जन्म दिई पालनपोषण गरी शिक्षादीक्षाको सुनौलो अवसर प्रदान गर्ने माता धनमाया रानाभाट र पिता अमरबहादुर रानाभाटप्रति उच्च सम्मान टक्र्याउँछु । लेखन कार्यमा सहयोग र हौसला पुऱ्याइदिने आत्मीय मित्र राजु लम्साल र मित्रहरू रामकृष्ण भण्डारी, नारायण देवकोटा, छविलाल न्यौपाने र रमेश थापाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा सहयोग पुऱ्याउने मेरी जीवनसङ्गिनी सुन्तली रानाभाटको सहयोगप्रति धन्यवाद प्रकट गर्दछु । यस शोधपत्रलाई टङ्कन गरिदिने नेचर कम्प्युटर सेन्टर, कीर्तिपुरकी नैना जी.सी.प्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा म यस शोधपत्रको मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष पेस गर्दछु ।

मिति: २०६४/०६/

......................

**पदमबहादुर रानाभाट**

**स्नातकोत्तर तह दोस्रो वर्ष**

**नेपाली केन्द्रीय विभाग**

**त्रि.वि., कीर्तिपुर**

**तेस्रो परिच्छेद**

**स्याङ्जा जिल्लाको साहित्यिक सर्वेक्षण** १९-४७

३.१ पृष्ठभूमि १९

३.२ लोकसाहित्य १९

३.३ अभिलेख २१

३.४ स्याङ्जामा साहित्यलेखनको आरम्भ २१

३.५ स्याङ्जा जिल्लाको संक्षिप्त साहित्य सर्वेक्षण २२

३.६ पुस्तकाकार कृति नभएका फुटकर स्याङजाली साहित्यकारहरू ४७

३.७ निष्कर्ष ४७

**चौथो परिच्छेद**

**नेपाली निबन्धपरम्परामा स्याङ्जा जिल्लाको योगदान** ४८-६१

४.१ निबन्ध परिचय ४८

४.१.१ निबन्धको पूर्वीय मान्यता ४८

४.१.२ निबन्धको पाश्चात्य मान्यता ४९

४.१.३ निबन्धको परिभाषा र स्वरूप ४९

४.२ निबन्धका तत्त्वहरू ५१

४.३ निबन्धको वर्गीकरण ५२

४.३.१ आत्मपरक निबन्ध ५३

४.३.२ वस्तुपरक निबन्ध ५४

४.४ नेपाली निबन्ध परम्परा ५५

४.४.१ प्राथमिक काल (१८३१-१९५७) ५५

४.४.२ माध्यमिक काल (१९५८–१९९२) ५६

४.४.३ आधुनिक काल (१९९३–हालसम्म) ५६

४.४.३.१ प्रथम चरण (१९९३–२००३) ५६

४.४.३.२ द्वितीय चरण (२००४–२०३५) ५७

४.४.३.३ तृतीय चरण (२०३६ देखि हालसम्म) ५७

**४.५ स्याङ्जा जिल्लामा निबन्धलेखनको आरम्भ** ५८

**४.६ स्याङ्जाका प्रमुख निबन्धकारहरू र तिनका योगदान** ५८

**४.७ निष्कर्ष** ६०

**पाँचौँ परिच्छेद**

**स्याङ्जाका निबन्धकारहरूका निबन्धकृतिहरूको अध्ययन** ६२–११८

**५.१ निबन्धकार केदार शर्मा ढकाल (१९८६)** ६२

५.१.१ पृष्ठभूमि ६२

५.१.२ बाँच्न गाह्रो भो (२०४७) निबन्धसङ्ग्रहको अध्ययन ६२

५.१.३ जीवन सङ्घर्षको चक्कर ठक्कर (२०५८) निबन्धसङ्ग्रहको अध्ययन ६३

५.१.४ निष्कर्ष ६५

**५.२ निबन्धकार महेश्वर शर्मा (१९८८)** ६६

५.२.१ पृष्ठभूमि ६६

५.२.२ तर .... तापनि ... (२०५१) निबन्धसङ्ग्रहको अध्ययन ६६

५.२.३ अस्तित्वको खोजीमा (२०५३) निबन्धसङ्ग्रहको अध्ययन ६७

५.२.४ वरं न राज्यं न कुराजराज्यम् (२०५३) लेखसङ्ग्रहको अध्ययन ६९

५.२.५ अरालिएका स्वर (२०५९) निबन्धसङ्ग्रहको अध्ययन ७०

५.२.६ निष्कर्ष ७२

**५.३ निबन्धकार भेषजराज शर्मा (१९८९)** **७३**

५.३.१ पृष्ठभूमि ७३

५.३.२ भेषजराज शर्माका निबन्धहरूको अध्ययन ७३

५.३.३ निष्कर्ष ७४

**५.४ निबन्धकार पीताम्बर शर्मा (१९८९)** **७४**

५.४.१ पृष्ठभूमि ७४

५.४.२ पीताम्बर शर्माका निबन्धहरूको अध्ययन ७४

५.४.३ निष्कर्ष ७५

**५.५ निबन्धकार देवीप्रसाद वनवासी (१९९७)** **७६**

५.५.१ पृष्ठभूमि ७६

५.५.२ मुलुकभित्रै भौतारिदा (२०४२) निबन्धसङ्ग्रहको अध्ययन ७६

५.५.३ आँधीखोले लोकसंस्कृति (२०५५) निबन्धसङ्ग्रहको अध्ययन ७८

५.५.४ सोल्टी (२०५९) निबन्धसङ्ग्रहको अध्ययन ७९

५.५.५ हरेलो (२०६१) निबन्धसङ्ग्रहको अध्ययन ८०

५.५.६ निष्कर्ष ८१

**५.६ निबन्धकार विश्वप्रेम अधिकारी (२००३) ८२**

५.६.१ पृष्ठभूमि ८२

५.६.२ आँधीखोले लोकसंस्कृति र लोकगीत (२०५७) निबन्धसङ्ग्रहको अध्ययन ८४

५.६.३ पश्चिमाञ्चलका लोकगीत र परम्परा (२०५८) ८५

५.६.४ आँधीखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण (२०५९) ८५

५.६.५ निष्कर्ष ८७

**५.७ निबन्धकार गणेशमान गुरुङ (२००५) ८७**

५.७.१ पृष्ठभूमि ८७

५.७.२ सम्झनाका क्षणहरू निबन्धसङ्ग्रहको अध्ययन (२०४८) ८७

५.७.३.निष्कर्ष ८८

**५.८ निबन्धकार यमबहादुर पौडेल क्षेत्री (२००८) ८८**

५.८.१ पृष्ठभूमि ८८

५.८.२ मितेरी (२०५७) निबन्धसङ्ग्रहको अध्ययन ८८

५.८.३ निष्कर्ष ८९

**५.९ निबन्धकार घनश्याम ढकाल (२०१०) ८९**

५.९.१ पृष्ठभूमि ८९

५.९.२ नाम कमाउने रहरमा (२०४२) निबन्धसङ्ग्रहको अध्ययन ८९

५.९.३ दरिद्रताबाट मुक्ति (२०४५) निबन्धसङ्ग्रहको अध्ययन ९१

५.९.४ निष्कर्ष ९२

**५.१० निबन्धकार अच्युतशरण अर्याल (२०१३)** **९३**

५.१०.१ पृष्ठभूमि ९३

५.१०.२ अभ्फेटाका बान्कीहरू (२०४१) निबन्धसङ्ग्रहको अध्ययन ९३

५.१०.३ निष्कर्ष ९४

**५.११ निबन्धकार शारदा शर्मा (२०१५)** **९४**

५.११.१ पृष्ठभूमि ९४

५.११.२ अग्निस्पर्श (२०६३) निबन्धसङ्ग्रहको परिचयात्मक अध्ययन ९४

५.११.३ निष्कर्ष ९६

**५.१२ निबन्धकार जगदीशचन्द्र भण्डारी (२०१९)** **९७**

५.१२.१ पृष्ठभूमि ९७

५.१२.२ अँध्यारोमा चल्बलाएका शब्दहरू (२०४७) निबन्धसङ्ग्रहको अध्ययन ९७

५.१२.३ निष्कर्ष ९९

**५.१३ निबन्धकार राजेन्द्रप्रसाद चापागाइँ 'आहात' (२०२४)** **९९**

५.१३.१ पृष्ठभूमि ९९

५.१३.२ आवरण (२०६३) निबन्धसङ्ग्रहको अध्ययन ९९

५.१३.३ निष्कर्ष १०१

**५.१४ निबन्धकार सुकुम शर्मा (२०२७)** **१०२**

५.१४.१ पृष्ठभूमि १०२

५.१४.२ कोम्प्रोङ खोला बाँचे भेट होला (२०५९) निबन्ध सङ्ग्रहको अध्ययन १०२

५.१४.३ विभिन्न पत्रपत्रिकामा प्रकाशित निबन्धहरूको अध्ययन १०४

५.१४.४ निष्कर्ष १०८

**५.१५ निबन्धाकार लालगोपाल सुवेदी** **१०८**

५.१५.१ पृष्ठभूमि १०८

५.१५.२ नानीका निबन्ध र चिठी (२०६१) संगालाको अध्ययन १०८

५.१५.३ निबन्ध र अभिव्यक्तिकला (२०६१) निबन्धसङ्ग्रहको अध्ययन ११०

५.१५.४ निष्कर्ष ११२

**५.१६ निबन्धकार गायत्री लम्साल** **११२**

५.१६.१ पृष्ठभूमि ११२

५.१६.२ बोकापालन (२०६२) व्यङ्ग्य निबन्धसङ्ग्रहको अध्ययन ११२

५.१६.३ निष्कर्ष ११४

**५.१७ केही निबन्धकारहरूका फुटकर निबन्धहरूको अध्ययन** **११४**

५.१७.१ निबन्धकार कृष्णाप्रसाद शर्मा ११४

५.१७.२ निबन्धकार मित्रलाल पंज्ञानी ११४

५.१७.३ निबन्धकार फणीन्द्रराज काफ्ले ११५

५.१७.४ निबन्धकार प्रेमराज लुइटेल ११५

**५.१८ अन्य निबन्धकारहरूको विवरण** ११५

**५.१९ निष्कर्ष** ११६

**परिच्छेद छ**

उपसंहार ११७–११८

**सन्दर्भसामग्रीसूची** ११९–१२३

# सङ्क्षेपीकरण सूची

| | |
|---|---|
| अनु. | -अनूदित/अनुवादक |
| उ.मा.वि. | -उच्च माध्यमिक विद्यालय |
| क्र.स. | -क्रम सङ्ख्या |
| गा.वि.स. | -गाउँ विकास समिति |
| डा. | -डाक्टर |
| डि. | -डिठ्ठा |
| ते.सं. | -तेस्रो संस्करण |
| त्रि.वि. | -त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | -दोस्रो संस्करण |
| नि.मा.वि. | -निम्नमाध्यमिक विद्यालय |
| ने.रा.प्र.प्र. | -नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्रा. | -प्राध्यापक |
| प्रा.वि. | -प्राथमिक विद्यालय |
| पृ.स. | -पृष्ठ सङ्ख्या |
| पु.ब.न.पा. | -पुतली बजार नगर पालिका |
| मा.वि. | -माध्यमिक विद्यालय |
| मि. | -मिटर |
| वि.सं. | -विक्रम संवत् |
| सम्पा. | -सम्पादक |
| स्व. | -स्वर्गीय |
| संस्क. | -संस्करण |

# विषय सूची


**पहिलो परिच्छेद**

## शोधपरिचय १–५

१.१ शोधशीर्षक १

१.२ शोधकार्यको प्रयोजन १

१.३ विषय परिचय १

१.४ सोधसमस्या १

१.५ शोधकार्यका उद्देश्य २

१.६ पूर्वकार्यको समीक्षा २

१.७ शोधकार्यको औचित्य ४

१.८ शोधकार्यको सीमाङ्कन ४

१.९ शोधविधि ४

१.१० शोधपत्रको रूपरेखा ५

**दोस्रो परिच्छेद**

## स्याङजा जिल्लाको परिचय ६–१८

२.१ अवस्थिति ६

२.२ स्याङ्जा जिल्लाको नामकरण ६

२.३ हावापानी ७

२.४ ऐतिहासिक पक्ष ७

२.५ सामाजिक सन्दर्भ ८

२.६ जातजाति ९

२.७ भाषा र भाषिका ९

२.८ धार्मिक स्थिति १२

२.९ संस्कृति १३

२.१० चाडपर्व १३

२.११ धार्मिक स्थल १३

२.१२ शैक्षिकसन्दर्भ १४

२.१३ पुस्तकालय र वाचनालय १५

२.१४ साहित्यिक संस्थाहरू १६

२.१५ पत्रपत्रिकाको विवरण १६

२.१६ निष्कर्ष १८

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **नेपाली निबन्धपरम्परामा स्याङ्जा जिल्लाको योगदान** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहको नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

स्याङ्जा जिल्ला नेपाल राज्यका पाँच विकास क्षेत्रमध्ये पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चलमा पर्दछ । यस जिल्लामा आफ्नै साहित्यिक पृष्ठभूमि रहेको छ । स्याङ्जा जिल्लाको चिनारी, लोकसाहित्य, अभिलेख र साहित्यिकलेखनको आरम्भ, सामान्य साहित्यिक सर्वेक्षणका साथै स्याङ्जाली निबन्धकारहरू र निबन्धकृतिहरूको पहिचान यस शोधकार्यमा गरिएको छ । साहित्यको कनिष्ठ विधा निबन्ध हो । नेपाली निबन्धका विकासमा स्याङ्जा जिल्लाको आफ्नै विशिष्ट पहिचान र उल्लेख्य योगदान रहेको छ । निबन्धकार महेश्वर शर्माको **अङ्गुठी** निबन्ध स्याङ्जाका निबन्धपरम्परामा पहिलो निबन्ध हो । यस पछि थुप्रै निबन्धकारहरू भेटिएका छन् । स्याङ्जाको मुख्य निबन्धकारहरूमा केदार शर्मा ढकाल, महेश्वर शर्मा, देवीप्रसाद वनवासी, विश्वप्रेम अधिकारी, घनश्याम ढकाल, डा.जगदीशचन्द्र भण्डारी, राजेन्द्र चापागाइँ, सुकुम शर्मा, गायत्री लम्साल आदि रहेका छन् । विभिन्न निबन्धकारहरूका फुटकर निबन्ध विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । नेपाली निबन्धपरम्परामा स्याङ्जा जिल्लाको योगदान यस शोधकार्यको मुख्य विषय हो ।

## १.४ शोधसमस्या

स्याङ्जा जिल्ला आफ्नै पृष्ठभूमि भएको जिल्ला हो । स्याङ्जा जिल्लाको चिनारीको पृष्ठभूमि, जिल्लामा साहित्यिक लेखनको सर्वेक्षण, जिल्लाका निबन्धकार र नेपाली निबन्धपरम्परामा स्याङ्जा जिल्लाको योगदानका बारेमा शोधकार्य भएको पाइँदैन । स्याङ्जामा वा स्याङ्जाभन्दा बाहिर रहेर नेपाली साहित्यमा योगदान पुऱ्याउने निबन्धकारहरूका योगदानका साथै स्याङ्जाको साहित्यिक गतिविधिका बारेमा खोज अनुसन्धान र मूल्याङ्कन गर्नु यस शोधकार्यको मुख्य समस्या हो । यस शोधकार्यमा निम्नलिखित समस्या रहेका छन् :

१. स्याङ्जा जिल्लाको भौगोलिक, ऐतिहासिक र सामाजिक स्थिति केकस्तो छ ?

२. स्याङ्जा जिल्लामा साहित्यलेखनको परम्परा केकस्तो छ ?

३. स्याङ्जा जिल्लाका निबन्धकार र तिनका निबन्धात्मक कृति केकति छन् ?

४. स्याङ्जाका निबन्धकारका  निबन्धात्मक कृति  केकस्ता रहेका छन् ?

५. नेपाली निबन्ध परम्परामा स्याङ्जा जिल्लाको योगदान केकस्तो रहेको छ ?

यिनै समस्याहरूका केन्द्रीयतामा रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य स्याङ्जा जिल्लाका निबन्धकारहरूको सर्वेक्षण गरी तिनले नेपाली निबन्धपरम्परामा दिएको योगदानको मूल्याङ्कन गर्नु रहेको छ । स्याङ्जा जिल्लामा निबन्धलेखनको परम्परा र नेपाली निबन्धमा स्याङ्जा जिल्लाको योगदानमा आधारित भएर विस्तृत, तथ्यपरक अध्ययन तथा विश्लेषण गर्नका लागि प्रस्तुत शोधपत्रमा निम्नलिखित उद्देश्य रहेका छन् :

१. स्याङ्जा जिल्लाको भौगोलिक, ऐतिहासिक र सामाजिक स्थितिको चिनारी दिनु ।

२. स्याङ्जा जिल्लाको साहित्यलेखन परम्पराको सर्वेक्षण गर्नु ।

३. स्याङ्जा जिल्लाका निबन्धकार र तिनका निबन्धकृतिको सर्वेक्षण गर्नु ।

४.स्याङ्जा जिल्लाका निबन्धकार र तिनका निबन्धकृतिको अध्ययन तथा विश्लेषण गर्नु ।

५. नेपाली निबन्ध परम्परामा स्याङ्जा जिल्लाको योगदानको मूल्याङ्कन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली निबन्धपरम्परामा स्याङ्जा जिल्लाको योगदान महत्त्वपूर्ण भएपनि त्यसका बारेमा अन्वेषण कार्य भएको छैन । नेपाली कविता तथा हास्यव्यङ्ग्यका क्षेत्रमा स्याङ्जा जिल्लाको योगदानका बारेमा अध्ययन र विश्लेषण भए पनि स्याङ्जाका समग्र निबन्धकार र तिनका निबन्धकृतिको अध्ययन तथा विश्लेषण र नेपाली निबन्धका क्षेत्रमा स्याङ्जाका निबन्धकारहरूले पुऱ्याएको योगदानको मूल्याङ्कन भएको छैन । यस कार्यमा जिल्लाको चिनारी, जिल्लाका साहित्यकारहरूको सर्वेक्षण, निबन्धकार र निबन्धकृतिका बारेमा अध्ययन गरिएको छ । स्याङ्जाको साहित्यिक गतिविधिका बारेमा पुस्तक तथा पत्रपत्रिकामा सामान्य चर्चा गरिएको पाइन्छ । पुस्तक तथा पत्रपत्रिकामा स्याङ्जाको साहित्यिक गतिविधिका बारेमा उल्लेख गरिएका पूर्वकार्यहरू यस प्रकार छन् :

नारायणप्रसाद अधिकारीले **स्याङ्जेली लोकगीतको सङ्कलन, वर्गीकरण र अध्ययन** (२०४३) शीर्षकको अप्रकाशित शोधपत्रमा स्याङ्जाको साहित्यिक गतिविधिबारे सामान्य उल्लेख गरेका छन् । यिनको अध्ययन क्षेत्र लोकगीतमा सीमित छ ।

महेश्वर शर्मा र अन्यद्वारा सम्पादित **स्याङ्जाको साहित्यिक चिनारी** (२०५१) नामक पुस्तकमा स्याङ्जाको साहित्यिक पृष्ठभूमि, विकासक्रम, साहित्यिक संघ, संस्था, साहित्यिक पुरस्कार तथा साहित्यकारहरूको कालक्रमिक परिचय दिने क्रममा केही निबन्धकार र निबन्धकृतिहरूको उल्लेख गरिएको छ ।

चन्द्रकान्त पराजुलीले **साहित्यकार देवीप्रसाद वनवासीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (२०५१) नामक अप्रकाशित शोधपत्रमा स्याङ्जाका साहित्यकारहरूको सन्दर्भ जोड्दै वनवासीको निबन्धकार व्यक्तित्वको चर्चा गरेका छन् ।

शिवप्रसाद तिमिल्सिनाले **केदार शर्मा ढकालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (२०५२) नामक अप्रकाशित शोधपत्रमा ढकालका निबन्धात्मक कृतिको मूल्याङ्कन गरेका छन् । स्याङ्जाका अग्रज साहित्यकारका सन्दर्भमा उनको मूल्याङ्कन पनि भएको छ ।

घनश्याम ढकालले 'स्याङ्जाली साहित्यको सेरोफेरो', **बीमलीक** त्रैमासिक (२०५२, वर्ष १, अङ्क, ३,) लेखमा स्याङ्जाका साहित्यकारको चर्चा गर्दा केही निबन्धकार तथा तिनका निबन्धकृतिका बारेमा चर्चा गरेका छन् ।

दिनेश अर्यालले **नेपाली साहित्यमा युगभाषा पत्रिकाको योगदान** (२०५४) नामक अप्रकाशित शोधपत्रमा स्याङ्जाका निबन्धकार र तिनका निबन्धकृतिको सामान्य परिचय दिएका छन । उनको क्षेत्र **युगभाषा** पत्रिकामा सीमित रहेको छ । पत्रिकामा प्रकाशित निबन्धका चिनारीका सन्दर्भमा उनको कार्य स्मरणीय छ ।

हरिप्रसाद काफ्लेले **स्याङ्जेली कविहरू र तिनका काव्यकृतिहरूको परिचयात्मक अध्ययन** (२०५५) नामक अप्रकाशित शोधपत्रमा स्याङ्जाको साहित्यिक गतिविधि प्रस्तुत गर्ने क्रममा केही निबन्धकारहरूको उल्लेख गरेका छन् ।

खडानन्द अर्यालले **महेश्वर शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (२०५५) नामक अप्रकाशित स्नातकोत्तर शोधपत्रमा शर्माको निबन्धकार व्यक्तित्वको चर्चा गरेका छन् । यस कार्यमा शर्माको निबन्धकार व्यक्तित्वको चर्चा स्याङ्जेली साहित्यकारका सन्दर्भमा जोडेर गरेका छन् ।

मोहनराज शर्माको **समकालीन समालोचना : सिद्धान्त र प्रयोग** (२०५५) कृतिमा निबन्ध विधाको चिनारी दिदैं निबन्धका विश्लेषणको आधार दिइएको छ ।

गोपीकृष्ण शर्माको **नेपाली निबन्ध परिचय** (२०५७) कृतिमा निबन्ध विधाको चिनारी, निबन्धका तत्त्वहरू र ऐतिहासिक रूपरेखा प्रस्तुत गरिएको छ । यसले निबन्ध विधाको विश्लेषण र मूल्याङ्कनमा सहयोग पुऱ्याएको छ ।

राजेन्द्र सुवेदीको **सृष्टा सृष्टि दृष्टा दृष्टि** (२०५८) कृतिमा निबन्ध विधाको सैद्धान्तिक रूपरेखा प्रस्तुत गर्दै नेपाली निबन्धको ऐतिहासिक रेखाङ्कन गरिएको छ । निबन्धात्मक कृतिको विश्लेषणमा यस कृतिलाई आधार मान्न सकिन्छ ।

सुरेन्द्र बरालले **साहित्यकार विश्वप्रेम अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (२०५९) नामक अप्रकाशित शोधपत्रमा अधिकारीको निबन्धकार व्यक्तित्वको चर्चा स्याङ्जाली साहित्यकारका सन्दर्भमा गरेका छन् ।

विश्वप्रेम अधिकारीले **स्याङ्जाली साहित्यकार र तिनका सिर्जनाहरू** (२०६१) नामक पुस्तकमा स्याङ्जाका साहित्यकार र तिनका सिर्जनाको चर्चा गर्ने क्रममा केही निबन्धकारहरूलाई समेटेका छन् ।

सुकुम शर्माले **आँधीखोला क्षेत्रमा प्रचलित उखानको अध्ययन** (२०६२) पुस्तकमा स्याङ्जाको साहित्यिक पृष्ठभूमिको सन्दर्भमा लोकसाहित्यको चर्चा गरेका छन् । जिल्ला परिचय र लोकसाहित्यका सन्दर्भमा यो कार्य स्मरणीय छ ।

श्यामप्रसाद ढुङ्गानाले **भेषजराज शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (२०६२) नामक अप्रकाशित शोधपत्रमा शर्माको निबन्धकार व्यक्तित्वको चर्चा गरेका छन् । स्याङ्जाका अग्रज निबन्धकारमा शर्माको व्यक्तित्व स्मरणीय भएको उनको ठहर छ ।

प्रेमराज लुइटेलले **नेपाली हास्यव्यङ्ग्यमा स्याङ्जा जिल्लाको योगदान** (२०६२) शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा स्याङ्जाली साहित्यकारको सर्वेक्षण गर्ने क्रममा निबन्धकार र तिनका निबन्धकृतिहरूको विवरण पनि दिएका छन् । उनका कार्यमा निबन्धकारहरू र निबन्धात्मक कृति भने छुटयाइएको छैन ।

बलराम दोरङ्गाले **नेपाली साहित्यमा रजस्थल पत्रिकाको योगदान**(२०६२)नामक अप्रकाशित शोधपत्रमा स्याङ्जाका निबन्धकार र तिनका निबन्धकृतिको सामान्य उल्लेख गरेका छन् । यिनको अध्ययन पनि **रजस्थल** पत्रिकामा नै सीमित छ ।

यसबाहेक स्याङ्जा र अन्य ठाउँबाट प्रकाशित भएका **आँधीको सुसेली, बीमलीक, प्रयोग, थाँको, युगभाषा, रजस्थल, सगुन,** आदि साहित्यिक पत्रिकाका विभिन्न अङ्कमा जिल्लाको साहित्यिक र साहित्येतर सन्दर्भको परिचय दिने क्रममा स्याङ्जा जिल्लाका निबन्धकार र निबन्धकृतिहरूका बारेमा चर्चा र परिचर्चा पाइन्छ तर समग्र रूपमा स्याङ्जाका निबन्धकार र निबन्धकारिताका बारेमा भने चर्चा भएको पाइँदैन । यी पूर्वकार्यका आधारमा स्याङ्जाको निबन्धात्मक प्राप्तिको अध्ययन उल्लेख्य भएको देखिन्छ ।

## १.७ शोधकार्यको औचित्य

स्याङ्जा जिल्लाको सामान्य चिनारी दिई साहित्यिक सर्वेक्षण गरिएको यस शोधकार्यमा स्याङ्जा जिल्लामा निबन्धलेखनको पृष्ठभूमि, तिनका निबन्धकृतिको अध्ययन तथा विश्लेषण र नेपाली निबन्धमा स्याङ्जा जिल्लाको योगदानका बारेमा अन्वेषण गरिएको छ । स्याङ्जामा भएका साहित्यिक क्रियाकलापका साथै क्षेत्रीयताको जानकारी दिँदै जीवनजगत्का परम्परागत र समसामयिक अनुभूतिलाई स्याङ्जाका निबन्धकारहरूले प्रस्तुत गरेका छन् । विषयगत विविधता रहेका यस क्षेत्रका समग्र निबन्धको अध्ययन तथा विश्लेषण गरिएको यस शोधपत्रले सम्बन्धित विषयमा जानकारी राख्न इच्छुक पाठकवर्ग अथवा क्षेत्रीय अध्ययनअन्वेषण परम्परामा संलग्न जो कोही व्यक्तिका लागि बाटो देखाउने भएकाले यो कार्य फलदायी रहनेछ । नेपाली साहित्यमा स्याङ्जा जिल्लाको योगदानको मूल्याङ्कनसमेत गरिएकाले निबन्ध क्षेत्रका अध्येतालाई यस कार्यले सघाउनेछ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा स्याङ्जा जिल्लाको सीमाभित्र रही यस ठाउँको चिनारी, साहित्यलेखनको आरम्भ, स्याङ्जा जिल्लामा जन्मिएर त्यहीँ बसोबास गरेका र पेसागत रूपमा जिल्लाबाहिर रहेका साहित्यकार र तिनका साहित्यिक कृतिको समग्र सर्वेक्षण प्रस्तुत गरिएको छ । यसका साथै स्याङ्जा जिल्लाका निबन्धकारहरूको सामान्य परिचय र तिनका निबन्धकृतिहरूको अध्ययन तथा विश्लेषण गर्दै नेपाली निबन्धका क्षेत्रमा स्याङ्जा जिल्लाबाट

भएको योगदानमा प्रस्तुत शोधपत्र सीमित रहेको छ । स्याङ्जाको साहित्यलेखनमा प्रभाव पार्ने साहित्यिक संघसंस्था, पुस्तकालय, पत्रपत्रिका आदिको सामान्य जानकारीसमेत प्रस्तुत शोधपत्रको सीमाङ्कनभित्र पर्दछ । यस कार्यमा स्याङ्जामा निबन्धलेखन आरम्भदेखि वि.सं. २०६३ सम्म निबन्ध लेख्ने निबन्धकार र तिनका कृतिको विश्लेषणमा यो शोधकार्य केन्द्रित रहेको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्रमा शोधविषयसँग सम्बन्धित आवश्यकसामग्रीहरू प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । यसमा सामग्रीसङ्कलनका लागि क्षेत्रीय अध्ययनपद्धति र पुस्तकालय अध्ययनपद्धतिको प्रयोग गरिएको छ । सम्बन्धित विषयका बारेमा पत्रपत्रिकामा गरिएका टिप्पणी र समीक्षालाई सहायकसामग्रीका रूपमा लिइएको छ । आवश्यकताअनुसार सम्बद्ध क्षेत्रका विभिन्न विद्वान्, प्राध्यापक, समालोचक र संघसंस्थाबाट पनि जानकारी लिइएको छ । स्याङ्जा जिल्लाका समग्र साहित्यकारको सर्वेक्षण गर्दै निबन्धक्षेत्रमा साधनारत साहित्यकारको पहिचान गरी निबन्धकृतिहरूको अध्ययन र विश्लेषणमा केन्द्रित रहेको यस शोधपत्रमा ऐतिहासिक, वर्णनात्मक र विश्लेषणात्मक पद्धतिलाई अवलम्बन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा सुव्यवस्थित पार्न निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेदः स्याङ्जा जिल्लाको परिचय

तेस्रो परिच्छेद : स्याङ्जा जिल्लाको साहित्यिक सर्वेक्षण

चौथो परिच्छेद : नेपाली निबन्धपरम्परामा स्याङ्जा जिल्लाको योगदान

पाँचौ परिच्छेद : स्याङ्जा जिल्लाका प्रमुख निबन्धकार तिनका निबन्धकृतिहरूका अध्ययन

छैटौं परिच्छेद : उपसंहार

शोधपत्रको अन्त्यमा सन्दर्भसामग्री सूची दिइएको छ ।

# दोस्रो परिच्छेद

# स्याङ्जा जिल्लाको परिचय

## २.१ अवस्थिति

स्याङ्जा जिल्ला नेपाल राज्यका पाँच विकास क्षेत्रमध्ये पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चलमा पर्दछ । यो जिल्ला मध्य पहाडी क्षेत्रमा पर्ने हुँदा यसले हिमाल र तराईको सीमा छोएको छैन । यस जिल्लाको अधिकांश भूभाग घुमाउरो पर्वत श्रेणी र होचा डाँडाकाँडाले भरिएको छ । जिल्लाको उत्तरी सीमान्त प्रदेश र उत्तरपश्चिममा रहेका एकदुई अग्ला पर्वतका टुप्पाहरूबाहेक सामान्य अन्य सबै पहाडहरू उत्तरबाट दक्षिणमा होचिँदै गएका र सौम्य प्रकृतिका छन् ।[१]

यस जिल्लाको सदरमुकाम ऐतिहासिक बजार स्याङ्जा पुतलीबजार हो । यो पुतलीबजार नगरपालिकामा पर्दछ । यसको उचाइ आठ सय पचास मिटर रहेको छ । यसको सिमाना जोडिएका छिमेकी जिल्लाहरू पूर्वमा तनहुँ, पश्चिममा गुल्मी, उत्तरमा पर्वत तथा कास्की र दक्षिणमा पाल्पा रहेका छन् ।[२] यो जिल्ला प्राकृतिक, सांस्कृतिक र मनोरम दृश्यका कारण सुन्दर छ । यस जिल्लाले नेपाल एकीकरणपूर्व चौबीसे राज्यअन्तर्गत छ टुके रजौटामा आफ्नो ऐतिहासिक पहिचान बोकेको थियो ।[३]

यो जिल्ला समुद्री सतहबाट तीन सय छैसट्ठी मिटरदेखि पच्चीस सय बार मिटरसम्मको उचाइमा रहेको छ । यसको कुल क्षेत्रफल एघार सय चौसट्ठी वर्ग कि.मि. रहेको छ । यो जिल्ला त्रियासी डिग्री सत्ताईस सेकेन्डदेखि चौरासी डिग्री छयालीस सेकेन्ड पूर्वी देशान्तर र सत्ताईस डिग्री बाउन्न सेकेन्डदेखि अट्ठाईस डिग्री तेर सेकेन्ड उत्तरी अक्षांशभित्र फैलिएको छ । यस जिल्लामा साठी ओटा गा.वि.स. दुई ओटा नगरपालिका तीनओटा निर्वाचन क्षेत्र र पन्ध्रओटा इलाका रहेका छन् ।[४]

## २.२ स्याङ्जा जिल्लाको नामकरण

यस जिल्लाको नाम 'स्याङ्जा' रहनमा विभिन्न कारणहरू रहेका छन् । यस जिल्लामा आँधीखोला नामको नदी रहेको र त्यो नदी कुनै एक समयमा थुनिएको र नदी खुलोस् भनी एकजना सज्जन वृद्ध मानिसले "खोलो स्वाइय जा" भनी ईश्वरसँग प्रार्थना गरे । त्यसपछि त्यो खोलो खोलियो र स्याईय सुक्न गयो र त्यही "स्वाईय जा" को अपभ्रंश भएर स्याङ्जा नाम रहन गएको हो भनिन्छ ।[५] अर्को मान्यताअनुसार नेपाल एकीकरणपूर्व चौबीसे राज्यअन्तर्गत भिरकोटमा सेन वंशका राजाले राज्य गरेका र तिनीहरूलाई एकीकरणमा गाभेर

---

[१] **मेचीदेखि महाकालीसम्म** भाग ३, (काठमाडौ : सूचना विभाग, २०३१), पृ. ३७५ ।

[२] ऐजन ।

[३] सुमन नेपाल र गीता के.सी., 'स्याङ्जा जिल्लाको संक्षिप्त चिनारी', **आँधीखोलाको सुस्केरा**, विशेषाङ्क, २०६२, पृ. १५ ।

[४] ऐजन ।

[५] एकनारायण शर्मा र अन्य (सम्पा.) **जिल्ला विकास योजना**, स्याङ्जा (२०६२/०६३), पृ. २ ।

'सेन जा' भई त्यसको अपभ्रंश स्वरूप स्याङ्जा नाम रहन गएको हो ।[६] तेस्रो मान्यताअनुसार यस जिल्लामा सिंजाली मगरहरूको ठूलो बस्ती भएकाले उनीहरूको थरबाट अपभ्रंश हुँदै जिल्लाको नाम स्याङ्जा रहन गएको हो भन्ने भनाइ पाइन्छ ।[७] यीमध्ये दोस्रो र तेस्रो मत बढी उपयुक्त रहेको देखिन्छ ।

## २.३ हावापानी

हावापानीका दृष्टिले जिल्लाको भौगोलिक बनोटमा ठूलो भिन्नता नभएकाले यहाँको जलवायुमा ठूलो अन्तर पाइँदैन । यहाँ पनि अधिराज्यका अन्य भूभागमा जस्तै दक्षिणपश्चिमी मनसुनी हावाले जलवायुमा प्रभाव पारी वर्षा याममा पानी बर्सिन्छ । हिउँदमा भने भूमध्यसागरबाट उत्पत्ति भई पूर्वतर्फ बहने हावाले हुरीबतासका साथै केही मात्रामा वर्षा समेत गराउँदछ ।[८] हिउँदमा जाडो र वर्षामा गर्मी हुने यस जिल्लाको हावापानी वसोवासका लागि अनुकूल रहेको छ ।

## २.४ ऐतिहासिक पक्ष

ऐतिहासिक दृष्टिबाट हेर्दा यो जिल्ला ज्यादै अविस्मरणीय रहेको छ । पहाडी क्षेत्रमा पर्ने स्याङ्जा प्राकृतिक रूपमा सुन्दर, आर्थिक, सांस्कृतिक रूपमा सम्पन्न ऐतिहासिक ठाउँ हो ।[९] वर्तमान नेपालको जग स्याङ्जाबाटै आरम्भ भएको हो । कालीगण्डकीको रिडिघाटदेखि वारिपट्टि यस नदीको बायाँ किनारामा रहेको 'बैधा' नामक डाँडामा लसर्घा नामक एक सानो बस्ती रहेको थियो । त्यही आएर जैन खानले पहिलो अल्पकालिक स्थायी बास  जमाएका थिए ।[१०] केही वर्षपछि यिनले उत्तरतिर हटेर आँधीखोलाको दायाँ किनाराको खिलुङ्गा नामक बन्जर जमिन आबाद गरी रैती रसाई बोलाएर भिरकोटनामक ठकुराइको जग बसाएका थिए ।[११] जैन खानक छोरा सूर्य खान थिए र यिनका पनि  दुई छोरा खान्चा खान र मिचा खान थिए । सूर्य खानका समयसम्ममा आबाद भएका सतहुँ र गरहुँ नामक दुई ठकुराइ खान्चाले लिएर दुई छोरालाई बाँडिदिएका र तेस्रो ठकुराइ मिचाले रजस्थलका निमित्त नयाँ कोट बनाएका हुनाले ठकुराइको रजस्थल नुवाकोट कहिन थालेको थियो । पछि खान्चाका वंशधरहरूमा एकजना जेठा भाइले भिरकोटबाट ढोर नामक सानु ठकुराइ छुटयाएर लिएका हुनाले 'खान' थर भएका पाँच ठकुराइ बनेका थिए । यी पाँचै ठकुराइ मगरका बस्तीमा भएका र ढोरबाहेक अरू ठकुराइ आँधीखोलाका उपत्यकामा रहेका थिए ।[१२] नेपालको इतिहासमा स्याङ्जा जिल्लाको आफ्नै स्थान रहेको छ । एकीकरणपूर्व चौबीसे राज्यअन्तर्गत पर्ने

---

[६] ऐजन ।

[७] ऐजन ।

[८] **मेचीदेखि महाकालीसम्म**, पूर्ववत्, पृ. ३७६ ।

[९] टोकराज पाण्डे, 'स्याङजाली इतिहास', **आधीखोलाको सुस्केरा,** विशेषाङ्क २०६२, पृ. ८२ ।

[१०] बाबुराम आचार्य, **श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी,** दोस्रो संस्करण, (काठमाडौं : साझा प्रकाशन २०६१), पृ. ६ ।

[११] ऐजन ।

[१२] ऐजन ।

स्याङ्जामा भिरकोट, गरहुँकोट, ढोर, सतहुँ र नुवाकोट गरी पाँचवटा राज्यहरू रहेका थिए ।[१३] स्याङ्जा जिल्लाका ऐतिहासिक महत्त्वका कारण अहिले पनि लसर्घा लेकमा अवस्थित आलम देवीको मन्दिर शाहवंशको कुलदेवताका रूपमा रहेको छ र सतौँ चण्डीदेवीको प्रसाद राजदरबार पठाउने प्रचलन रहको छ ।[१४] यिनै विविध कारणहरूले गर्दा स्याङ्जाको ऐतिहासिक पक्ष निकै समृद्ध  छ ।

स्याङ्जा जिल्लाको ऐतिहासिक महत्त्व हेर्दा प्राचीन समयमा यस क्षेत्रमा आदिम साम्यवादी समाजको विकास भएको पाइन्छ । जनजातिका बसोवासका आधारमा यो क्षेत्रलाई **मगराँत क्षेत्र** हो ।[१५] यस क्षेत्रका विविध स्थानका नाममा मगर भाषाका शब्दको बाहुल्य छ । आँदी, स्याङ्जा, मैदी, ज्याग्दी, खिलुङ, क्याक्मी, छाङ्छाङ्दी आदिका नामकरणमा मगर भाषाको प्रभाव रहेको छ । त्यसैले यसलाई **मगराँत क्षेत्र** भनिन्छ ।[१६]

## २.५ सामाजिक सन्दर्भ

समाज मानिसहरूको सामूहिक एकाइ हो । एक्लो व्यक्तिबाट समाज बन्न सक्दैन तर पनि व्यक्तिव्यक्ति मिलेर समाजको निर्माण हुने गर्दछ । कुनै एक स्थानमा बसेका एकै प्रकारको सोच र मान्यता रहेका मानिसहरूको समूहलाई समाज भनिन्छ ।[१७] समाजमा भौतिक आधारमा उत्पादनपद्धतिको विशिष्टता हुन्छ र यो परिवर्तन हुँदै जान्छ । यस किसिमको परिवर्तनसँगै सामाजिक इतिहास निर्माण हुन्छ ।[१८] अहिलेसम्म अस्तित्वमा रहेका सबै समाजहरूको इतिहास वर्गसङ्घर्षको इतिहास हो ।[१९] स्याङ्जाली समाज सन्दर्भ भन्नाले स्याङ्जामा बसोबास गर्ने मानिसहरूको सामूहिक रूप हो । स्याङ्जामा अलगअलग भाषा, धर्म, रीतिरिवाज, चालचलन, सोच, क्षमता र बानीव्यहोरा भएका मानिसहरू बसोवास गर्दछन् । स्याङ्जाको समाजमा विभिन्न वर्ण, पेसा, धर्म, भाषा भएका जाति र जनजातिका मानिसहरूको बसोवास रहेको छ । यहाँको समाजमा व्यक्तिको स्तर र भूमिकाको प्रभाव अत्यधिक रहेको छ । सामाजिक कार्य र मानिसको स्थान अनि भूमिका निर्धारण हुन्छ । सांस्कृतिक रूपमा यस्तो भूमिका दायित्वको रूपमा पनि आएको हुन्छ ।[२०] यस जिल्लाको समाज सन्दर्भलाई त्यहाँ प्रचलित लोकसाहित्यका सन्दर्भबाट हेर्न सकिन्छ । विविधतामा एकता स्याङ्जाको सामाजिक पक्षको मूल विशेषता हो ।

---

[१३] टोकराज पाण्डे, पूर्ववत्, पृ. ८२ ।

[१४] पशुपति पाण्डे, **नेपाली कवितामा स्याङ्जाली कविता कृतिको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (पृथ्वीनारायाण क्याम्पस पोखरा, २०५८), पृ. ८ ।

[१५] सुकुम शर्मा, **आधीखोला क्षेत्रमा प्रचलित उखानको अध्ययन,** (काठमाडौं : निरन्तर प्रकाशन, २०६२), पृ. ५ ।

[१६] ऐजन ।

[१७] पेशल दाहाल र सोमप्रसाद खतिवडा, **नेपाली समाज र संस्कृति,** (काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिस्ट्रिव्युटर्स, २०५७),
पृ. १ ।

[१८] सुकुम शर्मा, पूर्ववत्, पृ. ३० ।

[१९] कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्स, **कम्युनिष्ट पार्टीको घोषणापत्र,** (अनु.कृष्णप्रसाद श्रेष्ठ), तृतीय संस्करण, (मास्कोः प्रगति प्रकाशन, १९८६), पृ. ३० ।

[२०] सुकुम शर्मा, पूर्ववत्, पृ. ३० ।

## २.६ जातजाति

नेपाल बहुभाषीहरूको बसोवास रहेको देश हो । नेपाली समाजमा जात/जाति, जनजातिको प्रभावपूर्ण अवस्थिति छ ।[२१] जनजाति बसोबासका आधारमा नेपाली भूभागलाई बाँडन सकिन्छ । आधीखोला क्षेत्र **मगराँत क्षेत्र** हो । यस जिल्लामा जाति र जनजाति दुवै समूहको बसोबास रहेको छ ।[२२] स्याङ्जा जिल्लामा चार जातिहरूको बसोबास रहेको छ भने थुप्रै जनजातिहरूको बसोवास पनि रहेको छ । यस जिल्लामा मुख्य मगर र गुरुङ जनजातिको बसोबास छ । यसका अतिरिक्त कुमाल, माझी, बोटे, नेवार, थकाली आदि जनजाति र केही मियाँहरूको पनि बसोबास रहेको छ ।[२३]

नेपालको जनगणना २०५८ अनुसार स्याङ्जाको जाति जनजातिहरूको विवरण निम्नानुसार रहेको पाइन्छ ।[२४]

**तालिका नं. १**

**स्याङ्जाका जाति, जनजातिहरूको विवरण**

| जाति/जनजाति | प्रतिशत |
|---|---|
| ब्राम्हण | ३२.८८% |
| मगर | २१.१९ % |
| क्षेत्री | ११.१७ % |
| गुरुङ | ९.९९% |
| कामी | ६.६७ % |
| अन्य | १८.१० % |

स्रोत : राष्ट्रिय जनगणना २०५८ ।

## २.७ भाषा र भाषिका

भाषा सम्पर्कको माध्यम र विचार विनिमयको साधन हो । भाषाका माध्यमबाट मानिसले आफ्ना विचारहरू अरू समक्ष प्रेषित गर्दछ र यही भाषाकै माध्यमबाट अरूका विचारहरूको ग्रहण पनि गर्दछ । नेपाल राष्ट्र बहुजातीय र बहुभाषिक देश भएकाले यस

[२१] ऐजन ।

[२२] ऐजन ।

[२३] ऐजन ।

[२४] राजेन्द्र पराजुली, 'स्याङ्जा जिल्लाको वस्तुगत विवरण' २०६१, **आँधीखोलाको सुस्केरा**, विशेषाङ्क, २०६२, पृ. ६३ ।

देशका विभिन्न ठाउँहरूमा भिन्नभिन्नै भाषाहरूको प्रयोग गरिन्छ । स्याङ्जा जिल्लामा बहुजाति बसोबास भएकाले यहाँ बहुभाषा प्रयोग भएको पाइन्छ ।

यस क्षेत्रमा औपचारिक प्रयोगका क्रममा नेपाली भाषाका मानक रूपकै प्रयोग गरिए पनि जनसाधारणको भाषिक व्यवहारमा भिन्न रूप वा क्षेत्र विशेषको भाषिक भेदको प्रयोग गरिएको पाइन्छ ।[२५] यस क्षेत्रको भाषिक भेदलाई **पूर्वेली भाषिका** र **पर्वती उपभाषिका** भनिएको पाइन्छ ।[२६]स्याङ्जा जिल्लामा भारोपेली परिवारको नेपाली उर्दू भाषा र चिनिया तिब्बती भााषापरिवारको गुरुङ, मगर, नेवार, आदि भाषाहरू बोलिन्छ ।[२७] स्याङ्जा जिल्लामा प्रमुख पाँच भाषा बोल्नेहरूको जनसङ्ख्या यसप्रकार रहेको पाइन्छ ।[२८]

**तालिका नं. २**

**स्याङ्जाको भाषिक स्थिति**

| भाषा | प्रतिशत |
|---|---|
| नेपालीः | ७१.११% |
| मगरः | १६.८७ % |
| गुरुङः | ९.१७ % |
| नेवारः | १.९५% |
| उर्दू/मियाः (मिया जातिको भाषा) | ०.२५ % |

स्रोत : राष्ट्रिय जनगणना २०५८ ।

**पर्वती** भाषिकाको सीमा कालीगण्डकी र सेतीगण्डकीको बीचको भूभागमा पर्ने क्षेत्र देखिन्छ । यस सीमामा स्थानीय भेद अर्थात् उपभाषिका रहे पनि समष्टिमा यस क्षेत्रको भाषिक भेद पर्वती भाषिकाभित्र समेटिन्छ । यस सीमाको मध्यभागमा आँधीखोला पर्दछ र यस भाषिकाको केन्द्र पनि यही नै हुन आएको पाइन्छ ।[२९] यस जिल्लामा प्रयोग वा व्यवहारमा भाषाको मानक नेपाली भन्दा फरक प्रयोग पाइन्छ । यस क्षेत्रमा बोलिने भाषाका शब्द, ध्वनि,

---

[२५] सुकुम शर्मा, पूर्ववत्, पृ. ३५ ।

[२६] ऐजन ।


[२७] हरिप्रसाद काफ्ले,**स्याङ्जाली कविहरू र तिनका काव्य कृतिहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, (त्रि.वि. नेपाली केन्द्रिय विभाग,२०५५ ), पृ. १५ ।

[२८] राजेन्द्र पराजुली, पूर्ववत्, पृ. ६६ ।

[२९] सुकुम शर्मा, पूर्ववत्, पृ. ३७।

रूप व्याकरणका पक्षमा  मानकभन्दा भिन्न प्रयोग पाइन्छ ।[३०] यस क्षेत्रमा प्रचलित शब्दबाट यस तथ्यलाई यसरी स्पष्ट पार्न सकिन्छ ।[३१] अम्चुर, आँसी, इकिरो, कुनियो, खोलो, गाम, छैटो, चपरी, चिचिन्नो, छपनी, जिब, झ्याँपो, झ्योती, ठाँटी, ठेउँको, डिँया, डहर, ठेउवा, तिउन, थाँको, ढाँती, ढोबिल्लो, न्वाइँ, फदेलो, बान्नो, भकिम्लो, माखो, रयाले, लाखु, वाक्नु, सुली, सुपो, आदि ।

प्रशासनिक विभाजनमा दुई नगरपालिका, अन्ठाउन्न गा.वि.स. र तीनवटा निर्वाचन क्षेत्र भएको स्याङ्जा जिल्लामा भाषिकागत भेदका आधारमा ३ भन्दा बढी भाषिक भेदका क्षेत्र रहेका छन् । भाषिक विविधता, विविध सामाजिक तथा भौगोलिक संरचनाका दृष्टिले स्याङ्जा क्षेत्रमा भाषिकाको अध्ययन निम्नानुसार भएको पनि पाइन्छ ।[३२]




माथिको वृक्षरेखअनुसार स्याङ्जा जिल्लामा पूर्वेली भाषिका वर्ग, पर्वती भाषिका र स्याङ्जाली भेदअन्तर्गत पाँचओटा क्षेत्र निर्धारण गरेको पनि पाइन्छ । तर यो अध्ययन पनि विस्तृत छैन ।

पर्वती भाषिका तथा गुल्मेली उपभाषिका साथै चिनिया तिब्बती परिवारअन्तर्गतका विभिन्न भाषाहरू तथा भाषिकाहरू बोलिने यस जिल्लाको आफ्नै भाषिकागत मौलिक विशेषताहरू रहेका छन् । मान्छेहरूको आवतजावत बढ्दो चापले आगन्तुक शब्दहरूको प्रभाव बढ्दै गए पनि नेपाली भाषाको उच्चारणगत र प्रयोगगत निजीपन भने स्याङ्जाले कायमै राखेको पाइन्छ ।

---

[३०] ऐजन ।

[३१] ऐजन ।

[३२] देवेन्द्र पौडेल, 'नेपाली भाषाका सन्दर्भमा स्याङ्जाली भाषिकाको स्थान', **सगुन** (वर्ष ४, पूर्णाङ्क १०, २०६३) पृ. १०४ ।

## २.८ धार्मिक स्थिति

धर्म मानवीय व्यवहारलाई मार्गनिर्देश गर्ने प्राचीन सामाजिक संस्था हो । मानवले जुन कुरालाई धारणा गर्दछ त्यसलाई नै धर्म भनिन्छ ।[३३] नेपाल धर्मनिरपेक्ष राष्ट्र हो । धर्मगत अनेकताभित्र एकता पाइनु नै नेपालको आफ्नो पहिचान हो । यो राष्ट्रिय एकताको प्रभाव स्याङ्जामा पनि रहेको छ ।

स्याङ्जा जिल्लामा हिन्दू धर्म र बौद्ध धर्म मान्नेको सङ्ख्या बढी छ । प्रायः गरेर ब्राह्मण, क्षेत्री, कामी र दमाई आदि जातिहरूले हिन्दू वर्णाश्रम धर्मलाई अङ्गीकार गरेको पाइन्छ । गुरुङ, मगर, र नेवार आदि जनजातिहरूले बौद्ध धर्मको अनुसरण गरेको पाइन्छ । राष्ट्रिय जनगणना २०५८ अनुसार स्याङ्जा जिल्लाको धर्मअनुसार जनसङ्ख्या विवरण यसप्रकार रहेको छ ।[३४]

**तालिका नं. ३**

**स्याङ्जा जिल्लाको धार्मिक विवरण**

| सि.नं. | धर्म | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | हिन्दू | १४९६८५ | १२३४८१ | २७३१०७ |
| २. | बुद्ध | २१५८७ | १७९७६ | ३९५६३ |
| ३. | ईस्लाम | ९४९ | ८८६ | १८३५ |
| ४. | किराँत | २ | ८ | १० |
| ५. | जैन | १२ | १३ | २५ |
| ६. | क्रिस्चियन | ८४ | १२७ | २११ |
| ७. | शिख | २५३ | २२० | ४७३ |
| ८. | वहाइ | ८ | २ | १० |
| ९. | अन्य | ११२१ | ९६५ | २०८६ |

स्रोत : राष्ट्रिय जनगणना २०५८ ।

[३३] पेशल दाहाल र सोमप्रसाद खतिवडा, पूर्ववत्, पृ. ६४ ।

[३४] **राष्ट्रिय जनगणना** २०५८ बाट प्राप्त जानकारी ।

## २.९ संस्कृति

संस्कृति भनेको एउटा जनसमूहको साझा जीवनशैली हो । यो विश्वास र धारणाको एकता हो र यसका कारण मानिसहरू एकै ठाउँमा मिलेर बस्छन् । संस्कृतिका कारण नै मानिस एउटा मानव अर्को मानव समूहभन्दा फरक देखिन्छन् ।[३५] समाज संस्कारको क्रियात्मक जालो हो । सामाजिक संरचनामा सांस्कृतिक पक्षलाई छुटाउन मिल्दैन । संस्कार मानिसको जीवनशैली हो । यो सभ्यताको यात्रा हो । सामाजिक व्यवस्था या सङ्गठन र संस्कार संरचनाका बीच एकत्व देखिन्छ ।[३६]

स्याङ्जा जिल्लाको संस्कृति आफ्नै विशेषतामा अडिएको पाइन्छ । स्याङ्जामा विविध धर्मावलम्वीहरू रहेको भए पनि हिन्दूहरूका रीतिरिवाज, चाडपर्व र अन्य सांस्कृतिक परम्परामा आस्थावान देखिएकाले यस जिल्लाको धर्म, संस्कृति प्रायः गरेर हिन्दूधर्म र बौद्ध धर्मअनुसार रहेको पाइन्छ । यस जिल्लाका ब्राहमण, क्षेत्रीहरूको जन्म, ब्रतवन्ध, विवाह र मृत्यु अवस्थामा आआफ्नै संस्कृति विद्यमान रहेको पाइन्छ । यस जिल्लाका गुरुङ र मगरहरूको पनि आआफ्नै संस्कार र संस्कृति रहेको छ । ब्राहमण र क्षेत्रीहरू मर्दा पोखराको सेतीगण्डकी, राम्दी र मोदीवेनीको कालीगण्डकीमा लगेर दाहसंस्कार गर्ने गरेको पनि पाइन्छ । त्यसैगरी गुरुङ र मगरहरूले आआफ्नै चिहानडाँडाहरूमा दाहसंस्कार गर्ने प्रचलन छ । मुसलमानहरुको आफ्नै संस्कृति रहेको छ ।

## २.१० चाडपर्व

नेपाल विभिन्न जाति, भाषा, संस्कृति भएका जनसमुदायहरूको फूलबारी हो । यिनै जनसमुदायले कुनै न कुनै अवसर पारेर विभिन्न उत्सवहरू आयोजना गर्दछन् तिनीहरूलाई नै चाडपर्व भनिन्छ । नेपाल बहुजातीय देश भएकाले यहाँ विभिन्न जातअनुसारका चाडपर्वहरू मनाउने गरिन्छ ।[३७]

स्याङ्जा जिल्लामा पनि थुप्रै बहुभाषिक र बहुजातिहरूको बसोबास भएकाले यस जिल्लामा थुप्रै चाडपर्वहरू धूमधामका साथ मनाउने प्रचलन रहेको पाइन्छ । चाडपर्वका दिनहरूमा स्याङ्जा जिल्लाका विभिन्न मन्दिरहरूमा पूजापाठ गर्ने चलन रहेको छ । यस्ता चाडपर्वहरूमा दसैँ, तिहार, तीज, जनैपूर्णिमा, श्रीपञ्चमी, रामनवमी, नयाँवर्ष, ल्होसार, बुद्धजयन्ती, फागुपूर्णिमा, महाशिवरात्री, श्रीकृष्णजन्माष्टमी आदि रहेका छन् ।

## २.११ धार्मिक स्थल

स्याङ्जा जिल्ला धार्मिक स्थलका दृष्टिकोणबाट महत्त्वपूर्ण जिल्ला हो । यस जिल्लामा थुप्रै धार्मिक स्थलहरू रहेका छन् । यी धार्मिक स्थलहरूका अवस्थितिका कारण यस जिल्लामा

---

[३५] गणेशप्रसाद अधिकारी, **समाजशास्त्र तथा मानवशास्त्र एक परिचय,** (काठमाडौं : रत्नपुस्तक भण्डार, २०५४), पृ. ४७ ।

[३६] सुकुम शर्मा, पूर्ववत्, पृ. २४ ।

[३७] हरिप्रसाद काफ्ले, पूर्ववत्, पृ. १४ ।

पर्यटन व्यवसायको सम्भावना अत्यधिक रहेको पाइन्छ ।[३८] स्याङ्जाका धार्मिक स्थलहरूमा राम्दीघाट, छाङछाङदी, भिरकोट, मनकामना, कैलाशगुफा, अन्धाअन्धी दह, आलमदेवी, पञ्चासे, डहरे देउराली राम्चे आदि हुन । यी धार्मिक स्थलहरूको आआफ्नै महत्त्व रहेको छ । त्यसैगरी व्यवसायिक दृष्टिकोणले पनि यी स्थलहरूको महत्त्व बढी नै छ ।

राम्दीघाट पाल्पा र स्याङ्जा जिल्लाको सिमानामा पर्दछ । यो कालीगण्डकीको किनारामा रहेको छ । यहाँ एकादशी, शिवरात्री र तीजमा ठूलो मेला लाग्दछ । त्यसैगरी छाङछाङदी, भिरकोट, मनकामना, कैशालगुफा, अन्धाअन्धी दह, आलमदेवी, पञ्चासे, डहरेदेउराली आदि स्थलहरूमा विभिन्न मन्दिर रहनका साथै पूजापाठ गर्ने र मेला पनि लाग्ने गर्दछ ।[३९]

## २.१२ शैक्षिक सन्दर्भ

शिक्षा जीवनको उज्यालो हो र शिक्षाले नै मानिसलाई महान् बनाउँछ । यस जिल्लामा शिक्षाको गतिविधि २०२०/२२ सालतिरदेखि क्रियाशील रहिआएकाले नागरिक चेतनाको स्वरमा सबल र सक्षम रहेको पाइन्छ । जिल्लाका प्रमुख स्थानहरूमा मात्र नभई कुनाकुनामा पनि थुप्रै विद्यालयहरू खोलिएका छन् ।[४०] नेपालमा आधुनिक शिक्षाको थालनीपूर्व पनि यहाँका कतिपय मानिसले भारतको बनारस, वृन्दावन, हरिद्वार र ऋषिकेश आदि ठाउँमा गई संस्कृत अध्ययन गर्ने गरेका र कतिपय मानिसहरू सेनाबाट निवृत्त भई फर्कदा केही शिक्षित भई फर्कने परम्पराले स्याङ्जा जिल्लामा धेरैथोरै शिक्षित व्यक्ति देखापर्छन् ।[४१] शिक्षा मानवीय विकासको आधार हो । शैक्षिक विकासबिना अन्य विकासको पूर्णता पाउन नसक्ने भएकाले हरेक क्षेत्रमा शैक्षिक महत्त्व रहन जान्छ । शैक्षिक क्षेत्रमा यस जिल्लामा सबैभन्दा बढी शिक्षणसंस्थाहरू रहेका छन् ।[४२] जिल्लाको कुल साक्षरता प्रतिशत ६७.४७% रहेकामा पुरुषको ७७.६४% र महिलाको ५७.३०% रहेको छ ।[४३] स्याङ्जा जिल्लाको विद्यालय विवरण यसप्रकार रहेको छ ।[४४]

---

[३८] रमा पराजुली, 'स्याङ्जा जिल्लामा पर्यटन विकासका सम्भावना र प्रयासहरू', **आँधीखोलाको सुस्केरा,** विशेषाङ्क२०६२, पृ. ५१,५२ ।

[३९] ऐजन, पृ. ५३ ।

[४०] **मेचीदेखि महाकालीसम्म**, पूर्ववत्, पृ. ४२२ ।

[४१] पशुपति पाण्डे, **'नेपाली कविताकृतिमा स्याङ्जाली कविताकृतिको अध्ययन'**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (पोखराः पृथ्वीनारायण क्याम्पस, २०५८), पृ. ७, ८ ।

[४२] **जिल्ला विकास योजना** २०६२/०६३, सूचना तथा अभिलेख केन्द्र, जिल्ला विकास समितिको कार्यालय, स्याङ्जा, पृ. ७ ।

[४३] ऐजन ।

[४४] **स्याङ्जा शैक्षिक दर्पण,** स्याङ्जा, (वर्ष २, अङ्क २, २०५८), पृ. १ ।

**तालिका नं. ४**

**स्याङ्जा जिल्लाको शैक्षिक संस्थाको विवरण**

| तह | सार्वजनिक | निजी तथा आवासीय | जम्मा |
|---|---|---|---|
| प्रा.वि. | ५२९ | ४१ | ५७० |
| नि.मा.वि. | १३५ | १७ | १५२ |
| मा.वि. | ८२ | १७ | ९९ |
| उच्च मा.वि. | १० | ६ | १६ |
| क्याम्पस | ३ | ० | ३ |
| विद्यापीठ | १ | ० | १ |

स्रोत : **जिल्ला शिक्षा कार्यालय,** स्याङ्जा ।

केही समययता दस जोड दुईको आकर्षणले गाउँगाउँमा प्रवीणता प्रमाणपत्र तह समकक्ष शिक्षा प्राप्तिका अवसरको द्वार खुलेको पाइन्छ । जिल्लाका अल्पसङ्ख्यक दलित, बोटे माझी र घर्ती जातिहरू शिक्षाको मूलप्रवाहमा आउन सकेका छैनन् । २०५६/०५७ सालदेखि स्याङ्जामा लागू भएको अनिवार्य प्राथमिक शिक्षाको प्रभाव भने पर्दै गएको छ ।

## २.१३ पुस्तकालय र वाचनालय

साहित्यको समुचित विकासका लागि पुस्तकालयको भूमिका महत्त्वपूर्ण हुन्छ । पुस्तकालयहरू साहित्यिक विकासका आधार हुन् । चेतनाको विकास गराउने र साहित्यिक वातावरण तयार पार्ने सान्दर्भिक स्रोत पुस्तकालय नै हुन् ।[४५] २००७ साल भन्दा अगाडि पण्डितहरूका घरघर पुराण र धर्मशास्त्रसम्बन्धी संस्कृतका पुस्तकबाहेक सार्वजनिक प्रयोजनका पुस्तकालयको चिह्नसम्म पनि थिएन ।

स्याङ्जा जिल्लामा २००७ सालपछि नै  चेतनाको लहर छाएको पाइन्छ ।[४६] वि.सं. २००८ सालमा स्याङ्जाको पहिलो पुस्तकालय **त्रिभुवन आदर्श पुस्तकालयको** स्थापना भएको हो ।[४७] यस पुस्तकालयको स्थापनापछि केही व्यवधानहरू खडा भई पुस्तकालय बन्द भएको पाइन्छ । पछि स्याङ्जा पुतलीबजारका शिक्षाप्रेमी, सज्जन र उत्साही युवकहरूको प्रयासबाट

[४५] महेश्वर शर्मा र अन्य( सम्पा), **स्याङ्जाको साहित्यिक चिनारी,** (काठमाडौं : स्याङ्जा साहित्य परिषद, २०५१), पृ. ९ ।

[४६] ऐजन ।

[४७] ऐजन ।

यसले निरन्तरता पायो । अहिले स्याङ्जा बजारमा लक्ष्मी स्मृति पुस्तकालयको नामबाट पुनः सञ्चालन भइरहेको छ ।[४८]

त्यसैगरी अन्य पुस्तकलयहरूमा देवकोटा पुस्तकालय, वालिङ (२०२७), कालिका पुस्तकालय बलमाटा, जनता पुस्तकालय खहरे, भीम पुस्तकालय भीमटारी, आदर्श पुस्तकालय किचनास, विर्धा आलमदेवी र अरू मा.वि.हरूमा पनि ससाना पुस्तकालयहरू रहेका छन् । त्यस्तै त्रिभुवन आदर्श पुस्तकालय पुतलीबजार, जनजागृति पुस्तकालय, स्याङ्जा पुस्तकालय स्याङ्जा, प्रभात पुस्तकालय, भविष्य निर्माण पुस्तकालय, मातृभूमि पुस्तकालय सतौँहटिया, लक्ष्मी पुस्तकालय राङ्खोला साथै सहिद पुस्तकालय कोल्मामा पनि पुस्तकालयहरूको स्थापना गरिएका छन् ।

त्यसैगरी वाचनालयतर्फ सहिद स्मृति वाचनालय पुतलीबजार, उपमन्यु वाचनालय, निवुवाबोट उल्लेख्य छन् ।[४९]

## २.१४ साहित्यिक संस्थाहरू

साहित्यिक क्रियाकलापलाई अगाडि बढाउनका लागि गठन गरिने संस्थाहरूलाई साहित्यिक संस्थाहरू भनिन्छ । स्याङ्जाको साहित्यिक संस्था गठनको पृष्ठभूमिलाई हेर्दा वि.सं. २००७ सालतिर पुग्नु पर्ने देखिन्छ । स्याङ्जाका केही शिक्षित व्यक्तिहरूले २००७ सालको लगत्तैपछि समाजमा चेतना जगाउने कामको थालनी आफ्नै प्रयासमा गरेको पाइन्छ । त्यस्तो प्रयास सर्वप्रथम पं.दण्डपाणि शर्मा, डा.महेश्वर शर्मा, केदार शर्मा ढकाल र जंगवीर गुरुङ आदिले गरेको पाइन्छ ।[५०] यस पृष्ठभूमिमा साहित्यका विविध पक्षको विकासलाई ध्यानमा राखेर गठित भएका संस्थाहरूमा मोती साहित्य प्रतिष्ठान (२०४५), वालिङ आदर्श सङ्गम स्याङ्जा र स्याङ्जा साहित्य परिषद् (२०५०) विशेष सक्रिय छन् ।[५१]

त्यसै गरी वि.सं. २०५२ पछि पनि विभिन्न साहित्यिक संस्थाहरू गठन भएका छन् ।[५२] त्यस्ता संस्थाहरूमा वि.सं. २०५२ सालमा स्याङ्जामा स्थापना भएको **स्याङ्जा साहित्य प्रतिष्ठान**, त्यस्तै वि.सं. २०५९ सालमा वालिङमा गठित **आँधीखोला साहित्य सदन, गण्डकी साहित्य परिषद्** र वि.सं. २०६३ सालमा गठित **भेषजराज साहित्य प्रतिष्ठान** आदि प्रमुख साहित्यिक संस्थाहरू हुन् ।

## २.१५ पत्रपत्रिकाको विवरण

पत्रपत्रिकाको प्रकाशनका दृष्टिकोणबाट हेर्दा स्याङ्जा जिल्ला अग्रस्थानमा रहेको छ । यस जिल्लामा थुप्रै साहित्यिक र गैरसाहित्यिक पत्रपत्रिकाहरूको प्रकाशन भएको पाइन्छ ।

---

[४८] ऐजन, पृ. १० ।

[४९] ऐजन ।

[५०] ऐजन,पृ. ११, १२ ।

[५१] ऐजन ।

[५२] प्रेमराज लुइटेल, 'स्याङ्जाली साहित्य : एक सङ्क्षिप्त सर्वेक्षण', **सगुन**, स्याङजा विशेषाङ्क, ( वर्ष ४, पूर्णाङ्क १०, २०६३) पृ. ५२,५३,५४ ।

सचेत समाज नै केही गर्न सक्षम हुन्छ भने त्यो सचेतना ल्याउने कार्यमा पत्रपत्रिकाको स्थान अग्रणी हुन्छ । साधन, सुविधाको कमीले राष्ट्रिय स्तरमै पनि यथेस्ट काम हुन नसकेको अवस्थामा सुविधाविहीन पहाडी जिल्लाले त्यति धेरै कार्य गर्न त सक्दैन तैपनि स्याङ्जा जिल्लाका साधकहरूले जिल्लाभित्र र बाहिरबाट समेत पत्रपत्रिकाको विकासमा गर्दै आएको प्रयास उत्साहवर्धक नै रहेको छ ।[५३]

स्याङ्जा जिल्लाभित्रैबाट प्रकाशित पहिलो समाचारपत्र पाक्षिक 'पञ्च समाज'(२०१८) हो भने पहिलो साहित्यिक पत्रिका **युगभाषा** (२०२२-२३) हो ।[५४] **साहित्यधारा** (मासिक) पनि स्याङ्जाकै साधकहरूले सञ्चालन गरेको पाइन्छ । यी पत्रपत्रिकाहरूको प्रकाशनबाट जिल्लाका कविलेखकहरूलाई प्रेरणा मिलेको पाइन्छ ।[५५] स्याङ्जाको पहिलो साहित्यिक पत्रिका **युगभाषा** वि.सं. २०२३ देखि २०३२ सम्म जम्मा नौ अङ्क निस्किएको पाइन्छ ।[५६] **युगभाषा** साहित्यिक पत्रिकाका विभिन्न अङ्कहरू विभिन्न सम्पादकहरूले सम्पादन गरेको पाइन्छ ।

स्याङ्जाको दोस्रो साहित्यिक पत्रिका **रजस्थल** हो ।[५७] यसको पहिलो अङ्क २०५५ सालमा स्याङ्जा साहित्य प्रतिष्ठानले प्रकाशित गरेको हो । यो त्रैमासिक साहित्यिक पत्रिका हो र यसका हालसम्म २७ वटा अङ्कहरू प्रकाशित छन् ।[५८] यस पत्रिकाको सम्पादन मण्डलमा विश्वप्रेम अधिकारी, देवीप्रसाद वनवासी, जयप्रसाद पौडेल, सूर्यप्रसाद रेग्मी, चिन्तु गिरी, लक्ष्मीप्रसाद रेग्मी र दुर्गाबहादुर रोकाहा रहेका छन् ।

स्याङ्जाको तेस्रो साहित्यिक पत्रिका **सगुन** हो ।[५९] यसको पहिलो प्रकाशन २०५९ सालमा आँधीखोला साहित्य सदन वालिङले गरेको हो । यो त्रैमासिक पत्रिका हो । हालसम्म **सगुन**का दस अङ्क प्रकाशित भएका छन् । दसौँ अङ्कलाई स्याङ्जा विशेषाङ्कका रूपमा प्रकाशन गरिएको छ । यस पत्रिकाको सम्पादकमा प्रेमराज लुइटेल र अनन्तराज अर्याल रहेका छन् । स्याङ्जाबाट अन्य थुप्रै पत्रपत्रिकाहरू पनि प्रकाशित हुने गरेको पाइन्छ । ती पत्रिकाहरू विशुद्ध साहित्यिक नभएर साहित्येतर पनि रहेका छन् । ती पत्रपत्रिकाहरूमा **आँधीखोला एक्सप्रेस**, **स्याङ्जा दर्पण, गल्याङ् पत्र, विचार** (साप्ताहिक), जनकान्ति (साप्ताहिक), समय (साप्ताहिक), पश्चिमाञ्चल (साप्ताहिक), स्वतन्त्र आवाज (साप्ताहिक), जनचेतना (साप्ताहिक), परिवर्तन (साप्ताहिक), आँधीखोला (साप्ताहिक), शुभयात्रा सत्यवाणी (पाक्षिक), सत्य सन्देश (साप्ताहिक), नयाँ खबर (साप्ताहिक), स्याङ्जा एक्सप्रेस (साप्ताहिक), क्षितिज (मासिक) र आँधीखोला सन्देश आदि रहेका छन् ।[६०]

---

[५३] महेश्वर शर्मा र अन्य (सम्पा), पूर्ववत्, पृ. १० ।

[५४] ऐजन, पृ. ११ ।

[५५] ऐजन ।

[५६] प्रेमराज लुइटेल, पूर्ववत्, पृ. ५४ ।

[५७] ऐजन, पृ. ५५ ।

[५८] ऐजन ।

[५९] ऐजन ।

[६०] ऐजन,पृ.५६ ।

स्याङ्जा जिल्लाभन्दा बाहिर रहेर पनि स्याङ्जासगै सम्बन्धित रहेर प्रकाशन गरिएका थुप्रै पत्रपत्रिकाहरू रहेका छन् । [६१] त्यस्ता पत्रिकाहरूमा **प्रयोग** (मासिक पोखरा), **आँधीखोला सन्देश** (काठमाडौँ), **आँधीखोलाको सुस्केरा** (काठमाडौँ), **कोपिला** काठमाडौं),**थाँको** (काठमाडौं),**आँधीको सुसेली** (पोखरा), र **सहयोगी हातहरूमा ज्याग्दी** (पोखरा) आदि रहेका छन् ।

जिल्लाभित्र अवस्थित थुप्रै क्याम्पस तथा स्कुलहरूले पनि पत्रपत्रिकाहरू प्रकाशन गरेको पाइन्छ ।[६२] त्यस्ता पत्रपत्रिकाहरूमा **फूलबारी, मातृभूमिको गोरेटो**, र वालिङ्‌ बहुमुखी क्याम्पस **स्मारिका** (२०५१), बाल विद्या विकास अङ्ग्रेजी आवासीय उच्च माध्यमिक विद्यालयको **उषाप्रसून,** दहथुम उच्च माध्यमिक विद्यालयको **दहथुम दर्पण,** त्रिभुवन आदर्श माध्यमिक विद्यालयको स्मारिका **शास्वत**, जनप्रिय उच्च माध्यमिक विद्यालय चिलाउनेवासको **मञ्जरी,** कर्मचारी मिलन केन्द्रको **सङ्गम,** जिल्ला शिक्षा कार्यालय स्याङ्जाको **शैक्षिक दर्पण,** लक्ष्मी स्मृति सामुदायिक पुस्तकालयको **लोचन,** भूतपूर्व सैनिक उच्च माध्यमिक विद्यालय वालिङको **कोपिला,** पाइनिअज उच्च माध्यमिक विद्यालयको **पाइनिअज टाइम्स** जस्ता स्मारिकाहरू विभिन्न विद्यालय एवम् संस्थाले प्रकाशन गरेको देखिन्छ ।

यी पत्रपत्रिकाबाहेक फाटफुट प्रकाशित हुने पत्रपत्रिकाहरूमा **विचार, नवकविता, सुनगाभा, आँधी, सुस्केरा, भावदृष्टि, मन्दाकिनी, साहित्यिक मुना, शब्द समय, समर्पण, बालचेतना, हाम्रो क्षितिज, कोपिला, मञ्जरी, नवउत्साह, दीपज्योति, अमरगाथा, नव अभियान, वेदना, पुष्पगुच्छा र त्रिवेणी** रहेका छन् ।

## २.१६ निष्कर्ष

स्याङ्जा जिल्ला आफ्नै पहिचान भएको जिल्ला हो । यस जिल्लाको ऐतिहासिक महत्त्व समृद्ध रहेको छ । प्राचीन समयमा मातृसत्तात्मक राज्यव्यवस्था रहेको यस **मगराँत** प्रदेशमा विभिन्न जाति तथा जनजाति र अन्य समुदायको बसोवास रहेको छ । भौगोलिक अवस्थितिका आधारमा पनि यो जिल्ला निकै सुसम्पन्न जिल्ला हो । उत्तर, दक्षिण, पूर्व र पश्चिम चारैतिर नेपालका अन्य जिल्लाका भूभागले घेरेको यस जिल्लामा आफ्नै संस्कृतिको विकास भएको छ । 'स्याइय जा' अपभ्रंशबाट र सिंजाली मगरहरूको बसोबासको आधारमा यस जिल्लाको नामकरण रहेको देखिन्छ । शैक्षिक सन्दर्भका दृष्टिबाट यो जिल्ला नेपालका अन्य जिल्लाहरूको तुलनामा अगि रहेको छ । समाज सन्दर्भका दृष्टिबाट हेर्दा यस जिल्लामा विभिन्न सामाजिक रीतिथितिहरू र संस्कारहरू रहेका छन् । यस जिल्लामा विभिन्न चाडपर्व तथा संस्कारको प्रचलन रहेको छ । यस जिल्लाको बीचमा सिद्धार्थ राजमार्गले चिरेको छ । यस जिल्लामा थुप्रै पत्रपत्रिकाहरू र स्मारिकाहरूको प्रकाशन भएको पाइन्छ । थुप्रै धार्मिक स्थलहरूको अवस्थितिले गर्दा यस जिल्लाको पर्यटन व्यावसायमा पनि उच्च सम्भावना रहेको छ । विविध धर्मावलम्वीहरूको बसोबास भएको यस जिल्लामा आआफ्नै धर्म र संस्कारहरूको पालना गर्ने परिपाटी रहेको छ । भाषाका दृष्टिले हेर्दा यस जिल्लामा नेपाली मानक भाषाको पूर्वेली भेदअन्तर्गत पर्वती उपभेद र गुल्मेली उपभाषिकाको प्रयोग पनि यस जिल्लामा पाइन्छ । स्याङ्जामा साहित्यलेखनको परम्परा लामो छ । साहित्यका सन्दर्भमा पनि यस जिल्लाको विशिष्ट पहिचान छ ।

---

[६१] ऐजन ।

[६२] ऐजन ।

# तेस्रो परिच्छेद

# स्याङ्जा जिल्लाको साहित्यिक सर्वेक्षण

## ३.१ पृष्ठभूमि

रागात्मक भाषामा अभिव्यक्त गरिने अनुभूत, अनुभूति, भाव र विचारको समष्टि नै साहित्य हो ।[६३] साहित्यले प्रकृति र जीवनका विविध पक्ष, मानवीय सभ्यता र संस्कृति, सामाजिक अवस्था र मानिसका मनका सूक्ष्मतम अनुभूति र अवस्थितिलाई आफ्नो विषयवस्तुमा समेटेको हुन्छ ।[६४] साहित्यको रचना गर्दा विशिष्ट शैलीको प्रयोग गरी रचना गरिएको अभिव्यक्ति, काल्पनिक, भावनात्मक, तथा आलङ्कारिक प्रकृतिको कुनै पनि रचनालाई साहित्य भनिन्छ ।[६५] साहित्यको लेखन भाषामा गरिने हुनाले साहित्य र भाषाको बीचमा अनन्वय सम्बन्ध रहेको हुन्छ । साहित्यको लेखन अनुभव र अनुभूति विना सम्भव छैन ।[६६] नेपाली साहित्यको परम्पराजस्तै स्याङ्जा जिल्लामा पनि साहित्यलेखनको परम्परा रहेको पाइन्छ । यस जिल्लामा लोक साहित्य, अभिलेख हुँदै साहित्य लेखनको परम्परा विकसित भएको हो ।

## ३.२ लोकसाहित्य

लोकमा प्रचलित तथा लोकविश्वास र लोकोक्तिमा आधारित लोककथा, लोकगीत, लोकगाथा, लोककविता, उखान टुक्का र गाउँखाने कथालाई लोकसाहित्य भनिन्छ ।[६७] लोकसाहित्य लोकजीवनको मौखिक परम्परामा हुर्केको कहिल्यै नओइलाउने साहित्य हो ।[६८] कुनै पनि किसिमको कला सौन्दर्य प्रयोग नगरी भावहरूको स्वच्छन्द अभिव्यक्त भएको लोकमानिसका गलामा झुन्डिएको मौखिक परम्परा रहेको सामाजिक जनसमुदायको रचना लोकसाहित्यक हो ।[६९] साहित्यको विकास लिखित भन्दा मौखिक रूपमा पहिले हुने गर्छ । नेपाली साहित्यमा पनि मौखिक रूपमा लोकसाहित्यको विकास अगाडि भएको पाइन्छ । स्याङ्जामा पनि यहीँ गतिविधि रहेको पाइन्छ ।[७०] लोकसाहित्यका लोकगीत, लोकगाथा, लोकनाटक, उखानटुक्का र गाउँखाने कथामा स्याङ्जा जिल्ला धनी छ । पृथ्वीनारायण शाहका पूर्वजहरू मुसालमानहरूको दमन सहन नसकेर भारतको चितौडबाट पश्चिम नेपालमा प्रवेश गर्दा आफ्नो वंश र कुलदेवताको रक्षार्थ दुवैतिर धार भएको हतियार खाँडो वा खड्क पनि साथमा

---

[६३] दयाराम श्रेष्ठ, **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ**, दोस्रो संस्करण, (काठमाडौँ : त्रिकोण प्रकाशन,२०६१), पृ.१०५ ।

[६४] हेमाङ्गराज अधिकारी, (सम्पा),**प्रयोगात्मक नेपाली शब्दकोश,** (काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि.,२०६१), पृ. १००८ ।

[६५] ऐजन ।

[६६] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, (काठमाडौँ : वीणा प्रकाशन प्रा.लि., २०५७), पृ. २६ ।

[६७] ऐजन, पृ. २९ ।

[६८] कृष्णप्रसाद न्यौपाने, **स्याङ्जाका नेपाली लोकगीत र लोकगाथाहरूको विश्लेषणात्मक अध्ययन**, विद्यावारीधि शोधपत्र, (त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर), पृ. २५ ।

[६९] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. २६ ।

[७०] सुकुम शर्मा, **आँधीखोला क्षेत्रमा प्रचलित उखानको अध्ययन**, (काठमाडौँ : निरन्तर प्रकाशन, २०६२), पृ. १ ।

ल्याएका थिए भन्ने पाइन्छ ।[७१] खाँडो विजययात्राका क्रममा भनिने/गाइने एक किसिमको वीर गाथात्मक लोककविता हो ।[७२] लडाइँ वा आक्रमणमा जानुभन्दा पहिले सेनाहरूको मनोबल बढाउन र शत्रुहरूको मनोबल कमजोर पार्न राजामहाराजाको जयजयकार गर्दै खड्गमा धार लगाउने शङ्ख बजाउने प्रचलन त्यतिबेला स्याङ्जाबाट तिनै खान वंशले सुरुआत गरेको उल्लेख पाइन्छ । यसलाई खाँडो जगाउने पनि भनिन्छ ।[७३] खाँडो जगाउने परम्परा पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियान रोकिएपछि खाँडो पखालियो भन्ने अनुश्रुति पाइन्छ ।[७४] स्याङ्जा जिल्ला र यस जिल्लाको वरिपरि वा गण्डकी प्रदेशका पाल्पा, गुल्मी, पर्वत र वाग्लुङ क्षेत्रका मगर, क्षेत्री तथा ठकुरीले विवाहमा गीतका रूपमा खाँडो जगाउने, नवदुर्गामा मालश्री गाउँदा, सरायाँ नाँच्दा तरवार भाला ढाल लिएर नाच्ने परम्परा केही पछिसम्म पनि रहेकाले खाँडो गण्डकी प्रदेशको मूल संस्कृतिका रूपमा उल्लेख पाइन्छ ।[७५] यसरी नेपाल एकीकरणको आरम्भभन्दा अगाडिदेखि नै यस क्षेत्रमा सुरुआत भएको खाँडो जगाउने परम्परापछि लोकसाहित्यको लोकगीतका रूपमा विकसित भयो भने नीति सन्देशका रूपमा लोकगाथा, लोकनाटक, उखानटुक्का, गाउँखाने कथा आदिको पनि मौखिक रूपमा विकास भएको पाइन्छ । खाँडोको उदाहरण यसप्रकार प्रस्तुत गर्न सकिन्छ ।[७६]

पूर्व पश्चिम उत्तर दक्षिण चारै दिशा जित्नको

लङ्का पलङ्का जित्नको

नागोदश, घोरमुखा देश जित्नको

शूरवीर सेना चलते हैं

कौन कौन सवारी चलते है ?

हात्ती, घोडा, रथरथान चलते हैं

भालाबर्दा धनुर्वाण चलते है.....

जाग रे खाँडो, जाग रे जाग रे (हुङ्कार)

स्याङ्जा जिल्लाको लोकसाहित्यका बारेमा पनि अध्ययन अगि बढेको छ । नारायणप्रसाद अधिकारी, देवीप्रसाद वनवासी, विश्वप्रेम अधिकारी, कृष्णप्रसाद न्यौपाने, सुकुम

---

[७१] विश्वप्रेम अधिकारी, **पश्चिमाञ्चलका लोकगीत र परम्परा,** (स्याङ्जा : विजयकुमार अधिकारी, २०५८), पृ. ४६ ।

[७२] ऐजन,पृ. ४८ ।

[७३] कृष्णप्रसाद पराजुली, पूर्ववत्,पृ. ३६१ ।

[७४] विश्वप्रेम अधिकारी, पूर्ववत् , पृ. ४६ ।

[७५] कृष्णप्रसाद पराजुली, पूर्ववत्,पृ. ३६२ ।

[७६] ऐजन ।

शर्मा, आदिका कार्यहरू यस क्षेत्रको लोकसाहियत्यका अध्ययनका सन्दर्भमा महत्त्वपूर्ण मानिन्छ । यसरी स्याङ्जा जिल्लामा लोकसाहित्यको परम्परा निकै मजबुत रहेको पाइन्छ ।

## ३.३ अभिलेख

ढुङ्गा वा धातुका पातामा कुँदिएको प्राचीनसामग्री वा प्रमाणित कागजात, लिखित विवरण, वा रेकर्डलाई अभिलेख भनिन्छ ।[७७] अभिलेख वा ग्रन्थका आधारमा सम्बन्धित भाषा तथा साहित्यको थालनी नेपाली भाषाको उत्पत्तिपछि विभिन्न अभिलेख तथा प्राचीन नेपाली ग्रन्थ हुँदै विकसित भएको जानकारी पाइन्छ ।[७८] आजको जस्तो कागजपत्र एवम् छपाइ मेसिनको आविष्कार नभएका समयमा प्राचीनकालमा मानवले जुन कडा वस्तुहरूमाथि महत्त्वपूर्ण विवरणहरू लेख्ने गर्दथे, त्यस्ता विवरणको खोजी तथा अध्ययन गर्ने शास्त्रलाई अभिलेखविज्ञान भनिन्छ ।[७९] नेपाली भाषा तथा साहित्यको विकासमा साहित्यिका रचनाहरू मुद्रण तथा प्रकाशन हुनुपूर्व साहित्यको पृष्ठभूमिकालअन्तर्गत अठारौँ शताब्दीमा यस क्षेत्र (पश्चिम ४ नम्बर) अन्तर्गत पर्ने **पूर्वतर्फ** र **छाङ्छाङ्दी**मा केही अभिलेख रहेको उल्लेख पाइन्छ ।[८०] यी प्राप्त अभिलेखमा भने कतै पनि अध्ययन तथा अनुसन्धान भएको पाइँदैन । आफ्नो ऐतिहासिक महत्त्व बोकेको स्याङ्जामा प्राचीन अभिलेखको अध्ययन हुन सकेको छैन । स्याङ्जा जिल्लाले विविध क्षेत्रमा आफ्नो पाइला अगाडि सारेको र त्यसमा सफलताको चुलीमा पुगिरहेको अवस्थामा स्याङ्जा जिल्लाका विभिन्न ठाउँहरूको खोजअनुसन्धान गर्नु स्याङ्जालीहरूको कर्तव्य पनि हो । स्याङ्जाक्षेत्रमा अभिलेखहरू खोज्ने कार्यमा अभियानको खाँचो आवश्यक छ ।

## ३.४ स्याङ्जा जिल्लामा साहित्यलेखनको आरम्भ

पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानमा राजा तथा सेनाहरूको उच्च मनोबलका निम्ति युद्ध मोर्चाको चित्रण गरिएका वीर भावनाका लेख रचनाबाट नै नेपाली साहित्यमा लेखनको थालनी भएको हो ।[८१] नेपाल एकीकरणको अभियान रोकिएपछि नेपाली साहित्य पनि वीरभावनाबाट भक्तिभावनातर्फ उन्मुख भएको समयभन्दा केही अगाडि रणबहादुर शाहको शासनकाल (वि.सं.१८३४-१८५५) मा नै स्याङ्जाको कैरी नामक सुन्दर गाउँमा जन्मेर आँधीखोला क्षेत्रमा हुर्केबढेका **यज्ञसुरि कोइराला**लाई स्याङ्जाबाट साहित्यसाधना गर्ने प्रथम साहित्यकार मानिन्छ । उनको संस्कृतका ५८२ छन्द र १३ सर्गमा संस्कृत भाषामा रचना गरेको **चन्द्रसंभव** महाकाव्य पितृभक्तिमा आधारित पौराणिक धरातललाई आधार बनाई लेखिएको पाइन्छ ।[८२] त्यसैगरी सतौँका **गौरेश्वर अर्यालले** वि.सं. १८८६ मा रचना गरेको

---

[७७] हेमाङ्गराज अधिकारी, पूर्ववत्, पृ.४४

[७८] दयाराम श्रेष्ठ, पूर्ववत्, पृ. ११७ ।

[७९] सोमप्रसाद खतिवडा, **अभिलेख विज्ञान एवं मुद्राशास्त्र**, (काठमाडौँ : एम.के पब्लिशर्स एन्ड डिस्ट्रब्युटर्स, २०५५), पृ. १ ।

[८०] अच्युतशरण अर्याल, 'स्याङ्जाली साहित्य एक रेखाङ्कन', **सगुन,** (स्याङ्जा विशेषाङ्क वर्ष ४, पूर्णाङ्क १०, २०६२), पृ. १८ ।

[८१] वेणीमाधव ढकाल, (सम्पा), **यज्ञशर्मा सुरिविरचितम् श्री चन्द्रसम्भव महाकाव्यम्,** (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५८), पृ. १ ।

[८२] ऐजन ।

**वेताल पंचविशति** र स्याङ्जा नुवाकोटका **प्रह्लादले** वि.सं. १९२७ मा रचना गरेको '**आत्मकथा कविता'** पनि स्याङ्जा जिल्लाको साहित्यिक लेखनको प्रारम्भिक कार्य मानिन्छन् ।[८३]

वि.सं. १९८५ मा कालिभक्त पन्तले **भक्त मथुर** कविता **गोर्खापत्र**मा प्रकाशित गरेको कुरा उल्लेखित छ । वि.सं. २००५मा स्याङ्जाका **कृष्णप्रसाद** शास्त्री **जयतु संस्कृतम आन्दोलन**मा सरिक भएका र उनलाई देश निकाला गरिएबाट यस क्षेत्रको साहित्यलेखनमा जागरण बढेको थाहा पाउन सकिन्छ ।[८४] प्रकाशनका दृष्टिले स्याङ्जा चिलाउनेवासका ईश्वरीप्रसाद उपाध्यायको **राजभक्ति तत्त्व दीपिका** भाष्यको रूपान्तर (२०५ श्लोक) **देशभक्त केटो,** (२००६) बनारसवाट प्रकाशित कविता प्रथम पुस्तकाकार कृति हो । पं.दण्डपाणि शर्माको वि.सं. २००९ मा गोरखपुरवाट प्रकाशित **विधवा विवाह** स्याङ्जाको दोस्रो मौलिक साहित्यिक कृति हो ।[८५] त्यसपछि मुकुन्दराज उपाध्यायद्वारा वि.सं. २००८ सालभन्दा अगाडि लेखिएको **तीनधाम यात्रा** र **आंचमानी** क्रमशः २०४१ र २०४५ सालमा प्रकाशित भएका छन ।[८६]

विविध ओरालीउकाली गर्दै सुरु भएको स्याङ्जाली साहित्यलेखन वर्तमानमा आएर साहित्यका विविध विधामा फैलिएको छ । फुटकर रचनाहरूदेखि लिएर पुस्तकाकार कृतिहरू हाल धमाधम प्रकाशित भइरहेका छन् । कविता विधाअन्तर्गत हाइकु, मुक्तक, गजल, फुटकर कविता, लामोकविता, खण्डकाव्य, र महाकाव्यसम्मका रचनाहरू यस क्षेत्रका साहित्यकारहरूबाट रचिएका छन् । आख्यानविधामा पनि फुटकर कथादेखि उपन्याससम्मका कृति लेखिएका छन् । यस्तै नाटक, निबन्ध, समालोचना, स्थानीय साहित्यलेखनको इतिहासपरम्परा, बालसाहित्य, व्याकरणलेखन परम्परालगायत विविध भाषा, तथा भाषिकामा साहित्यलेखनको प्रयास यस क्षेत्रका साहित्यकारबाट धेरै पहिलेदेखि हालसम्म निरन्तर रूपमा अगि बढेको छ । नेपाली साहित्यका क्षेत्रमा पनि उल्लेखनीय योगदान गर्ने स्रष्टा जन्माउन यो जिल्लापछि परेको छैन । यस जिल्लाका साधकहरू आफ्नै जीवन गुजार्ने पेसासँगसँगै साहित्यसाधनामा जुटिरहेका छन् । जिल्लाका विभिन्न संघसंस्थाहरूको भूमिका साहित्यिक वातावरणका निर्माणमा उल्लेख्य रहेको छ । समय परिस्थितिसँग हातेमालो गर्दै यस जिल्लाको साहित्यलेखनमा ठूलो फड्को देखिन्छ ।

## ३.५ स्याङ्जा जिल्लाको संक्षिप्त साहित्यसर्वेक्षण

नेपाल अधिराज्यका ७५ वटा जिल्लाहरूमध्ये स्याङ्जा जिल्ला आफ्नै गरिमामय इतिहास बोकेको जिल्ला हो । नेपाल राज्यको पहाडी भेगमा पर्ने यो जिल्ला नेपाल राष्ट्रको उत्पत्ति हुनुभन्दा पहिलेबाट नै धार्मिक र सांस्कृतिक पृष्ठभूमि बोकेको जिल्ला हो । बाईसे र चौबीसे राज्यको स्थापनाकालमा समेत यस जिल्लाले आफ्नो ऐतिहासिक परिचय दिएको पाइन्छ । आधुनिक नेपाल राज्यको एकीकरणको सुरुआत यसै जिल्लामा कुल थापेर गरेको

[८३] अच्युतशरण अर्याल, पूर्ववत्,पृ. १८ ।

[८४] ऐजन ।

[८५] महेश्वर शर्मा, 'स्याङ्जाको साहित्यिक इतिवृत्ति छोटो चर्चा', **सगुन,** स्याङ्जा विशेषाङ्क, (वर्ष ४,पूर्णाङ्क १०, २०६३), पृ. २३ ।

[८६] ऐजन ।

इतिहास पनि पाइन्छ । नेपाल राष्ट्रको एकीकरण वा स्थापना हुने सन्दर्भमा यस जिल्लाको योगदान बिर्सन मिल्दैन ।

नेपाल राष्ट्रको स्थापना भएपछि समाजलाई मार्गदर्शन गर्ने साहित्यको थालनी यस जिल्लामा पनि हुन पुगेको पाइन्छ । आज नेपाली साहित्य भनेर जसरी अध्ययन गरिरहेका छौं त्यो अध्ययन गरिने साहित्यमा स्याङ्जा जिल्लाको पनि योगदान बिसर्न मिल्दैन । स्याङ्जा जिल्लाको आफ्नै साहित्यिक इतिहास छ र परम्परा पनि छ । स्याङ्जामा थुप्रै साहित्यिक सर्जकहरू साधनारत छन र उनीहरूका साहित्यिक कृतिहरू पनि प्रकाशन भएका छन् । साहित्यको सर्वेक्षण गर्न सजिलाका लागि साहित्यलेखनको कालविभाजन गर्ने परम्परा रहेको पाइन्छ । स्याङ्जाको साहित्यिक सन्दर्भमा पनि व्याख्याताहरूले वा साहित्यकर्मीहरूले स्याङ्जेली साहित्यको काल विभाजन गर्ने प्रयास गरेका छन् । स्याङ्जा साहित्यको इतिहास लेख्न प्रयास गर्ने साहित्यकार घनश्याम ढकालले स्याङ्जाको साहित्यिक इतिहासको काल विभाजन निम्न अनुसार गरेका छन् [८७]-

१. प्रारम्भकाल (सुरुदेखि २०१७ सालसम्म)

२. जागरणकाल (२००७ सालदेखि २०१७ सालसम्म)

३. पञ्चायतकाल (२०१७ सालदेखि २०४६ सालसम्म)

४. विकासकाल (२०४६ सालदेखि पछि)

त्यसैगरी स्याङ्जाका अर्का साहित्यकार डा. अच्युतशरण अर्यालले स्याङ्जाली नेपाली साहित्यको कालविभाजन निम्न अनुसार गरेका छन् [८८]-

क)पृष्ठभूमि काल : रचनाप्रकाशन पूर्वकाल

ख) मध्यकाल : २००५ - २०२० सम्म (छिटफुट प्रकाशित)

ग) आधुनिक काल : २०२१-२०३० सालसम्म (प्रकाशन निरन्तर)

घ) समसामयिक काल : २०३० देखि हालसम्म

त्यसैगरी स्याङ्जाका अर्का साहित्यकार प्रेमराज लुइटेलले स्याङ्जाली नेपाली साहित्यको कालविभाजन निम्नानुसार गरेका छन् [८९]-

१. प्राथमिक काल : (सुरुदेखि -२००५ सम्म)

२.माध्यमिक काल : (वि.सं. २००६- २०२३ फागुन)

३. आधुनिक काल : (वि.सं. २०२३ चैत्र-अद्यावधि)

---

[८७] घनश्याम ढकाल, 'स्याङ्जाको साहित्यिक इतिहास', **सगुन,** स्याङ्जा विशेषाङ्क,(वर्ष ४, पूर्णाङ्क १०, २०६३), पृ.९ ।

[८८] अच्युतशरण अर्याल, 'स्याङ्जाली साहित्यको एक रेखाङ्कन', **सगुन,** स्याङ्जा विशेषाङ्क,( वर्ष ४,पूर्णाङ्क १०,२०६३), पृ. १८ ।

[८९] प्रेमराज लुइटेल, पूर्ववत्, पृ. २८ ।

आधुनिक कालअन्तर्गत निम्नलिखित चरणमा बाँडेको पाइन्छ[९०]-

क) प्रथम चरण (२०२३-२०३५)

ख) द्वितीय चरण (२०३६-२०४६)

ग) समसामयिक चरण (२०४७ देखि अद्यावधि)

माथिका विभिन्न कालविभाजनहरूका आधारमा हेर्दा स्याङ्जामा साहित्यलेखन परम्पराको अध्ययनमा काल विभाजन गर्दा एकै मत नरहेको देखिन्छ । स्याङ्जाको साहित्यिक कालविभाजनमा पनि सबैको निष्कर्ष एउटै नआइसकेको अवस्थामा स्याङ्जाली साहित्यिक स्रष्टाहरू जसले स्याङ्जामा जन्मी स्याङ्जा र स्याङ्जाभन्दा अन्यत्र बसेर साहित्यको साधना गरिरहेका छन् तिनीहरू सबैलाई समेटी वर्णानुक्रमका आधारमा स्याङ्जाको संक्षिप्त साहित्यिक झलक यसमा दिइएको छ । अनुसन्धानको कार्य आरम्भ भएकाले यस किसिमको प्रारम्भिक सर्वेक्षण पछि मात्र इतिहास लेखनको कार्य वस्तुपरक र अर्थपूर्ण हुन्छ । सर्वेक्षणका क्रममा स्रष्टाहरूको नाम, जन्ममिति, ठेगाना र साहित्यिक कृतिहरूलाई समावेश गरिएको छ ।

१. अग्निकुमार पल्लव (२०२९, जगतभन्ज्याङ)

क) हृदयको बाबु (कवितासङ्ग्रह, २०५१)

ख) मातृस्नेह (खण्डकाव्य, २०६०)

२. अग्निप्रसाद उपाध्याय रेग्मी (खिलुङ, ?)

क) मेरा अविस्मरणीय घटनाहरू (?)

३. डा. अच्युतशरण अर्याल (२०१३, वालिङ)

क) अझेटाका बान्कीहरू (निबन्धसङ्ग्रह, २०४१)

ख) नेपाली बालसाहित्यको रूपरेखा (२०४५)

ग) प्रमाणवाद (सिद्धान्त सिर्जना, २०४८)

घ) श्रवणकुमार (बालखण्डकाव्य, २०५४)

४. अनन्त अर्याल (२०२३, थुमपोखरा)

क) म आलोच्य छु (कवितासङ्ग्रह, २०५९)

ख) अव्यक्त तृष्णा (कथासङ्ग्रह, २०६०)

५. अनन्त श्रेष्ठ (२०३३, पु.ब.न.पा.)

---

[९०] ऐजन ।

क) सुनिताको चिठी (कथासङ्ग्रह,? )

६. अर्जुनप्रसाद लम्साल (चिन्नेवास, ?)

क) देवकी (कथासङ्ग्रह,२०६२)

७. आकाश रेग्मी (२०३१, ?)

क) नेपालीलाई साढे सात (२०५९,?)

८. आकृति पाण्डे (२०४४, विर्घा)

क) देश हराएको सूचना (२०६०, ?)

९. ईश्वरीप्रसाद उपाध्याय पौडेल (१९३३-२०१८, चिलाउनेबास)

क) देशभक्त केटो (कवितासङ्ग्रह, २००६)

१०. ईश्वरीप्रसाद ढकाल (पु.ब.न.पा., ?)

क)सेती दोभान (उपन्यास,?)

११. उमेश थापा मगर (विरुवा अर्चले ,?)

क)ऊमेसो सीरजनाको (मगराँती कवितासङ्ग्रह, २०६१)

१२. ऋषिकेश शाह (सन् १९२५, दहथुम)

क) सार्वजनिक सुरक्षा, कानुन र बन्दीप्रत्यक्षीकरण,( ?)

ख) पद्यपुष्पाञ्जली (कवितासङ्ग्रह, २०३५)

घ) नेपाल : प्रशासन व्यवस्था एवं परराष्ट्र नीति (हिन्दी, ?)

ङ) नेपाल एन्ड वर्ल्ड (?)

च) हिरोज एन्ड बिल्कर्स अफ नेपाल (?)

छ) नेपाली पोलिटिक्स : रेटोस्पेक्ट एन्ड प्रोस्पेक्ट (?)

ज) एन इन्ट्रोडक्सन टु नेपाल (?)

झ) फ्युचर अफ साउथ एसिया (?)

ञ) मोडर्न नेपाल : अ पोलिटिकल हिस्ट्री(?)

ट) थ्री विकडस अफ टु किङस (?)

ठ) इक्लिप्स अफ नेपल्स पाटीलेस मोनार्किकरुल (?)

ड) एन्सन्ट एन्ड मेडिएभल नेपाल (?)

ढ) नेपालमा प्रजातन्त्र र मानवअधिकार (अनु?)

१३. एकनारायण सुवेदी (२०१९, वालिङ)

क) फेरि जन्मिएकी छोरीको विदाइ (उपन्यास, २०५१)

१४.एपी अर्याल 'विचरी' (२०४०, अर्जुन चौपारी)

क) कीटाणु (कवितासङ्ग्रह,२०६२)

१५. एम.सी.थापामगर (राङ्भाङ्, ?)

क) शान्ति शिरोमणि(कवितासङ्ग्रह, ?)

१६. कपिल अज्ञात (२०१५, पौवैगौडे)

क) अज्ञातका कविता (कवितासङ्ग्रह, २०४७)

ख) समालोचनाको सन्दर्भ (समालोचना, ?)

ग) साहित्यसिर्जन प्रकिया (२०५५)

१७. कमल पौडेल 'अथक' (विचारी चौतारा, ?)

क) तीजका कोसेली रोएकी चेली (२०५८)

ख) अथक गजलसङ्ग्रह गजेको भोटो (२०६२)

१८. कल्पना श्रेष्ठ (२०३५, पु.ब.न.पा.)

क) अनिश्चित यात्राका हरफहरू (२०६१)

ख) अन्त्यहीन जीवन (खण्डकाव्य २०६१)

१९. काशीराम शर्मा (शास्त्री, ?)

क) प्रकृति पुरुषको एक झलक (खण्डकाव्य, २०४६)

ख) रामवंशेतिहास : (२०४६)

ग) नेपाली जनजीवन (खण्डकाव्य, २०४७)

घ) केही पौडेलहरूको वंशावली दिग्दर्शन (वंशावली)

२०. केदार शर्मा ढकाल (१९८६, पु.ब.न.पा.)

क) आँसु र पसिना (कवितासङ्ग्रह, २०१५)

ख) बाँच्न गाह्रो भो (निबन्धसङ्ग्रह, २०४७)

ग) जीवन संघर्षको चक्कर ठक्कर (निबन्धसङ्ग्रह, २०५५)

२१. कृष्णप्रसाद अर्याल (१९८१, खिलुङ्)

क) मूर्दाको बस्ती (उपन्यास,?)

२२. डा. गणेशमान गुरुङ (२००५,पञ्चमूल)

क) दि चेपाङ्स (अङ्ग्रेजी)

ख) जुम्ली संस्कृति (?)

ग) दुरा जातिको  सामाजिक अध्ययन (?)

घ) इन्डियन पिपुल्स : मोबिलिटी एन्ड चेन्ज (अङ्ग्रेजी, ?)

ङ) सम्भनाका क्षणहरू (निवन्धसङ्ग्रह, २०४८)

२३. डा. गार्गी शर्मा (२००५, बानेथोक)

क) केही समीक्षा (२०४२)

ख)चाँदनी शाहको काव्यभूमि (२०४४)

ग) गोमा (महाकाव्य, ?)

२४. गायत्री लम्साल ‘परिरोशनी’ (२०३६, थुमपोखरा)

क) भटारो (हास्यव्यङ्ग्य कवितासङ्ग्रह, २०६०)

ख) बोकापालन (व्यङ्ग्य निबन्धसङ्ग्रह, २०६२)

ग) प्रेमरोशनी (संयुक्त कवितासङ्ग्रह, २०६३)

२५. गोपालमान श्रेष्ठ (सन् १९४७, पु.ब.न.पा.)

क) पूर्व पश्चिम राजमार्ग नेपालीको भाग्यरेखा

ख) ठूटो चुरोट (?)

ग) आलोक सम्भनामा (?)

२६. गोपीरमण उपाध्याय (२००३, किचनास)

क) राजनैतिक शब्दपरिचय (२०३८)

ख) पूर्वमा भौतिकवादी दर्शनको परम्परा (?)

ग) केही दार्शनिक निबन्धहरू (?)

घ) धर्मशास्त्र ऐतिहासिक भौतिकवादी विश्लेषण (?)

ङ) एमालेमा विसर्जनवाद यसरी देखापर्‍यो (?)

च) मार्क्सवादका आधारभूत सिद्धान्तहरू (?)

२६.गोविन्दप्रसाद शर्मा (२००५, सेतीदोभान)

क) भावनाका फूल (२०५६)

ख) वेदनाका स्वरहरू (२०६१)

ग) जीउन पाँऊ त्यसरी (२०६१)

घ) पीडा छ राष्ट्रैभरि (२०६२)

ङ) कति राम्रो नेपाल (?)

च) राष्ट्रको माग (?)

छ) चिरविर गायो चरीले (?)

ज) रमाउँला मन पेट साटेर (?)

झ) गीतभित्रका गीतहरू (२०६३)

२८. गंगा कर्माचार्य (२०११, पु.ब.न.पा.)

क) गंगाका केही छालहरू (कवितासङ्ग्रह, २०३३)

ख) आँधीखोलाको सम्झना (कवितासङ्ग्रह, २०६३)

२९. गंगाधर शर्मा पौडेल (२००३,पु.ब.न.पा.)

क) तिर्सना (कवितासङ्ग्रह,२०४९)

३०. घनलाल चापागाइँ (कालिकाकोट, ?)

क) योग (धर्म, ?)

३१.घनश्याम ढकाल (२०१०, पु.ब.न.पा)

क) नाम कमाउने रहरमा (निबन्धसङ्ग्रह,२०४२)

ख) गंगा कावेरी एक्सप्रेस चिठीलाई जवाफ (२०४२)

ग) अभिवादन गर्छ सगरमाथा पेरुभियाली जनक्रान्तिलाई (२०४३)

घ) भरिया र यात्री (कथासङ्ग्रह,२०४३)

ङ) फैसला हारजितको (कवितासङ्ग्रह,२०४४)

च) दरिद्रताबाट मुक्ति (निबन्धसङ्ग्रह,२०४५)

छ) गाउँभित्र (उपन्यास,२०४७)

ज) शहीद मानचित्रमा नपरेका शहीद(कथासङ्ग्रहहरू,२०४८)

झ) समपर्णको बाटोमा (कथासङ्ग्रह,२०५१)

ञ) मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना(२०५४)

ट) आजको महभारत (कथासङ्ग्रह, २०५५)

ठ) रातो आकाश (उपन्यास, २०६०)

ड) सं यथार्थवादी नेपाली समालोचना (पश्चिमाञ्चलका समालोचना, २०६२)

ढ) भावनाका छालहरू (शोककाव्य,२०६२)

३२. डा. घनश्याम न्यौपाने 'परिश्रमी' (२०१५, श्रीकृष्ण गण्डकी)

क) अन्त्यमा (खण्डकाव्य,२०३६)

ख) यो मौसम (गजलसङ्ग्रह, २०५०)

ग) घामको छहारीमा (गजलसङ्ग्रह, २०५३)

घ) साहित्य सन्दर्भ (समालोचना,२०५५)

ङ) जून चुहेको रात (गजलसङ्ग्रह, २०६०)

च) आधुनिक नेपाली व्याकरण (२०६२)

छ) राम्रो चाचा मिठो पापा (२०६३)

ज) गजल भूमिकावली (२०६३)

झ) गजल सौन्दर्य मीमांसा (२०६४)

३३. चिन्तु गिरी (२०११, पु.ब.न.पा.)

क) मेरो धर्ती (२०५०)

ख) बिरामी वर्तमान (२०५९)

ग) गोलैंचीका फूलहरू (२०६१)

३४. चेतन कार्की (१९९५, आरुखर्क)

क) आत्म बेचेको छैन (उपन्यास, २०२३)

ख) हनिमुन (उपन्यास,२०२५)

ग) ढलेको गिलास (उपन्यास, २०३०)

घ) जून निदाउन थाल्यो (गीत सङ्ग्रह, ?)

ङ) कल्पना टुट चुकी है (हिन्दी उर्दू कविता, ?)

च) अन्य फुटकर कथा, लेख, कविता, गीत आदि)

३५.चोकबहादुर थापा (१९९१, राङ्भाङ्)

क) हृदयको उद्गार (कवितासङ्ग्रह, २०२१)

ख) एउटा नयाँ विहानको प्रतीक्षामा (कवितासङ्ग्रह,?)

ग) स्मृतिका केही चित्रहरू (प्रबन्ध ,?)

३६. डा.जगदीशचन्द्र भण्डारी (२०१९, मालुङ्गा)

क) वर्तमान जन्मन खोजिरहेछ (कवितासङ्ग्रह, २०४०)

ख) मेरा आँखामा तानाका कथा र जमर्काहरू (समालोचना, २०४०)

ग) अँध्यारोमा चल्बलाएका शब्दहरू (निबन्धसङ्ग्रह, २०४७)

घ) मुक्तिक्षेत्रको यात्रामा (कवितासङ्ग्रह, २०४८)

ङ) साहित्यः चिन्तन र विवेचना (समालोचना, २०५०)

च) प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण (समालोचना, २०५५)

छ) लेनिनको कविता (अनुवाद,२०५५)

ज)साहित्य र यथार्थ (सहअनुवाद, २०५६)

झ) आँखाका यी नानी (कवितासङ्ग्रह, २०५९)

ञ) पृथक सिर्जन, पृथक निरूपण (समालोचना, २०६०)

३७. जगन्नाथ न्यौपाने (?)

क) कवितासङ्ग्रह,(२०४२)

३८. जयप्रकाश रेग्मी (वालिङ ?)

क) मृत्यु शैय्यामा (कवितासङ्ग्रह, २०५८)

३९.जयप्रसाद पौडेल (२००५-२०६१,पु.ब.न.पा.)

क) छोराले क,ख खोज्दा (कवितासङ्ग्रह, २०४८)

ख) धादिङबेँसी (उपन्यास, २०५१)

ग) धरहरा (लघुकथा,२०५३)

घ) नानीको साथी (बालगीतसङ्ग्रह, २०५४)

ङ) दुःखका दिनहरू (कथासङ्ग्रह, २०५५)

४०. जलेश्वर पाण्डे (२०२६, विर्धा)

क) शेक्सपियरका उत्कृष्ट कथाहरू (अनु,२०५९)

४१. जीतबहादुर सिंजाली (मगर भाषाका आदिकवि, चण्डीभञ्ज्याङ ?)

क) मगराँती भासाङ् लीङ् ड टुक्काऔ कीटाब (संयक्त, ?)

ख) ल्हेस्म राहाताङ (मगराँती कवितासङ्ग्रह, २०६३)

४२. जीवनपानी पोखेल (२०२८, ओरस्टे)

क) जीवनपानीका फोहराहरू (गजलसङ्ग्रह, २०५९)

ख) जीवनपानीका सुस्केराहरू (गजलसङ्ग्रह, २०६१)

४३. ज्ञानेश्वर पोखेल (२००१, किचनास)

क) प्रतिज्ञा (उपन्यास, ?)

ख) प्रतिभा (कवितासङ्ग्रह, ?)

४४. ज्ञानेश्वर रेग्मी (१९९७, वालिङ्)

क) हलसारो (कवितासङ्ग्रह, २०४४)

४५.टुकप्रसाद रेग्मी (ठूलाडिही, ?)

क) संक्षेपमा गीताज्ञान (धर्म)

४६. टीकाराम रेग्मी (?)

क) नवीन नेपाली लोकगीत (२०३०)

४७. टेकबहादुर थापा (२००३, पु.ब.न.पा.)

क) आँधीको आवाज (?)

४८.डिल्लीरमण शर्मा न्यौपाने (१९८८, किचनास)

क)आजको झयाउरे (२०११/१२)

ख) विधवाको करुण क्रन्दन(सवाईकविता, २०१६)

ग) ग्राम्य संघर्ष (झ्याउरे कविता,२०१७)

४९. तुलबहादुर क्षेत्री मालेमा (?)

क) चेतना (खण्डकाव्य, ?)

५०. त्रिभुवन अर्याल (२००२, वालिङ)

क) केही जानिएन (कवितासङ्ग्रह, २०५१)

५१. त्रिलोचन ढकाल (२००६, फापरथुम)

क) कम्युनिस्टहरूलाई लगाइएका झुठा आरोपहरू र वास्तविकता (२०४७)

ख) के मार्क्सवाद विफल हुन सक्छ (?)

ग) स्याङ्जा जिल्लामा कांग्रेसी गण्डागर्दी (२०४५)

५२. पं. दण्डपाणि शर्मा (१९६९, किचनास)

क) विधवा विवाह (२००९)

५३.दयानाथ अर्याल (२०१०, वालिङ)

क) आमा (कवितासङ्ग्रह, २०५५)

ख) मुक्तक सङ्ग्रह (२०६०)

५४. दामोदर डुम्रे (२०४७, थुमपोखरा)

क)आमाको माया (लोककथासङ्ग्रह, २०६१)

५५. डा. दिलबहादुर क्षेत्री (२०१२, चिलाउनेवास)

क) नेपाली इतिहास लेखनको संक्षिप्त विश्लेषण (?)

ख) डकुमेन्टस अन नेपाल (सन् १९९८)

ग) सिद्ध शक्तिपीठ विन्ध्यवासिनी तथा पोखराका केही मोठ मन्दिरहरूको संक्षिप्त अध्ययन (सन् २००१) ।

घ) ल्होसार पर्व : संक्षिप्त अध्ययन (सह-लेखन, २०५८)

ङ) प्राचीन र पूर्व माध्यमिक नेपाल (२०६२)

५६. दिनेश पाण्डे (२०३२, विर्घा)

क) मुखिया (नाटक,२०५१)

५७. दीलिपप्रताप खाँण (२०२४, वालिङ्)

क) वंशावली (खाँण,शाह, र शाहीको वंशावली तथा इतिहास, २०६०)

५८. दीनबन्धु अर्याल (सन्१९४४, पु.ब.न.पा.)

क)बाजश्रवस (२०५४)

५९. दीप्तिनारायण ढकाल (१९८६-२०४०, फापरथुम)

क) साना किसान (गीति खण्डकाव्य, ?)

६०. दुर्गाबहादुर रोकाहा (२०३१, दरौ)

क) बुद्ध रोइरहेको देश (कवितासङ्ग्रह, २०६१)

६१. देवीप्रसाद उराठ ढकाल (२०४०, रापाकोट)

क) पखेराको फूल (कवितासङ्ग्रह, २०६०)

ख) हिजो बिनासित्तै रोइएछ (कवितासङ्ग्रह, २०६१)

ग) प्रीतिका गीत (?)

६२. देवीप्रसाद वनवासी (१९९७, वालिङ्)

क) आमाको सन्देश (कवितासङ्ग्रह, २०२१)

ख) ढुङ्गाको कहानी (कवितासङ्ग्रह, २०२१)

ग) भूमिसुधार किन ? (कवितासङ्ग्रह, २०२१)

घ) पल्लोघरकी नानी (कवितासङ्ग्रह, २०२३)

ङ) कथा कथ्यौरी (बालकथा, २०२७)

च) माछापुच्छ्रेको काख (कवितासङ्ग्रह, २०२९)

छ)शहीदको आत्मकथा (कवितासङ्ग्रह, २०३२)

ज)बिस्कुन (कवितासङ्ग्रह, २०३२)

झ)केही रमाइला कथा (बालकथा, २०३८)

ञ) फूलपाती (बालकथा, २०४०)

ट) चुभुर चुभुर (बालकथा, २०४२)

ठ) मुलुकभित्रै भौंतारिदा (गद्यलेखोट, २०४२)

ड) आकृति र अनुभूति (गद्यलेखोट, २०४४)

ढ) असल मान्छे (बालजीवनी, २०४७)

ण)छुनुमुनु (बालकथा, २०५१)

त) जोखना (व्यङ्ग्य-हास्य कविता, २०५१)

थ) हाँडीघोप्टे छत्तीसा (व्यङ्ग्य-हास्य कविता, २०५२)

द) लुछाचुँडी (व्यङ्ग्य-हास्य कविता, २०५३)

ध) श्री बुँखयाचा (व्यङ्ग्य-हास्य कविता, २०५४)

न)सिरिखुरी (बालकथा, २०५४)

प) आँधीखोले लोकसंस्कृति (गद्यलेखोट, २०५५)

फ) अद्भूत मान्छे (बालजीवनी, २०५६)

ब)चौरासी व्यञ्जन (व्यङ्ग्य-हास्य कविता, २०५७)

भ) बालसंगाती (बालकथा, २०५८)

म) फकडा (व्यङ्ग्य-हास्य कविता, २०५९)

य) सोल्टी (गद्यलेखोट, २०५९)

र) पन्ध्र कथा पञ्चतन्त्रका (बालकथा, २०६०)

ल) हरेलो  (गद्यलेखोट, २०६१

व) अमरज्योति (कवितासङ्ग्रह, २०६२)

श) हलुवा (व्यङ्ग्य-हास्य कविता, २०६२)

ष) त्रिवेणी (अनुवाद नाटक, २०६३)

६३. देवेन्द्र लम्साल (२०११, चिन्नेवास)

क) ज्याग्दी र म (खण्डकाव्य, २०३६)

ख)ज्याग्दी किनारमा बल्छी खेलेर (कविता, २०४२)

ग) स्मृतिपटलमा पिताजी विश्वनाथ (कविता, २०५२)

घ) बौलाही राइँदाल्नी (सामाजिक काव्य, २०५३)

ङ) अभिशप्त प्रेम (कथासङ्ग्रह, २०५४)

च) शान्तिको खोजीमा (कवितासङ्ग्रह, २०६१)

६४. नगेन्द्रराज भट्टराई (चापाकोट, ?)

क)हाम्रो जीवनको उद्देश्य (२०३५)

६५. नारायणदत्त पौडेल (प.ब.न.पा,?.)

क) राजा र धर्म (श्लोकसङ्ग्रह, २०५३)

६६.नारायणप्रसाद अधिकारी (२०१६, मल्याङ्कोट)

क)हिमकमल (कवितासङ्ग्रह, २०५२)

ख)विचार र विवेचना (समालोचना)

ग श्रीकृष्ण (अनु.,२०५३)

घ) श्रीमदभागवतगीता यथारूप (२०५५ अनु.)

६७.नारायणप्रसाद 'पथिक' (वाङ्सिङ,?)

क) तिमी को हौ (२०५०, ?)

ख) बदला (उपन्यास,२०६०)

६८. नारायणप्रसाद मरासिनी (चिन्नेवास, ?)

क)तीजको कोसेली (२०५०)

ख) समयका धब्बाहरू(मुक्तकसङ्ग्रह, २०५१)

ग) साने (खण्डकाव्य,२०५६)

घ)रणभूमिबाट (कवितासङ्ग्रह,२०६३)

६९. नारायणप्रसाद रेग्मी (२००३, वालिङ)

क) खीना (शोककथा,२०६१ )

७०. नारायण लम्साल (?)

क) विलौना (कवितासङ्ग्रह,२०६३)

७१.पद्मनाथ शर्मा डुम्रे (कालिकाकोट,?)

क) जीवन सन्देश (२०४२,?)

७२. पदमबहादुर रानाभाट ( भाटखोला-२, २०३६)

क) पिपलपाते ओँठ (लोकगीत, २०६०)

७३.परशुराम कोइराला (२०२३, चिन्नेवास)

क)नर्कमा रमाउने देवताहरू (२०६०)

ख) माटाको गीत (२०५९)

ग) निरुत्तर (कथासङ्ग्रह,२०६१)

७४.पीताम्बर शर्मा नेपाली (१९९७, सेतीदोभान)

क) पेटको राँको (कवितासङ्ग्रह,२०६०)

ख) निबन्धसङ्ग्रह, (प्रकाशोन्मुख)

७५. प्रेमराज लुइटेल (२०३५, थुमपोखरा)

क) धर्तीमा तिम्रै लागि (कवितासङ्ग्रह,२०६०)

ख)नेपाली हास्यव्यङ्ग्यमा स्याङ्जा जिल्लाको योगदान (२०६१, शोधपत्र)

ग) प्रेमरोशनी (संयुक्त कवितासङ्ग्रह,२०६३)

७६.फणीन्द्रराज काफ्ले (२००२, बानेथोक)

क) नेपाली कवितामा राष्ट्रियता (समीक्षा, २०२८)

ख) अनिवार्य नेपाली व्याकरण (२०२७)

ग) साहित्यका केही सैद्धान्तिक पक्ष (२०४५)

७७. पुण्यप्रसाद ढकाल (फापरथुम,?)

क) पंचमूलको इतिहास (?)

ख) साना विरुवा (?)

ग) अघि बढौं (?)

७८. बुद्धिप्रसाद पोखेल (१९९७, पु.ब.न.पा.)

क) हाइस्कुल ग्रामर एन्ड कम्पोजिसन (?)

ख)बुद्धि पोखेलका निबन्धहरू (निबन्धसङ्ग्रह, ?)

७९. भीमनारायण रेग्मी (२०२८, छाङ्छाङ्दी)

क) भाषाविज्ञान (सहलेखन, २०५८)

ख)नेपाली दरवारी भाषिका वर्णनात्मक अध्ययन (२०६०)

ग) नेपाली  र मगरभाषामा प्रेरणार्थक संरचना तुलनात्मक अध्ययन (२०५६)

घ)कोयु भाषाको रूपविश्लेषण (सन् २००३)

ङ) लोहोरुङ-नेपाली-अङ्ग्रेजी आधारभूत शब्दकोश (सहलेखन, सन् २००४)

च) मेवाहाङ-नेपाली-अङ्ग्रेजी आधारभूत शब्दकोश (सहलेखन, सन् २००४)

छ) कोयु व्याकरणको रूपरेखा (सन् २००६)

ज) कजेटिभाइजेशन इन मगर (सन् १९९९)

८०. भीमबहादुर पाँडे (१९७०-२०४९, वालिङ्)

क)राष्ट्रभक्तिको झलक (२०३४)

ख)त्यस बखतको नेपाल (भाग १-५)

८१. भूपति ढकाल कमल (२०००, फापरथुम)

क)स्वदेशिएका जोडी (उपन्यास,२०३७)

ख) नेपाली व्याकरणको संक्षिप्त दिग्दर्शन (२०३९)

ग) श्रद्धाञ्जली (शोककाव्य,२०३९)

घ) केही कृतिको विवेचना र अभ्यासमूलक नेपाली (२०४०)

ङ) जय नेपालमा सिङ्गो नेपाल बोल्छ (२०४१)

च)नेपाली कांग्रेसको संक्षिप्त विश्लेषण (२०४८)

छ) हाम्रो चाहना (२०५०)

ज) प्रजातान्त्रिक समाजवाद आजको आवश्यकता र छ्यानामा फाल्न खोजिएका फाइलबाट (२०५१)

झ) आह्वान (२०५२)

ञ) म घायल सिंह हुँ तर हिंसा गर्दिन (२०५२)

ट) विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विचारपक्ष (२०५६)

ठ) विश्वेश्वरप्रसाद कोइराला दोषी चस्मा र श्वेत भैरवीमा (२०५८)

ड) विश्वेश्वरप्रसाद कोइराला ६ वटा उपन्यासमा (२०५८)

ढ) विश्वेश्वरप्रसाद कोइराला कथा र उपन्यासहरूको विश्लेषण (२०५८)

ण) शिक्षा नीतिमा आमूल परिवर्तन र संविधान संशोधनको प्रारूप (२०६०)

८२. भेषजराज शर्मा (१९८९-२०५९ वालिङ)

क) आत्मप्रकाश (कवितासङ्ग्रह, २०४५)

ख)लालसलाम (कवितासङ्ग्रह,२०५०)

ग)आँधीखोलाको बगर (खण्डकाव्य,२०६२)

घ) निबन्धसङ्ग्रह (प्रकाशोन्मुख)

८३.भोजराज दाहाल (ओरस्टे,?)

क) सामवेद संहिता

८४. मणि काफ्ले (२०११,वानेथोक)

क) केही समालोचनात्मक अभिव्यक्ति (संयुक्तलेख)

ख) गुरुङ नेपाली शब्दकोश (?)

८५. मणिप्रसाद तिवारी (१९९२, वालिङ्)

क) त्रिकाल जन्मकुण्डली (?)

ख) स्वयं दशाबोध (?)

ग) सन्तान गोपाल स्तोत्र (?)

८६. महानन्द ढकाल (पञ्चमूल, ?)

क) खण्डित आत्मा (गजलसङ्ग्रह,२०५८)

ख) उस्तैउस्तै नदीका उस्तैउस्तै छालहरू (संयुक्त गजलसङ्ग्रह, २०५९)

ग) अव्यक्त प्रत्याशा (गजलसङ्ग्रह,२०६३)

८७.डा. महेश्वर शर्मा (१९८८, चिलाउनेबास)

क) पञ्चायती राजकाज (२०२२)

ख) रन्थमोल (इतिवृत,२०५०)

ग) कालखण्ड (उपन्यास, २०५१)

घ) तर.........तापनि (निबन्धसङ्ग्रह,२०५१)

ङ) उन्माद (उपन्यास,२०५१)

च) बसिबियाँलो (कथासङ्ग्रह,२०५३)

छ) अस्तित्वको खोजीमा (निबन्धसङ्ग्रह,२०५३)

ज)वरं न राज्यं न कुराजराज्यम् (लेखसङ्ग्रह,२०५३)

झ) देवघाट (उपन्यास,२०५४)

ञ)योगमाया (उपन्यास,?)

ट) स्याङ्जाका चौबीसे राज्यमा रुमलिंदा (इतिहास, २०५६)

ठ) अरालिएका स्वर (निबन्धसङ्ग्रह,२०५९)

ड) स्थिर यात्रा (कवितासङ्ग्रह,२०५९)

ढ) फिनल्यान्डः मिथक र वास्तविकता (सह अनुवाद,२०६०)

ण) जैन खाँण (ऐतिहासिक उपन्यास,२०६१)

त) कथा-कहरको (उपन्यास,२०६३)

८८.माधवशरण देवाचार्य (पु.ब.न.पा.,?)

क) महन्त श्रीका धार्मिक रचनाहरू (२०५३)

८९.मित्रलाल पंज्ञानी (२०१७, केवरे)

क)सामन्तको परिचय (२०३७)

ख) उम्रन्छन् आँसुका वृक्षहरू (कवितासङ्ग्रह,२०४६)

ग) गतिमान गण्डकी (खण्डकाव्य,२०५०)

घ) चुचुरामा जाऊँ (बालकवितासङ्ग्रह, ?)

ङ) सृष्टिकर्ता (कवितासङ्ग्रह,२०५४)

च) सपनीमा उडेको (बालकाव्य,२०६१)

९०. मुकुन्द अर्याल (२०२०, पु.ब.न.पा.)

क) आँधीखोलाको सुसेली (२०५३)

९१. डि. मुकुन्दराज उपाध्याय (चापाकोट, ?)

क) तीनधाम यात्रा (पद्यरचना,२०४१)

ख) आचमनी (कवितासङ्ग्रह,२०४५)

९२.मुकुन्द रेग्मी (सन् १९४१, खिलुङ)

क) नयाँ निबन्ध माला (?)

ख) नेपालको संवैधानिक विकास (?)

ग)स्मृति (?)

९३. मोदनाथ शास्त्री (२००२, किचनास)

क) भानु (महाकाव्य,२०२४)

ख)हाम्रो लक्ष्य (नाटक,२०३०)

ग)रुद्रीमोदानुवाद -अनूदित,२०४४)

घ)मोदानुवाद शुक्लयजुर्वेद (प्रथम भाग, २०४५, द्वितीय भाग,२०५०)

ङ) ब्रहमाण्ड पुराण (महाकाव्य,२०४६)

च)मोदरामायण (खण्डकाव्य,२०५०)

छ)मोदविवाहपद्धति (अनूदित,२०५२)

ज)बुद्धचरित्र (खण्डकाव्य,२०५६)

झ)गोपी उद्धवमिलन (गीतिनाटक,२०५६)

ञ)रासलीला (गीतिनाटक,२०५६)

ट)मोदगीता(अनूदित,२०५७)

ठ) सूर्य (वातावरण, पर्यावरण,२०५६)

ड)राजसत्ता (नाटक,२०५८)

ढ)गणेशमान (महाकाव्य,२०५९)

ण)बुबा (उपन्यास,२०६०)

त)ज्वलन्त नक्षत्र (महाकाव्य,२०६०)

थ)आधुनिक ब्रहमाण्ड पुराण (२०६२)

९४.यज्ञमूर्ति पाण्डे (१९९९, विर्घा)

क) नेपाल आमा (२०५८, ?)

ख)मनका लहर (कवितासङ्ग्रह, २०६३)

९५.यमबहादुर पौडेल क्षेत्री (२००८, सेतीदोभान)

क)मितेरी (निबन्धसङ्ग्रह,२०५७)

ख) सोह्र सृष्टिः स्रोह्रै दृष्टि (२०६२)

९६. युवराज मास्की मगर (?)

क)मोई आमा (मगर नाटक, २०५०)

९७. रजनी काफ्ले ढकाल (२०२८,वालिङ)

क)निबन्धहरूमा मञ्जुल (२०५८)

ख)केही नेपाली समालोचकहरू (२०५८)

९८. रमणी डुम्रे (२०४४, थुमपोखरा)

क)निमोठिएको कृति (२०६२)

९९.रमावल्लभ पौड्याल (पु.ब.न.पा,?.)

क) प्राकृतिक (कवितासङ्ग्रह, ?)

१००.रमेश शर्मा (२०३८, विरुवा)

क) पिंजडाको चरी (गजलसङ्ग्रह,२०६२)

ख)दुई जोडी (उपन्यास,२०६२)

१०१.राजेन्द्र चापागाइँ (२०२४, आरुचौर)

क)आवरण (निबन्धसङ्ग्रह,२०६३)

ख)द कलेज (अङ्ग्रेजी कविता सङ्ग्रह,२०६१)

ग)जेनेरेसन ग्याप (अङ्ग्रेजी नाटक, ?)

घ)अ ग्लिम्स (अङ्ग्रेजी समालोचना, ?)

१०२. राजनजंग के.सी. (२०३९, दहथुम)

क) २२ गते (२०५६)

१०३. राजेन्द्र लम्साल 'वियोगी'(चिन्नेवास,?)

क)मातृवियोग (खण्डकाव्य,२०५६)

१०४. रामभक्त ढकाल (२०१७, साँखर)

क)जीवनछाया (खण्डकाव्य,२०५७)

१०५. रामविक्रम खाँण (१९९७, दहथुम)

क)बित्तै गएका दिनहरू (कवितासङ्ग्रह,२०२५)

ख)गीतिकवितासङ्ग्रह, (?)

१०६.रामसिंह थापा (पु.ब.न.पा,.?)

क) अङ्ग्रेजी कविताको अनुवाद (?)

१०७. रुकुम गिरी (पु.ब.न.पा,.?)

क)ब्रहमचिन्तन (?)

१०८. रुद्रसन्देश मगर (२०२९, चित्रे)

क)बीकोलेसा (मगर भाषामा, २०५६)

ख) त्रिशूली र कृष्णभीरहरू (२०६१)

१०९. लक्ष्मीप्रसाद रेग्मी (वालिङ,?)

क) कनिका (समालोचना,२०६३)

११०. लालकृष्ण रेग्मी (वालिङ् ?)

क)टुहुरो (२०६१, ?)

ख) बाजेको पाहुर (२०६१, ?)

ग)पर्खिबस्दा (२०६१,?)

१११. लालगोपाल सुवेदी (२०२७, क्याक्मी)

क)फूलको देशमा (कवितासङ्ग्रह,२०५७)

ख)नेपाली कविताको सिद्धान्त र विकासक्रम (२०५७)

ग)पुतलीलाई जामा (बालकवितासङ्ग्रह,२०६१)

घ)देवताजस्तै नेपाली मन्दिरजस्तै नेपाल (२०६१)

ङ)निबन्ध र अभिव्यक्ति कला (२०६१)

च) केही निबन्ध केही अभिव्यक्ति (२०६१)

छ)नानीका निबन्ध र चिठी (२०६१)

ज) नेपाली बोधमाला भाग १,२,३ (२०६१)

११२.लीलाम्बर ढुङ्गाना (२०२४, वालिङ)

क)भावमञ्जरी (कवितासङ्ग्रह, २०६०)

११३. लीलादेवी शर्मा 'तर्कना' (२०४१, पु.ब.न.पा.)

क) घुम्टोभित्र (कवितासङ्ग्रह,२०६१)

ख) नारीको आवाज (तीजगीत,२०६३)

११४.लेखनाथ काफ्ले (वालिङ, ?)

क)बियाड (कवितासङ्ग्रह,२०४४)

ख)सपना (?)

११५. लोकबहादुर थापा 'झुस्या मगर' (?)

क) मगर भाषाका आदिकवि जीतबहादुर सिंजाली मगर (जीवनी,२०४७)

ख) पीराङ रूप्यौ लूरीक 'पचास रूपैयाँको तमसुक' (अनुवाद, ?)

ग) रङ्सीचकूङ लीङ "भोकाएकाहरूको गीत" (गीतकवितासङ्ग्रह,२०५०)

घ)बूढा ईम "बूढो घर" (२०५७)

ङ) जजाबखट 'बाल्यकाल' (उपन्यास,२०५२)

११६. विश्वप्रेम अधिकारी (२००२, राङखोला)

क)पोखिएका कविता (कवितासङ्ग्रह,२०२५ सम्पा.)

ख)मेरी छोरी (कवितासङ्ग्रह, २०५२)

ग) बन्दीको मनस्थिति (लघुकाब्य,२०५२)

घ) सङ्कल्प (आमा स्मृति काव्यसहित,२०५५)

ङ) आँधीखोले लोकसंस्कृति र लोकगीत (२०५७)

च) पश्चिमाञ्चलका लोकगीत र परम्परा (२०५८)

छ) आँधीखोले लोकसाहित्यः प्रस्तुति र विश्लेषण (२०५९)

ज) झारबुटी (बालकवितासङ्ग्रह,२०५९ सम्पा.)

झ) अचाडु मनका स्वरहरू (कवितासङ्ग्रह,२०६१)

ञ) स्याङजाली साहित्यकार र तिनका सिर्जनाहरू (समीक्षासङ्ग्रह,२०६१)

११७. विष्णुप्रसाद गुरुङ (२०११, बाँगेफड्के)

क) फेस्टिबल एन्ड फेट्स इन नेपाल (?)

ख) लाइफ स्टाइल इन नेपाल (२०६२)

११८. शरद अधिकारी (२०२८, राङ्खोला)

क) नेपालमा प्रजातान्त्रिक समाजवाद (सम्पा.)

११९. शारदा शर्मा (२०१५, चिलाउनेबास)

क) सीमान्त अनुभूति (कवितासङ्ग्रह, २०४४)

ख)आस्थाको भग्नावशेष (कथासङ्ग्रह,२०४८)

ग)युद्धोपरान्त (कवितासङ्कलन,२०४९)

घ) स्वर्णसूत्र (कवितासङ्ग्रह,२०५३)

ङ) अरुन्धती (कवितासङ्ग्रह, २०५३)

च)उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका नारीपात्र (२०५३)

छ) अग्निस्पर्श (मुक्तआलेखहरू,२०६३)

१२०. शालिकराम भण्डारी (२०४३, तुलसी भञ्ज्याङ)

क) गरिबको दुखेसो (२०६२)

१२१. डा.शेषकान्त अर्याल (सन् १९४८,पु.ब.न.पा.)

क) म पृथ्वीमा जान पाऊँ (कविता,?)

ख) जिन्दगी आँफैले निलेको छु (कवितासङ्ग्रह,२०६०)

१२२.सुकुम शर्मा (२०२७, पु.ब.न.पा.)

क) अमिला अणु (मुक्तकसङ्ग्रह,२०४८)

ख) मर्मैमर्म (कवितासङ्ग्रह,२०४९)

ग) नारीका व्यथा (कवितासङ्ग्रह,२०५१)

घ) लहराका फूलहरू (हाइकुसङ्ग्रह,२०५६)

ङ) नेपाली व्याकरणको ऐतिहासिक सर्वेक्षण (शोधग्रन्थ,२०५६)

च)आगाको यात्रा (गद्यखण्डकाव्य, २०५७)

छ) संघर्षशील युवाको डायरी (लघुउपन्यास,२०५७)

ज)समयका छर्राहरू (मुक्तकसङ्ग्रह,२०५७)

झ)नेपाली व्याकरणको प्रारम्भिक इतिहास (शोधग्रन्थ,२०५८)

ञ)कोम्रोङ्खोला बाँचे भेट होला (निबन्धसङ्ग्रह,२०५९)

ट)अनवरत यात्रा (उपन्यास,२०५९)

ठ) नेपाली भाषामा टर्नरको योगदान (शोधग्रन्थ,२०५९)

ड) कवि इच्छुक : कविताका सन्दर्भमा (समालोचना,२०६०)

ढ)लाले र लिलीको कथा (बालकथा,२०६१)

ण) आँधीखोला क्षेत्रमा प्रचलित उखानको अध्ययन (समालोचना,२०६२)

त) पारिजातका कविताको अध्ययन (समालोचना,२०६२)

थ) नेपाली भाषा साहित्यमा आन्दोलन (समालोचना,२०६३)

१२३. सुन्दर मानन्धर (२०३१, क्याक्मी)

क)फ्रेमभित्र (कथासङ्ग्रह,२०६३)

१२४.सुरज उपाध्याय (आरुखर्क,?)

क) तिम्रो मन फर्किएन (गजल,२०६०)

१२५ सुरेन्द्र थापा मगर (?)

क)सार पुन्च (फूलको युद्ध, कवितासङ्ग्रह,?)

१२६. सूर्यप्रकाश मल्ल 'सुवास' (२०४६,पु.ब.न.पा.)

क)बाँच्नेका पीडाहरू (२०६३, ?)

१२७.श्यामप्रसाद न्यौपाने (२०२६, निबुवाखर्क)

क) बोली गजलको (गजलसङ्ग्रह,२०५९)

ख) सोऱ्ह दुनी आठ (मुक्तकसङ्ग्रह,२०६२)

ग) झाँसीकी रानी (खण्डकाव्य, २०६३)

घ)फेरी पनि अचम्मको बात (गजलसङ्ग्रह,२०६३)

१२८. सूर्यप्रसाद कोइराला (२०२१, स्वरेक)

क) सुगन्धमयी छाया (उपन्यास,२०६१)

१२९. सूर्यप्रसाद डुम्रे (२०१०, तुलसीभञ्ज्याङ)

क) दुई थोपा आँशु (शोक कविता,२०६०)

१३०. सूर्यप्रसाद रेग्मी (सन् १९४८, वालिङ्)

क) शतपदी (कवितासङ्ग्रह,, २०५६)

ख) तरङ्ग (गद्यपद्यसङ्ग्रह, २०५९)

१३१. हरिप्रसाद काफ्ले (२०२५, वालिङ)

क)मेरो किताब (व्याकरण,२०४७)

ख) केही प्रतिभा केही कृतिकार (समीक्षा,?)

१३२. डा. हरिप्रसाद शर्मा चापागाईं (२००८,रापाकोट)

क) टुक्राटुक्री (?)

१३३. हर्कबहादुर गुरुङ् (फेदीखोला,?)

क) क्यु दे थुलेन (गीतसङ्ग्रह,२०१६)

१३४. हितकाजी गुरुङ (फेदीखोला, ?)

क)शुभकामना (२०४८)

ख) सहिदको सपना साकार पारौँ (?)

१३५. हुमकान्त पाण्डे (२०१०, विर्घा)

क) आँसुका अक्षरहरू (निवन्ध,२०४७)

ख)हुम्लाको लोकसाहित्य (समालोचना,२०५८)

## ३.६ पुस्तकाकार कृति नभएका फुटकर स्याङ्जाली साहित्यकारहरू

साहित्यका साधनाका क्रममा पुस्ताकाकार कृति नदिए पनि फुटकर रूपमा थुप्रै स्याङ्जाली स्रष्टाहरूले साहित्यक योगदान गरेका छन् । साहित्यका विविध विधामा कलम चलाउने स्याङ्जाका स्रष्टाहरू यसप्रकार रहेका छन् - कृष्णप्रसाद शास्त्री, शिवकुमार अधिकारी, अम्बिकाप्रसाद पौड्याल, चक्रबहादुर पराजुली, कृष्णमुरारी शर्मा, हेमराज अधिकारी, जीवा गिरी, खगेन्द्रराज रेग्मी, तरुणकुमार पौडेल, महेन्द्रमान व्यथित, गंगाधर पौडेल, टङकप्रसाद पौडेल, गेजा शर्मा वाग्ले, दण्डपाणि शर्मा, उपेन्द्रराज ढकाल, चोलाकान्त पराजुली, रमेश वी.जी.,हुमनाथ शर्मा, केदार भण्डारी, यामप्रकाश खनाल, विनोद खनाल, श्यामप्रसाद ढुङ्गाना, दिनेश अर्याल , मोती भण्डारी, बलराम दोरङ्गा, तुलसी प्रवास, नवराज रेग्मी, यामकान्त खनाल , शिवप्रसाद तिमिल्सिना, मुक्तिप्रसाद सुवेदी , राजेन्द्र डुम्रे, कमल पंगेनी, इन्द्रप्रसाद वाग्ले, सुन्तली रानाभाट, नन्दलाल पौडेल, गोपाल अधिकारी आदि रहेको पाइन्छ ।

## ३.७ निष्कर्ष

बाईसे र चौबीसे राज्यकालीन समयभन्दा अगाडिबाटै महत्त्व बोकेको यस जिल्लाको साहित्यिक क्षेत्रमा अग्रणी स्थान रहेको छ । खाँडो जगाउने जस्तो लोकसहित्यिक परम्परालाई अँगाल्दै लोकसाहित्यका क्षेत्रमा छुट्टै पृष्ठभूमि बनाइसकेको यस जिल्लामा अभिलेखहरूको सम्भावना रहेको पनि पाइन्छ । प्राचीन महत्त्वपूर्ण दरवार र ६ वटा महत्त्वपूर्ण राज्यहरूको अवस्थिति भएको यो जिल्ला धार्मिक दृष्टिकोणबाट अत्यन्तै महत्त्वपूर्ण जिल्ला हो । **यज्ञसुरि** कोइरालाबाट साहित्यिक लेखनको आरम्भ भएको यस जिल्लामा वर्तमानमा आएर थुप्रै साहित्यकारहरू साधनारत छन् । साहित्यका विविध विधामा थुप्रै स्रष्टाहरूले कलम चलाएका छन् । साहित्यको कनिष्ठ विधा निबन्ध विधामा यस जिल्लाको उल्लेख्य भूमिका रहेको छ । तीस ओटा भन्दा बढी निबन्धसङ्ग्रहहरू प्रकाशित हुनु स्याङजाली निबन्ध विधाको महत्त्वपूर्ण पाटो हो । राष्ट्रिय साहित्यमा महत्त्वपूर्ण योगदान दिने निबन्धकारहरू पनि यस जिल्लाले जन्माएको छ । यहाँबाट विभिन्न पत्रपत्रिकाहरूको प्रकाशन पनि भएका छन् । नेपाली साहित्यमा स्याङ्जा जिल्लाको अग्रणी भूमिका छ भन्न सकिन्छ ।

# चौँथौ परिच्छेद

# नेपाली निबन्धपरम्परामा स्याङ्जा जिल्लाको योगदान

## ४.१ निबन्ध परिचय

साहित्यका श्रव्य र दृश्य गरी दुई भेद छन् । साहित्यको श्रव्य भेदअन्तर्गत दुई हाँगा गद्य र पद्यमध्ये निबन्ध गद्य हाँगामा पर्दछ ।

साहित्यका सृजनात्मक विधामध्ये निबन्ध पछिल्लो र लोकप्रिय विधा हो । यो लघुआकारको हुन्छ । निबन्ध साहित्यिक र साहित्येतर दुबै हुन्छ । साहित्यिक निबन्ध सौन्दर्यपरक हुन्छ भने साहित्येतर निबन्ध वस्तुनिष्ठ र प्राविधिक हुन्छ ।

### ४.१.१ निबन्धको पूर्वीय मान्यता

निबन्ध तत्सम शब्द हो । 'नि' उपसर्ग रहने 'बन्ध' धातुमा 'घञ्' प्रत्येय लागेर निबन्ध शब्दको निर्माण भएको छ ।[९१] 'नि' उपसर्ग रहने 'बन्ध' धातुमा 'अच्' प्रत्यय लगाएर पनि निबन्ध शब्दको निर्माण भएको पाइन्छ ।[९२] यसको व्युत्पत्तिगत अर्थ भने 'निबध्नातीति निबन्ध' भन्ने हुन्छ । यसरी हेर्दा निबन्ध शब्दको अर्थ कुनै वस्तुलाई राम्ररी बाध्नु भन्ने हुन्छ ।[९३] श्रीमद्‌भागवद् गीतामा 'दैवी सम्पद्विमोक्षाय निबन्धासुरीमता भन्दै निबन्धको प्रयोग आसुरी सम्पदालाई बाँध्ने अर्थमा भएको पाइन्छ ।[९४] हेमचन्द्रले यसको प्रयोग **मूत्ररोधकरूपी** रोग तथा **बन्धन**को अर्थमा गरेका छन् ।[९५] **वासवदता** र **न्यायमञ्जरी**मा ग्रन्थ रचनाका अर्थमा र तत्त्व दीपनको अनेक तत्त्वहरूको सङ्गृहीत सानो साहित्यिक कलाको चमत्कृत अर्थमा र **शिशुपालबध**मा वा भाष्य र ग्रन्थका अर्थमा 'निबन्ध' शब्दको प्रयोग भएको देखिन्छ ।[९६]

वर्तमानमा आएर निबन्धले जुन अर्थ दिन्छ त्यो अर्थ प्राचीन युगमा पाइँदैनथ्यो । यसको मुख्य कारण संस्कृत साहित्यमा आजको जस्तो निबन्ध विधाको सिर्जना भएको थिएन । नेपाली साहित्यमा आधुनिकताको प्रभाव पाश्चात्य साहित्यको वरदान भएकाले निबन्ध विधा पनि पाश्चात्य साहित्यको उपज मान्न सकिन्छ ।

---

[९१] राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि,** तेस्रो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५८), पृ. ६ ।

[९२] ऐजन ।

[९३] ऐजन ।

[९४] **श्रीमद्‌भागवद् गीता,** उन्नाइसौँ संस्करण, (गोरखपुर : गीता प्रेस, २०५४), पृ. १६ ।

[९५] राजेन्द्र सुवेदी, 'आधुनिक निबन्ध शिक्षण', **वाङ्मय,** (वर्ष १०, पूर्णाङ्क, १०, २०५७/५८), पृ.९ ।

[९६] देवी गौतम र खगेन्द्र लुइटेल, **नेपाली निबन्ध,** (काठमाडौँ : नवीन प्रकाशन, २०५५), पृ. १ ।

## ४.१.२ निबन्धको पाश्चात्य मान्यता

अङ्ग्रेजीमा निबन्धलाई एस्से (essay) भनिन्छ । यो फ्रान्सेली शब्द एसाइ (essai) बाट आएको हो । यसको अर्थ प्रयास वा प्रयत्न हुन्छ ।[९७]पाश्चात्य साहित्यमा निबन्ध प्रयोग गर्ने प्रथम व्यक्ति फ्रान्सेली साहित्यकार **मोन्तेय** हुन् । सोरौं शताब्दीको अन्त्यतिर उनले आफ्ना रचनालाई एसाइ (Essai) भन्ने नाम दिएका थिए, जसको अर्थ 'प्रयास' हुन्छ ।[९८] मोन्तेयले आफना रचनामा आफूलाई विषयवस्तु बनाएर प्रस्तुत गरेका छन् । म नै मेरा निबन्धको विषयवस्तु हुँ र मलाई सबभन्दा नजिकबाट चिन्ने व्यक्ति म हुँ ।[९९] फ्रान्सिस **बेकन** निबन्धलाई वस्तुपरक ढङ्गबाट चिनाउँदै विकीर्ण चिन्तनको समग्र प्रस्तुतीकरण निबन्ध हो भन्दछन् । [१००]

पाश्चात्य साहित्यमा निबन्धका नामहरू विभिन्न रूपमा प्रचलित छन् । ग्रिसेली भाषामा निबन्धलाई 'एसिज' जसको अर्थ हुन्छ, 'प्रयास गर्नु' । यसलाई फ्रान्समा मोन्तेयले एस्से (Essay) नाम दिए जसको अर्थ हुन्छ प्रयास गर्नु । तसर्थः आजको निबन्ध पाश्चात्य साहित्यको देन हो ।

पूर्वीय संस्कृत साहित्यमा निबन्ध शब्दको प्रयोग हुँदै आए पनि त्यसले साहित्यको विशिष्ट गद्यविधालाई बुझाउन सकेको देखिँदैन तर पाश्चात्य एस्से (Essay) शब्दले आरम्भकालदेखि नै साहित्यरचनाकै अर्थवहन गरेर व्यापक अर्थमा गद्यविधा विशेषलाई समेट्दै आएको छ । यसर्थ नेपाली निबन्ध शब्दको अर्थ पूर्वीय व्युत्पत्तिमूलक अर्थ भन्दा पाश्चात्य एस्सेसँग नै निकट रहेको देखिन्छ । एस्सेको समानार्थी शब्दका रूपमा नेपाली निबन्ध शब्द प्रचलित भएको छ ।

## ४.१.३ निबन्धको परिभाषा र स्वरूप

साहित्यका चार मूल विधाहरूमध्ये एउटा विधा निबन्ध हो । निबन्ध हुनाका निम्ति केके कुरा आवश्यक पर्दछन् भनी धेरै विद्वान्हरूले आआफ्नो मान्यतामा परिभाषा गरेका छन् । तीमध्ये केही विद्वान्हरूको परिभाषा यस प्रकार छ-

**क) मोन्तेय**

निबन्धका प्रथम स्रष्टा मोन्तेयका अनुसार मेरो इच्छा हुन्छ निबन्धमा विनाआडम्बर सहज र साधारण तरिकाले म स्वयं स्थापित होऊँ, त्यसमा म कुनै वाग्मिता वा कला भर्न चाहन्न मेरो निबन्धको विषय म ने हुँ ।[१०१]

**ख) बेकन**

---

[९७] मोहनहिमांशु थापा, **साहित्य परिचय,** दोस्रो संस्करण, (काठमाडौं : साझा प्राकशन, २०४२), पृ. १८० ।

[९८] रवर्ट पी, ग्वीन, **दि न्यु इन्साइक्लोपेडिया, ब्रिटानिका,** भोलुम ४, (सत्रौं संस्करण), दि युनिभर्सीटी अफ सिकागो, सन् १९६८, पृ. ५६२ ।

[९९] रामलाल अधिकारी, **नेपाली निबन्ध यात्रा,** (दार्जिलिङ : नेपाल साहित्य संचायिका, १९७६), पृ. १९ ।

[१००] राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि,** पूर्ववत्, पृ. १७ ।

[१०१] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** एघारौं संस्करण, (काठमाडौं : रत्न पुस्तक भण्डार, २०५७), पृ. ७ ।

निबन्ध एउटा छरिएको चिन्तन हो ।[१०२]

**ग) नेपाली वृहत् शब्दकोश**

कुनै विषयलाई लिएर कलात्मक वा वस्तुपरक पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना ; साहित्यको एक गद्यविधा नै निबन्ध हो ।[१०३]

**घ) रामलाल अधिकारी**

निबन्ध त्यो काव्य विधा हो जसमा लेखकको व्यक्तित्व पाठकसमक्ष पूर्णतया प्रकाशमान हुन्छ; यसमा लेखकले उपदेश नभई आत्मप्रकाशन कै लक्ष्यमा केन्द्रित हुनुपर्छ ।[१०४]

**ङ) लक्ष्मीप्रसाद देवकोटा**

'यो रौंचिरा दर्शन होइन न हो पाण्डित्य दर्शनको ठ्यासफू : यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण समीक्षणको जरुरत छैन । यो एक किसिमको धूर्त बदमास, ठिटो हो, जो सडकमा हिंड्दा कहिलेकहिले ढुङ्गा हान्छ, कतैकतै आनन्दले फुलेर हेर्छ तर घोरिदैन । पाठ घोकुवा हलन्त मिजासले यो एक किसिमको मनको जालीले जगत्मा लहडी माछा मार्ने कला हो ।[१०५]

**च) दयाराम श्रेष्ठ र मोहनराज शर्मा**

'अन्तरङ्ग विचार वा भावना अभिव्यक्त भएको अथवा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभएपनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमयुक्त विषय विशेषमा केन्द्रित गद्यात्मक रचनालाई निबन्ध भनिन्छ ।[१०६] माथि उल्लिखित विद्वान्हरूका परिभाषालाई केलाएर हेर्दा निबन्धकारका विचारहरू निबन्धात्मक वा वस्तुपरक ढङ्गबाट पाठकसामु प्रस्तुत गर्ने, जुन प्रस्तुतिमा लेखकका विचार पाठकलाई मान्न कर गरिएको छ । आत्मप्रतिपादन, कवितात्मकता, आन्तरिक क्रमबद्धता, विचार, चिन्तन, संवेदना आदिको समष्टि रूप नै वास्तवमा निबन्ध हो ।

यसरी पाश्चात्य र पूर्वीय निबन्धकारहरूका निबन्धात्मक मान्यता र परिभाषालाई हेर्दा निबन्धको स्वरूप निम्नानुसार भएको पाइन्छ -

क) निबन्ध एक साहित्यिक विधा हो ।

---

[१०२] ऐजन ।

[१०३] बालकृष्ण पोखेल र अन्य (सम्पा.), **नेपाली बृहत्, शब्दकोश,** (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४०), पृ. ७३१ ।

[१०४] राजेन्द्र सुवेदी, (सम्पा.), **स्नातकोत्तर नेपाली निबन्ध,** तेस्रो संस्क., (काठमाडौँ : पाठ्यसामग्री पसल, २०५७), पृ. ९ ।

[१०५] लक्ष्मीप्रसाद देवकोटा, **लक्ष्मी निबन्धसङ्ग्रह**, बारौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५७), भूमिका खण्ड ।

[१०६] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** छैटौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५९), पृ. ११५ ।

ख) यो मनको बह पोख्ने माध्यम हो ।

ग) निबन्ध संक्षिप्त आयतनमा सिर्जित हुन्छ ।

घ) निबन्ध कुनै विषयवस्तुमा केन्द्रित वा तटस्थ भएर गरिने वर्णन हो ।

ङ) निबन्ध निरन्तर साधनाबाट सुन्दर र सुललित, बन्न सक्ने गद्यात्मक रचना हो ।

च) परमाणुदेखि वृहतपिण्डसम्म यसका विषयवस्तु हुन् ।

वास्तवमा निबन्ध भनेको कुनै शीर्षकमा लेखकद्वारा प्रस्तुत निजी धारणाहरूको आन्तरिक शृङ्खलाबद्ध काल्पनिक तथा वस्तुनिष्ठ तार्किक र निजी शैलीमा व्यक्त अवधारणाको प्रस्तुति हो । यो समीक्षात्मक, ऐतिहासिक र अन्वेषणात्मक पक्षमा वस्तुपरक ढङ्गमा पनि लेखिन्छ । हरेक निबन्धमा विषयगत र शैलीगत विविधता पाइन्छ । निबन्ध एक स्वतन्त्र रचना हो । शृङ्खलितता र निश्चित आयाम निबन्धमा नभई नहुने विषय हुन् ।

## ४.२ निबन्धका तत्त्वहरू

निबन्ध सिर्जनाका लागि केही आधारहरू चाहिन्छन् । तिनीहरूलाई नै निबन्धका तत्त्वहरू मानिन्छ । निबन्ध गतिशील विधा भएकाले निबन्धमा स्वरूपगत भिन्नता देखिएको पाइन्छ । **डा. विनयले** निबन्धका तत्त्वहरूलाई निम्न बुँदामा समेटेका छन् [१०७]-

क) विषयको प्रतिपादन, ख) आत्मतत्त्वको प्रमुखता

ग) कलात्मकता, घ) एकान्विति

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने **मोहनराज शर्माले** निबन्धका उपकरण अथवा तत्त्वका विषयमा पनि चर्चा गरेका छन् । निबन्धको संरचना आफ्नै अवयवहरूले गरेको हुन्छ भन्ने रूप उल्लेख गर्दै उनले औंल्याएका तत्त्वहरू निम्नानुसार छन् [१०८]-

क. विषय ख. शैली ग. प्रयोजन

शर्माका अनुसार विषय भन्नाले निबन्धको शीर्षक हो । जसको सेरोफेरोमा नै निबन्धकारले आफ्नो विचार व्यक्त गर्दछ । विषय अति सामान्यदेखि विशिष्टसम्म हुन सक्छ ।

एउटै शीर्षकमा दुई निबन्धकारले निबन्ध लेख्दा फरक देखिने एउटा तत्त्व नै शैली हो । समासशैली, व्याख्यानशैली, व्यङ्ग्यशैली, प्रसादशैली, भावुकशैलीले निबन्धमा आकर्षण थपी पाठकलाई विचार प्रदान गरी रोचकता थप्ने काम गर्दछ । कुनै पनि विषयमा निबन्ध लेख्न

---

[१०७] विनय, (सम्पा.), **निबन्धालोक,** (दिल्ली : साहित्यकेन्द्र, १९६८), पृ. ११ ।

[१०८] मोहनराज शर्मा, **समकालीन समालोचना : सिद्धान्त र प्रयोग,** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५), पृ. ५१६ ।

तयार हुँदा निबन्धकारले कुन उद्देश्य पूरा गर्ने चाहना राखेको हो त्यही नै निबन्धको प्रयोजन हो ।

नेपाली साहित्यमा निबन्ध विधाको सैद्धान्तिक पक्षको चर्चा गर्ने क्रममा **गोपीकृष्ण शर्माले** निबन्धका तत्त्वलाई यसरी प्रस्तुत गरेका छन्[१०९]-

क. वस्तु ख. शैली  ग. संङ्गठन

विषयवस्तु निबन्धको आधार हो । मूर्त-अमूर्त, स्पष्ट-अस्पष्ट, भूत-वर्तमान र भविश्यत् जुनसुकै विषयवस्तुलाई पनि निबन्धकारले आफ्नो रुचिको क्षेत्र बनाउन  सक्छ । बस्तुतः वस्तु वा विषय भनेको निबन्धकारको अनुभूतिलाई व्यक्त्याउने माध्यम हो । विषय रोज्ने प्रक्रिया प्रायः सबै निबन्धकारको मिल्दोजुल्दो हुन्छ तर त्यसलाई शब्दद्वारा व्यक्त गर्ने क्रममा निबन्धकारको शैलीले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । विषयलाई सिलसिला मिलाएर निबन्धको स्वरूप दिने प्रक्रियालाई सङ्गठन भनिन्छ । निबन्धको संरचनालाई तीन भागमा विभाजन गरेर हेर्न सकिन्छ - आदि, मध्य र अन्त्य, त्यसैलाई ऋमशः भूमिका खण्ड, विस्तार खण्ड र उपसंहार खण्ड पनि भन्न सकिन्छ ।

यसरी स्वदेशी तथा विदेशी विद्वान्हरूले निबन्धका तत्त्व वा उपकरणलाई आआफ्नै पाराले प्रस्तुत गरेको पाइए तापनि वास्तवमा निबन्धका तत्त्वका रूपमा निम्न कुरालाई समेट्नु उपयुक्त देखिन्छ -

क) वस्तु वा विषय

ख) गद्यभाषा

ग) आकर्षक शैली

माथिका तत्त्वहरू निबन्धलेखनका लागि अनिवार्य तत्त्वहरू हुन् । यी तत्त्वहरूलाई प्रयोग गरी निबन्ध लेखिएको खण्डमा निबन्धको परिभाषाले भनेअनुसारको निबन्ध रचना हुन सक्दछ । नेपाली साहित्यमा हालसम्म लेखिएका निबन्धहरूमा प्रत्यक्ष वा प्रकारान्तर रूपले यी तत्त्वहरूलाई आत्मसात् गरेर लेखिएका छन् ।

## ४.३ निबन्धको वर्गीकरण

साहित्यका अन्य विधाहरूमध्ये निबन्ध अत्यन्त वैयक्तिक विधा हो । विषयवस्तु र भाषाशैलीको विविधता तथा रचनात्मक अनेकताका कारण निबन्ध स्वयम् जटिल बन्न पुगेको छ । त्यसकारण निबन्धको वर्गीकरणका लागि कुनै निश्चित आधार भेटाउन निकै कठिन छ । अतः यसको प्रकार विभाजन साहित्यिक अन्य विधाको जस्तो सहज र स्पष्ट रूपमा हुन सकेको देखिँदैन तापनि विभिन्न विद्वान्हरूले आआफ्नै दृष्टिकोणअनुरूप यसलाई वर्गीकरण गरेको पाइन्छ ।

निबन्धहरू विषय, ग्रहण र प्रस्तुतीकरणका आधारमा तीन प्रकारका हुन्छन् ।

---

[१०९] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ९ ।

## ४.३.१ आत्मपरक निबन्ध

आत्मप्रकाशन गरिएका निबन्धलाई आत्मपरक निबन्ध भनिन्छ । आत्मपरक निबन्धलाई निजात्मक निबन्ध पनि भनिन्छ । आत्मपरक निबन्ध विचारात्मक भावनात्मक र वैयक्तिक गरी तीन प्रकारका छन् ।[११०]

### क) विचारात्मक निबन्ध

विचारको प्राधान्य र बुद्धि पक्षको सम्बर्द्धन भएका यस खालका निबन्धमा चिन्तनको निजात्मकता हुन्छ र सार्वभौम स्वीकृतिको अवस्था आग्रहमा प्रवाहित हुन्छ ।[१११] गृहीत् विषयलाई सिङपुच्छर जाँच्दै त्यसका पक्षविपक्ष वा सिद्धान्तको आग्रह भए जस्तो देखिने यस प्रकारका निबन्धमा भाषा साङ्केतिक, श्लेषात्मक र संक्षिप्त हुनाका साथै समास शैलीको प्रयोग गरिएको हुन्छ ।[११२] यस खालका निबन्धमा थोरैले धेरै भन्नुपर्ने भएकाले प्रत्येक शब्द र वाक्यले एक न एक विचार दिइरहेको हुन्छन् ।

### ख) भावनात्मक

यस खालका निबन्धमा विचार र वैयक्तिक अभिव्यक्ति भन्दा भावपक्ष प्रबल भएको निबन्ध भावनात्मक निबन्ध हो । यसमा विशेषगरी हृदयको आग्रह हुन्छ । भावनात्मक निबन्धमा जीवनभोगाइका आशानिराशा, प्रेम, करुणा, परोपकार, देशभक्ति जस्ता विषयवस्तुलाई संवेदनात्मक तुल्याई सरस आलङ्कारिक पदावलीमा प्रस्तुत गरिन्छ ।[११३] यसमा तर्कवितर्कको कुनै स्थान हुँदैन । हृदयका उदात्त अनुभूतिहरू, तीब्र भावना र चरम भावुकता भावनात्मक निबन्धमा पाइन्छ । भावनात्मक निबन्धमा हार्दिकता, संवेदनशीलता र सौकुमार्यको प्रयोग गरिएको छ ।[११४] यस्ता निबन्धहरू बढी रागात्मक र साङ्गीतिक हुन्छन् । भावनात्मक निबन्धलाई अधिकतम सरल, सुमधुर, कोमल र हृदयसंवेद्य बनाउन निबन्धकारले कल्पनाको सहायता लिनुपर्दछ ।

### ग) वैयक्तिक

व्यक्तिप्रधान निबन्धलाई वैयक्तिक निबन्ध भनिन्छ । निबन्धकारले आफ्ना भावनाहरूलाई निजी स्वरूप दिएर वा जलप लगाएर निबन्ध रचना गर्दा वैयक्तिक निबन्धको सिर्जना हुन्छ । व्यक्तिगत निर्णयका आधारमा यथार्थलाई आफैं निष्कर्षमा उभ्याएर आफ्नै अभिमत सिद्ध गर्न प्रयत्न गरेको हुन्छ ।[११५] यस्ता निबन्धमा निबन्धकार एउटा कथावाचकभैंm देखिन्छ । वस्तुलाई टिप्दै त्यसलाई आत्मरागमा मुछेर जीवनका सुखदुःख, हाँसोआँसु, हर्षविस्मात् र भावअभावहरू व्यक्त गर्नु वैयक्तिक निबन्धको मूल पहिचान हो ।

---

[११०] राजेन्द्र, सुवेदी, 'आधुनिक नेपाली निबन्ध शिक्षण', पूर्ववत्, पृ.११ ।

[१११] राजेन्द्र सुवेदी, **सृजनात्मक लेखन : सिद्धान्त र विश्लेषण**, (काठमाडौं : पाठ्यसामग्री पसल, २०५८), पृ. ६३ ।

[११२] मोहनहिमांशु थापा, पूर्ववत्, पृ. १९० ।

[११३] केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश**, पाँचौं संस्करण, (काठमाडौं : साझा प्रकाशन, २०४९), पृ. १९० ।

[११४] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ३० ।

[११५] राजेन्द्र सुवेदी, **सृजनात्मक लेखन : सिद्धान्त र विश्लेषण**, पूर्ववत्, पृ. ६५ ।

### ४.३.२ वस्तुपरक निबन्ध

कुनै खास विषयमा केन्द्रित भई त्यसका सम्बन्धमा वस्तुगत तथ्याङ्क, प्रमाण, तर्क आदि अघि सारेर ठोस किसिमले बौद्धिक भाषाशैलीको प्रयोग गरी लेखिएको निबन्धलाई वस्तुपरक निबन्ध भनिन्छ ।[११६] यसलाई परात्मक निबन्ध पनि भनिन्छ । लेख, प्रलेख, जीवनी, शोधलेख, शोधप्रबन्ध, भूमिका, सन्धिपत्र, सम्पादकीय, प्रतिवेदन, टिप्पणी, अन्तर्वार्ता र आलेख गरी विभिन्न उपविधामा विभक्त हुनसक्ने यसखालका निबन्धहरू वस्तु र तथ्यमा आधारित हुन्छन् । वस्तुपरक निबन्ध आत्मपरकता गौण र वस्तुपरकता प्रधान हुन्छ ।[११७] वस्तु विश्लेषणका क्रममा कतैकतै भाव र कल्पनातत्व समेत प्रयोग हुन सक्ने यस खालका निबन्धहरूमा विषय वा वस्तुका बारेमा प्राप्त ज्ञानलाई क्रमबद्ध, व्यवस्थित, संक्षिप्त एवम् मौलिक पाराले प्रस्तुत गरिएको हुन्छ ।

लेखकको हेराइ, सोचाइ, लेखाइ प्रत्यक्ष रूपमा यस्ता निबन्धमा प्रस्तुत गरिएको हुन्छ । वस्तुपरक निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी दुई भागमा विभाजन गर्न सकिन्छ ।

**क) वर्णनात्मक निबन्ध**

वर्णन प्रधान निबन्धलाई वर्णनात्मक निबन्ध भनिन्छ । कुनै विषयका बारेमा नालीवेली खुट्टाएर त्यसको वास्तविक रूप अगाडि ल्याउनाका साथै कुनै वस्तुतथ्यबारे लेखकको वस्तुपरक दृष्टि स्पष्टसँग पाठकसामु हस्तान्तरण गरिदिनु वर्णनात्मक निबन्धका गुण हुन् ।[११८] यसमा विषयवस्तुको बाह्य पक्षको यथार्थ चित्रण गर्ने पद्धति भए तापनि यस्ता लेखकमा सूक्ष्म निरीक्षणको अपेक्षा गरिएको हुन्छ । निबन्धकारमा विषयगत सचेतता, सूक्ष्म निरीक्षण र वर्ण्य विषयलाई मौलिकताको जलप लगाएर वर्णन गर्न सक्ने क्षमता अनिवार्य हुन्छ ।[११९] वर्णनात्मक निबन्धमा सरल तथा सुबोध शैलीको प्रयोग हुनाका साथै अलङ्कृत र प्राञ्जल भाषाको प्रयोग हुने भएकाले यो प्रभावकारी र जीवन्त हुन्छ ।

**ख) विवरणात्मक निबन्ध**

घटना वा वृत्तान्तको बेलीबिस्तार गरिएको विवरणप्रधान निबन्धलाई विवरणात्मक निबन्ध भनिन्छ । यसमा घटनाको क्रमबद्ध वर्णन र निबन्धकारको आत्मीयता हुनु अनिवार्य मानिन्छ । यसरी विवरणात्मक निबन्धमा घटनाको पूर्वापर सम्बन्ध परिमाणतः जन्मेका उत्तरोत्तर घटनाहरू र समाजमा तत्काल परेका प्रतिक्रिया आदिको रोचक तथा संक्षिप्त चर्चा गरिन्छ ।[१२०] यस्ता निबन्धमा प्रायः प्राचीन एवम् आधुनिक सत्य, काल्पनिक तथा

---

[११६] महादेव अवस्थी, 'निबन्धको सैद्धान्तिक परिचय र निबन्ध लेखनका औचित्य एवम् फाइदा', **कुञ्जिनी,** (वर्ष ६, अङ्क ४, २०५५), पृ.३६ ।

[११७] राजेन्द्र सुवेदी, 'आधुनिक नेपाली निबन्ध शिक्षण', पूर्ववत्, पृ. १३ ।

[११८] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. २९ ।

[११९] केदारनाथ रिमाल, **मोदनाथ प्रश्रितको निबन्धकारिता,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, (त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०४९), पृ. ५७ ।

[१२०] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ.३० ।

अतीतकालीन घटना, युद्ध, यात्रा, शासनप्रणाली, जीवनी, कुनै जातिविशेषको रीति, स्थिति, ऐतिहासिक तथा पौराणिक आख्यानको समावेश गरिन्छ ।[१२१]

## ४.४ नेपाली निबन्ध परम्परा

निबन्ध गद्यमा लेखिने साहित्यक विधा हो, त्यसैले गद्य लेखनको विकासलाई निबन्ध लेखनको पूर्वाधार मान्न सकिन्छ । आधुनिक प्रचलित निबन्धको सुरुवात पाश्चात्य साहित्यमा फ्रान्सेली साहित्यकार मोन्तेयले सोरौँ शताब्दीमा गरेका थिए ।[१२२] तापनि नेपाली निबन्ध साहित्यमा यसले आफ्नो प्रभाव जमाउनु पूर्व गद्यलेखनको चेष्टा भएको पाइन्छ । यहीँबाट नेपाली निबन्धले आफ्नो पूर्वाधार खडा गरेको पाइन्छ ।

नेपाली साहित्यको इतिहासमा आजसम्म प्राप्त हुन सकेका नेपाली गद्यका गहनाहरूमा पृथ्वीनारायण शाहको **दिव्योउपदेश** (१८३१) नै साहित्यिक गुणले युक्त  पहिलो कृति हो ।[१२३] यस गद्यकृतिले नेपाली साहित्यको इतिहासमा समेत नवीन आयाम थप्ने काम गरेको छ । **दिव्योपदेश**को गद्यलेखनदेखि लिएर आजसम्मको विकासक्रमलाई हेर्दा नेपाली निबन्धलाई तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ -

प्राथमिक काल (पृष्ठभूमि काल) सम्वत् १८३१ देखि १९५७ सम्म

माध्यमिक काल (निर्माण काल) सम्वत् १९५८ देखि १९९२ सम्म

आधुनिक काल (विकास काल) सम्वत् १९९३ देखि हालसम्म

### ४.४.१ प्राथमिक काल (१८३१–१९५७)

प्राथमिककालीन गद्यलाई हेरेर निबन्धकै कोटिमा राख्न नमिल्ने देखिए पनि ती निबन्धको पृष्ठभूमि बनेका छन्  किनभने ती कृतिहरूमध्ये कतिपय चाहिँ आख्यानेतर गद्यभाषामा लेखिएका छन् । पृथ्वीनारायण शाहको **दिव्योपदेश**लाई यसको थालनी मानेर हेर्दा त्यसपछिका कृतिमा माथि लेखिएका विशेषता पाइने देखिन्छ । यस क्रममा उल्लेखयोग्य कृतिमध्ये रामभद्रपाध्या रेग्मीको **लक्ष्मीधर्म सम्वाद** (१८५१), वाणिविलास पाण्डेको **वाग्मती पुल स्तम्भ अभिलेख** (१८६८), दैवज्ञ केशरी अर्यालको **गोरक्ष योगशास्त्र** (१८७७), सन्त शशीधरको **वाणीपनिषद्** (१८८९) आदि कृतिहरू उपलब्ध छन् ।

साहित्यिक गुणका दृष्टिले यस कालमा देखापरेका महत्त्वपूर्ण कृतिहरू हुन् - बेनामी **जङ्गबहादुरको बेलायत यात्रा** (१९१०), बेनामी **बत्तीस सालको रोजनाम्चा** (१९३२), मोतीराम भट्टको **कवि भानुभक्ताचार्यको जीवनचरित्र** (१९४८) र चिरञ्जीवी शर्माको **आफ्नु कुरा** ( १९५५) आदि रहेका छन् । यी कृतिहरू नेपाली गद्यको ऐतिहासिक विकासका महत्त्वपूर्ण उपलब्धि मान्नाको कारण के हो भने यी कृतिहरूले नेपाली गद्यको फाँटलाई फराकिलो पारेका छन् । यात्रा तथा जीवनीसाहित्यसँग नै सम्बन्धित भए तापनि नेपाली गद्यविकासको प्रवाह यी कृतिहरूमा प्रतिबिम्बित भएको पाइन्छ । पृष्ठभूमि कालमा नेपाली गद्यको जुन रूप

---

[१२१] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ.५९ ।

[१२२] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध**, पूर्ववत्, पृ. ५८ ।

[१२३] तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास,** तेस्रो संस्करण, (काठमाडौँ : नवीन प्रकाशन, २०५१), पृ. ३ ।

तथा प्रकृति रहेको पाइन्छ । त्यससँग नेपाली निबन्धलाई शृङ्खलाबद्ध गर्नु ऐतिहासिक दृष्टिले औचित्यपूर्ण हुन्छ । यिनले माध्यमिककालीन निबन्धको थालनीलाई पूर्वाधार तयार गरेका छन् ।

## ४.४.२ माध्यमिक काल (१९५८–१९९२)

नेपाली निबन्धको माध्यमिक कालको थालनी काठमाडौँबाट प्रकाशित भएको **गोरखापत्र** (१९५८) बाट हुन्छ । साहित्यको विकासका लागि पत्रपत्रिकाको ठूलो योगदान रहन्छ । नेपाल बाहिर पनि धेरै पत्रपत्रिकाहरू प्रकाशित भएका देखिन्छन् । तीमध्ये **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **चन्द्र** (१९७१), **जन्मभूमि** (१९७९), **गोरखा संसार** (१९८२), **नेपाली साहित्य सम्मेलन पत्रिका** (१९८९), आदि नेपाली निबन्धको विकासमा योगदान पुऱ्याउने पत्रिकाहरू हुन् । माध्यमिककालका थुप्रै स्रष्टाहरूले निबन्धमा कलम चलाएको पाइन्छ । यसकालका निबन्धकारहरू हरिहर आ.दी., वीरेन्द्रकेशरी, राममणि आ.दी., पद्मनाभ सापकोटा आदि हुन् ।

यस कालका निबन्धमा साहित्यसेवा, चरित्रसुधार, नैतिकता आदि विषयवस्तु बनाएको पाइन्छ । नेपालीपनको उत्थानका लागि जागृतिको सन्देश दिने प्रयत्न यस कालका निबन्धले गरेका छन् र तिनीहरू आधुनिक निबन्धको आधारशिला बन्न पुगेका छन् ।

## ४.४.३ आधुनिक काल (१९९३–हालसम्म)

वि.सं. १९९१ मा काठमाडौँबाट शारदा पत्रिकाको प्रकाशन हुन थाल्यो । बालकृष्ण समको वि.सं. १९९२ मा बर्दहामा सिकार निबन्ध प्रकाशित हुन्छ र यो नै शारदा पत्रिकामा प्रकाशित पहिलो निबन्ध हो । वि.सं. १९९३ मा लक्ष्मीप्रसाद देवकोटाको आषाढको पन्ध्र निबन्ध प्रकाशित हुन्छ । यो नै पहिलो आधुनिक निबन्ध हो ।ज्ञद्द्ध सर्वप्रथम देवकोटाले पाश्चात्य ढङ्गले पूर्ण निजात्मक निबन्ध नेपाली साहित्यलाई दिए । विषयवस्तुमा नवीन मानसिक चेतना भएका कारणले पनि देवकोटाको आषाढको पन्ध्र १९९३ लाई पहिलो आधुनिक निबन्ध मानिएको हो । १९९३ देखि हालसम्मको विकासको गतिलाई हेरी आधुनिक नेपाली निबन्धका परम्परालाई प्रथम, द्वितीय र तृतीय गरी तीन चरणमा बाँडी हेर्न सकिन्छ -

### ४.४.३.१ प्रथम चरण (१९९३–२००३)

वि.सं. १९९३ मा प्रकाशित देवकोटाको **आषाढको पन्ध्र** निबन्धले उनमा रहेको निजात्मक सौन्दर्य चेतनालाई पहिलोपल्ट उद्घाटन गऱ्यो । यस निबन्धले कला र सौन्दर्यको नयाँ मूल्यलाई प्रतिष्ठापित गर्न गहन भूमिका खेलेको कुरा स्पष्ट हुन्छ । आधुनिक निबन्धको प्रथम चरणको नेतृत्व देवकोटाले गरेका हुन् र यस चरणमा स्वच्छन्दतावादी धाराको प्रभुत्व रहेको छ ।[१२५] यस चरणका निबन्धकारहरूमा विचारभन्दा बढ्ता भाव र अन्तर्मुखी चिन्तनका पक्षहरू स्थापित भएका छन् । यस चरणमा कलम चलाउने अन्य निबन्धकारहरूमा बाबुराम आचार्य, बोधविक्रम अधिकारी, सूयविक्रम ज्ञवाली, पारसमणि प्रधान, रुद्रराज पाण्डे, नरेन्द्रमणि

---

[१२४] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. १४१ ।

[१२५] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध,** पूर्ववत्, पृ. १६ ।

आ.दी., बालकृष्ण सम, बद्रीनाथ भट्टराई, भेषजराज शर्मा, हृदयचन्द्रसिंह प्रधान, यदुनाथ खनाल आदि हुन् । यसै चरणमा आलोचनात्मक यथार्थवादी प्रवृत्तिको पनि वीजारोपण भएको छ र यसको नेतृत्व चाहिँ हृदयचन्द्रसिंह प्रधानले गरेका छन् ।

### ४.४.३.२ द्वितीय चरण (२००४–२०३५)

आधुनिक नेपाली निबन्धको द्वितीय चरण **युगवाणी** (२००४) बाट सुरु भएको पाइन्छ । यस चरणमा **साहित्य स्रोत** (२००४), **जनसाहित्य** (२०११), **दियालो** (२०१३), **नौलो पाइलो** (२०१३) आदि पत्रिकाले निबन्धको विकासमा ठूलो योगदान पुऱ्याएका छन् । मूलतः यस चरणमा दुईओटा प्रवृत्ति लिएर निबन्धकारहरू देखा पर्दछन् । निजात्मक एवम् बौद्धिक चिन्तनधारा एउटा प्रवृत्ति हो भने विचारपरक आलोचनात्मक अर्को यथार्थवादी धारा हो । पहिलो प्रवृत्तिको नेतृत्व शंकर लामिछानेबाट भएको छ भने दोस्रो प्रवृत्तिको नेतृत्व श्यामप्रसाद शर्मा र भैरव अर्यालबाट भएको छ । यस आधारमा पहिलो धारमा पर्ने निबन्धकारहरूमा रामकृष्ण शर्मा, कमल दीक्षित, इन्द्रबहादुर राई, लोकराज बराल, नगेन्द्र शर्मा, बालकृष्ण पोखरेल, श्रीधर खनाल, रामकृष्ण पाँडे, कृष्णप्रसाद पराजुली र वासुदेव त्रिपाठी आदि हुन् भने दोस्रो धारमा पर्ने निबन्धकारहरूमा रमेश विकल, पारिजात, आनन्ददेव भट्ट, लीलाध्वज थापा, चूडामणि रेग्मी, बल्लभमणि दाहाल, बालमुकुन्ददेव पाण्डे, वासुदेव लुइटेल, तारानाथ शर्मा , मोदनाथ प्रश्रित, रामलाल अधिकारी र कृष्णचन्द्रसिंह प्रधान आदि हुन् ।

यस चरणका केही प्रतिभा क्रान्तिकारी स्वच्छन्दतावादी देखिन्छन् भने केही प्रतिभा प्रगतिमूलक यथार्थवादी देखिन्छन् । शिल्पका दृष्टिले यस चरणको नेतृत्व गर्नेहरूमा चेतनप्रवाह पद्धतिका क्षेत्रमा शंकर लामिछाने, यात्राको क्षेत्रमा तारानाथ शर्मा, हास्यव्यङ्ग्यको क्षेत्रमा भैरव अर्यालको शीर्षस्थ स्थान छ । २००७ सालको राजनैतिक परिवर्तनपछि निबन्धको फाँट पनि निकै मलिलो देखिएको पाइन्छ । ज्ञानविज्ञानका विविध क्षेत्रको सम्पर्कले गर्दा निबन्धमा भावको उच्छलन गर्दा बौद्धिकताको घोत्ल्याइँ बढी प्रयोग भएको पाइन्छ ।

समाजका धार्मिक, प्रशासनिक एवम् सांस्कृतिक विसङ्गतिका पक्षहरूलाई देखाउनका साथै राजनैतिक एवम् आर्थिक विसङ्गतिहरूलाई प्रहार गर्दै व्यङ्ग्य गर्ने निबन्धहरू यस युगका उपलब्धिपूर्ण सामग्री हुन् ।

### ४.४.३.३ तृतीय चरण (२०३६ देखि हालसम्म )

वि.सं. २०३६ देखि वर्तमानसम्मको अवधिलाई आधुनिक नेपाली निबन्धको तेस्रो चरण मानिन्छ । यसलाई समसामयिक चरणसमेत भन्ने गरिएको छ । यस चरणमा **मधुपर्क, नेपाली, रचना, प्रज्ञा** र **गरिमा** आदि पत्रिकाहरूले निबन्ध लेखनमा योगदान पुऱ्याइरहेका छन् । विषय विविधता, शैलीमा अभ्यास, प्रयोग र सुदृढीकरणको समन्वय भएको पाइन्छ । विविध किसिमको चिन्तन, खोजमूलकता, परम्परित मार्गमा थप वैशिष्ट्ता यस चरणका मूलभूत प्रवृत्तिहरू हुन् । समाजमा आएका विकृति, विसङ्गति साथै प्राकृतिक संसाधनमा आएका विकृतिहरू, भौतिक स्रोत, साधनका विनासहरू देशका युवावर्गमा बढ्दै गएको अनुशासनहीनता, अकर्मण्यता, अन्तर्राष्ट्रिय क्षेत्रबाट गरिएको राजनैतिक र आर्थिक थिचोमिचो, नारी अस्मितामाथिका क्रयविक्रय, बलात्कार, हत्या, आतङ्क र गुण्डागर्दी आदि समाजका विद्यमान विसङ्गतिले जन्माएका विकृतिमाथि तीव्र प्रहार गर्ने निबन्धकारहरू हुन् - माधवप्रसाद पोखरेल , निर्मोही व्यास, यादव खरेल, राममणि रिसाल, गोपीकृष्ण शर्मा, मोहनराज शर्मा, राजेन्द्र सुवेदी, किशोर नेपाल, मनुजबाबु मिश्र, पद्मरत्न तुलाधर, मेघराज

मञ्जुल, रुद्र खरेल, घनश्याम कँडेल, कृष्ण धारावासी, डा. महेश्वर शर्मा, डा. अच्युतशरण अर्याल, डा. जगदीशचन्द्र भण्डारी, केदार शर्मा ढकाल, देवीप्रसाद वनवासी, भेषजराज शर्मा, पिताम्बर शर्मा, सुधा त्रिपाठी, विश्वप्रेम अधिकारी, घनश्याम ढकाल, यमबहादुर पौडेल क्षेत्री, शारदा शर्मा, राजेन्द्र चापागाईं, युवराज नयाँघरे, सुकुम शर्मा, लालगोपाल सुवेदी, नरेन्द्रराज प्रसाईं, प्रेमराज लुइँटेल, गायत्री लम्साल, सुन्तली रानाभाट आदि ।

यस चरणमा लिखित निबन्धहरूले मानवमात्रको नैसर्गिक अधिकारमाथि भइरहेको अतिक्रमणलाई उखेल्न र फ्याँक्नका लागि गरेका प्रयासहरू यस अवधिका निबन्धका उपलब्धिहरू हुन् । वर्तमानका विकृत पक्षहरूलाई समेत निबन्धात्मक परिस्थितिको मर्यादा प्रदान गर्ने यस समयको वैशिष्ट्य निकै गरिमायुक्त छ । यस चरणलाई निबन्धको वर्तमानकालीन उपलब्धि मान्नु वाञ्छनीय ठहर्छ ।

## ४.५ स्याङ्जा जिल्लामा निबन्धलेखनको आरम्भ

साहित्यका विभिन्न विधामध्ये निबन्ध कनिष्ट विधा हो । नेपाली साहित्यमा पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) लाई प्रथम नेपाली निबन्ध कृति मानिएपछि विभिन्न काल र चरण हुँदै यस विधाले उत्कृष्टता हासिल गरेको छ । यस निबन्ध विधाले स्याङ्जाली साहित्यमा छुट्टै अस्तित्व कायम गरेको छ । वि.सं. २००६ मा वनारसबाट प्रकाशित **युगवाणी** पत्रिकामा डा. महेश्वर शर्माको **अङ्गुठी** निबन्ध प्रकाशित भएको पाइन्छ । यसैगरी २००६ सालमा **जयतुसंस्कृतम्** आन्दोलनमा सरिक कृष्णप्रसाद शर्माको निबन्ध **धर्मोदय** पत्रिकामा प्रकाशित भएको सूचना पाइन्छ । वि.सं. २०१२/१३ सालबाट केदार शर्मा ढकालका निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा छापिएका पाइन्छन् । त्यसपछि देवीप्रसाद वनवासी, भेषजराज शर्मा, डा. शेषकान्त अर्याल, पीताम्बर शर्मा आदि निबन्धकारहरूका निबन्धहरू प्रकाशित भएका छन् । यस विधामा स्याङ्जाका अन्य निबन्धकारहरू घनश्याम ढकाल, अच्युतशरण अर्याल, जगदीशचन्द्र भण्डारी, शारदा शर्मा, विश्वप्रेम अधिकारी, सुकुम शर्मा, राजेन्द्र चापागाईं, प्रेमराज लुइटेल, गायत्री लम्साल आदिले निरन्तर कलम चलाइरहेका छन् ।

## ४.६ स्याङ्जाका प्रमुख निबन्धकारहरू र तिनका योगदान

निबन्धका क्षेत्रमा मलिलो र उर्वरभूमि मानिने स्याङ्जा जिल्लाले थुप्रै निबन्धकारहरू जन्माएको छ । निबन्धलाई सङ्ग्रहका रूपमा प्रकाशन गर्ने सोर जना स्रष्टाहरूका तीसभन्दा बढी निबन्धसङ्ग्रहहरू यस क्षेत्रबाट प्रकाशित भएका छन् । स्याङ्जाका निबन्धकारहरू र निबन्ध कृतिहरूको सर्वेक्षण जेष्ठताका आधारमा यसप्रकार रहेको छ -

१. केदार शर्मा ढकाल (१९८६)

  क. बाँच्न गाह्रो भो (२०४७),

  ख. जीवन सङ्घर्षको चक्कर ठक्कर (२०५८)

२. डा. महेश्वर शर्मा (१९८९)

  क. तर ..... तापनि .... (२०५१),

  ख. अस्तित्वको खोजीमा (२०५३)

ग. वंर न राज्यं न कुराजराज्यम् (लेखसङ्ग्रह २०५३),

घ. अरालिएका स्वर (२०५९)

३. भेषजराज शर्मा (१९८९-२०५९)

क.( निबन्धसङ्ग्रह, ?)

४. पिताम्बर शर्मा (१९८९)

क. (निबन्धसङ्ग्रह, ?)

५. देवीप्रसाद वनवासी (१९९७)

क. मुलुकभित्रै भौँतारिंदा (२०४२),

ख. आकृति र अनुभूति (२०४४),

ग. आँधीखोले लोकसंस्कृति (२०५५),

घ. सोल्टी (२०५९),

ङ. हरेलो (२०६१) ,

६. विश्वप्रेम अधिकारी (२००३)

क. आँधीखोले लोकसंस्कृति र लोकगीत (२०५७),

ख. पश्चिमाञ्चलका लोकगीत र परम्परा (२०५८),

ग. आँधीखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण (२०५९)

७. डा. गणेशमान गुरुङ (२००५)

क. सम्झनाका क्षणहरू (२०४८)

८. यमबहादुर पौडेल क्षेत्री (२००८)

क. मितेरी (२०५७)

९. घनश्याम ढकाल (२०१०)

क. नाम कमाउने रहरमा (२०४२),

ख. दरिद्रताबाट मुक्ति (२०४५)

१०. डा. अच्युतशरण अर्याल (२०१३)

क. अझेटाका बान्कीहरू (२०४१)

११. शारदा शर्मा (२०१५)

क. अग्निस्पर्श (२०६३)

१२. डा. जगदीशचन्द्र भण्डारी (२०१९)

क। अँध्यारोमा चल्बलाएका शब्दहरू (२०४७)

१३. राजेन्द्र चापागाईं (२०२४)

क. आवरण (२०६३)

१४. सुकुम शर्मा (२०२७)

क. कोम्रोङखोला बाँचे भेट होला (२०५९)

१५. लालगोपाल सुवेदी (२०२७)

क. निबन्ध र अभिव्यक्तिकला (२०६१),

ख. केही निबन्ध केही अभिव्यक्ति (२०६१),

ग. नानीका निबन्ध र चिठी (२०६१)

१६. रजनी ढकाल (२०२९)

क. हत्केलामा असार उमारेर (२०६४)

१७. गायत्री लम्साल (२०३६)

क. बोकापालन (२०६२)

१८. मोती निबन्ध (संयुक्त निबन्धसङ्ग्रह, २०४८)

यी प्रकाशित निबन्धसङ्ग्रहहरूबाहेक विभिन्न पत्रपत्रिकाहरूमा थुप्रै फुट्कर निबन्धहरू प्रकाशित भएका छन् । निबन्धविधामा कलम चलाउने अन्य निबन्धकारहरूमा जयप्रसाद ढकाल, चिन्तु गिरी, अग्निप्रसाद उपाध्याय, गोपालमान श्रेष्ठ, दीनबन्धु अर्याल, डा. शेषकान्त अर्याल, त्रिलोचन ढकाल, हितकाजी गुरुङ, भूपति ढकाल, प्रेमराज लुइटेल, अनन्तराज अर्याल, हरिप्रसाद काफ्ले, चक्रबहादुर पराजुली, देवेन्द्र लम्साल, हुमनाथ पौड्याल, ज्ञानेश्वर रेग्मी, गायत्री लम्साल र सुन्तली रानाभाट आदि रहेका छन् । यसबाट यो प्रष्ट हुन्छ कि नेपाली निबन्ध परम्परामा स्याङ्जा जिल्लाको योगदान अतुलनीय छ ।

## ४.७ निष्कर्ष

साहित्यको कनिष्ठ र रोचक विधा निबन्धले विश्वभर आफ्नै अस्तित्व कायम गरेको छ । सोरौँ शताब्दीमा फ्रान्सबाट सुरु भई वर्तमानमा निकै भ्याङ्गिएको यस विधालाई विभिन्न विद्वान्हरूले आआफ्नै ढङ्गबाट परिभाषित गरेका छन् । पाश्चात्य साहित्यबाट उदय भई

पूर्वीय परम्परालाई अँगालो मार्दै नेपाली साहित्यमा प्रवेश गरेको यो विधा निकै सशक्त साहित्यिक विधा हो । नेपाली साहित्यका विविधकाल हुँदै स्याङ्जाली साहित्यमा जोडिन पुगेको निबन्ध विधाले तीसभन्दा बढी निबन्धसङ्ग्रहहरू स्याङ्जाली स्रष्टाहरूबाट प्राप्त गरेको छ । स्याङ्जा जिल्लाबाट तीस ओटा निबन्धसङ्ग्रहहरू र विभिन्न पत्रपत्रिकाहरूमा थुप्रै फुटकर निबन्धहरू प्रकाशित हुनु नेपाली निबन्धपरम्परामा स्याङ्जा जिल्लाको योगदान हो ।

# पाँचौं परिच्छेद

# स्याङ्जाका निबन्धकारहरूका निबन्धकृतिहरूको अध्ययन

## ५.१ निबन्धकार केदार शर्मा ढकाल (१९८६)

### ५.१.१ पृष्ठभूमि

वि.सं. १९८६ मा स्याङ्जाको फापरथुममा जन्मेका केदार शर्मा ढकाल उत्कृष्ट निबन्धकार हुन् । उनी नेपाली साहित्यमा कविता विधाबाट देखापरेका हुन् । उनले २०१२/१३ सालबाट निबन्धलेखनमा कलम चलाएका हुन् । निबन्धकार ढकालको पहिलो निबन्धसङ्ग्रह **बाँच्न गाह्रो भो** (२०४७) हो । उनको दोस्रो निबन्धसङ्ग्रह **जीवन सङ्घर्षको चक्कर ठक्कर** ( २०५८) हो । यी निबन्धसङ्ग्रहका अतिरिक्त विभिन्न पत्रपत्रिकामा उनका निबन्धहरू प्रकाशित छन् । यहाँ उनका निबन्धात्मक कृतिहरूको अध्ययन गरिएको छ ।

### ५.१.२ बाँच्न गाह्रो भो (२०४७) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार केदार शर्मा ढकालको पहिलो निबन्धसङ्ग्रह **बाँच्न गाह्रो भो** (२०४७) हो । यस निबन्धसङ्ग्रहमा सोरओटा निबन्धहरू सङ्गृहीत छन् । तिनीहरू - 'जिबाको चक्कु', 'मृत्युको डर', 'पहिला नम्बरको ठग', 'म शाकाहारी मान्छे', 'बाँच्न गाह्रो भो', 'सपनाको कुरो', 'भोको पेट बढ्दो फेसन', 'महाकविलाई सम्झेर', 'चिन्दै शास्ति सम्झना नास्ति', 'भाषा सिक्ने धोको', 'विवाह', 'हिमालय', 'घर बनाउने रहर', 'घ्याब्रिन पनि मान्छे नै हो', 'धेरै नबोलेकै राम्रो' र 'विद्यालयबाट सरुवा हुनुपर्दा' हुन् ।

यस निबन्धसङ्ग्रहका निबन्धहरूमा विषयगत विविधता पाइन्छ । यि निबन्धहरू सामाजिक, पौराणिक, आध्यात्मिक, पारिवारिक र यथार्थ घटना आदि विषयवस्तुमा आधारित छन् । उनका निबन्धमा सांस्कृतिक विषयवस्तु पनि प्रयोग भएको छ । यिनका सामाजिक विषयवस्तुमा आधारित निबन्धहरूमा नेपाली समाजको सामाजिक व्यवस्था, रीतिथिति, संस्कार आदिको चर्चा पाइन्छ । मानिसले आफ्ना जीवनमा झेल्नुपर्ने पेसागत समस्याहरूका बारेमा यिनका निबन्धमा चर्चा छ । केही निबन्धहरूमा शैक्षिक सन्दर्भलाई विषयवस्तु बनाई नेपाली शिक्षाप्रणालीको चर्चा गरिएको छ । मानिस सामाजिक प्राणी भएकाले समाजमा प्रगति चाहने र विविध कारणहरूले स्वार्थी बन्ने प्रवृत्तिलाई यस सङ्ग्रहका निबन्धमा चर्चा गरिएको छ । यस सङ्ग्रहका निबन्धमा मानवीय जीवनको उच्च महत्त्वलाई दर्साइएको छ । समाजको विकाससँगसँगै विकसित भएको विज्ञानले अस्त्रशस्त्रहरूको विकास गरेर आज मानवीय जीवनलाई समेत खतरामा पारेको चर्चा यिनका निबन्धमा पाइन्छ । यस सङ्ग्रहका केही निबन्धहरू धार्मिक विषयवस्तुमा आधारित छन् । नेपालीहरू विविध धर्मालम्बीहरू भएको र बेलावखत धर्म परिवर्तन गर्ने प्रवृत्तिको पनि चर्चा यहाँ छ । धार्मिक आस्थामा सोझा रहेका नेपालीहरू सपनामा विश्वास गर्ने चर्चा यस सङ्ग्रहका निबन्धमा छ । नेपाली सहरी क्षेत्रमा बसोबास गर्ने नेपालीहरूमा विदेसी फेसनको प्रभाव परेकामा देशअनुसारको वेश नभएको व्यङ्ग्य प्रस्तुत सङ्ग्रहका निबन्धमा पाइन्छ । आजको नेपाली समाज विकृति र विसङ्गतिका दलदलमा फसेको विचार पनि निबन्धमा आएको छ । यस निबन्धसङ्ग्रहमा भाषा, साहित्य

मानवीय व्यवहारको चर्चा छ । राष्ट्रवादी स्वरले ओतप्रोत प्रस्तुत सङ्ग्रहका निबन्धमा देशका राष्ट्रिय भाषाहरूको उत्थान गर्नुपर्नेमा जोड दिइएको छ । नेपाली भाषालाई उच्च प्राथमिकता दिँदै यस भाषालाई विश्वसामु चिनाउनु सम्पूर्ण नेपालीहरूको कर्तव्य भएको विचार पनि निबन्धमा व्यक्त गरिएको छ । नेपाली समाजमा विकृति फैलाउने महँगो वैवाहिक परम्पराको अन्त्य गर्नुपर्ने विचार यस सङ्ग्रहका निबन्धमा छ । पश्चिमी शैलीको विवाहको अनुकरणले नेपाली समाजलाई आक्रान्त पार्नाका साथै विधवा विवाहलाई उच्च प्राथमिकता दिनुपर्ने विचार यहाँका निबन्धमा प्रस्तुत छ । यस सङ्ग्रहका निबन्धहरू प्रकृतिकेन्द्रित भएकाले आधुनिक सहरिया विकृतिमूलक विसङ्गत जीवनबाट वाक्क भएकाहरूलाई प्रकृतिका शरणमा जान अनुरोध गरिएको छ । निबन्धकार ढकालको चिन्तन सामाजिक विविधता भित्र वर्गीय सचेततामा नै निबन्धन भएको छ । यस सङ्ग्रहका निबन्धमा धनीहरूप्रति व्यङ्ग्य र गरिब पछौटे हुनाका कारणहरूको चर्चा गरिएको छ । यस सङ्ग्रहका अधिकांश निबन्धहरू निबन्धकार ढकालका वास्तविक जीवन भोगाइसँग सम्बन्धित रहेका छन् ।

**बाँच्न गाह्रो भो** (२०४७) निबन्धसङ्ग्रहमा निजात्मक शैलीको प्रयोग गरिएको छ । विविध घटनाहरूलाई विषयका केन्द्रीयतामा प्रस्तुत गरिएको छ । यस सङ्ग्रहका केही निबन्धमा प्रश्नात्मक शैलीको प्रयोग पाइन्छ साथै व्यङ्ग्य शैलीको प्रयोग गरी तत्कालीन समाजसापेक्ष निबन्धहरूको रचना गरिएको छ । यस सङ्ग्रहका निबन्धमा कथात्मक शैलीको प्रभाव पनि पाइन्छ । केही निबन्धहरूमा विषयको पुनरावृत्ति पनि पाइन्छ । आलङ्कारिक शैलीको प्रयोग पनि प्रस्तुत निबन्धसङ्ग्रहमा छ ।

**बाँच्न गाह्रो भो** (२०४७) निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । साथै स्थानीय भाषिकाको प्रयोग पनि पाइन्छ । नेपाली भाषाका उखान टुक्काहरूको प्रयोग प्रस्तुत सङ्ग्रहका निबन्धमा छ, जस्तै - सोझाको सहाय दैव (पृ.३२) । प्रस्तुत निबन्ध सङ्ग्रहमा अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ । जस्तै : इंग्लिश, 'प्रोग्राम', कोमोडिटि फ्लो, 'साइलेन्स इज गोल्डेन' आदि । संस्कृत श्लोकहरूको प्रयोग पनि यस निबन्धसङ्ग्रहमा पाइन्छ । केही आगन्तुक शब्दहरू जस्तै : फरेव, घ्याब्रिन आदिको प्रयोग प्रस्तुत सङ्ग्रहका निबन्धमा छ ।

निबन्धकार केदार शर्मा ढकालको पहिलो निबन्धसङ्ग्रह **बाँच्न गाह्रो भो** (२०४७) हो । यसमा सोर ओटा निबन्धहरू सङ्गृहीत छन् । यसमा विषयगत विविधता पाइन्छ । यो आत्मपरक निबन्धसङ्ग्रह हो । निजात्मक, व्यङ्ग्यात्मक, संस्मरणात्मक, प्रश्नात्मक र कथात्मक शैलीको प्रयोग प्रस्तुत सङ्ग्रहमा छ । यस निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाका साथै तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग छ ।

### ५.१.३ जीवन सङ्घर्षको चक्कर ठक्कर (२०५८) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार केदार शर्मा ढकालको दोस्रो निबन्धसङ्ग्रह **जीवनसङ्घर्षको चक्कर ठक्कर** (२०५८) हो । यस निबन्धसङ्ग्रहमा चौबीस ओटा निबन्धहरू सङ्गृहीत छन् । प्रस्तुत सङ्ग्रहका निबन्धहरूलाई भाग एक र भाग दुई गरी दुई भागमा विभाजन गरिएको छ । भाग एकअन्तर्गत क्रमाङ्क एकदेखि अठारसम्मका निजात्मक निबन्धहरू र भाग दुईअन्तर्गत क्रमाङ्क उन्नाईसदेखि चौबीससम्मका नियात्रामूलक निबन्धहरू रहेका छन् ।

भाग एकअन्तर्गत निबन्धहरूमा - 'प्रगतिशील चिन्तनको खाँचो', 'अन्तरिक्ष ग्रहान्तर यात्राको आश्चर्यमय युग', 'स्वर्ग हो नेपाल, स्वर्ग हो हिमाली भूभाग', 'अल्छीलाई बल्छी

मखण्डीलाई जाल', 'पत्रकारिताको बाटोमा लाग्दा', 'वरिष्ट कवि भूपि शेरचन', 'जेल भित्र केही समय बस्दाको अनुभव', 'हटाउनै पर्ने गरिबीको अभिसाप', 'बुद्धि नभएको नेपाली' 'औषधिभन्दा पथपरेज राम्रो', 'त्यो सस्तो सुविधाको जमना' 'जीवनसङ्घर्षको चक्कर ठक्कर', 'आँधीखोला मेरो घनिष्ट साथी', 'प्रकृतिको सुन्दर स्याङ्जा' 'महिला र उत्पीडनको प्रश्न', 'गाउँले शिक्षक भएर ४० वर्ष', 'आफ्नो शेषपछि अव शान पछि', 'घर व्यवहार आफ्नै कुरा पनि आफ्नै' रहेका छन् । भाग दुईअन्तर्गत 'मुक्तिनाथ यात्राको छोटो वृत्तान्त', 'पंचासेको मेलामा सद्मी छर्ने बेलामा,' 'भारतका केही ठाउँहरूमा पुग्दा', 'दार्जलिङ्ग भ्रमणको सानो झझल्को', 'लुम्बिनी र बाल्मीकि आश्रमको अवलोकन' र 'लेखकको वंशावली' रहेका छन् ।

**जीवनसङ्घर्षको चक्कर ठक्कर** (२०५८) निबन्धसङ्ग्रहमा विषयगत विविधता पाइन्छ । शैक्षिक, सामाजिक, सांस्कृतिक, धार्मिक, दार्शनिक, वैज्ञानिक, प्राकृतिक, साहित्यिक, ऐतिहासिक, व्यावहारिक र यात्राका दृश्यलाई प्रस्तुत सङ्ग्रहका निबन्धको विषयवस्तु बनाइएको छ । यस निबन्धसङ्ग्रहमा प्रगतिशील स्वर आएको छ । वर्तमान प्रगतिशील चिन्तनले आजका मानिसहरूको प्रगतिमा जोड दिएको विचार प्रस्तुत गरिएको छ । शिक्षा मानवीय विकासको मेरुदण्ड भएकाले उचित शिक्षाको ग्रहण गरी मानिसहरू अँध्याराबाट उज्यालातर्फ लाग्ने विचार पनि प्रस्तुत सङ्ग्रहमा छ । वर्तमान नेपाली समाज कुसंस्कार र अन्धविश्वासले दूषित भएकाले त्यसका निराकरणका लागि प्रगतिशील चिन्तनको खाँचो रहेको विचार यस सङ्ग्रहमा आएको छ । मानवतावादी धर्ममा विश्वास गर्दै अशक्त, गरिब र निमुखा जनताहरूलाई सहयोग गरी बन्धुत्व जागृत गर्नुपर्ने आवश्यकता रहेको विचार पनि यहाँ प्रस्तुत छ । यस निबन्धसङ्ग्रहका निबन्धमा ब्रमाण्डीय चिन्तन र वैज्ञानिक विषयवस्तुको चर्चा गरिएको छ । विज्ञानको चमत्कारप्रति अनविज्ञ हुनु हामी नेपालीको कमजोर पक्ष भएको चर्चा पनि सङ्ग्रहमा छ । नेपाल विश्व जल सम्पदामा धनी, सर्वोच्च शिखर र प्राकृतिक सुन्दरताले भरिपूर्ण देश भएकाले यस देशको सेवा गर्नु हामी सबैको कर्तव्य हो भन्ने राष्ट्रवादी चिन्तन पनि निबन्धमा पाइन्छ । प्रस्तुत सङ्ग्रहका निबन्धमा वर्गीय चिन्तन पनि पाइन्छ । नेपालमा सामन्ती चिन्तनका आडमा निमुखा र अशिक्षित जनताको शोषण गर्ने गरेकामा चिन्ता व्यक्त गरिएको छ । यस निबन्धसङ्ग्रहमा स्वार्थीपन, असहयोग वृत्ति, भ्रष्टाचार, प्रशासनिक घुसखोरी आदिका बारेमा चर्चा छ । प्रजातान्त्रिक जीवनपद्धतिमा जनताले स्वस्थ राजनीतिको महसुस गर्न सक्ने हुनाले प्रजातान्त्रिक परिपाटीको विकासमा जोड दिनु आजको आवश्यकता रहेको विचार पनि सङ्ग्रहमा छ । नेपालीहरूको मपाइँत्व र आडम्बरी प्रवृत्तिको चर्चा यस सङ्ग्रहमा छ । नेपालीहरूको शारीरिक र वैचारिक स्वास्थ्य सही हुनुपर्ने चिन्तन यहाँका निबन्धमा पाइन्छ । जीवन बाँच्नका लागि सङ्घर्ष गर्ने मात्र सफल हुने डार्बिनको विकासवादी सिद्धान्तको चर्चा प्रस्तुत सङ्ग्रहका निबन्धमा छ । मान्छेमा मेलमिलाप गर्ने प्रवृत्ति आउनको सट्टा झगडा र स्वार्थी प्रवृत्तिको हावी भएको र चाकडी र चाप्लुसी प्रवृत्तिले चुर्लुम्म डुबेको चर्चा यस सङ्ग्रहका निबन्धमा छ । यो निबन्धसङ्ग्रह भौगोलिक ठाउँविशेषको चर्चामा पनि केन्द्रित छ । आँधीखोला र स्याङ्जाको ऐतिहासिक तथा धार्मिक महत्त्वको चर्चा पनि निबन्धसङ्ग्रहका निबन्धमा पाइन्छ । परम्परागत पुरुषवादी सामन्ती संस्कारको विरोध र नारीवादी समानताको चर्चा यस सङ्ग्रहका निबन्धमा छ । कुनै पनि मानिसले कसैको शोषण गर्न नपाइने र विद्यमान हिंसा र आतङ्क सदाका लागि अन्त्य गर्नुपर्ने विचार प्रस्तुत सङ्ग्रहका निबन्धमा पाइन्छ । क्रान्ति नगरी शान्ति नहुने प्रगतिवादी चिन्तन भएको यस सङ्ग्रहका निबन्धमा यथास्थिति प्रवृत्तिको अन्त्य नभएसम्म राष्ट्रविकासको खुड्किलामा नचढ्ने हुनाले जतिसक्दो चाँडो यसको अन्त्य गर्नुपर्ने विचार पाइन्छ । सादा जीवन र उच्च विचारले

मानिसलाई महान् बनाउने भएकाले त्यसतर्फ हामी सबैको ध्यान जानुपर्नेमा जोड दिइएको छ ।

**जीवनसङ्घर्षको चक्कर ठक्कर** (२०५८) निबन्धसङ्ग्रहमा नियात्रापरक विषयवस्तुको प्रयोग पनि छ । यस सङ्ग्रहका यात्रासम्बन्धी निबन्धहरूमा विभिन्न तीर्थस्थलसम्बन्धी जानकारी, नेपाली तथा विदेशी भूभागको वर्णन, धार्मिक मान्यता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाजको चर्चा पाइन्छ । राष्ट्रमा एकातिर भोकमरीको समस्या टड्कारो रहेको र अर्कोतिर धर्मात्माहरूले वनमा अन्न छरेर धर्म कमाएको व्यङ्ग्य यस सङ्ग्रहमा छ । विदेसिएका नेपालीहरूको जीवन कुल्ली, पाले, भरिया र चौकीदार भएर बितिरहेको यथार्थलाई यस सङ्ग्रहका निबन्धमा प्रस्तुत गरिएको छ । यस निबन्धसङ्ग्रहमा नेपाली भूमिका नदीहरूमा बाँधबाँधी मालिक बन्ने विदेसी राष्ट्रहरूका विरुद्ध सम्पूर्ण नेपालीहरूले आवाज उठाउनुपर्नेमा जोड दिइएको छ ।

**जीवनसङ्घर्षको चक्कर ठक्कर** (२०५८) निबन्धसङ्ग्रहमा निजात्मक शैलीको प्रयोग गरिएको छ । निबन्धकार ढकालका यथार्थ जीवनमा घटेका र भोगेका घटनाहरूलाई कलात्मक शैलीको प्रयोग गरी प्रस्तुत गरिएको छ । व्यङ्ग्य शैलीको प्रयोग यस निबन्धसङ्ग्रहमा छ । नियात्रापरक र संस्मरणात्मक शैलीको प्रयोग पनि यस सङ्ग्रहमा छ ।

**जीवनसङ्घर्षको चक्कर ठक्कर** (२०५८) मा सरल नेपाली भाषाको प्रयोगका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरिएको छ । स्थानीय भाषिकाको प्रभाव यस सङ्ग्रहका निबन्धमा पाइन्छ । संस्कृतका श्लोकहरू, चिनिया उखान, नेपाली र अङ्ग्रेजी भाषाका उखान टुक्काहरूको प्रयोग पनि यस सङ्ग्रहमा छ ।

निबन्धकार केदार शर्मा ढकालको दोस्रो निबन्धसङ्ग्रह **जीवनसङ्घर्षको चक्कर ठक्कर** (२०५८) हो । चौबीस ओटा निबन्धहरू सङ्कलित भएको यस सङ्ग्रहमा विषय विविधता पाइन्छ । यो आत्मपरक निबन्धसङ्ग्रह हो । निजात्मक, व्यङ्ग्यात्मक, नियात्रापरक र संस्मरणात्मक शैलीको प्रयोग भएको प्रस्तुत निबन्धसङ्ग्रहमा तत्सम, तद्भव र आगन्तुक नेपाली शब्दको प्रयोग पनि भएको पाइन्छ ।

### ५.१.४ निष्कर्ष

समग्रमा केदार शर्मा ढकाल (१९८६) उत्कृष्ट निबन्धकार हुन् । उनले दुई ओटा **बाँच्न गाह्रो भो** (२०४७) र **जीवनसङ्घर्षको चक्कर ठक्कर** (२०५८) निबन्धसङ्ग्रह प्रकाशित गरेका छन् । यिनका निबन्धसङ्ग्रहहरूमा विषय विविधता पाइन्छ । यिनी यथार्थ जीवनमा घटित घटनाहरूलाई निबन्धको रूप दिने कुशल निबन्धकार हुन् । यिनी आत्मपरक निबन्धकार हुन् । बौद्धिकता, व्यङ्ग्यात्मकता, वैचारिकता, चिन्तनशीलता, यथार्थता, निजात्मकता र समसामयिकता यिनका निबन्धगत प्रवृत्तिहरू हुन् । सरल नेपाली भाषाका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग यिनका निबन्धमा पाइन्छ । ढकाल स्याङ्जाका निबन्धकारहरूमा जेठा र प्रतिनिधि निबन्धकार हुन् ।

## ५.२ निबन्धकार  महेश्वर शर्मा (१९८८)

### ५.२.१ पृष्ठभूमि

वि.सं. १९८८ माघ १२ गते स्याङ्जाको चिलाउनेवासमा जन्मेका महेश्वर शर्मा उत्कृष्ट निबन्धकार हुन् । निबन्धकार शर्माको निबन्धलेखनको सुरुआत **अङ्गुठी** निबन्धबाट भएको हो । यो निबन्ध सम्वत् २००६ मा वनारसबाट प्रकाशित **युगवाणी**मा छापिएको हो ।[१२६] निबन्धकार शर्माका हालसम्म तीन ओटा **तर ... तापनि** ....(२०५१), **अस्तित्वको खोजीमा** (२०५३) र **अरालिएका स्वर** (२०५९) प्रकाशित छन् । उनको एउटा लेखसङ्ग्रह **वरं न राज्यं न कुराजराज्यम्** (२०५३) प्रकाशित छ । यी सङ्ग्रहहरूबाहेक विभिन्न पत्रपत्रिकामा उनका विविध निबन्ध र लेखहरू प्रकाशित छन् । यहाँ उनका निबन्धात्मक कृतिहरूको मात्र अध्ययन गरिएको छ ।

### ५.२.२  तर .... तापनि ... (२०५१) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार महेश्वर शर्माको पहिलो निबन्धसङ्ग्रह **तर .... तापनि** ... (२०५१) हो । यस निबन्धसङ्ग्रहमा एक्काइस ओटा निबन्धहरू सङ्गृहीत छन् । तिनीहरू - 'आँधीखोलाको तिरका यी अनुहार', 'दौरा सुरुवालभित्रको छटपटी', 'जहाँ मानिस ज्युँदै पुरिन्छन्', 'राजधानीको एउटा टोल', 'आडम्बरको खोलभित्र कति दिन ?', 'दृष्टिकोण', 'जिन्दगीका भासहरू', 'मैले भनेको मान्नुहोस् है बुबा', 'बोली-वचनका कुरा', 'एक सानो चर्चा : अमूर्त कविताबारे', ''तर ....तापनि.....', 'लोग्ने स्वास्नीका कुरा', 'महाभारतबाट टिपनटापन', 'माटो र मान्छे', 'परिवर्तनको परिप्रेक्ष्य ?', 'हाम्रो वाङ्मयको वर्तमान र हामी', 'तटस्थता ?', 'प्रमाण !', 'मान्छेको परिभाषा !', 'मेरो हरिसर्ने र रिंगटा लाग्ने रोग' हुन् ।

**तर .... तापनि** ... (२०५१) निबन्धसङ्ग्रहमा विषयविविधता पाइन्छ, । ऐतिहासिक, सामाजिक, धार्मिक, वैचारिक, आर्थिक, सांस्कृतिक र जीवनका यथार्थको प्रतिबिम्ब यस सङ्ग्रहका निबन्धका विषयवस्तु हुन् । यस सङ्ग्रहका निबन्धमा निबन्धकारले हाम्रा जीवनका यथार्थतालाई समेटेर निबन्धको रूप दिएका छन् । नेपाली गाउँ र समाजका समसामयिक स्थिति यिनका निबन्धका विषयमा आएको छ । यस सङ्ग्रहका कतिपय निबन्धहरू वैचारिक छन् । नेपालका भौगोलिक र ऐतिहासिक स्थलहरूका चिनारी र रीतिस्थितिका बारेमा यस सङ्ग्रहका निबन्धमा चर्चा छ । निबन्धमा मानवीय जीवनका उकुसमुकुसलाई खोतलिएको छ र समाज सुधारको दृष्टिकोण प्रस्तुत गरिएको छ । नेपाली समाज आडम्बर, विकृति, विसङ्गति, शोषण र दमनले आक्रान्त बनेकाले त्यसको निराकरणका बारेमा पनि निबन्धहरू केन्द्रित छन् । निबन्धमा मानवीय व्यवहारको चर्चा गरिएको छ र हामीले आफ्नो जीवनलाई सादा र उच्च विचारको बनाउँदै समाज, देश र मानिसका लागि केही गर्नुपर्ने चिन्तन पनि आएको छ । हामीले केही कार्य गर्न खोज्छौँ तर अर्काले 'तर' र 'तापनि' विकल्पहरूलाई तेर्स्याइ हामीले गर्न खोजेका कार्यमा अवरोध उत्पन्न गर्ने प्रवृत्ति नेपाली समाजमा विद्यमान रहेकाले यसको अन्त्यका लागि विकल्प उठाउन नहुने भाव यिनका निबन्धमा पाइन्छ । सङ्ग्रहका निबन्धमा नेपाली राष्ट्रियतालाई एकताको सूत्रमा बाँध्नुपर्ने आजको आवश्यकता भएको विचार पनि छ । निबन्धमा प्रकृति र वातावरणलाई विषय बनाइएको छ । समाज, देश

---

[१२६] खडानन्द अर्याल, **महेश्वर शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, (त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०५५), पृ. ११ ।

र संस्कार आदिमा परिवर्तन गर्नको लागि अनुशासनको महत्त्वको चर्चा पनि गरिएको छ । दार्शनिक विषयवस्तु, स्वनिर्णयको अधिकार, आत्मविश्वासी विचार तथा जातीय र वर्गीय चिन्तन प्रस्तुत गर्दै ऐन र कानुनमा लेखिएका कुरालाई व्यवहारमा पालना नगर्नु हाम्रो कमीकमजोरी भएको प्रसङ्ग उनका निबन्धमा आएको छ । समसामयिक विषययमा केन्द्रित प्रस्तुत सङ्ग्रहका निबन्धमा देशमा बढेको महङ्गी, अन्याय, अत्याचार, शोषण र दमनतर्फ सचेत हुनुपर्ने विचार प्रस्तुत छ ।

**तर .... तापनि** ... (२०५१) निबन्धसङ्ग्रहमा निजात्मक शैलीको प्रयोग गरिएको छ र मानवीय जीवनका विविध घटनाहरूलाई विषयका केन्द्रीयतामा प्रस्तुत गरिएको छ । आलोचनात्मक शैलीका साथै व्यङ्ग्य शैलीको प्रयोग पनि गरिएको छ ।

**तर .... तापनि** ... (२०५१) निबन्धसङ्ग्रहका निबन्धहरूमा सरल र सहज नेपाली भाषाको प्रयोग गरिएको छ । स्थानीय बोलचालका भाषाको प्रयोग केही निबन्धहरूमा रहेको छ । प्रस्तुत सङ्ग्रहका निबन्धहरूमा भाषिक सुगमताको प्रभुत्व रहेकाले कुनै भाषिक कठिनाइ महसुस गर्न नपर्ने देखिन्छ । सङ्ग्रहका निबन्धहरूमा संस्कृत भाषाका श्लोकहरूको प्रयोग र नेपाली भाषाका उखान टुक्काहरूको प्रयोग पाइन्छ । अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग पनि प्रस्तुत सङ्ग्रहका निबन्धमा पाइन्छ ।

निबन्धकार महेश्वर शर्माको पहिलो निबन्धसङ्ग्रह **तर ... तापनि** ... (२०५१) हो । यस निबन्धसङ्ग्रहमा एक्काईस ओटा निबन्धहरू सङ्गृहीत छन् । विषय विविधता प्रस्तुत निबन्धसङ्ग्रहको विशेषता हो । यो आत्मपरक निबन्धसङ्ग्रह हो । निजात्मक, व्यङ्ग्यात्मक र आलोचनात्मक शैली प्रस्तुत सङ्ग्रहमा पाइन्छ । यस निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग पाइन्छ ।

### ५.२.३ अस्तित्वको खोजीमा (२०५३) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार महेश्वर शर्माको दोस्रो निबन्धसङ्ग्रह **अस्तित्वको खोजीमा** (२०५३) हो । यस निबन्धसङ्ग्रहमा जम्मा उन्तीस ओटा निबन्धहरू सङ्कलित छन् । तिनीहरू - 'पूर्वीय काव्य परम्परा : एक अवलोकन', 'प्राचीन कथा साहित्यको भण्डारतिर घोरिएर हेर्दा', 'घाँटुबारे केही कुरा', 'मास्टर मित्रसेन र उनको साहित्य-सङ्गीत सेवा', 'बौद्धिक देवता उत्कृष्ट मानिसमात्र हुन्', 'वेदमा हिंसाको विधि-निषेध', 'राष्ट्रभाषा नेपाली र लोकसेवा आयोग', 'यसको जोसँग सरोकार रहन्छ,', 'शहरलाई फन्को मार्दा', 'एक्काईसौं शताब्दीमा हाम्रो भाषा', 'यो शब्दकै अपराध हो त ?', 'सामाजिक दायित्व र लेखक', ' नब्रुयात सत्यमप्रियम्', 'मेरो कार्कीनेटा', 'सेती, काली र मर्स्याङ्दी', 'हामी यस्तो पनि गर्छौं', 'पदे पदे', 'पेशा', 'करकाप', 'दोसाध', 'जम्मे दध्म', 'प्रवृत्तिको प्रसङ्ग', 'त्यहाँ कसैले बोलाइरहे जस्तो लाग्छ', 'फोन : सुविधा असुविधा', 'पहिलो चोर र त्यसपछि .....', 'सूचना । कडा कार्वाही । दीर्घजीवी हाकिम', 'भद्र अवज्ञा आन्दोलन २०१४ : केही सम्झना', 'सम्झना सत्र साल पुष एक गतेको', 'अव अन्त्यमा नाम सङ्कीतन हुन्' ।

**अस्तित्वको खोजीमा** (२०५३) निबन्धसङ्ग्रहमा विषयगत विविधता पाइन्छ । सामाजिक, सांस्कृतिक, साहित्यिक, लैङ्गिक र खोजअनुसन्धान नै यस सङ्ग्रहका निबन्धका विषयवस्तु हुन् । निबन्धकार पूर्वीय भाषासाहित्यका ज्ञाता भएकाले उनका निबन्धमा पूर्वीय काव्य चिन्तन पाइन्छ । यिनका निबन्धमा वैदिक विषयवस्तुको चर्चा छ । निबन्धमा नेपाली साहित्यप्रेमीहरूलाई नेपाली साहित्यका स्रोतका बारेमा चर्चा गरिएको छ । उनका निबन्धमा

नेपालीहरूले नेपाली भाषासाहित्यको धनी हौं भनी गर्व गर्नुपर्दछ भन्ने अभिव्यक्ति पाइन्छ । निबन्धमा हामी नेपालीले आफै नेपाली भाषा साहित्य तथा यसको विकासक्रम र प्रयोगतर्फ ध्यान दिनुपर्छ र विदेशीहरूको नेपाली भाषासम्बन्धी अभिव्यक्तिलाई उच्च गर्वका साथ लिइनु हुँदैन भन्ने मान्यता पनि छ । यस सङ्ग्रहका निबन्धमा नेपाली समाजको जातिगत र सांस्कृतिक झलकको प्रस्तुति तथा मानवीयताप्रति गहिरो चिन्तन प्रस्तुत गरिएको छ । केही निबन्ध उच्च व्यक्तिका जीवनीसँग सम्बन्धित विषयवस्तुमा केन्द्रित छन् । यस सङ्ग्रहका निबन्धमा मानवीय हिंसाको विरोध राष्ट्रप्रेमको भावना र राष्ट्रिय अखण्डता वा राष्ट्रिय एकताको चिन्तन प्रस्तुत गरिएको छ । नेपाली भाषाप्रति मोह रहनुपर्ने कुरामा जोड दिँदै लोकसेवा आयोग र नेपाल सरकारले नेपाली भाषालाई गरेको दुर्व्यवहार र सङ्कुचित धारणाप्रति यिनका निबन्धमा खेद प्रकट गरिएको छ । यस सङ्ग्रहका निबन्धमा नेपाली भाषाले नेपालीत्व प्रदान गर्नुपर्ने कुराको चर्चा छ । नेपाली समाजको समसामयिक परिवेशको चित्रण गर्दै समाजका विकृति र विसङ्गतिलाई लेखक, कलाकारले चिर्नुपर्ने कुरामा जोड दिइएको छ । असल लेखक योगी हो उसले जस्तोसुकै परिस्थिति आई परेपनि निडर भएर लेख्न सक्नुपर्छ भन्ने दृष्टिकोण यिनका निबन्धमा पाइन्छ । यी निबन्धमा निबन्धकारका दैनिक जीवनमा घटित घटनाहरूलाई सत्यतथ्य रूपमा प्रस्तुत गरिएका छन् । नेपालको प्राकृतिक तथा भौगोलिक परिवेशको झलक दिँदै नेपाली जनजीवनको यथार्थतालाई यहाँ प्रस्तुत गरिएको छ । यस सङ्ग्रहका निबन्धमा हाम्रो नेपाली समाजका सोझासाझा, होचा, निमुखा जनताहरूप्रति ठूलाठालाले गर्ने व्यवहारको चर्चा पाइन्छ । यिनले नेपाली ग्रामीण परिवेशका नारी (बुहारी) प्रति गर्ने भेदभावलाई देखाएका छन् । यिनका निबन्धमा धन सम्पत्तिभन्दा इज्जत ठूलो हो भन्ने दर्शन पाइन्छ । निबन्धमा कुनै पनि वस्तुको महत्त्व त्यसको अभावमा हुने कुरालाई चर्चा गरिएको छ । नेपाली समाजको आडम्बरी प्रवृत्तिलाई खोतल्दै मानवतावादी स्वरलाई उरालिएको छ । नेपाली राजनीतिकर्मीहरूको व्यवहार र प्रवृत्तिलाई यस सङ्ग्रहका निबन्धले खोतलेका छन् । निबन्धमा मानवीय स्वतन्त्रताको चर्चा गर्दै दोधारे चरित्रको अन्त्य गर्नुपर्ने आवश्यकतालाई औंल्याइएको छ । निबन्धमा नेपाली समाजको आरोप प्रत्यारोप गर्ने प्रथाप्रति आलोचना गरिएको छ । वैचारिकताको केन्द्रीयतामा आधारित प्रस्तुत निबन्धसङ्ग्रहका निबन्धमा प्रगतिशील स्वर र वर्गीय चिन्तन प्रस्तुत छ ।

**अस्तित्वको खोजीमा** (२०५३) निबन्धसङ्ग्रह आत्मपरक शैलीमा लेखिएको छ । यस सङ्ग्रहमा मानवीय जीवनका देखेसुनेका घटनाहरू र केही विचारहरूलाई कलात्मक रूपले प्रस्तुत गरिएको छ । यस निबन्धसङ्ग्रहमा व्यङ्ग्य, प्रश्नात्मक, कथात्मक र कवितात्मक शैलीको प्रयोग पाइन्छ ।

**अस्तित्वको खोजीमा** (२०५३) निबन्धसङ्ग्रहको भाषा सरल र सहज छ । निबन्धकार शर्मा संस्कृत भाषाका ज्ञाता भएकाले निबन्धमा संस्कृत शब्द र श्लोकहरूको प्रयोग पाइन्छ । यी निबन्धहरूमा नेपाली उखानटुक्काहरूको प्रयोग पाइन्छ । जस्तै- 'किरो कराउनु र बाखो हराउनु' (पृ.३४), 'हुकुमको जवाफ छैन कालको ओखती छैन' (पृ.८६) । यस सङ्ग्रहमा स्थानीय भाषाका शब्दको प्रयोग पनि पाइन्छ । यस सङ्ग्रहमा लोककथाको भाषालाई पनि प्रयोग गरिएको छ । यसमा उर्दू उखानको प्रयोग पाइन्छ । यसमा रुसोको भनाइ पनि प्रस्तुत गरिएको छ । यस सङ्ग्रहमा केही हिन्दी भाषाका शब्दहरूको प्रयोग पनि पाइन्छ ।

निबन्धकार महेश्वर शर्माको दोस्रो निबन्धसङ्ग्रह **अस्तित्वको खोजीमा** (२०५३) हो । यसमा उन्तीस ओटा निबन्धहरू सङ्गृहीत छन् । यो सङ्ग्रह विभिन्न विषयवस्तुमा केन्द्रित छ

। यसमा आत्मपरक शैलीको प्रयोग गरिएको छ । सरल र सुन्दर नेपाली भाषाका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग यस सङ्ग्रहमा छ ।

## ५.२.४ वरं न राज्यं न कुराजराज्यम् (२०५३) लेखसङ्ग्रहको अध्ययन

सहित्यकार महेश्वर शर्माको **वरं न राज्यं नकुराजराज्यम्** (२०५३) लेखसङ्ग्रह हो । यस सङ्ग्रहमा त्रीसठ्ठी ओटा लेखहरू सङ्कलित छन् तिनीहरू - ‘कर्मचारीतन्त्रप्रति दुराग्रहपीडित सत्ता’, ‘प्रशासनिक स्थिति र पार्टी राजनीति’, ‘रु. ५ लाखको माग : विकासको रकम बाँडीचुडी खाऔँ’, ‘प्रजातान्त्रिक शक्तिको सहयात्रा आजको अपेक्षा’, आजको राजनीतिक कचिङ्गल’, ‘पछि पछुताउनुबाहेक केही हात लाग्ने छैन’, ‘पत्याउनुहोस् नपत्याउनुहोस् स्थिति यस्तै छ’, ‘ने.का.- ए.मा.ले. सम्झौताले उब्जाएको प्रश्न’, ‘प्रजातन्त्रलाई खतरा यसरी आउन सक्छ’, ‘सत्ता स्वादको राजनीति र परिवारवाद’, ‘पराराष्ट्र सम्बन्ध र राष्ट्रिय हीतको प्रश्न’, ‘नेताहरूको हुङ्कारभित्रको वस्तुतथ्य के हो त ?’, ‘पद्मरत्नको बर्बराई : एमालेलाई भँडखालो’, ‘संसदीय परम्परा : सिद्धान्त र व्यवहार’, ‘प्रजातन्त्र र जनमत : केही प्रक्रियागत सन्दर्भ’, ‘प्रजातन्त्रमा भारदारी शैली त्याग्नु पर्छ’, ‘पार्टी, संसद र सरकार’, ‘अब त नाकैमा घोचेपनि केही नलाग्ने भयो’, ‘अनिर्णय र अन्यौल जारी छ’, ‘प्रजातन्त्रको नाममा भित्रिएका अवगुणहरू’, ‘राजनीतिक पार्टीमा देखिएका विसङ्गतिहरू’, ‘नीतिनियमको शासन भाषणको विषयमात्र हो त ?’, ‘भन्नेले जे भनुन्-आजको यथार्थ यो हो’, ‘मेरो मनको उम्मेदवार’, ‘राष्ट्रियता र प्रजातन्त्र : आफ्नै अनुकूल अर्थ्याउन खोज्दा’, ‘व्यस्क मताधिकार र यसको प्रयोग’, ‘प्रजातन्त्रका आधारभुत पक्ष’, ‘बुद्धिजीवीहरूले बुद्धिसम्बत कुरा बोलीदिनु पर्छ’, ‘राजनीतिक स्थिरता आजको आवश्यकता’, ‘प्रशासनमा गुणस्तरको खोजी’, ‘आफ्नै रोगले मरिच चाउरिएको स्थिति’, ‘राजनीतिक स्थिरताको आग्रह र पक्ष-विपक्षको स्थिति’, ‘यो शासकीय चासोको विषय होइन’, ‘यस्तै हो भने हाम्रो उद्धार कस्ले गरिदेला खै !’, ‘सरकारले कम्तिमा यति काम त गरोस !’, ‘विसङ्गतिका विविध बान्कीहरू’, ‘राजनीतिक विकारका यी नमुनाहरू’, ‘एमालेको नाराले प्रतिपक्षलाई पर्नु पिर पारेको छ’, ‘कांग्रेसले किन बेसुरका कुरा गर्न थाल्या हो ?’, ‘के प्रजातन्त्र ठूलाठालुकै विलासको वस्तु हो त ?’, ‘सत्ता राजनीतिको षड्यन्त्रमा अल्झेको स्थिति’, ‘मानवअधिकार : आजभोलिको सन्दर्भमा’, ‘यहाँ सबैलाई एकलौटी हालीमुहाली चाहिएको छ’, ‘हामी गलत बाटोतिर त लागिरहेका छैनौ ?’, ‘राजनीतिक लखेटालखेटको अर्थ पहिल्याउन खोज्दा’, ‘नेपाली काङ्ग्रेसको विधिसम्वत् नेता को हो ?’, ‘जनता दुब्लाउने र नेता मोटाउने स्थिति’, ‘नयाँ बजेट र राजनीतिक टीकाटिप्पणीहर’, ‘जनताले बुझेका छन् - जनताले बुझेका छैनन्’, ‘फिराद प्रतिउत्तर र अर्जि दर्खास्तको प्रजातन्त्र !’ ‘वरं न राज्यं न कुराजराज्यम्’, ‘हाम्रो राष्ट्रवादी धारणा र हामी’, ‘सर्वोच्चको फैसलापछिका क्रिया-प्रतिक्रिया’, ‘भदौ बाह्रको फैसला : चर्चा परिचर्चाको सेरोफेरोमा’, ‘यहाँ राजनीति छैन : राजनीतिक दुकानदारी छ’, ‘काङ्ग्रेस सिस्नाको झाङबाट अल्लाको झाङ्मा’, ‘प्रजातान्त्रिक आचरण पक्षका केही कुरा’, ‘छनलाई यहाँ सबथोक छ तर गर्न कसैलाई केही पर्दैन’, ‘प्रजातन्त्र’, ‘प्रतिनिधित्व र जनता’, ‘नेतृत्वको आचरण र जनप्रियता’, ‘यहाँ प्रजातन्त्रको अर्थ नै हराउन लागेको छ’, ‘भ्रष्टाचार पनि प्रजातान्त्रिक र अप्रजातान्त्रिक’ र ‘राप्रपा गठबन्धन काङ्ग्रेसलाई महङ्गो हुँदैछ’ हुन् ।

निबन्धकार शर्माले यस लेखसङ्ग्रहमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका सैद्धान्तिक र समसामयिक वैचारिक लेखहरू सङ्कलित गरेका छन् । यस लेखसङ्ग्रहको विषयवस्तु समसामयिक नेपाली राजनीति रहेको छ । सङ्ग्रहमा झुटा आश्वासन बाड्ने नेपाली राजनीतिज्ञहरूको चरित्रलाई कोट्याइएको छ । समसामयिक राजनैतिक वैचारिकता,

सत्ताधारी चरित्रमा देखिएका कमीकमजोरीहरू र राजनीतिक विकारबाट सामाजिक जीवनमा परेको प्रभावलाई यहाँका निबन्धमा खोतलिएको छ । यस सङ्ग्रहमा नेपाली जनतालाई शासन सत्ताको मोहले मात्तिएका र विकृत राजनीति गर्ने नेताहरूविरुद्ध सधैँ जागृत रहन अनुरोध गरिएको छ । बौद्धिक र स्वतन्त्रचिन्तनको खडेरी परेकातर्फ यस सङ्ग्रहका लेखहरू केन्द्रित छन् । तत्कालीन राजनीतिक परिवेश र त्यसभन्दा पहिलाको राजनैतिक परिवेशका रूपमा यहाँका निबन्धमा तुलना गरिएको छ । यस सङ्ग्रहका लेखमा नेपालका बुद्धिजीवीहरू जसले स्वतन्त्र चिन्तन प्रस्तुत गर्नु पर्नेमा तिनीहरू राजनीतिको पुच्छर भई राष्ट्रमा स्वतन्त्र विचारको अभाव भएको कुरा चर्चा गरिएको छ । यस सङ्ग्रहका बारेमा लेखक महेश्वर शर्मा भन्छन् - “आज सर्वाधिक दाँतमा ढुङ्गा लाग्ने विषय बौद्धिक निरीहता हो । भनेको सुन्दा दुःख लाग्छ । चिन्तनमनन र अध्ययनभन्दा जुनसुकै उपायबाट राजनीतिक छहारी प्राप्त गरेर निर्वैयक्तिक सोचाइलाई उपेक्षा गर्ने प्रवृत्ति बढेको हुँदा अलिकति हरिहुने जो कोही पनि आज व्यथित हुन्छ । अरूतर्फ नभए पनि बौद्धिक हिसाबबाट नेपाल धेरै अगाडि जान सक्थ्यो तर बौद्धिक समुदाय पनि राजनीति गर्नेहरूकै हुलमुलमा बेरिन पुग्दा स्वतन्त्र चिन्तनको प्रक्रिया अघि बढ्न सकेन । केही वर्ष अघिसम्म स्वतन्त्रताका लागि छट्पटिने बुद्धिजीवीवर्ग प्राप्त स्वतन्त्रतालाई मुक्तहृदयले उपयोग गर्न किन सकिरहेको छैन ? किन आजपनि बुद्धिजीवीहरू राजनीतिक पक्षविपक्षका बोली चबाई चबाई बोल्नै विवश छन् ?” (शर्मा, २०५३, पृ.क) । यस सङ्ग्रहमा नेपाली राज्य व्यवस्था र शासनप्रणालीसँग केन्द्रित रहेर विचारहरू प्रस्तुत गरिएको छ ।

**वरं न राज्यं न कुराज राज्यम्** (२०५३) लेखसङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । यस सङ्ग्रहका लेखक पूर्वीय साहित्यका ज्ञाता भएकाले यहाँ संस्कृतका शब्दहरू र श्लोकहरू प्रयोग गरिएका छन् । यस सङ्ग्रहको शीर्षक चयन पनि संस्कृतबाटै गरिएको छ । यस सङ्ग्रहका लेखहरू नेपाली समाजमा भएका यथार्थ राजनीतिक घटना र साँचो परिस्थितिको ताजा व्याख्यान नाटकीय रूपबाट व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरिएको छ । राजनैतिक भावभूमिमा आधारित यस सङ्ग्रहका लेखमा चिन्तन, शिल्पशैली र अभिव्यक्तिका दृष्टिले साहित्यिक भन्दा राजनैतिक देखिन्छ ।

निबन्धकार महेश्वर शर्माको एउटा मात्र लेखसङ्ग्रह **वरं न राज्यं न कुराज राज्यम्** हो । यस सङ्ग्रहमा वि.सं. २०४९ देखि वि.सं. २०५२ सम्म नेपाली राजनीतिमा देखिएका विकृति, कुसंस्कार एवम् घृणित खेलको यथार्थ चित्रण पाइन्छ । यस सङ्ग्रहमा बैसट्ठी ओटा लेखहरू सङ्गृहीत छन् । समसामयिक परिवेशमा लेखिएको यस सङ्ग्रहमा आत्मपरकता, व्याङ्ग्यात्मकता, यथार्थता, चिन्तनशीलता र वैचारिकताको प्रयोग पाइन्छ ।

## ५.२.५ अरालिएका स्वर (२०५९) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार महेश्वर शर्माको चौथो निबन्धसङ्ग्रह **अरालिएका स्वर** (२०५९) हो । यसमा अठार ओटा निबन्धहरू सङ्कलित छन् । यस सङ्ग्रहका निबन्धहरू दुई खण्डमा विभाजित छन् । खण्ड एकका निबन्धहरूमा - ‘समीक्षा र मूल्याङ्कन : एक दृष्टिकोण’, ‘लेखन प्रवृत्तिबारे सामान्य विवेचन’, ‘कथाका बारेमा केही कुरा’, ‘लेखन, प्रकाशन र पठनपाठनका समस्या’, ‘पृथ्वीनारायण शाह (एकाङ्की)’, ‘आमसञ्चारको भाषा’, ‘दक्षिण र वाम’, ‘यी थुकुवा र खोकुवाहरू’, ‘त्यो सम्झना अझै ताजै छ’ र ‘कहाँसम्म हेरिरहने यो भाषिक, सांस्कृतिक विजोग !’ रेहका छन् । त्यसैगरी खण्ड दुईका निबन्धहरूमा प्रश्रितको ‘मानव महाकाव्य : सरसरती हेर्दा’, ‘वी.पी. कोइरालाको ‘आत्मवृत्तान्त’ पढेपछि’, ‘जेल जर्नल’ सरसरती पढ्दा’,

'परराष्ट्रसम्बन्ध र राष्ट्रिय हितको प्रश्न', 'हाम्रो संस्कार/हाम्रो परम्परा/हाम्रो राजसंस्था' र 'हाम्रा पहिचान' रहेका छन् ।

**अरालिएका स्वर** (२०५९) निबन्धसङ्ग्रहमा विषयगत विविधता पाइन्छ । यस सङ्ग्रहका विषयवस्तुमा साहित्यिक, भाषिक, अध्यात्मिक, समालोचनात्मक र यथार्थ घटना रहेका छन् । यस निबन्धसङ्ग्रहका निबन्धकार भाषासाहित्यका ज्ञाता भएकाले उनका प्रस्तुत निबन्धहरूमा भाषासाहित्यिक विषयवस्तु नै मुख्य रहेको छ । नेपाली भाषा साहित्यको विकास र विस्तार, प्राचीन संस्कृत र अन्य भाषा हुँदै आएकाले यस निबन्धसङ्ग्रहमा नेपाली भाषा साहित्यको पृष्ठभूमिलाई खोतल्ने काम भएको छ । यस निबन्धसङ्ग्रह विशेष गरेर भाषासाहित्यिक अनुसन्धानामा केन्द्रित छ । यस सङ्ग्रहमा भाषासाहित्यसम्बन्धी विचारहरू प्रस्तुत गरिएका छन् । यस सङ्ग्रहमा साहित्यकार र समीक्षकधर्ममा हुनुपर्ने गुणहरूलाई केलाइएको छ । आजको आवश्यकता असल र सरल साहित्यको सिर्जना हो भन्ने मान्यता यस सङ्ग्रहमा पाइन्छ । यस सङ्ग्रहमा लीलालेखनका बारेमा चर्चा गरिएको छ । साहित्यमा अध्यात्मवादी चिन्तनको आवश्यकतालाई यस सङ्ग्रहका निबन्धमा जोड दिइएको छ । यिनका निबन्धमा नेपाल सरकार र लोकसेवा आयोगले गरेको नेपाली भाषाप्रतिको दुर्व्यवहारलाई देखाउँदै राष्ट्रभाषा सबैको साझा भएकाले नेपाली भाषालाई विश्वसामु चिनाउनु पर्नेमा जोड दिइएको छ । निबन्धमा नेपाली सरकारी सञ्चारमाध्यम र निजी सञ्चार माध्यमको बीच देखिएको भाषिक दुर्बलताहरूलाई देखाइएको छ । संस्कृत साहित्यमा यौनलाई शृङ्गार रसको रूपमा लिइएको र प्रस्तुतिगत शिल्पले अश्लीललाई श्लील बनाइदिएकालाई यस सङ्ग्रहका निबन्धमा प्रस्तुत गरिएको छ । हाम्रो साहित्यको शृङ्गारिक अभिव्यक्तिलाई अश्लील भन्नुभन्दा चमत्कारी अर्थ बुझाउने व्यञ्जनाको रूपमा लिनुपर्नेमा जोड दिइएको छ । यस सङ्ग्रहका निबन्धमा राष्ट्रवादी स्वर प्रस्तुत गर्दै नेपाली राज्यव्यवस्थाको विकृति र विसङ्गतिलाई उठाइएको छ । राष्ट्रिय एकता कायम हुनाको लागि राष्ट्रभाषा शुद्ध हुनुपर्नेमा जोड दिइएको छ । मानिसले आफू सुहाउँदो वेशभूषा अपनाउनु पर्ने वैचारिकता यस सङ्ग्रहका निबन्धमा पाइन्छ । निबन्धमा वर्गीय चिन्तनका साथै राणाकालीन शासन व्यवस्थाको चर्चा पाइन्छ । यस निबन्धसङ्ग्रहमा सस्कृत र अङ्ग्रेजी पाठशालाका बीचको विभेद र नेपाली भाषा व्याकरणसम्बन्धी विचार प्रस्तुत छ । भाषाको अर्थ र मर्म नबुझी भाषिक प्रयोग गरिएकामा यस सङ्ग्रहका निबन्धमा चिन्ता प्रस्तुत गरिएको छ । जस्तै - बुद्ध सेकुवा कर्नर, मनकामना म.म. सेन्टर (पृ.५६) । नेपाली सांस्कृतिक आक्रमणको चर्चा परिचर्चा यस सङ्ग्रहका निबन्धमा पाइन्छ । नेपाली भाषाको विचलन र अशुद्ध प्रयोगप्रति सरकार र विभिन्न सङ्घ संस्थाहरूको मौनतालाई यस निबन्धसङ्ग्रहमा दुःख प्रकट गरिएको छ ।

**अरालिएका स्वर** (२०५९) निबन्धसङ्ग्रहको खण्ड 'ख' अन्तर्गतका निबन्धमा समीक्षा र समालोचनालाई विषयवस्तु बनाइएको छ । यस खण्डका निबन्धमा मोदनाथ प्रश्रितको 'मानव' महाकाव्यको समीक्षा गरिएको छ भने बी.पी. कोइरालाको 'आत्मवृत्तान्त' र 'जेल जर्नल' को समालोचना गरिएको छ । यस खण्डमा नेपालको राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्बन्धबारे चर्चा गर्दै राष्ट्रिय स्वतन्त्रता र स्वाधीनताप्रतिको दृष्टिकोण प्रस्तुत गरिएको छ । नेपालको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थाप्रतिको चिन्तन यहाँ प्रस्तुत छ । नेपाली परम्परा र संस्कारको चर्चा गर्दै विश्वमा नेपाली पहिचान छुट्टै भएको चिन्तन यस सङ्ग्रहका निबन्धमा प्रस्तुत छ ।

**अरालिएका स्वर** (२०५९) निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । निबन्धकार संस्कृत भाषाका ज्ञाता भएकाले यस सङ्ग्रहमा संस्कृत भाषाका श्लोक र शब्दहरूको प्रयोग पाइन्छ । विभिन्न भाषाका अनुवादित भनाइहरूको प्रयोग यस सङ्ग्रहका

निबन्धमा पाइन्छ जस्तै : 'मान्छे सत्यको आडमा मात्रै बाँच्न सक्दैन, उसलाई असत्यको सहारा लिनैपर्छ । वास्तवमा सत्यमा अडिने भन्ने कुरा बहानामात्रै हो, बाँच्नका लागि सबैले असत्यकै बाटो खोजेका हुन्छन् , प्रत्येक व्यक्ति आशा र प्राप्तिको डोरीमा झुन्डिएको छ, सत्यको खोजी गर्न कोही चाहँदैन (पृ.११) । यस सङ्ग्रहमा हिन्दी शब्दको प्रयोग पनि पाइन्छ । यसङ्ग्रहका निबन्धमा स्थानीय भाषिकाको प्रयोग पनि पाइन्छ । जस्तै : लइन (पृ.५३) ........ ।

**अरालिएका स्वर** (२०५९) आत्मपरक निबन्धसङ्ग्रह हो । यस निबन्धसङ्ग्रहमा विभिन्न घटनाहरूलाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरिएको छ । यिनका निबन्धमा प्रश्नात्मक र रोचक शैलीको प्रयोग गरिएको छ ।

निबन्धकार महेश्वर शर्माको चौथो निबन्धसङ्ग्रह **अरालिएका स्वरहरू** (२०५९) हो । यसमा अठारओटा निबनधहरू सङ्कलित छन् । यो आत्मपरक निबन्धसङ्ग्रह हो । यस निबन्धसङ्ग्रहमा भाषा साहित्यिक विषयवस्तुको प्रधानता छ । समीक्षा र समालोचनात्मक विषयवस्तुलाई पनि समेटिएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धबारे चर्चा गरिएकाले यो राष्ट्रवादी स्वर बोकेको निबन्धसङ्ग्रह हो ।

## ५.२.६ निष्कर्ष

समग्रमा महेश्वर शर्मा उत्कृष्ट निबन्धकार हुन् । उनले तीन ओटा निबन्धसङ्ग्रह र एउटा लेखसङ्ग्रह प्रकाशित गरेका छन् । उनका केही निबन्ध लेखहरू प्रकाशोन्मुख रहेका छन् । उनका प्रकाशित निबन्धसङ्ग्रहमा **तर ..... तापनि** ..... (२०५१), **अस्तित्वको खोजीमा** (२०५३) र **अरालिएका स्वरहरू** (२०५९) हुन् । **वरं न राज्यं न कुराजराज्यम्** (२०५३), निबन्धकार शर्माको लेखसङ्ग्रह हो । आत्मपरक निबन्धलेखन निबन्धकार शर्माको विशेषता हो । यिनका निबन्धसङ्ग्रहमा विषयगत विविधता पाइन्छ । समसामयिक घटना र यथार्थ जीवनका घटनाहरूलाई टपक्क टिपेर निबन्धात्मक रूप दिन निबन्धकार महेश्वर शर्मा सफल छन् । विविध भाषाका ज्ञाता शर्माले भाषासाहित्य, समीक्षा र समालोचनाका बारेमा चिन्तन प्रस्तुत गरेका छन् । वैचारिक पक्ष निबन्धमा प्रस्तुत गर्न निबन्धकार शर्मा निकै खप्पिस देखिन्छन् । निबन्धकार शर्माका निबन्धमा समाज सुधारको सन्देश पाइन्छ । आदर्श चरित्रको निर्माण गर्दै हराउँदै गइरहेको मानवीय मूल्य र धार्मिक आस्था, मानवता, बन्धुत्व, सदाचार आदिको पुनर्स्थापना गर्नुपर्ने विचार निबन्धकार शर्मा व्यक्त गर्दछन् । विद्यमान विसङ्गति्हरूलाई व्यङ्ग्यात्मक रूपबाट प्रस्तुत गर्दै यथार्थको उद्घाटन गर्नु, समाजका विविध पक्षहरूको निरीक्षण गर्नु निबन्धकार शर्माको निबन्धात्मक प्रवृत्ति हो । निबन्धकार शर्माले अनुन्धानमूलक, वैचारिक निबन्धहरूको सिर्जना गरेका छन् । व्यङ्ग्यात्मकता, संस्मरणात्मकता, भाषामा सरलता, आञ्चलिकता, भाषिक प्रयोग उखानटुक्काको प्रयोग आदि शर्माका निबन्धहरूमा पाइन्छ ।

## ५.३ निबन्धकार भेषजराज शर्मा (१९८९)

### ५.३.१ पृष्ठभूमि

भेषजराज शर्माको जीवनकाल (१९८९-२०५९) हो । वि.सं. २०१२ मा **छात्रदूत** पत्रिकामा प्रकाशित **चार सौ बीस** निबन्धबाट शर्माको निबन्धयात्रा सुरु भएको हो ।[१२७] निबन्धकार भेषजराज शर्माका एघार ओटा निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । निबन्धकार शर्माका निबन्धहरू श्यामप्रसाद ढुङ्गानाको सम्पादकत्वमा पुस्तकाकारका रूपमा प्रकाशोन्मुख रहेको छ ।

### ५.३.२ भेषजराज शर्माका निबन्धहरूको अध्ययन

निबन्धकार भेषजराज शर्माले आफ्ना फुटकर निबन्धहरूलाई सङ्ग्रहका रूपमा प्रकाशित नगरे तापनि विभिन्न पत्रपत्रिकाहरूमा एघार ओटा निबन्धहरू प्रकाशित गरेका छन् । उनका निबन्धहरूमा - 'दोस्ती', 'गाली-एक समस्या र वास्तविकता', 'तुलसीको मठ', 'स्पुटनिक र विश्व राजनीति', 'सुँगुर', 'गोरु- अब सङ्घर्षको मैदानमा', 'आत्मज्ञानको रहस्य', 'बत्ती बाल्न लाग्दा', 'डुप्लिकेट', 'बुद्धिजीवी', 'पुरेतबाजेको सराप', नारद मुनिको वालिङ-यात्रा', रहेका छन् । निबन्धकार भेषजराज शर्माका निबन्धहरूमा विषयगत विविधता पाइन्छ । उनका निबन्धहरूमा हास्यव्यङ्ग्य, सामाजिक, राजनैतिक, वैज्ञानिक, आर्थिक, सांस्कृतिक, लैङ्गिक र वर्गीय चिन्तनलाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । निबन्धकार शर्माले हास्यवयङ्ग्यात्मक माध्यमबाट तत्कालीन समाजको परिवेश चित्रण गरेका छन् । उनका निबन्धमा ग्रामीण जनजीवनको यथार्थ चित्रण र ग्रामीण सामन्ती संस्कारको विरोध पाइन्छ । उनले आफ्ना निबन्धमा नेपाली समाज र व्यवहारलाई वर्गीय दृष्टिबाट प्रस्तुत गरेका छन् । भेषजराज शर्माका निबन्धमा वैचारिकताको प्रवलता पाइन्छ । भेषजराज शर्माले धार्मिक विषयवस्तुलाई व्यङ्यात्मक रूपमा प्रस्तुत गरेका छन् । वैज्ञानिक विषयवस्तुको प्रयोग उनका निबन्धमा छ । उनका निबन्धमा बिम्ब राजनीति र विश्व परिवेशको चित्रण पाइन्छ । भेषजराज शर्माका निबन्धमा विश्वसाम्राज्यवादको चर्को विरोध पाइन्छ । उनका निबन्धमा डार्बिनको विकासवादी सभ्यतालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । निबन्धकार भेषजराज शर्माका निबन्धमा नेपाली समाजमा प्रचलित वर्गीय द्वन्द्वको चित्रण पाइन्छ । भेषजराज शर्माका निबन्धमा विचारतत्त्वको प्रवलता पाइन्छ । जस्तै - "वास्तविक आत्मज्ञान त स्वयं आत्मानुभूति हो । त्यस्तो अनुभूति आत्मा र परमात्माको बीच विभेद सम्बन्ध स्थापित भएपछि जीवनमा परामात्मा एकाकार भएपछि मात्र हुनसक्छ" (आत्मज्ञानको रहस्य : ६४) । भेषजराज शर्माका निबन्धमा नेपाली समाजको विकृति र विसङ्गतिलाई टड्कारो रूपमा उठाइएको छ । उनका निबन्धमा 'नेपालले आफ्नो निर्णय आफै गर्न सक्नु पर्ने र परिनिर्भरतालाई हटाउनु पर्ने राष्ट्रवादी स्वर पाइन्छ । उनले आफ्ना निबन्धमा नेपाललाई विदेशी राष्ट्रहरूले पठाउने गरेको डुप्लिकेट सामानहरूप्रति खेद प्रकट गरेका छन् । निबन्धकार शर्माका निबन्धमा नेपालका नेता, सचिव, डाक्टर र अन्य पेशाकर्मीहरूको खराव आचरण, सामाजिक विकृति, विसङ्गति, असमानता, अन्याय-अत्याचार, शोषण-दमन, आदिको चर्को विरोध पाइन्छ । शर्माका निबन्धहरू दार्शनिक छन् । भेषजराज शर्माका निबन्धहरूमा

[१२७] श्यामप्रसाद ढुङ्गाना, **भेषजराज शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित शोधपत्र, (पृथ्वीनारायण क्याम्पस, पोखरा, २०६२), पृ.४५ ।

आत्मपरक शैलीको प्रयोग पाइन्छ । निबन्धकार शर्माले आफ्ना निबन्धमा व्यङ्ग्य, प्रश्नात्मक, कवितात्मक र कथात्मक शैलीको प्रयोग गरेका छन् ।

भेषजराज शर्माका निबन्धमा सरल र सहज नेपाली भाषाको प्रयोग पाइन्छ । उनका निबन्धमा व्यङ्ग्य भाषा, स्थानीय भाषिका, संस्कृतका श्लोक र शब्दहरूको प्रयोग पाइन्छ । निबन्धकार शर्माले बिम्बात्मक र प्रतीकात्मक भाषाको प्रयोग आफ्ना निबन्धमा गरेका छन् । जस्तैः गोरु, सुँगुर । भेषजराज शर्माका निबन्धमा नेपाली उखानटुक्काको प्रयोग गरिएको छ । जस्तै - 'ताक परे तिवारी नत्र गोतामे' (आत्म ज्ञानको रहस्य), उनका निबन्धमा अङ्ग्रेजी शब्दको प्रयोग पाइन्छ । जस्तै : हर्न, पेट्रोम्याक्स, मास्टर आदि । यसैगरी हिन्दी शब्दको प्रयोग पनि पाइन्छ । जस्तै : क्या बात, तेजे क्या बात (आत्म ज्ञानको रहस्य) ।

### ५.३.३ निष्कर्ष

समग्रमा निबन्धकार भेषजराज शर्मा उत्कृष्ट निबन्धकार हुन् । उनले चौध ओटा निबन्धहरू लेखेका छन् । उनका एघार ओटा निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । उनका निबन्धमा सामाजिक, राजनैतिक, आर्थिक, लैङ्गिक, वैज्ञानिक र समसामयिक परिवेशलाई निबन्धको विषयवस्तु बनाएका छन् । शर्माका निबन्धमा प्रतीकात्मकता, हाँस्यव्यङ्ग्यात्मकता र काव्यात्मकता पाइन्छ । भेषजराज शर्माका निबन्धहरूमा सामाजिक चिन्तनको प्रवलता देखिन्छ । उनी प्रगतिवादी निबन्धकार हुन् ।

## ५.४ निबन्धकार पीताम्बर शर्मा (१९८९)

### ५.४.१ पृष्ठभूमि

वि.सं. १९८९ मा स्याङ्जाको सेतीदोभानमा जन्मेका पीताम्बर शर्मा उत्कृष्ट निबन्धकार हुन् । उनले नेपाली साहित्यमा कविता र निबन्ध विधामा कलम चलाएका छन् । निबन्धकार पीताम्बर शर्माका निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । निबन्धकार शर्माको निबन्धसङ्ग्रह प्रकाशोन्मुख रहेको छ ।

### ५.४.२ पीताम्बर शर्माका निबन्धहरूको अध्ययन

निबन्धकार पीताम्बर शर्माले आफ्ना फुटकर निबन्धहरूलाई निबन्धसङ्ग्रहमा प्रकाशित नगरे पनि विभिन्न पत्रपत्रिकाहरूमा सात ओटा निबन्धहरू प्रकाशित छन् । उनका निबन्धहरूमा 'यहाँ के छैन', 'आँधीको सुस्केराहरू', 'जुत्ता', 'खोल', 'भऱ्याङ', 'म बाहुन हुन चाहन्न' र 'इज्जत' रहेका छन् ।

निबन्धकार पीताम्बर शर्माले विविध विषयवस्तुलाई सँगाली निबन्धको विषयवस्तु बनाएका छन् । उनका निबन्धहरू देशका समसामयिक घटनामा आधारित छन् । निबन्धकार शर्माले समाजमा घटित घटनाहरूलाई सत्य तथ्य रूपमा आफ्ना निबन्धमा प्रस्तुत गरेका छन् । निबन्धकार पीताम्बर शर्मा व्यङ्ग्य निबन्धकार हुन् । उनका निबन्धमा विचारतत्वको प्रवलता रहेको छ । राष्ट्रिय राजनीति र शासन व्यवस्था विकृति र विसङ्गतिलाई व्यङ्ग्यपारामा प्रस्तुत गरेका छन् । उनका निबन्धमा प्रजातन्त्र, समाजवाद, राष्ट्रियता र मानव अधिकारमा देखिएको विकृति र विसङ्गतिलाई व्यङ्ग्य प्रस्तुत गरेका छन् । शर्माका निबन्धमा नक्कली प्रजातन्त्र र राजनीति गर्नेहरू विरुद्ध खेद प्रकट गर्दै नेपालको राष्ट्रियताको रक्षा गर्नु

पर्ने सुधारवादी दृष्टिकोण पाइन्छ । उनका निबन्धमा नेपालमा विकसित छाडा संस्कृतिको विरोध पाइन्छ । उनले नेपाली शैक्षिक र प्राज्ञिक क्षेत्रको विकृतिलाई आफ्ना निबन्धमा व्यङ्ग्यपारामा प्रस्तुत गरेका छन् । निबन्धकार शर्माले भौगोलिक र आञ्चलिक विषयवस्तुमा पनि निबन्ध रचना गरेका छन् । शर्माका निबन्ध प्राकृतिक विषयवस्तुमा केन्द्रित छन् । उनका निबन्धमा नेपाली वनफडानी, वन्यजन्तु विनासलाई चिन्ता प्रकट गरिएको छ । शर्माका केही निबन्धमा राष्ट्रवादी स्वर पाइन्छ । उनका निबन्धमा नेपाली स्वनिर्भरताको ग्रहण र परनिर्भरताको अन्त्य गर्ने सुधारवादी स्वर प्रस्तुत भएको छ । निबन्धमा बहुदलीय जनवाद, प्रजातान्त्रिक समाजवाद र उदारवादको नारा बोकी देश खोक्रो पार्ने नेताहरू विरुद्ध खेद प्रकट भएको छ । पीताम्बर शर्माका निबन्धमा ग्रामीण वेशभूषाको चर्चा पाइन्छ । शर्माका निबन्धमा नेपाली जातिप्रथाको विरोध र महिला पुरुषप्रतिको असमान व्यवहारको विरोध पाइन्छ । पीताम्बर शर्माका निबन्धमा वर्गीय चिन्तन प्रस्तुत भएको छ । उनका निबन्धमा बलवानले निर्धालाई गर्ने जुत्ताको व्यवहारको विरोध पाइन्छ । उनको निबन्धमा गरिबको जीवन जुत्ता समाज भएको चर्चा पाइन्छ । उनका निबन्धमा मान्छेले प्रयोग गर्ने नक्कली खोललाई व्यङ्ग्यको रूपमा चर्चा गरिएको छ ।

आजका मान्छेले ओड्ने खोल जस्तै चोर, जाली, फटाहा, गुन्डा, राक्षसी, बलात्कारी र भष्ट्राचारलाई उनको निबन्धमा व्यङ्ग्यात्मक पाराले प्रस्तुत गरिएको छ । नक्कली क्रान्तिको खोल ओडी राजनीति गर्ने नेपाली नेताहरूप्रति उनका निबन्धमा व्यङ्ग्य पाइन्छ । उनका निबन्धमा नेपाली जनतालाई भऱ्याङ, बनाएर सत्तामा पुगी आफ्नो हालीमुहाली चलाउने नेपाली नेताहरूको विरोध पाइन्छ । पीताम्बर शर्माका निबन्धमा जातीय छुवाछुत प्रथाको विरोध पाइन्छ । उनका निबन्धमा सबै नेपालमा बस्ने जनताहरूको जात 'नेपाली' हो भन्ने वैचारिक चिन्तन पाइन्छ । आचरण सर्वोपरि हो जात होइन भन्ने दृष्टिकोण उनका निबन्धमा पाइन्छ । उनका निबन्धमा वेदको उद्भवको बारेमा चर्चा पाइन्छ । पीताम्बर शर्माका निबन्धमा 'इज्जत'का राम्रा र नराम्रा पक्षहरबारे चर्चा गरिएको छ । इज्जतकै लागि मानिसले पैसा खर्च गर्ने, इज्जतले नै धनी र गरिबको वर्ग छुट्ट्याउने साथै इज्जतले नै वर्गीय खाडल निर्माण गर्छ भन्ने चिन्तन शर्माका निबन्धमा पाइन्छ ।

निबन्धकार पीताम्बर शर्मा आत्मपरक निबन्धकार हुन् । आफ्ना जीवनका भोगाइहरू र वरपर देखिएका विविध विषयवस्तुहरूलाई व्यङ्ग्य शैलीको प्रयोग गर्दै आफ्ना निबन्धमा प्रस्तुत गरेका छन् । व्यङ्ग्य निबन्धकार पीताम्बर शर्माको प्रमुख विशेषता हो । उनका निबन्धमा प्रश्नात्मक, कथात्मक र प्रतीकात्मक शैलीको प्रयोग पाइन्छ ।

निबन्धकार पीताम्बर शर्माको निबन्धहरूमा सरल र सहज नेपाली भाषाको प्रयोग पाइन्छ । उनका निबन्धमा नेपाली उखानटुक्काको प्रयोग पाइन्छ । संस्कृत श्लोक र शब्दहरूको प्रयोग पनि पाइन्छ । उनका निबन्धमा अङ्ग्रेजी शब्दको प्रयोग पाइन्छ । उनले हिन्दी शब्दको प्रयोग पनि गरेका छन् । पीताम्बर शर्माका निबन्धहरूमा नेपाली तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ ।

### ५.४.३ निष्कर्ष

समग्रमा पीताम्बर शर्मा उत्कृष्ट निबन्धकार हुन् । विविध विषयवस्तुको प्रयोग उनका निबन्धमा पाइन्छ । विभिन्न पत्रपत्रिकाहरूमा उनका निबन्धहरू प्रकाशित छन् । आत्मपरकता र व्यङ्ग्यात्मकता निबन्धकार शर्माका मुख्य विशेषता हुन् । उनका निबन्धमा निजात्मक

शैलीको प्रयोग पाइन्छ । सरल र सहज नेपाली भाषाको प्रयोग उनका निबन्धमा पाइन्छ । शर्मा स्याङ्जाका निबन्धकारहरूमध्ये अग्रणी निबन्धकार हुन् ।

## ५.५ निबन्धकार देवीप्रसाद वनवासी (१९९७)

### ५.५.१ पृष्ठभूमि

वि.सं. १९९७ मा स्याङ्जाको वालिङ्मा जन्मेका देवीप्रसाद 'वनवासी' उत्कृष्ट निबन्धकार हुन् । निबन्धकार वनवासीले साहित्यका विविध विधामा कलम चलाएका छन् । निबन्धकार देवीप्रसाद वनवासीका वि.सं. २०६१ सम्ममा पाँच ओटा निबन्धसङ्ग्रहहरू प्रकाशित छन् । तिनीहरूमा **मुलकभित्रै भौँतारिदा** (२०४२), **आकृति र अनुभूति** (२०४४), **आँधीखोले लोकसंस्कृति** (२०५५), **सोल्टी** (२०५९) र **हरेलो** (२०६१) हुन् । उनका फुटकर निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । यहाँ उनका निबन्धात्मक कृतिहरूको अध्ययन गरिएको छ ।

### ५.५.२ मुलुकभित्रै भौँतारिंदा (२०४२) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार देवीप्रसाद वनवासीको पाहिलो निबन्धसङ्ग्रह **मुलकुभित्रै भौँतारिंदा** (२०४२) हो । यस निबन्धसङ्ग्रहमा सोर ओटा निबन्धहरू सङ्गृहीत छन् । तिनीहरूमा - 'आँधीखोले लोकगीतमा नारी विद्रोह', 'नेपाली सङ्गीतमा लोकगीतको प्रभाव', 'काठमाडौं एक पर्यवेक्षण', 'उज्यालोको खोजमा', 'केही अनुभूति वागलुङका', 'खुर्सानी मेरो अनुभवमा', 'रक्सी र म', 'मेरो कथाको भावभूमि जुम्ला', 'रोलमिचाइ : अन्तत उपक्रम', काठमाडौँबाट घर जाँदा', 'जुँधे संस्कृति', 'गुन्द्रुकको गरिमा', चमेलीसँग पीङ खेल्दा', 'राजा हेर्न जाँदा', 'हाम्रो राष्ट्रिय गायक गाइने' र 'मुलुकभित्र भौँतारिंदा' हुन् ।

यस निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरूमा विषयगत विविधता रहेका छन् । वनवासीले आफ्ना जीवनमा घटित घटनाहरूलाई निबन्धको विषयवस्तु बनाएका छन् । यस सङ्ग्रहका निबन्धमा लोकसंस्कृतिलाई पनि निबन्धको विषयवस्तु बनाएका छन् । नेपाली समाजमा केही समय पहिला प्रचलित संस्कारलाई  सङ्ग्रहका निबन्धमा चर्चा गरिएको छ । आँधीखोलाका नारीहरूले लोकगीतको माध्यमबाट तत्कालीन समयमा प्रचलित बहुविवाह, बालविवाह, अनमेलविवाह, विकृति,अमानवीय व्यवहार र विसङ्गतिको विरोध गरेको चर्चा उनका निबन्धमा गरिएको छ । नेपाली लोकगीत र लोककथालाई उच्च राष्ट्रिय महत्त्व दिई अन्तरीाष्ट्रिय जगतमा समेत चिनाउनुपर्ने चर्चा उनका निबन्धमा पाइन्छ । यस सङ्ग्रहका निबन्धमा नेपाली जातीय प्रथा, अन्धविश्वासी संस्कृति र नेपाली समाजको वर्ग विभेदको जानकारी दिइएको छ । यस सङ्ग्रहका निबन्धमा ग्रामीण बसाइँ र शहरिया बसाइँका तीतामीठा अनुभव प्रस्तुत गरिएको छ । उनका निबन्धमा काठमाडौँलाई मन्दिरैमन्दिरको सहर भनिए पनि बढ्दो प्रदूषण र फोहरले आक्रान्त पारेको बारेमा चर्चा गरिएको छ । यिनका निबन्धमा नेपाली समाजमा बढेको धनी गरिबका बीचको खाडलका बारेमा चिन्ता प्रकट गरिएको छ । यिनले नेपालको आर्थिक र सामाजिक परिवेशको चित्रण निबन्धमा गरेका छन् । प्राकृतिक प्रकोपका अगाडि सभ्यता र संस्कृतिले पनि घुँडा टेक्दोरहेछ भन्ने दृष्टिकोण यिनका निबन्धमा पाइन्छ । यस सङ्ग्रहका निबन्धमा वैचारिकताको अभिव्यक्ति दिँदै निबन्धकार भन्छन् - "मान्छेले मुखले समानता र स्वतन्त्रताको कुरा गर्दछन् । नयाँनयाँ दर्शन र सिद्धान्त छाँट्छन् तर व्यवहारमा पर्दा आँखा चिम्लिएर सामान्य मानवीय धरातलबाट पनि तल

ओर्लन्छन्" (उज्यालाको खोजमा, पृ.२०) । भौतिक सम्पन्नताको आधारमा मान्छेको योग्यता नाप्नु हुँदैन भन्ने चिन्तन यससङ्ग्रहका निबन्धमा पाइन्छ । यस सङ्ग्रहका निबन्धमा 'खुर्सानी' लाई प्रतीकका रूपमा प्रयोग गर्दै भनिएको छ -जसरी खुर्सानी खाने बित्तिकै च्वास्स पीरो हुन्छ त्यसैगरी नेपाली साहित्य पनि नेपाली जनमानसमा बिभ्ने हुनु पर्दछ भन्ने विचार प्रस्तुत गरिएको छ । यस सङ्ग्रहका निबन्धमा नेपाली वेशभूषाको चर्चा गरिएको छ । उनका निबन्धमा राणाकालीन शासन व्यवस्थाको पनि चर्चा पाइन्छ । आर्थिक विषमता र असमानताले हाम्रो समाजलाई झुपडीदेखि महलसम्म वर्गीकृत गर्ने कुरा यस सङ्ग्रहका निबन्धमा पाइन्छ । निबन्धकार देवीप्रसाद वनवासीले जीवनमा गरेका कतिपय यात्राको चर्चा पनि यस सङ्ग्रहका निबन्धमा गरेका छन् । प्राकृतिक कठोरताले गर्दा मानिस स्वभावतः कठोर दृढनिश्चयी र आफ्नो कुरामा पक्का हुन्छ र त्यही कठोरताले नै सांस्कृतिक विशिष्टतालाई जोगाइ राख्न सकिन्छ भन्ने चर्चा यस सङ्ग्रहका निबन्धमा  पाइन्छ । यस सङ्ग्रहका निबन्धमा आफ्नो कर्तव्य भुल्ने र रोल मिच्नेहरूका बारेमा चर्चा गरिएको छ । मानिसले अरूसँगको घनिष्टता समयअनुसार बढाउनुपर्छ भन्ने विचार निबन्धमा आएको छ । पाश्चात्य संस्कृति अस्ताएको संस्कृति र पूर्वीयसंस्कृति उदाएको संस्कृति भएको विचार उनका निबन्धमा पाइन्छ । यस सङ्ग्रहका निबन्धमा नेपाली समाजको वर्गविभेदलाई चर्चा गरिएको छ । साहित्य कला र संस्कृति दरिद्रहरूको खजाना बनेकामा यहाँका निबन्धमा चिन्ता प्रकट गरिएको छ ।

**मुलुकभित्रै भौतारिदा** (२०४२) आत्मपरक निबन्धसङ्ग्रह हो । जीवनका यथार्थ घटनाहरूलाई निबन्धकार वनवासीले यस सङ्ग्रहका निबन्धमा रोचक शैलीमा प्रस्तुत गरेका छन् । यस सङ्ग्रहका केही निबन्धहरू विवरणात्मक शैलीमा प्रस्तुत गरिएका छन् । विभिन्न घटनाहरूलाई विषयका केन्द्रीयता प्रस्तुत गरिएको छ । यस सङ्ग्रहका निबन्धमा कथात्मक र प्रश्नात्मक शैलीको प्रभाव पनि छ ।

**मुलुकभित्रै भौतारिदा** (२०४२) निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाका साथै नेपाली उखानटुक्काहरूको प्रयोग पाइन्छ । यस सङ्ग्रहका निबन्धहरू लोकलयका पाराले सजिसजाउ छन् । यस सङ्ग्रहका निबन्धमा केही अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग पाइन्छ । यस सङ्ग्रहका निबन्धमा केही कवितात्मक श्लोकको प्रयोग गरिएको छ । यस सङ्ग्रहमा केही हिन्दी शब्दहरूको प्रयोग पाइन्छ । जस्तैः आकाशवाणी, मनाही । यस सङ्ग्रहका निबन्धहरूमा स्थानीय भाषिकामा प्रयोग हुने शब्दहरू पनि पाइन्छन् । यस सङ्ग्रहका निबन्धमा प्राचीन नेपाली भाषाको प्रयोग पाइन्छ, जस्तै : 'मेरा साना दुषले आर्ज्याले मुलुक होइन' । यस निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोगका साथै तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ ।

निबन्धकार देवीप्रसाद वनवासीको पहिलो निबन्धसङ्ग्रह, **मुलुकभित्र भौँतारिदा** (२०४२) हो । यस सङ्ग्रहमा सोर ओटा निबन्धहरू सङ्कलित छन् । यस निबन्धसङ्ग्रहमा विषयगत विविधता पाइन्छ । यो आत्मपरक निबन्धसङ्ग्रह हो । यो उत्कृष्ट निबन्धसङ्ग्रह हो । मुलुकभित्रै भौँतारिंदा निबन्धसङ्ग्रहका विवेचनाका सन्दर्भमा यसै सङ्ग्रहमा 'दुई शब्द' शीर्षकमा शिवप्रसाद सत्याल 'पीठ' लेख्छन् - "वनवासी गद्यका अनेक विशेषता छन् । विषयवस्तुको चयन जीवनका साधारण अनुभूतिबाट गर्ने विशेष सामर्थ्य उनका रचनाबाट झल्किन्छ ।"[१२८]

[१२८] शिवप्रसाद सत्याल 'पीठ' (दुई शब्द) **मुलुकभित्रै भौतारिँदा,** , (स्याङ्जा : श्रीमती सुमित्रा रेग्मी, २०४२) , पृ. ८२ ।

### ५.५.३ आँधीखोले लोकसंस्कृति (२०५५) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार देवीप्रसाद वनवासीको तेस्रो निबन्धसङ्ग्रह **आँधीखोले लोकसंस्कृति** (२०५५) हो । यस सङ्ग्रहमा अठार ओटा गद्यलेखोटहरू सङ्कलित छन् । तिनीहरूमा - 'आँधीखोले लोकसंस्कृति', 'आँधीखोले केही बाललोकगीत -१', 'आँधीखोले केही बाललोकगीत -२', 'आँधीखोले केही पुराना लोकगीतहरू', 'आँधीखोले भजन, चुड्का र ख्याली', 'आँधीखोले समाजमा हरिनाम संकीर्तन', 'हलसारोदेखि मैजार सम्म', 'आँधीखोले उखानटुक्का', 'लोकोक्ति र गाउँदिने कथाहरू', 'घ्याङलिङको थुम्काबाट', 'आँधीखोलाको एक झलक', 'जीवनको यात्रा : ज्ञानको खोज' 'समाजसेवी 'सरदार भीमबहादुर पाँडे', 'डा. डिल्लीरमण रेग्मी : असहमत राजनीतिज्ञ', 'विधवा विवाह र बिजुली पंडित', 'कथा-कथ्यौरी एक, उपकथा अनेक', 'नेपाल बालसाहित्य समाज ... ।', 'चारकोट कि स्याङ्जा ?' र 'लोक संस्कृतिका गोरेटामा : चारदशक' हुन् ।

**आँधीखोले लोकसंस्कृति** (२०५५) निबन्धसङ्ग्रहमा विभिन्न विषय रहेका छन् । नेपाली लोकसंस्कृतकिो चर्चा साथै विविध विधाहरूको चर्चा यस सङ्ग्रहमा छ । जातजाति, भाषा, रीतिरिवाज, आहारविहार, वेशभूषा, चाडपर्व, मेला, जात्राहरू विशुद्ध नेपाली र हिन्दू संस्कृति सङ्घोलित भई एउटै आँधीखोले लोकसंस्कृतिमा समाहित हुन पुगेका छन् भन्ने चर्चा यस सङ्ग्रहका निबन्धमा छ । आजको आँधीखोले लोकसंस्कृति इस्लाम र अन्य धर्मालम्बीहरूको पनि साझा लोकसंस्कृति बनेको चर्चा यस सङ्ग्रहका निबन्धमा गरिएको छ । आँधीखोला क्षेत्रको ऐतिहासिक र पौराणिक विषयवस्तुको (श्रवणकुमार) चर्चा गरिएको छ । यस सङ्ग्रहमा बाललोकगीत, गाउँखाने कथा, उखानटुक्का र लोकोक्तिहरूको बारेमा चर्चा गरिएको छ । लोकगीतमार्फत् ग्रामीण जीवनको यथार्थ, सांस्कृतिक र धार्मिक जीवनको यथार्थतालाई प्रस्तुत गरिएको छ । समसामयिक, राजनीतिक, सामाजिक, आर्थिक स्थितिको झलक र वनवासीका जीवनका भोगाइहरू यस सङ्ग्रहमा प्रस्तुत गरिएको छ । लोकसंस्कृति किसानहरूको संस्कृति हो र लोकसंस्कृति सभ्यताको विकास, साहित्य, धर्म, भाषा र कलाको बियाड हो भन्ने चर्चा यहाँका निबन्धमा पाइन्छ । नेपालका वरिष्ठ विद्वान्हरूले आफ्नो रचनालाई वास्ता नगरेको र स्याङ्जाको नाम चारकोट राख्नुपर्ने विचार यहाँ प्रस्तुत गरिएको छ ।

**आँधीखोले लोकसंस्कृति** (२०५५) आत्मपरक निबन्धसङ्ग्रह हो । लोकसाहित्यिक विषयवस्तु र आफ्ना जीवनका भोगाइहरूलाई यस सङ्ग्रहमा कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । निबन्धहरूको भाषा सरल, सहज र उत्कृष्ट हुनाका साथै अङ्ग्रेजी भाषाका केही आगन्तुक शब्दहरू, संस्कृत भाषाका श्लोक र शब्दहरूको प्रयोग यस सङ्ग्रहका निबन्धमा छ । लोकोक्तिहरूको प्रयोग र सामान्य बोलीचाली भाषाको प्रयोग पनि यहाँ छ ।

**आँधीखोले लोकसंस्कृति** (२०५५) निबन्धकार वनवासीको तेस्रो निबन्धसङ्ग्रह हो । यसमा अठार ओटा निबन्धहरू सङ्गृहीत छन् । लोकसाहित्यिक र आफ्ना जीवनका भोगाइहरू साथै यात्रासंस्मरणलाई निबन्धकार वनवासीले निबन्धका विषयवस्तु बनाएका छन् । यो निजात्मक निबन्धसङ्ग्रह हो । यस सङ्ग्रहमा सरल, सहज, नेपाली भाषाका साथै तत्सम् तदभव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ ।

### ५.५.४ सोल्टी (२०५९) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार देवीप्रसाद वनवासीको चौथो निबन्धसङ्ग्रह **सोल्टी** (२०५९) हो । यस सङ्ग्रहमा सैंतीस ओटा निबन्धहरू सङ्गृहीत छन् । तिनीहरूमा - 'जनता, लेखक र साहित्य', 'संस्कृत र नयाँ शिक्षा पद्धति', 'नेपाली पत्रकारितामा मौलिक चिन्तनको अभाव', 'भाषा र साहित्यका कुरा', 'श्रद्धाको रंग', 'गाँठी कुरो', 'घरपट्टि थरिथरिका', 'चटारो र लठारो', 'हाकिम र रक्सी', 'कुमुद देवकोटा : मेरा स्मृतिमा', 'वियोगीलाई चिठी', 'साली र भिनाजु : एक उखान अनेक बखान', 'आमाको सम्झना', 'मेरो पोखरा : जय पोखरा', 'खालीखुट्टा नेपाल खोज्दै जाँदा', 'गाम सहरमा लमजुङ दरबार', 'युगभाषातिर भौंतारिदा', 'स्याङ्जाको उचाइ एक प्रतिक्रिया', 'बालसाहित्य : मेरो साधना-मेरा अवधारणा', 'सोल्टी', '.....पाल्पाली पँधेरो', 'काठमाडौंदेखि जुम्लासम्म', 'संस्कृति विभागको काम के ?', 'उद्देश्यविहीन नाटक स्वास्नीमान्छे', 'गोरे घर्तीको सवाई-एक चिनारी', 'रूप-रेखा र वाङमय', 'त्यस बखतको नेपाल - एक सिंहावलोकन', 'आमा नरोऊ अब', 'वासुदेव चलचित्र - मेरा दृष्टिमा', 'जीवनका प्रत्येक घडिमा अभिधर्मको उपयोग', 'जयप्रसादलाई पत्र', 'धोती न टोपीको उधारो बखान', 'शोधपत्र : औचित्य र अभिप्राय', 'रेग्मी वंशवृक्षको रानाखोले हाँगो', 'पत्रपत्रिकामा प्रकाशित सामग्रीहरूको सूची' र 'अनमउनी (थपुवा) हुन् ।

**सोल्टी** (२०५९) निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरूमा विषयगत विविधता रहेका छन् । यसमा साहित्य, सांस्कृतिक, सस्मरणात्मक, पारिवारिक, प्राकृतिक, राजनीतिक, भौगोलिक, धार्मिक, समालोचनात्मक र समसामयिक विषयवस्तु रहेका छन् । साहित्य जीवनका निम्ति भएकाले साहित्यकारले साहित्यको रचना गर्दा राष्ट्रिय जनजीवनतिर हेरेर लेख्नुपर्छ भन्ने दृष्टिकोण यस सङ्ग्रहका निबन्धमा पाइन्छ । वर्तमानका साहित्यकारमा रहेको पुरानो सामन्ती मनोवृत्ति नहटिसकेकाले त्यसलाई हटाउनु आजको आवश्यकता भएको विचार निबन्धमा पाइन्छ । वनवासीका निबन्धमा लेखकीय धर्मका बारेमा चर्चा गर्दै जनता आफ्नो खुट्टामा उभिएर बाँच्दछन् तर लेखक जनताको भरमा मात्र बाँच्छ सक्ने विचार प्रस्तुत गरिएको छ । देवीप्रसाद वनवासी आफ्ना निबन्धमा साहित्यको परिभाषा यसरी दिन्छन् - "जनता गुलावको बोट, लेखक त्यसको फूल र साहित्य त्यसको सुवास हो" (जनता, लेखक र साहित्य : ४) । निबन्धमा वर्तमान समयको शैक्षिक आवश्यकताको चर्चा गर्दै आजको आवश्यकता संस्कृत शिक्षा नभई समयानुसार प्राविधिक शिक्षा रहेको चिन्तन व्यक्त गरिएको छ । नेपाली पत्रकारले नेपाली पाठकका निम्ति पाठ्यसामग्री तयार गरी मौलिक चिन्तन र नेपालीपन झल्काउनु पर्ने र नेपाली भाषासाहित्यको विकासमा जोड दिनुपर्ने विचार यस सङ्ग्रहमा छ । अधिकांश निबन्धहरू निबन्धकारका जीवन भोगाइसँगै सम्बन्धित रहेका छन् । यिनका निबन्धमा सामाजिक भेदभाव र धनीगरिबको बीचमा हुने व्यवहारको चित्रण पाइन्छ । कार्यालयका हाकिमले तल्ला कर्मचारीसँग गर्ने व्यवहारको यहाँ प्रस्तुत छ । यिनका निबन्धमा मित्र कुमुद देवकोटाप्रतिको आत्मीयता प्रकट गरिएको छ । नेपाली शिक्षणसंस्थाहरूले मोती जयन्तीप्रति कर्तव्य पूरा नगरेकामा यस सङ्ग्रहका निबन्धमा दुःख प्रकट गरिएको छ । महिलालाई पुरुषसरह समान अधिकार दिनुपर्ने नारीवादी चिन्तन पनि उनको निबन्धमा पाइन्छ । नेपालको प्राकृतिक सौन्दर्यको चर्चा र जय नेपाल शब्दले नेपाल राष्ट्रको राष्ट्रियता बोकेको तर यसको प्रयोगमा सङ्कुचित भएकाले त्यसप्रति सजग रहन आह्वान गरिएको छ । यस सङ्ग्रहमा नेपाली समाज, संस्कार, रीतिरिवाज, चाडपर्व र धर्म आदिका बारेमा चर्चा गरिएको छ । यस निबन्धसङ्ग्रहमा निबन्धकार वनवासीले गरेका यात्रानुभूति र नेपालका विविध ठाउँका भ्रमणहरू साथै ती ठाउँहरूका ऐतिहासिक पक्षहरूको चर्चा पाइन्छ । स्याङ्जाको पहिलो साहित्यिक पत्रिका **युगभाषा**का बारेमा यिनका निबन्धमा

चर्चा गरिएको छ । सङ्ग्रहका निबन्धमा नेपालको संस्कृति विभागको गैर जिम्मेवारीप्रति खेद प्रकट गरिएको छ । **स्वास्नीमान्छे** नाटकको समालोचना र **गोरे घर्तीको सवाई**को परिचय पनि यस सङ्ग्रहमा छ । यिनका निबन्धमा **रूपरेखा** पत्रिकाको वाङमय विशेषाङ्कको आलोचना गरिएको छ । यस निबन्धसङ्ग्रहमा सरदार भिमबहादुर पाँडेको **त्यसबेलाको नेपाल** पुस्तकको वर्णन, कवि कृष्णप्रसाद बास्तोलाको **आमा नरोऊ अब** कवितासङ्ग्रहको समीक्षा र **वासुदेव** चलचित्रको सिंवहालोकन गरिएको छ । उनका निबन्धमा स्नातकोत्तर शोधपत्र प्राज्ञिक दस्तावेज भएकाले त्यो सत्य, यथार्थ, त्रुटिरहित, विवादरहित र वस्तुगत तथ्यमा आधारित हुनुपर्ने चिन्तन प्रस्तुत गरिएको छ ।

**सोल्टी** (२०५९) आत्मपरक निबन्धसङ्ग्रह हो । यस निबन्धसङ्ग्रहमा निजात्मक अनुभूतिहरू प्रस्तुत गरिएका छन् । यस सङ्ग्रहका निबन्धमा प्रश्नात्मक, व्यङ्ग्यात्मक, आलोचनात्मक, संस्मरणात्मक, कथात्मक र वर्णनात्मक शैलीको प्रयोग पाइन्छ ।

**सोल्टी** (२०५९) निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाका साथै अङ्ग्रेजी आगन्तुक शब्द र स्थानीय भाषिकाको प्रयोग पनि पाइन्छ । कवितात्मक भाषालय तथा लोकगीतका लयहरूले यस सङ्ग्रहका निबन्धहरू निकै रोचक छन् । संस्कृत भाषाका श्लोक, शब्द, हिन्दी, नेवारी शब्द, र नेपाली उखानटुक्का प्रयोग यस सङ्ग्रहमा पाइन्छ ।

**सोल्टी** (२०५९) निबन्धकार देवीप्रसाद वनवासीको चौथो निबन्धसङ्ग्रह हो । यसमा सैंतीस ओटा निबन्धहरू सङ्कलित छन् । विषयगत विविधता यस सङ्ग्रहको विशेषता हो । **सोल्टी** आत्मपरक निबन्धसङ्ग्रह हो । सरल सहज नेपाली भाषाको प्रयोग यस सङ्ग्रहमा गरिएको छ ।

### ५.५.५ हरेलो (२०६१) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार देवीप्रसाद वनवासीको पाँचौ निबन्धसङ्ग्रह **हरेलो** (२०६१) हो । यस निबन्धसङ्ग्रहमा चौध ओटा निबन्धहरू सङ्गृहीत छन् । तिनीहरू - 'चेतनाको चिन्ता', 'पं. मोदिनीप्रसाद अर्याल र उनको पिँढी पाठशाला', 'योगी नरहरिनाथ : हिन्दूसंस्कृतिका शताब्दी पुरुष', 'सम्झना असल मान्छेको, शब्दसुमन श्रद्धाको', 'सुन्दरीजलदेखि चावेलसम्म', 'विश्वेश्वरप्रसाद कोइरालाका दृष्टिमा गणेशमान सिंह', 'गणेशमान सिंह : काठमाडौँको परिवेशमा', 'मसाने, भिमबहादुर पाँडे र उनको स्याउले दरबार', 'घरको काम न खोप्राको काम', 'भेषजराज शर्मा : सम्झनाका गोरेटामा', 'मोदनाथ प्रश्रित : मानवदेखि रुसी तीन दिने नाटकसम्म' र 'हरेलो' हुन् ।

**हरेलो** (२०६१) निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धहरूमा विषयगत विविधता रहेका छन् । यस सङ्ग्रहका निबन्धहरूमा ज्ञान, विज्ञान, इतिहास, भूगोल, राजनीतिक, व्यक्तित्व परिचय, समीक्षा, समालोचना, धर्म र संस्कृतिलाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । वर्तमान विश्वमा विकसित अस्त्रशस्त्र, शक्ति र सम्पत्तिभन्दा चेतना ठूलो हो भन्ने चिन्तन यहाँ पाइन्छ । नेपाल राज्यको एकीकरण, पृथ्वीनारायण शाहको योगदान र चार वर्ण छत्तीस जातको साझा फूलवारी भनेर पृथ्वीनारायण शाहकै पालामा घोषित गरिए तापनि अझै त्यसअनुसार व्यवहार हुन नसकेको बारेमा यस सङ्ग्रहका निबन्धमा चर्चा गरिएको छ । नेपालका केही ठाउँहरूको भौगोलिक परिचय प्रस्तुत गर्दै शिक्षाको विकासका सन्दर्भमा पण्डित मेदिनीप्रसाद अर्याल र उनको पिँढी पाठशालाको योगदानको चर्चा यस सङ्ग्रहको निबन्धमा पाइन्छ । योगी नरहरिनाथको जीवनी, साहित्यिक योगदान र साहित्यकार तथा राजनीतिज्ञ

विश्वेश्वरप्रसाद कोइरालाको जीवनसङ्घर्ष तथा साहित्यिक तथा राजनीतिक योगदानको चर्चा यस निबन्धसङ्ग्रहमा गरिएको छ । सङ्ग्रहमा प्रजातन्त्रका सेनानी सर्वोच्च नेता गणेशमान सिंहको व्यक्तित्व, योगदान र उनी काठमाडौँको परिवेशमा रहदा भोगेका तीतामीठा कुराहरूको चर्चा पनि यस सङ्ग्रहमा छ । गायक चन्द्रबहादुर सेन 'मसाने'को कलाकारिताको चर्चा र समाजसेवी सरदार भीमबहादुर पाँडेको जीवनी व्यक्तित्वका साथै व्यवहारको चर्चा यस सङ्ग्रहका निबन्धमा पाइन्छ । साहित्यकार भेषजराज शर्माको साहित्यिक योगदान र साहित्यकार मोदनाथ प्रश्रितको विविध व्यक्तित्वको चर्चा पनि यहाँ पाइन्छ । प्रस्तुत सङ्ग्रहमा धार्मिक, लौकिक र सांस्कृतिक विषयवस्तुहरू पनि प्रस्तुत छन् । नेपाली समाजमा प्रचलित 'हरेलो'को किम्बदन्ती र नेपाली समाजमा विकसित 'हरेलो' गर्ने संस्कृतिको चर्चा र हरेलोका सकारात्मक र नकारात्मक पक्षका विवेचना पनि यिनका निबन्धमा गरिएको छ ।

**हरेलो** (२०६१) आत्मपरक निबन्धसङ्ग्रह हो । यस निबन्धसङ्ग्रहमा निजात्मक, वर्णनात्मक र संस्मरणात्मक शैलीको प्रयोग गरिएको छ । यस निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाका साथै तत्सम, तद्भव र आगन्तुक नेपाली शब्दहरूको प्रयोग पाइन्छ । संस्कृत भाषाका शब्द, श्लोक, स्थानीय भाषिकाको प्रयोग पाइन्छ । यस सङ्ग्रहमा राणाकालीन कानुनी शब्दको प्रयोग पनि यहाँ पाइन्छ । यस सङ्ग्रहमा हिन्दी भाषाको उखान प्रयोग गरिएको छ । यस निबन्धसङ्ग्रहमा गीतिलयको प्रयोग, नेपाली भाषाका उखानटुक्का र लोकोक्तिको प्रयोग पाइन्छ ।

**हरेलो** (२०६१) निबन्धसङ्ग्रह निबन्धकार देवीप्रसाद वनवासीको पाँचौं निबन्धसङ्ग्रह हो । यसमा चौध ओटा निबन्धहरू सङ्कलित छन् । विषयगत विविधता यस सङ्ग्रहको विशेषता हो । यो आत्मपरक निबन्धसङ्ग्रह हो । यस सङ्ग्रहमा निजात्मक, वर्णनात्मक र संस्मरणात्मक शैलीको प्रयोग गरिएको छ । सरल नेपाली भाषाका साथै तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग यहाँ छ ।

## ५.५.६ निष्कर्ष

समग्रमा देवीप्रसाद वनवासी उत्कृष्ट निबन्धकार हुन् । स्याङ्जाको शंकरेडाँडामा वि.सं. १९९७ मा जन्मेर नेपाली साहित्यको विविध विधामा उत्कृष्टता हाँसिल गरेका वनवासीले २०६३ सालसम्ममा पाँच ओटा निबन्धसङ्ग्रहहरू (गद्यलेखोटहरू) प्रकाशित गरेका छन् । तिनीहरू - **मुलुक भित्रै भौंतारिंदा** (२०४२), **आकृति र अनुभूति** (२०४४), **आँधीखोले लोकसंस्कृति** (२०५५), **सोल्टी** (२०५९) र **हरेलो** (२०६१) हुन् । यिनका निबन्धमा आत्मपरकता, यथार्थता, कलात्मकता, वैचारिकता र चिन्तनशीलता आदि प्रवृत्तिहरू भेटिन्छन् । निबन्धकार वनवासी समसामयिक परिवेश र यथार्थ जीवनका भोगाइहरूलाई आफ्ना निबन्धहरूमा प्रस्तुत गर्दछन् । लोकसाहित्यिक, सामाजिक, सांस्कृतिक, धार्मिक, वैचारिक, चिन्तनशील र यथार्थ विषयवस्तुको चित्रण उनका निबन्धहरूमा पाइन्छ । निबन्धकार वनवासी परिमाणगत दृष्टिले स्याङ्जाली निबन्धकारहरूमा अग्रणी व्यक्तित्व हुन् । उनका निबन्धहरूमा सरल नेपाली भाषाको प्रयोग पाइन्छ । उनी आत्मपरक निबन्धकार हुन् ।

## ५.६ निबन्धकार विश्वप्रेम अधिकारी (२००३)

### ५.६.१ पृष्ठभूमि

वि.सं. २००३ मा स्याङ्जाको राङखोलामा जन्मेका विश्वप्रेम अधिकारी उत्कृष्ट निबन्धकार हुन् । यिनले निबन्धका साथसाथै कविता, लोकसाहित्य र समीक्षामा कलम चलाएका छन् । निबन्धकार विश्वप्रेम अधिकारीले निबन्धसङ्ग्रह नभने पनि निबन्धात्मक प्रवृत्तिका आधारमा तीन ओटा सङ्ग्रहहरूलाई निबन्धसङ्ग्रहका रूपमा लिन सकिन्छ । ती निबन्धसङ्ग्रहहरू - **आँधीखोले लोकसंस्कृति र लोकगीत** (२०५७), **पश्चिमाञ्चलका लोकगीत र परम्परा** (२०५८) र **आँधीखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण** (२०५९) हुन् । यहाँ उनका निबन्धात्मक कृतिहरूको अध्ययन गरिएको छ ।

### ५.६.२ आँधीखोले लोकसंस्कृति र लोकगीत (२०५७) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार विश्वप्रेम अधिकारीको पहिलो निबन्धसङ्ग्रह **आँधीखोले लोकसंस्कृति र लोकगीत** (२०५७) हो । यस सङ्ग्रहमा बीस ओटा लोकसाहित्यिक निबन्धहरू सङ्गृहीत छन् । तिनीहरू - 'आँधीखोले संस्कृति', 'लोकगीत र गायकहरू', 'आँधीखोले लोकपरम्परामा रत्यौली उत्सव', 'आँधीखोले परम्परामा बालजगत', 'आँधीखोले लोकोक्ति र रमाइला प्रयोगहरू', 'ढिकी - झाँताको काम' र 'सङ्गिनी गीतको प्रसङ्ग', 'आँधीखोले लोक परम्परामा तिहार', 'आँधीखोले संस्कृति परम्परामा गैइ पूजा', 'हाम्रो सांस्कृतिक परम्परामा "माहल" गीत', 'साउने सक्रान्ति वा राँके संस्कृति', 'आँधीखोले परम्परामा "हरेलो"', 'बाजेबज्यै र सोरठी गीत', 'स्याङ्जाका चार ठकुराई र प्रसिद्ध शक्तिपीठहरू', 'विहेमा हुने सिलोक-जुहारी', 'आँधीखोले परम्परा खलोपूजा र दाइँगीत', 'आँधीखोले परम्परामा जाबी, थैली, बास्सा र बौँचो', 'लोकविश्वासका अन्य प्रसङ्गहरू', 'जनविश्वास र भूतको प्रसङ्ग', 'सद्मी छर्ने परम्परा र राम्दीघाट', 'हाम्रो सांस्कृतिक परम्परामा तीज पर्व' र 'परिशिष्ट' हुन् । परिशिष्ट खण्डअन्तर्गत परिशिष्ट एकमा 'छोरीलाई अंश र हाम्रो संस्कृति', परिशिष्ट दुईमा 'शाहवंशीय राजाको प्रागभूमि : स्याङ्जा', परिशिष्ट तीनमा 'केही अन्य प्रसङ्ग', परिशिष्ट चारमा 'केही आँधीखोले लोकगीतहरू' रहेका छन् ।

**आँधीखोले लोकसंस्कृति र लोकगीत** (२०५७) निबन्धसङ्ग्रहमा लोकसाहित्यिक विषयवस्तुको प्रयोग छ । नेपाली समाज विशेष गरेर आँधीखोला क्षेत्रमा प्रचलित लोकगीतहरू, लोककथाहरू र विभिन्न संस्कारहरूको चर्चा यस सङ्ग्रहमा गरिएको छ । वैचारिकतामा केन्द्रित यस सङ्ग्रहका निबन्धहरूमा दरिद्रता र शोषणबाट अलग हुनु मुक्ति हो भन्ने चिन्तन प्रस्तुत छ । नेपालको पश्चिमाञ्चल भेगका ग्रामीण क्षेत्रमा प्रचलित संस्कृतिहरूको चर्चा यहाँका निबन्धमा छ । सांस्कृतिक सम्पत्तिको प्रयोग र उपयोग जति गऱ्यो उति फस्टाउने विचार यहाँ पाइन्छ । नेपाली संस्कृतिको ऐतिहासिक पृष्ठभूमि र लोकसाहित्यिक विधा मानिने बालुन, सोरठी र घाँटुको चर्चा यस सङ्ग्रहमा छ । आँधीखोला क्षेत्रको मैदानमा विकसित आर्थिक, धार्मिक र सांस्कृतिक महत्त्वलाई यहाँ उरालिएको छ । आँधीखोलो तनहुँ, लम्जुङ, कास्की, म्याग्दी, बाग्लुङ र पर्वतको निकासद्वार भएकाले यो क्षेत्र गीतसङ्गीतको सङ्गम थलो भएको विचार यस सङ्ग्रहमा प्रस्तुत छ । आँधीखोलामा गाइने लोकगीतका विभिन्न भाकाहरू यस सङ्ग्रहमा पाइन्छ । नेपालको प्राकृतिक सौन्दर्यको चर्चा र आँधीखोला क्षेत्रमा लोकगीत गाउने लोकगायकहरूको परिचय यस सङ्ग्रहमा छ । विवाहमा खेलिने रत्यौली जसले सामाजिक विकृतिका विरुद्ध जेहाद छेड्ने थलाको काम गर्ने विचार यहाँ प्रस्तुत छ । नेपाली

संस्कृतिको संरक्षण बेलैमा गर्नुपर्ने चिन्तन यिनका निबन्धमा पाइन्छ । बालसाहित्यिक विषयवस्तुको चर्चा पनि निबन्धमा छ । राज्यको एकीकरण गर्ने र भाषाको एकीकरण गर्ने व्यक्तित्व बीचको भेदभावलाई यस सङ्ग्रहमा उठाइएको छ । पुरुष र महिलाले गर्ने कार्य प्रकृतिले छुट्ट्याएकाले आआफ्नो कर्तव्य सबैले पालना गर्नाका साथै महिलाहरू पुरुषबाट नभई महिलाहरूबाट बढी हेपिएको विचार यस सङ्ग्रहमा प्रस्तुत छ । नेपालमा प्रचिलत विभिन्न चाडपर्वहरू र मागल गीत, सोरठी गीतको चर्चा पाइन्छ । राज्यका तर्फबाट संस्कृति विश्वविद्यालय वा कला मन्दिरको स्थापना गरी नेपाली कला र संस्कृतिको रक्षा गर्नु पर्ने विचार यहाँ व्यक्त भएको छ । स्याङ्जाका चार ठकुराइहरू -नुवाकोट, सतौँकोट, भिरकोट, गह्रौँकोट र शक्तिपीठहरू -मनकामना, दहरे देउराली, गह्रौँकोटको चर्चा यस सङ्ग्रहमा छ । निबन्धमा प्राचीन खानपान, रहनसहन, विवाहप्रथा र संस्कृतिको जानकारी पाइन्छ । नेपाल राज्यमा एउटै परम्परा नभएकाले पाठ्यक्रम निर्माण गर्नेहरूले नेपाली संस्कृतिको बारेमा लेख्दा पूर्व र पश्चिम, पहाड र तराईका परम्परा उल्लेख गर्नुपर्ने विचार यस सङ्ग्रहमा पाइन्छ । आँधीखोले परम्परामा पाइने जाबी (जालको झोला), थैली, बास्सा (सुर्ती हाल्ने भाँडो) र बौँचो (बासाकै विकसित रूप जसलाई महिलाहरूले ऐना, काइँयो राख्ने गर्दछन्) आदि परम्पराको चर्चा यस सङ्ग्रहका निबन्धमा छ ।

**आँधीखोले लोकसंस्कृति र लोकगीत** (२०५७) निबन्धसङ्ग्रहको परिशिष्ट भागमा वैचारिक विषयवस्तुमा केन्द्रित निबन्धहरू रहेका छन् । छोरीलाई अंश होइन सक्षम शिक्षादीक्षा दिनुपर्ने र छोराछोरी बराबरी भएको चिन्तन यहाँ प्रस्तुत छ । नारीसम्बन्धी हाम्रो समाजमा प्रचलित परम्परागत मान्यता, विभेद होइन सदासय हो, सद्भाव हो, स्वभावैले नारीहरू सुकोमल हुन्छन्, विशेषगरेर शारीरिक सुकोमलताका कारण उक्त परम्पराको थालनी भएको विचार यस सङ्ग्रहका निबन्धकारको छ ।

**आँधीखोले लोकसंस्कृति र लोकगीत** (२०५७) आत्मपरक निबन्धसङ्ग्रह हो । यसमा नेपाली समाजमा प्रचलित संस्कृतिहरूलाई निबन्धकार अधिकारीले निजात्मक शैलीमा प्रस्तुत गरेका छन् । वर्णनात्मक शैलीको प्रयोग र लोकगीतका विभिन्न भाकाहरूले यो सङ्ग्रह लयात्मक बनेको छ । हाम्रो समाज र हाम्रा वरिपरि रहेको संस्कृतिलाई रोचक शैलीमा प्रस्तुत गरिएको यो सङ्ग्रह संस्कृतिको वर्णन गर्ने उत्कृष्ट निबन्धसङ्ग्रह हो ।

**आँधीखोले लोकसंस्कृति र लोकगीत** (२०५७) निबन्धसङ्ग्रहमा सरल र सहज नेपाली भाषाको प्रयोग गरिएको छ । स्थानीय भाषिकाको प्रयोगका साथै नेपाली भाषाका उखानटुक्काहरूको प्रयोग यस सङ्ग्रहमा छ । संस्कृत भाषाका शब्दहरूको प्रयोग यहाँ छ । यस निबन्धसङ्ग्रहमा नेपाली शब्दकोशमा नभएका 'खल्टु' र 'उर्लु' शब्दको प्रयोग गरिएको छ । यस निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाका साथै तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ ।

**आँधीखोले लोकसंस्कृति र लोकगीत** (२०५७) निबन्धसङ्ग्रहमा संस्कृतिको चिनारी दिने निबन्धसङ्ग्रह हो । यो सङ्ग्रह निबन्धकार/प्रबन्धकार विश्वप्रेम अधिकारीको प्रथम निबन्धसङ्ग्रह हो । यस सङ्ग्रहमा परिशिष्ट सहित बीस ओटा निबन्धहरू संकलित छन् । आँधीखोला क्षेत्रमा प्रचलित रहेका विविध संस्कृति, परम्परा, चाडपर्व, लोकगीत र लोककथालाई यस सङ्ग्रहको विषयवस्तु बनाइएको छ । यो आत्मपरक निबन्धसङ्ग्रह हो ।

यसमा सरल नेपाली भाषाको प्रयोग छ । खोजअन्वेषणात्मक पक्ष यस निबन्धसङ्ग्रहमा प्रवल छ ।

## ५.६.३ पश्चिमाञ्चलका लोकगीत र परम्परा (२०५८) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार विश्वप्रेम अधिकारीको दोस्रो निबन्धसङ्ग्रह **पश्चिमाञ्चलका लोकगीत र परम्परा** (२०५८) हो । यस सङ्ग्रहमा पन्ध्र ओटा निबन्धहरू सङ्कलित छन् । तिनीहरूमा 'चुड्का गीतका फाँकीहरू', 'रोइला गीतका फाँकी र प्रगतिका चरणहरू', 'लोकजीवनमा लोकगीतको प्रभाव', 'घाटु गीत', 'धार्मिक यज्ञ र लोकभजन', 'महिलाहरूको चाड तीज', 'भेरिलाउने परम्परा', 'खाँडो गीत र परम्परा', लोकविश्वासमा मन्त्रतन्त्र', 'ठडेरो र ओली बस्ने परम्परा', लोकपरम्परा र मनोविनोद', 'भाषा सबैका साझा हुन्', नन्दन वन कस्तो हुँदो हो', 'के नेपाल गरिव देश नै हो त ?', र '२०१५ अघिको स्याङ्जाको शैक्षिक अवस्था', हुन् ।

**पश्चिमाञ्चलका लोकगीत र परम्परा** (२०५८) निबन्धसङ्ग्रहमा विविध विषयवस्तु रहेका छन् । यस सङ्ग्रहमा लोकसाहित्यलाई प्रमुख विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । यस निबन्धसङ्ग्रहको शीर्षक 'पश्चिमाञ्चलका लोकगीत र परम्परा भएकाले यस सङ्ग्रहमा नेपालको पश्चिमाञ्चलक्षेत्रमा प्रचलित विभिन्न लोकसाहित्यिक परम्पराहरूको चर्चा छ । यस सङ्ग्रहमा जीवनका प्राप्ति र भोगाइ नै लोकगीत हुन् भनिएको छ । लोकगीत हाम्रो साहित्य हो, हाम्रो संस्कृति हो र लोकगीतले हाम्रो जीवनको मौलिकताको प्रतिबिम्ब उद्गार गर्ने चिन्तन यस सङ्ग्रहमा पाइन्छ । यस सङ्ग्रहका निबन्धमा लोकगीतका विभिन्न फाँकीहरू ( भाकाहरू) प्रस्तुत गर्दै नेपालको ग्रामीण जीवनमा प्रचतिल लोकदोहोरी परम्परा को चर्चा पाइन्छ । यस सङ्ग्रहमा नेपाली समाजमा विद्यमान सांस्कृतिक परिवेशको चर्चा र चुड्कागीतको परिचय दिइएको छ । यस सङ्ग्रहमा सुधारवादी जीवन दृष्टि पाइन्छ । रोइला गीतका फाँकीहरू यस सङ्ग्रहमा छन् । लोकगीत लोकअनुरूप, समय र भावना सापेक्ष हुनुपर्दछ तर लोकगीतको रचना गरियो भन्दैमा विकृति फैलाउनु हुँदैन भन्ने चिन्तन पाइन्छ । यस सङ्ग्रहमा गायक झलकमान गन्धर्वले गाएको गीतको (बाबुले सोध्लान ....) आलोचना गरिएको छ । यिनका निबन्धमा घाटुगीतको पृष्ठभूमि, परिचय र सांस्कृतिक महत्त्वको ऐतिहासिक चर्चा छ । नेपालमा प्रचलित चाडपर्वहरू हिन्दूहरूका मात्र नभई सबैका साझा भएको विचार यस सङ्ग्रहमा प्रस्तुत छ । नेपाली समाजमा प्रचलित ठडेरो र ओली बस्ने परम्परा, लामा, झाँक्री, झारफुक र तन्त्रमन्त्र प्रथाको चर्चा सङ्ग्रहका निबन्धहरूमा छ । नेपाली समाजको सामाजिक लोकपरम्परा, नेपाली जातिपाति प्रथाको चर्चा यस सङ्ग्रहमा गरिएको छ । 'खाँडो' गण्डकी प्रदेशको मूल संस्कृति भएको जानकारी यस सङ्ग्रहमा प्रस्तुत छ । अश्लील भावना हो प्रसङ्ग होइन तर भावना सफा छ भने सबै श्लील हुन्छ भन्ने अभिव्यक्ति यस सङ्ग्रहमा व्यक्त भएको छ । भाषा सबैको साझा भएकाले भाषालाई कुनै जाति, सम्प्रदायको भाषा हो भन्नु मुर्खता हो भन्ने विचार सङ्ग्रहमा छ । यस निबन्धसङ्ग्रहमा नेपालीहरूको धार्मिक विश्वास, मुत्युपछि प्राप्त गरिने स्थान आदिका बारेमा चर्चा पाइन्छ । नेपाल राष्ट्रको पौराणिक, धार्मिक र ऐतिहासिक महत्त्वको चर्चा यस सङ्ग्रहका निबन्धहरूमा छ । यस निबन्धसङ्ग्रहमा 'पन्चासे' र 'मुक्तिनाथ' धार्मिक क्षेत्रको चर्चा पाइन्छ । नेपाल आफैमा गरिब मुलकु होइन तर यसलाई चलाउने शासकहरूले गरिब बनाएका हुन् भन्ने राष्ट्रवादी स्वर यस सङ्ग्रहमा छ ।

**पश्चिमाञ्चलका लोकगीत र परम्परा** (२०५८) आत्मपरक निबन्धसङ्ग्रह हो । यसमा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । लोकगीतका विभिन्न भाकाहरूको प्रयोगले यो सङ्ग्रह लयात्मक छ ।

**पश्चिमाञ्चलनका लोकगीत र परम्परा**(२०५८) निबन्धसङ्ग्रहमा सरल र सहज नेपाली भाषाको प्रयोग गरिएको छ । यस निबन्धसङ्ग्रहमा नेपाली उखानटुक्काहरूको प्रयोग गरिएको छ । अङ्ग्रेजी गीतलाई यस सङ्ग्रहका निबन्धमा प्रस्तुत गरिएको छ । यस निबन्धसङ्ग्रहमा स्थानीय शब्दको प्रयोग पाइन्छ । यस सङ्ग्रहमा संस्कृत भाषाका शब्दहरू र श्लोकहरू प्रयोग गरिएको छ । यस सङ्ग्रहमा अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग गरिएको छ । यस निबन्धसङ्ग्रहमा हिन्दी उखानको प्रयोग गरिएको छ । जस्तै : "सारी दुनिया एक तरफ दुलहनका भाई एक तरफ दुल्हनका भाइ जितगा" (पृ.२२) । यस निबन्धसङ्ग्रहमा गीति लयात्मक भाषाको प्रयोग गरिएको छ । यस सङ्ग्रहमा निबन्धकारले निजी शब्दको प्रयोग पनि गरेका छन् । जस्तै चखली- मखली (पृ. ५७) ।

निबन्धकार विश्वप्रेम अधिकारीको दोस्रो निबन्धसङ्ग्रह **पश्चिमाञ्चलका लोकगीत र परम्परा** (२०५८) हो । यस निबन्धसङ्ग्रहमा पन्ध्र ओटा निबन्धहरू सङ्गृहीत छन् । लोकसाहित्यिक, सामाजिक, सांस्कृतिक, धार्मिक, पौराणिक, वैदिक र भाषिक विषयहरू यस सङ्ग्रहमा छन् । यस निबन्धसङ्ग्रहका बारेमा समालोचक तारानाथ शर्मा लेख्छन् - "विश्वप्रेम अधिकारीले लोकसाहित्यका विवेचना व्याख्या गर्दा प्रेम, सामाजिक व्यवहार र चाडपर्वमा मात्र आफूलाई सीमित नराखेर परम्परा, धर्म, संस्कृति र आध्यात्मिकतातर्फ पनि राम्रो रुचि देखाएका छन् ।[१२९]

## ५.६.४ आँधीखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण (२०५९) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार विश्वप्रेम अधिकारीको तेस्रो निबन्धसङ्ग्रह **आँधीखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण** (२०५९) हो । यस निबन्धसङ्ग्रहमा एघार ओटा निबन्धहरू र परिशिष्ट भाग रहेका छन् । तिनीहरू 'ठाडो भाका र यसको पृष्ठभूमि', 'बारुलै गीतको भाका र यसको पृष्ठभूमि', 'गाउँ खाने कथा र यसको पृष्ठभूमि', 'लोककथा', 'साइतको फल', 'जाँगरिया गरिखा-आहारिसे मरिजा', 'लाटो दाइ-बाठो भाइ', 'कमारी र बज्यैको कथा', 'सिमलचरीको कथा', 'पाप कटनी', 'विधवाको छोरो र राजाको कथा', 'गाउँले परम्परामा बालसंसार', 'लोकगीतका फाँकीहरू र भाव गाम्भीर्य', 'अच्युतशरण अर्यालको 'श्रवण कुमार', बारे केही खुलासा', 'नेपाली कविताको सिद्धान्त र विकासक्रमलाई नियाल्दा', 'देवीप्रसाद वनवासीको साहित्यिक व्यक्तित्व र बालकथा 'सिरीखुरी', 'भेषजराज शर्मालाई चिठी' र परिशिष्ट ( 'भेषजराजको चिठी विश्वप्रेमलाई', 'आँधीखोले पाथे भाइ') हुन् ।

**आँधीखोले लोकसाहित्यः प्रस्तुति र विश्लेषण** (२०५९) निबन्धसङ्ग्रहमा लोकसाहित्यिक, सांस्कृतिक र साहित्य समालोचकनात्मक विषयवस्तुहरू छन् । यस निबन्धसङ्ग्रहको मुख्य विषयवस्तु लोकसाहित्य भएकाले लोकसाहित्यका विविध विधा उपविधाहरूको चर्चा यस सङ्ग्रहमा छ । नेपाली ग्रामीण जनजीवन, मेलापात र खेतीपातीको चर्चा र नेपाली समाजमा प्रचलित ठाडो भाका जसले जनताका दुःख, पीर, मर्का क्षणिक

[१२९] तारानाथ शर्मा, **पश्चिमाञ्चलका लोकगीत र परम्परा,** (स्याङ्जा : पुतलीबजार, २०५८), भूमिका, पृ. घ ।

समयका लागि भए पनि बिर्साउँछ तिनैको चर्चा यस सङ्ग्रहमा छ । नेपाली समाज लोकसंस्कृतिको धनी भएकाले यहाँ प्रचलित बारुले गीत र यस गीतको पृष्ठभूमिको विश्लेषण यस सङ्ग्रहमा छ । लोकगीतका माध्यमबाट शिक्षाको प्रचार हुन्छ, सामाजिक आन्दोलन हुन्छ र राजनैतिक उथलपुथल हुने विचार यस सङ्ग्रहमा प्रस्तुत छ । नेपाली लोकसाहित्य तथा लोकगीतको ऐतिहासिक पक्षको चर्चा यस सङ्ग्रहमा छ । यस सङ्ग्रहमा नेपाली समाजमा प्रचलित गाउँखाने कथा र यसको पृष्ठभूमिको विश्लेषण र गाउँखाने कथा चतुऱ्याइँको फल भएको विचार प्रस्तुत छ । नेपाली ग्रामीण जीवन, धार्मिक संस्कारको चर्चा, लोककथाको परिभाषा उदाहरण र विश्लेषण गरिएको छ । यो निबन्धसङ्ग्रह अनुसन्धानमा आधारित सङ्ग्रह हो । यस सङ्ग्रहमा लोककथाका माध्यमबाट समाजसुधारको चेतना प्रस्तुत गरिएको छ । बालसाहित्यिक विषयवस्तु, गाउँले परम्परामा बालसंसारको चर्चा, बालबालिकाको खेलकुदबारे चर्चा र बालगीतहरूको चर्चा यहाँ गरिएको छ । लोकगीतका फाँकीहरू र भावगाम्भीर्यले नेपाली समाजको प्रतिनिधित्व गरेको र लोकगीतमा अर्थगाम्भीर्य, लोकाचार प्रतिबिम्बन लोकनियम र लोककृत्य प्रस्फुटित हुने विचार यस सङ्ग्रहमा छ । लोकगीत लोकको वेद हो, तर वर्तमानमा गाइने लोकदोहोरीमा देखिएको विकृति र विसङ्गतिलाई हटाउनु आजको आवश्यकता हो भन्ने चिन्तन यहाँ प्रस्तुत छ । आजकल गाइने लोकगीतमा समसामयिकता झल्किनु पर्दछ जसले गर्दा देशमा हत्या, हिंसा र आतङ्कको अन्त्यगरी शान्ति कायम गर्न सकिने विचार प्रस्तुत छ । यस सङ्ग्रहको अर्को विषयवस्तु समीक्षा, समालोचना र साहित्य हो । यस सङ्ग्रहमा निबन्धकार विश्वप्रेम अधिकारीले कवि अच्युतशरण अर्यालको बालखण्डकाव्य ‘श्रवणकुमार’ कवि लालगोपाल सुवेदीको ‘नेपाली कविताको सिद्धान्त र विकासक्रम’ ग्रन्थको बारेमा समालोचना गरेका छन् । यस सङ्ग्रहमा साहित्यकार देवीप्रसाद बनबासीको साहित्यिक व्यक्तित्व र ‘सिरीखुरी’ बालकथाको समीक्षा साथै साहित्यकार भेषजराज शर्मालाई लखिएको साहित्यिक चिठीमा आफ्ना जीवनका तीतामीठा अनुभूतिहरू प्रस्तुत गरिएको छ ।

**आँधीखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण**(२०५९) आत्मपरक निबन्धसङ्ग्रह हो । यस सङ्ग्रहमा खोज, अनुसन्धानलाई प्राथमिकता दिइएको छ । यस सङ्ग्रहमा लयात्मक, पत्रात्मक र लोककथात्मक शैलीको प्रयोग गरिएको छ ।

**आँधीखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण**(२०५९) निबन्धसङ्ग्रहमा सरल र सहज नेपाली भाषाको प्रयोग गरिएको छ । यस सङ्ग्रहमा अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ । जस्तै रेकर्ड, रेडियो, टेलिभिजन (पृ.४) । यस सङ्ग्रहमा संस्कृत भाषाका श्लोकहरूको प्रयोग पाइन्छ । यहाँ हिन्दीका केही शब्दको प्रयोग पाइन्छ । यस सङ्ग्रहमा नेपाली उखानटुक्काको प्रयोग पाइन्छ । जस्तै : **धन देख्दा महादेवका सय नेत्र** (पृ.२६) । यस सङ्ग्रहमा स्थानीय भाषिकाका शब्दको प्रयोग पाइन्छ । जस्तै : गाँठे (पृ.३१), अर्नी (पृ.३४) । यस सङ्ग्रहमा तत्सम, तद्भव र आगन्तुक नेपाली शब्दहरूको प्रयोग पाइन्छ ।

**आँधीखोले लोकसिाहित्य : प्रस्तुति र विश्लेषण**(२०५९) निबन्धकार विश्वप्रेम अधिकारीको तेस्रो निबन्धसङ्ग्रह हो । यस सङ्ग्रहमा एघार ओटा निबन्धहरू सङ्गृहीत छन् । यस सङ्ग्रहमा लोकसाहित्य, अनुसन्धान, समालोचना, समीक्षालाई निबन्धको विषयवस्तु बनाइएको छ । यो आत्मपरक निबन्धसङ्ग्रह हो । यस सङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग पाइनाका साथै तत्सम, तद्भव र आगन्तुक र शब्दहरूको पनि प्रयोग छ । अनुसन्धानमूलकता, वैचारिकता, चिन्तनशीलता, सामाजिक यथार्थता निबन्धकार विश्वप्रेम अधिकारीका निबन्धात्मक प्रवृत्तिहरू हुन् ।

### ५.६.५ निष्कर्ष

समग्रमा विश्वप्रेम अधिकारी उत्कृष्ट निबन्धकार/प्रबन्धकार हुन् । हालसम्म तीन ओटा निबन्धसङ्ग्रहहरू **आँधीखोले लोकसंस्कृति र लोकगीत** (२०५७), **पश्चिमाञ्चलका लोकगीत र परम्परा** (२०५८) र **आँधीखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण** (२०५९) प्रकाशित छन् । निबन्धकार अधिकारीको प्रमुख विशेषता खोज तथा अनुसन्धान हो । निबन्धकार विश्वप्रेम अधिकारी आत्मपरक निबन्धकार हुन् । निबन्धकार अधिकारीले सरल नेपाली भाषामा निबन्धहरू लेखेका छन् । वर्तमान उत्तरआधुनिकतावादी संस्कृतिको विकास भैरहेको अवस्थामा हाम्रो परम्परित संस्कृतिलाई छोड्नु हुँदैन भन्ने चिन्तन विश्वप्रेम अधिकारीको छ ।

## ५.७ निबन्धकार गणेशमान गुरुङ (२००५)

### ५.७.१ पृष्ठभूमि

वि.सं २००५ मा स्याङ्जाको पञ्चमूलमा जन्मेका गणेशमान गुरुङ निबन्धकार हुन् । निबन्धकार गुरुङको एउटा मात्र निबन्धसङ्ग्रह प्रकाशित छ । उनको निबन्धसङ्ग्रह **सम्झनाका क्षणहरू** (२०४८) हो । यहाँ उनको यस निबन्धसङ्ग्रहको अध्ययन गरिएको छ ।

### ५.७.२ सम्झनाका क्षणहरू (२०४८) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार गणेशमान गुरुङको एकमात्र निबन्धसङ्ग्रह **सम्झनाका क्षणहरू** (२०४८) हो । यस सङ्ग्रहमा आठ ओटा निबन्धहरू सङ्कलित छन् । तिनीहरू 'समर जब गर्नुपर्छ', 'टी.भी. र माउन्टेनको घर', 'समर कटेजको जीवन', 'भिखारी महिला', 'हराएका सरदार साथीहरू', 'विचार नलिने ड्राइवर', 'कालो पर्दा कहाँ पाइएला ?', र 'रानीको समाचार पर्खदा', हुन् । यस निबन्धसङ्ग्रहको विषयवस्तु यात्रा संस्मरण रहेको छ । यस निबन्धसङ्ग्रहमा निबन्धकार गणेशमान गुरुङले यात्रा गरेका विदेशी भूभागहरूको चर्चा पाइन्छ । निबन्धकार गुरुङले यात्रा गरेका देश स्वीजरल्यान्ड र नर्वेको संस्कृतिको चर्चा यस सङ्ग्रहमा छ । विदेशी संस्कृतिको चर्चा यहाँ पाइन्छ । यस सङ्ग्रहमा विदेशीहरूको स्वावलम्वीपनको चर्चा गरिएको छ । विदेशी समाजमा विद्यमान संस्कृति त्यहाँका मानिसहरूको कामप्रतिको दृष्टिकोण यस सङ्ग्रहमा छ । विदेशीहरूको रहनसहन, वैवाहिक कार्य, शिक्षा प्रणालीको प्रस्तुति यस सङ्ग्रहमा गरिएको छ । विदेशीहरूले अवलम्बन गर्ने दुरदर्शी विकासयोजना र भातृत्व प्रेमको चर्चा यस सङ्ग्रहमा छ । विदेशमा जुन देशमा महिलालाई नागरिकता दिइन्छ र विहापश्चात् श्रीमान्को नागरिकता महिलाकै अनुसार बनाइन्छ ती देशहरूमा अन्य देशहरूका स्वार्थी व्यक्तिहरूले त्यहाँका महिलाहरूलाई विवाह गरी नागरिकता लिई सकेपछि सम्बन्धविच्छेद गर्ने घटनाहरूको चर्चा निबन्धमा पाइन्छ । विदेशीहरूले अवलम्बन गरेको स्वतन्त्रता साथै अक्षरस पालना गर्ने नीतिनियम र कर्तव्यको चर्चा यस सङ्ग्रहमा गरिएको छ । विदेशीहरू धैर्य गर्न सक्दछन् तर नेपालीहरू धैर्य गर्न सक्दैनन् भन्ने वैचारिकपक्ष यस सङ्ग्रहमा प्रस्तुत छ ।

**सम्झनाका क्षणहरू** (२०४८) निबन्धसङ्ग्रहमा सरल र सहज नेपाली भाषाको प्रयोग गरिएको छ । यस सङ्ग्रहमा केही अङ्ग्रेजी शब्दहरूको प्रयोग पनि पाइन्छ । यस सङ्ग्रहमा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । यो आत्मपरक निबन्धसङ्ग्रह हो ।

### ५.७.३. निष्कर्ष

समग्रमा निबन्धकार गणेशमान गुरुङ नियात्रापरक निबन्धकार हुन् । यिनको **सम्झनाका क्षणहरू** (२०४८) निबन्धसङ्ग्रह प्रकाशित छ । यस सङ्ग्रहमा आठ ओटा नियात्रामूलक निबन्धहरू सङ्कलित छन् । यस सङ्ग्रहमा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । यसमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ ।

## ५.८ निबन्धकार यमबहादुर पौडेल क्षेत्री (२००८)

### ५.८.१ पृष्ठभूमि

वि.सं. २००८ मा स्याङ्जाको सेतीदोभानमा जन्मेका यमबहादुर पौडेल क्षेत्री निबन्धकार हुन् । निबन्धकार यमबहादुर पौडेल क्षेत्रीको एउटा निबन्धसङ्ग्रह **मितेरी** (२०५७) प्रकाशित छ । यहाँ उनको निबन्धसङ्ग्रहको अध्ययन यस प्रकार गरिएको छ ।

### ५.८.२ मितेरी (२०५७) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार यमबहादुर पौडेल क्षेत्रीको निबन्धसङ्ग्रह **मितेरी** (२०५७) हो । यस निबन्धसङ्ग्रहमा बीस ओटा निबन्धहरू सङ्गृहीत छन् । ती निबन्धहरू - 'मितेरी', 'तलबवृद्धि', 'विवाह, मुस्कान र विडम्बना', 'प्रगतिशील लेखक र आजको आवश्यकता', 'लेखनाथको छायामा अलिमिया', 'हाम्रो सडक : 'प्रति', 'भाषा विकास र यसको आधार', 'शिक्षा दिवस र गुरुको सम्मान', 'सहिद दिवस स्मरणका अनुभूतिहरू', '२००७ साल र हाम्रो प्रजातन्त्र', 'माओवादी समस्या : बुद्धिजीवीहरूको दृष्टिकोण', 'कमैया मुक्ति : एक राष्ट्रिय पर्व', 'पञ्चायत र बहुदल : विकृति र बहुविकृति,' 'हामी र हाम्रो संविधान', 'राजनीतिमा भाव र भाषाको महत्त्व', 'पृथ्वीनारायण क्याम्पसको आगलागी : घटना र अनुभूति', 'पृथ्वीको बेदना', 'रुकुमको रोदन र राहत', 'प्रधानमन्त्री रंगनाथ पौडेलको चिठी' र 'फेवा र यसको अस्तित्वको संकट' हुन् ।

**मितेरी** (२०५७) निबन्धसङ्ग्रहमा विषयगत विविधता पाइन्छ । यस निबन्धसङ्ग्रहका निबन्धहरू कुनै लेख प्रकृतिका, कुनै रचनाको प्रकृतिका र कुनै समीक्षाको प्रकृतिका रहेका छन् । यस सङ्ग्रहका निबन्धमा समसामयिक विषयवस्तुको प्रयोग पाइन्छ । नेपाली समाजमा देखिएको गरिबी अन्याय र अत्याचारलाई यस सङ्ग्रहका निबन्धमा चर्चा गरिएको छ । पजेरो संस्कृतिका पक्षधर नेताहरूको आलोचना र नेपाली राजनीतिक विगत र वर्तमानको चर्चा यस सङ्ग्रहका निबन्धमा छ । वर्तमान समयमा नेपाली राष्ट्र भक्तिमा देखिएको ह्रासलाई यस सङ्ग्रहका निबन्धमा उठाइएको छ । नेपालका नेताहरूले आफ्नो देशमा घटित समस्यातिर ध्यान केन्द्रित नगरी राजस्व सिध्याउने विविध अभियान र कार्यक्रम ल्याएको चर्चा यस सङ्ग्रहका निबन्धमा छ । वर्गविहीन समाज सृजना गर्न कटिबद्ध नेपाली साम्यवादी दलहरू आफ्नै विशेष सुविधा सम्पन्न वर्गमा उदीयमान भएको यथार्थ देखाउँदै संविधान संशोधन होइन संविधान सभाको प्रक्रिया पूरा गर्नुपर्ने विचार यस सङ्ग्रहका निबन्धमा छ । यस सङ्ग्रहका केही निबन्धहरू विशेष घटनासम्बन्धी विषयवस्तुमा केन्द्रित छन् र केही निबन्धहरूले व्यङ्ग्यलाई विषयवस्तु बनाएका छन् । यस सङ्ग्रहका केही निबन्धहरू संस्कृति र वातावरणसम्बन्धी रहेका छन् । लेखकमा विशिष्ट राष्ट्रवादी भावना हुनुपर्ने यथार्थलाई यस सङ्ग्रहमा प्रस्तुत गरिएको छ । नेपालमा प्रगतिशील साहित्यिक चेतना हृदयचन्द्रसिंह प्रधानदेखि प्रारम्भ भएको र आजका प्रगतिशील लेखकहरूले राष्ट्रिय मर्म बुझ्नु आवश्यक

रहेको यथार्थलाई यस सङ्ग्रहमा उठाइएको छ । यस सङ्ग्रहका निबन्धमा विचारको मितेरी गर्ने स्वभाव र नेपाललाई अरुले अँठ्याएको सहने भावनामा व्यङ्ग्य गर्दै साहित्यिक र सांस्कृतिक रूपमा विकृति भित्रिएको र राम्रा कुराहरू बाहिरिएको गुनासो गरिएको छ । यस सङ्ग्रहका निबन्धमा कृति समीक्षालाई विषयवस्तु बनाइएको छ । यस सङ्ग्रहका केही निबन्धहरू अनुसन्धानमूलक रहेका छन् ।

**मितेरी** (२०५७) आत्मपरक निबन्धसङ्ग्रह हो । यस सङ्ग्रहका निबन्धहरू व्यङ्ग्यात्मक, प्रश्नात्मक र वर्णनात्मक शैलीमा रचना गरिएका छन् ।

**मितेरी** (२०५७) निबन्धसङ्ग्रहमा सरल र सहज नेपाली भाषाको प्रयोग गरिएको छ । अङ्ग्रेजी भाषाको प्रभाव यस सङ्ग्रहमा छ र संस्कृतका केही श्लोकहरूको प्रयोग पनि गरिएको छ । यस निबन्धसङ्ग्रहमा कवितात्मक भाषाशैलीको प्रयोग पाइन्छ ।

### ५.८.३ निष्कर्ष

समग्रमा निबन्धकार यमबहादुर पौडेल क्षेत्रीको **मितेरी** (२०५७) निबन्धसङ्ग्रह उत्कृष्ट निबन्धसङ्ग्रह हो । यस निबन्धसङ्ग्रहमा बीस ओटा निबन्धहरू सङ्कलित छन् । यस निबन्धसङ्ग्रहका निबन्धहरूमा विविध विषयवस्तुको संयोजन छ । यो निबन्धसङ्ग्रह निबन्धकार क्षेत्रीको पहिलो निबन्धसङ्ग्रह हो । यस निबन्धसङ्ग्रहमा समसामयिक सन्दर्भ, विशेष घटनाको सन्दर्भ, सांस्कृतिक सन्दर्भ, वातावरण समीक्षा र अनुसन्धानको चर्चा गरिएको छ । यो आत्मपरक निबन्धसङ्ग्रह हो । यसमा व्यङ्ग्य शैलीको प्रयोग पाइन्छ । यस निबन्धसङ्ग्रहमा सरल र सहज नेपाली भाषाको प्रयोग गरिनाका साथै तत्सम्, तद्भव र आगन्तुक नेपाली शब्दहरूको प्रयोग पाइन्छ । यस निबन्धसङ्ग्रहमा प्रगतिशील चिन्तन प्रबल रहेको छ । वैचारिकता, व्यङ्ग्यात्मकता, चिन्तनशीलता र खोजअनुसन्धान निबन्धकार क्षेत्रीका निबन्धगत प्रवृत्तिहरू हुन् ।

## ५.९ निबन्धकार घनश्याम ढकाल (२०१०)

### ५.९.१ पृष्ठभूमि

वि.सं. २०१० मा स्याङ्जाको सतौँमा जन्मेका घनश्याम ढकाल उत्कृष्ट निबन्धकार हुन् । ढकालको साहित्ययात्रा निबन्ध विधाबाट आरम्भ भएको हो । **मातृभूमिको गोरेटोमा** (२०२६) उनको पहिलो निबन्ध हो ।[१३०] निबन्धकार ढकालका हालसम्ममा दुई ओटा निबन्धसङ्ग्रह प्रकाशित कृति हुन् । उनका निबन्धसङ्ग्रह **नाम कमाउने रहरमा** (२०४२) र **'दरिद्रताबाट मुक्ति'** (२०४५) हुन् । यहाँ उनका निबन्धात्मक कृतिहरूको अध्ययन गरिएको छ ।

### ५.९.२ नाम कमाउने रहरमा (२०४२) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार घनश्याम ढकालको पहिलो निबन्धसङ्ग्रह **नाम कमाउने रहरमा** (२०४२) हो । यो निबन्धसङ्ग्रह 'सागर', उनपनाममा प्रकाशित छ ।[१३१] यस निबन्धसङ्ग्रहमा तेर ओटा

---

[१३०] सागर, **नाम कमाउने रहरमा**, पोखरा : बैशाख, २०४२ ।

[१३१] पसिना, "घनश्याम ढकाल" **प्रयोग** (वर्ष ३, अंक, १२, २०५२) ।

निबन्धहरू सङ्गृहीत छन् । तिनीहरू 'गोर्खा भर्ती -एक अनुभूति', 'इज्जत', 'नेपाली जनसंस्कृति सन्दर्भ', 'क्रान्तिकारीहरूबाट पिटिदा', 'नाम कमाउने रहरमा', 'प्रगतिशील साहित्यको गीत', 'दुधे बालक अङ्ग्रेजी कैदमा', 'आग्रहभित्रको पूर्वाग्रह', 'प्रगतिशीलता -एक फेसन कि यथार्थता', 'तीन कुराका विषयमा', जिउनुको अर्थ खोतल्दा', 'शत्रुता कमाउनु', र 'ठूलो मान्छे' हुन् ।

**'नाम कमाउने रहरमा'** (२०४२), निबन्धसङ्ग्रहमा विषयगत विविधता पाइन्छ । यस सङ्ग्रहका निबन्धमा सामाजिक, राजनैतिक, सांस्कृतिक, आर्थिक, वैचारिक र चिन्तनशील विषयवस्तु रहेका छन् । यस सङ्ग्रहका निबन्धमा नेपाली समाजको वर्गविभेदको चर्चा गर्दै नेपाली शासक र समाजमा देखिएको सामन्तवादी प्रवृत्तिलाई खोतलिएको छ । सामन्तवादी, विस्तारवादी र साम्राज्यवादी संस्कृतिको विरोध गर्दै पूँजीवादी नेपाली सामन्ती संस्कृतिले गरिब, असहाय र निमुखा जनताहरूको ढाड सेकेको चर्चा यस सङ्ग्रहमा छ । पाश्चात्य छाडा संस्कृतिले नेपाली समाजलाई पछाडि धकेल्ने हुनाले यस संस्कृतिको विरुद्ध सम्पूर्ण नेपाली श्रमजीवी जनताहरू लागि पर्नु पर्नेमा जोड दिइएको छ । यस निबन्धसङ्ग्रहमा जनसंस्कृति र परम्परित सामन्ती संस्कृतिको विभेदलाई स्पष्ट पारिएको छ । प्रगतिवादी चिन्तनलाई आत्मसात् गरिएको यो निबन्धसङ्ग्रह मार्क्सवादी जीवनदृष्टिमा आधारित छ । जनसंस्कृतिमा आफूलाई ढाल्नाको अर्थ आफूलाई पूर्णशिक्षित बनाउने विचार यस सङ्ग्रहमा प्रस्तुत छ । प्रगतिवादी बौद्धिक पिटाइले नखारिएको कसैले पनि प्रतिक्रियावादीलाई पिट्न नसक्ने चिन्तन यस निबन्धसङ्ग्रहमा व्यक्त गरिएको छ । प्रगतिशील साहित्यको विकास आजको आवश्यकता भएकाले सबैले यसको विकासमा जोड दिनुपर्ने विचार यहाँ प्रस्तुत छ । नेपाली समाजको अन्याय, अत्याचार, शोषण र दमनको विरोध गर्दै जोश र होसको उचित संयोजन भएको प्रतिक्रियावाद विरुद्धको आक्रोशी गीत वर्तमान जनसाहित्यको गीत भएको विचार यस सङ्ग्रहका निबन्धहरूमा प्रस्तुत गरिएको छ । प्रगतिशीलतालाई फेसनको रूपमा नलिई जीवन पद्धतिको यथार्थताको रूपमा लिनुपर्ने विचार यहाँका निबन्धमा पाइन्छ । मानवीय अस्तित्त्व, खानु लाउनु र बस्नको समस्या पार्ने तत्वहरू सामन्तवाद, विस्तारवाद र साम्राज्यवाद भएकाले ती युगीन समस्याहरूसँग जुध्न नेपालीहरूले अतीत, वर्तमान र भविष्यका तीन यथार्थतासँग परिचित हुनुपर्ने विचार निबन्धमा प्रस्तुत छ । नेपालको राज्यव्यवस्थामा शोषण मुक्त र वर्गविहीन समाज निर्माण आजको टड्कारो आवश्यकता भएकामा यहाँका निबन्धमा जोड दिइएको छ । उद्देश्यपूर्ण सङ्घर्षले मात्र जिन्दगी अर्थयुक्त हुने र सामाजिक परिवर्तन आजको आवश्यकता भएकाले पराधीनता र पाशविक जीवनलाई तिरस्कार गरेमा राम्रो सफलता हात पर्ने विचार यहाँका निबन्धमा पाइन्छ । सत्य र न्यायको पक्षमा उभिंदा क्षणिक शत्रुहरूले घेरेतापनि अन्त्यमा सत्यको विजय भएर छाड्ने विचार यहाँ आएको छ । हामीले पहिलो प्राथमिकता आफ्नो मातृभाषा, दोस्रो प्राथमिकता राष्ट्रभाषा र तेस्रो प्राथमिकता अङ्ग्रेजी भाषमा दिनुपर्ने विचार पनि निबन्धमा व्यक्त गरिएको छ ।

**नाम कमाउने रहरमा** (२०४१) आत्मपरक निबन्धसङ्ग्रह हो । नेपाली समाजको यथार्थलाई रोचक शैलीमा प्रस्तुत गरिएको छ । यस निबन्धसङ्ग्रहमा विश्लेषणात्मक र विचारात्मक शैलीको प्रयोग छ ।

**नाम कमाउने रहरमा** (२०४१) निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । यस सङ्ग्रहमा केही निबन्धमा व्यङ्ग्य भाषाको प्रयोग पाइन्छ । सुगठित वाक्यहरूको

प्रयोग भएकाले सङ्ग्रह आकर्षक छ । नेपाली तत्सम र तद्भव शब्दहरूको प्रयोग यस सङ्ग्रहका निबन्धमा छ ।

निबन्धकार घनश्याम ढकालको पहिलो निबन्धसङ्ग्रह **नाम कमाउने रहरमा** (२०४२) हो । यस निबन्धसङ्ग्रहमा तेर ओटा निबन्धहरू सङ्कलित छन् । यस सङ्ग्रहका निबन्धमा विषयगत विविधता पाइन्छ । प्रगतिवादी चिन्तनलाई आत्मसात् गरेको यस सङ्ग्रहमा मार्क्सवादी जीवनदृष्टि पाइन्छ । यो आत्मपरक निबन्धसङ्ग्रह हो । प्रगतिवादी स्वर यस सङ्ग्रहको निजी विशेषता हो । यस निबन्धसङ्ग्रहमा सरल नेपालीका साथै तत्सम र तद्भव नेपाली भाषाका शब्दहरूको प्रयोग पाइन्छ ।

## ५.९.३ दरिद्रताबाट मुक्ति (२०४५) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार ढकालको दोस्रो निबन्धसङ्ग्रह **दरिद्रताबाट मुक्ति** (२०४५) हो । यस निबन्धसङ्ग्रहमा तेइस ओटा निबन्धहरू सङगृहीत छन् । तिनीहरू - 'सफलताको सोपान', 'विकास प्रेमी', 'जवाफ एउटा मित्रलाई', 'विद्वान्, असहमति र विरोध', 'भाग्यसँग घम्साघम्सी', 'ऋणमुनिको संसार', 'सपनाभित्र', 'साथीको डायरीबाट', 'सीमा नाघेपछि', 'दरिद्रताबाट मुक्ति', 'मेरो गाउँ', 'लेखभित्र खोलाबाहिर', 'प्रगतिशील लेखक संघ', 'जनमत सङ्ग्रहको सेरोफेरोमा', 'अन्त्यदान', 'साहित्यमा सौन्दर्य', 'दाइजो', 'स्थापित लेखक', 'बुद्धिजीवी', 'अनावश्यक ज्ञान', 'पाठक र लेखक', 'गीत र संगीत' र 'विगतको मूल्याङ्कन' हुन् ।

**दरिद्रताबाट मुक्ति** (२०४५) निबन्धसङ्ग्रहमा विषयगत विविधता रहेका छन् । तिनीहरू वैचारिक, सामाजिक, सांस्कृतिक, राजनैतिक, साहित्यिक र वर्गीय द्वन्द्व हुन् । प्रगतिवादी चिन्तन र वर्ग द्वन्द्व यस निबन्धसङ्ग्रहको मूल विशेषता हो । परम्परित नेपाली शासन व्यवस्थाले नेपालको विकास हुन नसकेकामा शासक वर्ग यसका दोषी हुन् तसर्थः आफ्नो विकास आफैले गर्नुपर्दछ अरूको भर पर्न नहुने विचार यस सङ्ग्रहका निबन्धमा छ । यस सङ्ग्रहका निबन्धमा आफ्नो दैनिक जीवनमा घटेका घटनाहरू, भोगाइहरू र नेपाली समाजमा विद्यमान विकृति, विसङ्गति, वर्ग विभाजन, अन्याय, अत्याचार, शोषण र दमनको पर्दाफास गरिएको छ । धनेले आत्मीयता र आफन्त कमाउन नसक्ने विचार यस सङ्ग्रहका निबन्धमा प्रस्तुत गरिएको छ । नाफा नोक्सानको हिसावबाट अलिकति पनि माथि उठेको मानवीय मुटु फेला नपर्ने ठाउँमा मानवीय व्यवहारको आशा राख्नु अस्वभाविक हुने विचार यहाँ प्रस्तुत गरिएको छ । प्राज्ञिक स्वतन्त्रता र विद्वतामा घनिष्ट सम्बन्ध हुन्छ, प्राज्ञिक स्वतन्त्रताको अर्थ विचारको छनोट र अभिव्यक्तिको स्वतन्त्रता हो तर हाम्रा विद्वान्हरू प्राज्ञिक स्वतन्त्रताको उज्यालोबाट लामखुट्टे प्रकाशमा भागे जस्तै भाग्ने प्रवृत्ति विकसित भएको चिन्तन यहाँ व्यक्त छ । भाग्यवादी जीवनदृष्टिको विरोध गर्दै बढ्दो विज्ञानको प्रभाव र वैज्ञानिक भौतिकवादी चेतनाले अन्धविश्वासको उपज भाग्यलाई परास्त गर्ने चिन्तन यस सङ्ग्रहमा आएको छ । यस निबन्धसङ्ग्रहमा हुने खाने र हुँदा खाने वर्गका बीचको विभेद प्रस्तुत गरिएको छ । यस सङ्ग्रहमा नेपालको प्रशासनिक ज्यादतिको तीव्र विरोध गर्दै प्रजातान्त्रिक भजन संस्कारले दरिद्रताको मुक्ति नुहने हुनाले वर्गविहीन साम्यवादी संस्कारको आवश्यकता टड्कारो रहेको विचार प्रस्तुत गरिएको छ । गाउँको वास्तविक परिचय ग्रामीण किसानहरूको कठोर जीवन तथा उनीहरूको सोचाइबाट प्राप्त हुने र हाम्रो गाउँ फटाहा, शोषक र सामन्तीहरूको अनुहारबाट प्रतिबिम्बत रहेको जानकारी यस सङ्ग्रहमा पाइन्छ । राष्ट्रका भ्रष्टाचारी, घुसखोरी र कमिशनतन्त्रले देशलाई ग्रस्त पारेकोले त्यसको विरुद्धमा उत्रन सबैलाई आग्रह गरिएको छ । वर्तमान युग इमान्दारीलाई वेइमानीले, न्यायलाई अन्यायले,

समानतालाई असमानताले र सिद्धान्तलाई अवसरवादले निमर्मता पूर्वक पिटिरहेको युग भएको विचार यस सङ्ग्रहमा प्रस्तुत छ । साहित्य, संस्कृति, कला, राजनीति वा सिद्धान्तको क्षेत्रमा जो नक्कली छ त्यसैले चिप्ला र आदर्शका कुरा गरिरहने विचार यस सङ्ग्रहका निबन्धमा पाइन्छ । वर्तमान नेपाली समाजमा प्रचलित दाइजो प्रथाले बढाएको सामाजिक कलङ्कका विरुद्ध सबैलाई लाग्न यस सङ्ग्रहमा जोड दिइएको छ । वास्तविक लेखक कुनै सत्ता, बल वा प्रचारको भरमा बाँचेको हुँदैन तर उसको विचार सिर्जनामा बाँच्ने अभिव्यक्ति यस सङ्ग्रहमा छ । निबन्धमा नेपालका बुद्धिजीवीहरू जसले वर्ग-वर्गको वकालत गर्छन् तिनीहरूको आलोचना गरिएको छ । नेपाली गीत र सङ्गीतमा श्रमजीवी जनताको ढुकढुकी भर्ने हो भने गति र सङ्गीतका प्राणहरू जनताका मासबाट लिनुपर्ने विचार यस सङ्ग्रहमा पाइन्छ । ऐतिहासिक मूल्याङ्कनमा निर्णयात्मक भूमिका लेखकको सङ्ख्याले होइन, व्यवहारिक सङ्घर्षले मात्र खेल्न सक्छ र प्रगतिशील समालोचनाले व्यापकता नलिएसम्म संङ्कीर्ण गुटबन्दीबाट मुक्त नभएसम्म उपरी तहको सर्वेक्षणले मात्र इतिहास लेखिन नसक्ने विचार यस सङ्ग्रहका निबन्धमा व्यक्त छ ।

**दरिद्रताबाट मुक्ति** (२०४५) निबन्धसङ्ग्रहमा आत्मपरक शैलीको प्रयोग गरिएको छ । यस सङ्ग्रहका निबन्धमा डायरी, पत्रात्मक र संस्मरणात्मक शैलीको प्रयोग गरिएको छ । व्यङ्ग्य शैलीको प्रयोग पनि यहाँ पाइन्छ ।

**दरिद्रताबाट मुक्ति** (२०४५) निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । नेपाली भाषाका केही उखानटुक्काहरूको प्रयोग पनि छ । केही संस्कृतका श्लोकहरूको पनि प्रयोग गरिएको छ ।

**दरिद्रताबाट मुक्ति** (२०४५) निबन्धकार घनश्याम ढकालको दोस्रो निबन्धसङ्ग्रह हो । यसमा तेईस ओटा निबन्धहरू सङ्कलित छन् । विषयगत विविधता यस सङ्ग्रहका निबन्धमा छ । प्रगतिवादी स्वरले ओतप्रोत यस निबन्धसङ्ग्रहमा मार्क्सवादी धरातलमा आधारित छ । यो आत्मपरक निबन्धसङ्ग्रह हो । व्यङ्ग्य, दैनिकी, पत्रात्मक र संस्मरणात्मक शैलीको प्रयोग यस सङ्ग्रहमा छ । यस निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग पाइन्छ ।

### ५.९.४ निष्कर्ष

समग्रमा घनश्याम ढकाल उत्कृष्ट निबन्धकार हुन् । उनले **नाम कमाउने रहरमा** (२०४२) र **दरिद्रताबाट मुक्ति** (२०४५) दुई ओटा निबन्धसङ्ग्रह प्रकाशित गरेका छन् । उनको निबन्धमा विषयगत विविधता पाइन्छ । प्रगतिवादी चिन्तन निबन्धकार ढकालको प्रमुख विशेषता हो । यिनी आत्मपरक निबन्धकार हुन् । यिनका निबन्धमा व्यङ्ग्य, पत्रात्मक र संस्मरणात्मक शैलीको प्रयोग पाइन्छ । यिनले सरल नेपाली भाषामा निबन्धको रचना गरेका छन् ।

परिचयका सन्दर्भमा साहित्यकार घनश्याम ढकाल शीर्षकमा समालोचक सुकुम शर्मा लेख्छन् - "सांस्कृतिक विकृतिको चित्रण क्रान्तिप्रति विश्वास र प्रतिबद्धता अनि साहित्यमा सौन्दर्य चिन्तन यिनका निबन्धमा आएका छन् ।"[१३२]

## ५.१० निबन्धकार अच्युतशरण अर्याल (२०१३)

### ५.१०.१ पृष्ठभूमि

वि.सं. २०१३ मा स्याङ्जाको वालिङमा जन्मेका अच्युतशरण अर्याल उत्कृष्ट निबन्धकार हुन् । निबन्धकार अच्युतशरण अर्यालको एउटा निबन्धसङ्ग्रह **अभ्केटाका बान्कीहरू** (२०४१) लेखेका छन् । यहाँ उनको निबन्धसङ्ग्रह **अभ्केटाका बान्कीहरू** (२०४१) को अध्ययन गरिएको छ :

### ५.१०.२ अभ्केटाका बान्कीहरू (२०४१) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार अच्युतशरण अर्यालको एउटा मात्र निबन्धसङ्ग्रह **अभ्केटाका बान्कीहरू** (२०४१) हो । यस निबन्धसङ्ग्रहमा एघार ओटा निबन्धहरू छन् । तिनीहरू - 'आविष्कारको बाबु भोक', 'आँधीखोलाको आत्मकथा', 'भगवान् बन्ने धुनमा', 'राष्ट्रिय चिडिया सदनका औतारहरू', 'विभाजित मान्छे', 'मास्टर साब', 'डनलप मृत्यु शैयामा', 'अभ्केटाका बान्कीहरू', 'सङ्गमको सुसेलीसँगै बलिरहेका दीपहरू' र 'तिमी : मेरो आस्था' हुन् ।

**अभ्केटाका बान्कीहरू** (२०४१) निबन्धसङ्ग्रहमा विषयगत विविधता रहेका छन् । यस सङ्ग्रहका निबन्धमा जीवको विकासवादी दृष्टिकोण प्रस्तुत गरिएको छ । सामाजिक वर्गीय द्वन्द्वको चर्चा यस सङ्ग्रहमा छ । नेपाली राजनीतिमा देखिएको विकृति र विसङ्गतिको व्यङ्ग्यात्मक पारामा चर्चा गरिएको छ । निबन्धमा स्वर्ग, धर्म र लोकको चर्चा गर्दै जीवनवादी दृष्टि प्रस्तुत गरिएको छ । आँधीखोलाले बहन गरेको उतारचढाव र व्यवहारलाई आत्मकथाको रूपमा यस सङ्ग्रहमा चर्चा गरिएको छ । यिनका निबन्धमा राष्ट्रवादी स्वर प्रस्तुत गर्दै हाम्रो गौरव, स्वाभिमानले विदेशका गल्लीगल्लीहरूमा जीवनदान माग्दै हिँडेको विचार यस सङ्ग्रहका निबन्धमा व्यक्त गरिएको छ ।आँधीखोले संस्कृतिको चर्चा र नेपाली समाजमा देखिएको विकृति विसङ्गति, नातावाद, कृपावाद र वेरोजगारीको चर्चा यहाँका निबन्धमा गरिएको छ । नेपालीहरूको तँ ठूलो र म ठूलो व्यवहारको व्यङ्ग्य गर्दै आजको मान्छेले आफ्नो सम्पूर्ण विवेक, इज्जत जोगाउनमा लाग्नाको विचार यस सङ्ग्रहमा छ । राष्ट्रको व्यवस्था र शासकहरूप्रति व्यङ्ग्य गर्दै नेपालको राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्छौं भन्नेहरूप्रति पनि व्यङ्ग्य गरिएको छ । देश विकासका नाममा भ्रष्टाचार गरी राष्ट्रको ढुकुटी सिध्याउनेहरूप्रति आलोचनात्मक व्यङ्ग्य गरिएको छ । अहिलेको जमानामा सोभ्को भएर बाँच्नु व्यर्थ भएको र सम्पन्नता र विपन्नताले व्यक्तिको स्तर निर्धारण गर्ने र देश र राष्ट्रमा विभाजन रेखा सुरु हुने दृष्टिकोण यस सङ्ग्रहका निबन्धमा पाइन्छ । वर्तमान समयमा मान्छे विभाजित छ , उसले धेरै भूमिका र उत्तरदायित्व वहन गर्नुपर्छ तर 'बसुधैव कुटुम्बकम्'को पालना नगरेकामा यहाँ चिन्ता व्यक्त गरिएको छ । मान्छे विभाजित हुनु उसको नियति हो, मान्छेका आस्था, सभ्यता र उपलब्धि नै विकास भएको विचार यस सङ्ग्रहमा छ । विविध पेसा र पेसालाई जनाउने प्राचीन र वर्तमान शब्दहरूको चर्चा यस सङ्ग्रहमा छ ।

---

[१३२] सुकुम शर्मा, 'परिचयका सन्दर्भमा साहित्यकार घनश्याम ढकाल', **सगुन,** स्याङ्जा विशेषाङ्क, (वर्ष ४, पूर्णाङ्क १०, २०६३), पृ. २१३ ।

जीवन सङ्घर्ष हो, जीवन र मरण प्राकृतिक प्रक्रिया हुन र मानिसको सिर्जनाको मूल्याङ्कन ज्युँदो छदै गर्नुपर्दछ, मरेपछि नोबेल पुरस्कार दिएर हैन भन्ने चिन्तन यिनका निबन्धमा पाइन्छ । मान्छे जति अनुपातमा उन्नति र प्रगति गर्दै जान्छ त्यसको दोब्बर अनुपातमा अभ्फेटा बढ्ने विचार यस सङ्ग्रहमा प्रस्तुत छ । मानिस जीवनमा अभ्फेटिनु, पिरलो मान्नु, चिन्ता लिनु र पिल्सिनु युगीनता र समसामयिकताको बोध हो भन्ने वैचारिकता यहाँ प्रस्तुत छ । केही निबन्धमा निबन्धकारका यात्राका क्रममा भोगेका विषयवस्तुहरूको प्रयोग गर्दै धार्मिक यात्रा र तीर्थस्थलको वर्णन पनि गरिएको छ । मान्छे दोसाँधको त्यस्तो पर्खाल हो, उ पल्ट्यो भने सिर्जनाको सर्वनाश हुन्छ भन्ने विचार यहाँ प्रस्तुत छ । वर्तमान समयमा मान्छेले हो र होइनको भूमरीमा आफ्नो आस्था पालिरहेको छ । साथै विश्वस्थ नभएर पनि प्रण गरिरहेको विचार यस सङ्ग्रहमा प्रस्तुत छ । यस देशमा मनका कथाहरू पोख्ने ठाउँहरूको अभाव छ, आत्माका कुरा गर्नेहरू आत्मघाती हुन्छन् र राष्ट्रका कुरा गर्नेहरू देशद्रोही हुने आलोचनात्मक र विद्रोही विचार यस निबन्धसङ्ग्रहमा प्रस्तुत छ ।

**अभ्फेटाका बान्कीहरू** (२०४१) आत्मपरक निबन्धसङ्ग्रह हो । यस निबन्धसङ्ग्रहमा व्यङ्ग्यात्मक शैलीको प्रयोग पाइन्छ । साथै कथात्मक, प्रश्नात्मक, वर्णनात्मक, प्रतीकात्मक र नियात्रापरक शैलीको प्रयोग पनि यहाँ छ ।

**अभ्फेटाका बान्कीहरू** (२०४१) निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाका साथै तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । सामान्य बोलीचालीको भाषाको प्रयोग र नेपाली उखानटुक्काहरूको प्रयोग यस सङ्ग्रहमा छ । संस्कृतका केही श्लोकहरू र शब्दहरूको प्रयोग पनि यहाँ गरिएको छ । यस सङ्ग्रहका केही निबन्धहरूमा प्रतीकात्मक व्यङ्ग्य भाषाको प्रयोग छ ।

### ५.१०.३ निष्कर्ष

समग्रमा निबन्धकार अच्युतशरण अर्याल उत्कृष्ट निबन्धकार हुन् । यिनको एउटा मात्र निबन्धसङ्ग्रह **अभ्फेटाका बान्कीहरू** (२०४१) हो । यस निबन्धसङ्ग्रहमा एघार ओटा निबन्धहरू सङ्गृहीत छन् । यो आत्मपरक निबन्धसङ्ग्रह हो । व्याङ्ग्यात्मकता निबन्धकार अर्यालको निजी विशेषता हो । यस निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग पाइन्छ ।

## ५.११ निबन्धकार शारदा शर्मा (२०१५)

### ५.११.१ पृष्ठभूमि

वि.सं. २०१५ मा स्याङ्जाको चिलाउनेवासमा जन्मेकी शारदा शर्मा उत्कृष्ट निबन्धकार हुन् । यिनी नेपाली साहित्यको कविता, कथा, समीक्षा र निबन्धमा कलम चलाउने साहित्यकार हुन् । निबन्धकार शारदा शर्माको **अग्निस्पर्श** (२०६३) निबन्धसङ्ग्रह प्रकाशित छ ।

### ५.११.२ अग्निस्पर्श (२०६३) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार शारदा शर्माको एकमात्र निबन्धसङ्ग्रह **अग्निस्पर्श** (२०६३) हो । यस निबन्धसङ्ग्रहमा पैतालीस ओटा निबन्धहरू सङ्गृहीत छन् । तिनीहरू - 'ईर्ष्या -विस्तार', 'आमाको मन', 'असुरक्षित कोख', 'प्रेमयात्री', 'अंशयुद्ध', 'मार्गनिष्ठा', 'इन्द्रेणी-छायाँ', 'जिज्ञासा-समापन', 'अनास्थामुक्ति', 'शब्दसंवाद', 'आफ्नै सुखका लागि', 'कविताको भोक', 'मुठ आग्रह',

'समयको छाप', 'सुखसत्ता', 'तमसो मा ज्योतिर्गमय', 'मृतयोर्मा अमृतं गमय', 'आकाङ्क्षाको गति', 'सम्बन्धको सम्मोहन', 'मृगस्थलीमा रजनीश', 'अराजक गुरु', 'चेतनाका साक्षीहरूसँग', 'आरती प्रीतम प्यारीकी' 'तस्वीरको तिर्खा', 'परिग्रह पीडा', 'आफ्नै सर्तमा', 'उत्तराधिकार', 'सिद्धार्थ साधना', 'नग्नताको उत्कण्ठा', 'सनातन बुद्ध', 'कुम्भ स्नान', 'तीर्थयात्रा', 'बुद्धम् शरणम् गच्छामि', 'विश्वासको व्यापार', 'गुरु-गरिमा', 'गन्तव्य -निर्धारण', 'धर्मधारणा', 'चैतन्यको फूल', 'मूल्यशून्यताको मूल्य', 'अर्थविन्यास', 'असतो मा सद्गमय', 'परिवर्तनबोध', 'अहङ्कारको अवसान', 'पार्थक्य प्रतिबिम्ब' र 'अग्निस्पर्श' हुन् ।

**अग्निस्पर्श** (२०६३) निबन्धसङ्ग्रहमा विषयगत विविधता पाइन्छ । नारीवादी स्वर, साहित्यिक, सामाजिक, धार्मिक र दार्शनिक विषयवस्तु यस निबन्धसङ्ग्रहका प्रमुख विषयवस्तु हुन् । यस निबन्धसङ्ग्रहमा निम्निलिखित निबन्धहरू नारी संवेदानामा आधारित निबन्धहरू हुन् -'ईर्ष्या-विस्तार', 'अमाको मन', 'असुरक्षित कोख', 'प्रेमयात्री', 'अंशयुद्ध' र 'मार्गनिष्ठा' । यस निबन्धसङ्ग्रहका साहित्यिक विषयवस्तुअन्तर्गत-'इन्द्रेणी छाया', 'जिज्ञासा-समापन', 'अनास्था-मुक्ति' 'शब्दसंवाद' 'आफ्नै सुखका लागि', 'कविताको भोक' र 'मुठ आग्ह' रहेका छन् । यस निबन्धसङ्ग्रहका दार्शनिक विषयवस्तुमा आधारित निबन्धहरू - 'समयको छाप', 'सुखसत्ता', 'तमसो मा ज्योतिर्गमय', 'आंकाङ्क्षाको गति' 'सम्बन्धको सम्मोहन', 'मृगस्थलीमा रजनीश', 'अराजक गुरु' र 'चेतनाका साक्षीहरूसँग' हुन् । यस निबन्धसङ्ग्रहमा सामाजिक विषयवस्तु वा सामाजिक सङ्गति अन्तर्गतका निबन्धहरू - 'आरती प्रीतम प्यारी की', 'तस्वीरको तिर्खा', 'परिग्रह पीडा', 'आफ्नै सर्तमा' 'उत्तराधिकार', 'सिद्धार्थ-साधना र नग्नताको उत्कण्ठा', हुन् । यस सङ्ग्रहका धार्मिक विषयवस्तु अन्तर्गतका निबन्धहरू - 'सनातन बुद्ध', 'कुम्भस्नान', 'तीर्थयात्रा', 'बुद्धम् शरणम् गच्छामि', 'विश्वासको व्यापार', 'गुरु -गरिमा', 'गन्तव्य-निर्धारण', 'धर्म धारणा', र 'चैतन्यको फूल' हुन् । यस सङ्ग्रहमा चिन्तनशील विषयवस्तु अन्तर्गतका निबन्धहरू - 'मूल्य शून्यताको मूल्य', 'अर्थविन्यास', 'असतो मा सदगमय', 'परिवर्तन बोध', 'अहङ्कारको अवसान', 'पार्थक्य प्रतिबिम्ब' र अग्निस्पर्श हुन् ।

**अग्निस्पर्श** (२०६३) निबन्धसङ्ग्रहमा नारी संवेदनाका विविध पाटाहरूको चर्चा गरिएको छ । नारीप्रति समानभाव राख्नुपर्नेमा यस सङ्ग्रहका निबन्धमा जोड दिइएको छ । सामाजिक, राजनीतिक क्षेत्रमा जति ठूला मनोमालिन्य, युद्ध, विबिषिका र अपराधका घटनाहरू भइरहेका हुन्छन्, ती अधिकाङ्शतः पुरुष ईर्ष्याका परिणाति भएको यथार्थ निबन्धमा प्रस्तुत छ । यस सङ्ग्रहका निबन्धमा नारी हुनाको नियतिका रूपमा विद्यमान हाम्रो सांस्कारिक र परिवेशजन्य परिस्थितिप्रति आलोचना गरिएको छ । यस युगलाई विश्वलाई, राष्ट्रलाई, समाजलाई निर्देशित गर्ने नीतिनियमहरू दुषित र एकाङ्की भएमा तिनले गलत अभ्यासलाई प्रेरित गर्ने र त्यसबाट गलत संस्कृतिको निर्माण हुने विचार निबन्धमा छ । वासनाकै कारण संसारमा मान्छे अनन्त जञ्जालभित्र फस्ने विचार निबन्धमा पाइन्छ । हामीले यस संसारमा गर्ने सबै प्रकारका प्रेम त्यही परमतत्त्व परमेश्वरलाई साक्षात्कार गर्ने महत् प्रेम-अभियानका प्रारम्भिक, प्राथमिक अभ्यास मात्रै हुन भन्ने दृष्टिकोण यस सङ्ग्रहका निबन्धमा छ । लोग्नेमान्छेप्रतिको अतिनिर्भरता र त्यसैको प्रतिक्रिया स्वरूप पैदा भएको अतिविरोध नै संसारमा नारी चरित्रको सबैभन्दा कमजोर पक्ष भएको विचार यहाँ प्रस्तुत छ । साहित्यिक विषयवस्तुअन्तर्गत कविताका विविध पक्षहरूबारे यस सङ्ग्रहमा चर्चा गरिएको छ । कविता भनेको सौन्दर्यको, शिष्टताको, प्रेमको र मायाको अभिव्यक्ति भएको विचार यस सङ्ग्रहका निबन्धमा छ । साहित्यिक शब्दका सन्दर्भमा चर्चा गर्दै निबन्धकार भन्छिन् - 'यथार्थमा शब्द आफै मान्छेका भौतिक आवश्यकताले जन्माएका इन्द्रियजन्य आविस्कार हुन् ।' सक्षम सर्जकले आफूलाई पगालेर गरेको सिर्जना उत्तम सिर्जना हुने विचार यस सङ्ग्रहमा प्रस्तुत छ । यस

सङ्ग्रहमा बेग्लाबेग्लै समयका सत्यहरू बेग्लाबेग्लै हुने विचार प्रस्तुत गरिएको छ । यसमा स्वतन्त्रताको सुगन्ध, विषयवस्तु अन्तर्गतका निबन्धमा जीवनले जे दिन्छ, त्यसलाई प्रेमले, कृतज्ञताले ग्रहण गर्ने धैर्य र सामर्थ्यको सैद्धान्तिक श्रोत ज्ञान हो, व्यवहारिक स्रोत बोध हो, ज्ञानी हुनु भनेको प्रशान्त संवेदनशीलता आर्जन गर्नु हो, चेतना र विवकेलाई गतिशील बनाउनु हो, ज्ञानले नै सबै किसिमका भ्रम र बन्धनबाट मान्छेलाई मुक्त गर्ने विचार दिने वैचारिकता पाइन्छ । भाषा, मातृभाषा र हिन्दी भाषासम्बन्धी समन्वयात्मक दृष्टिकोण यस सङ्ग्रहका निबन्धमा छ । आफूभित्रका सबै प्रकारका कुण्ठा, गौढा, अहङ्कार, आडम्बर र आवरण निरोहित गरेर निर्भर हुनुमा र मौलिक हुनुमा आनन्द हुने विचार यस सङ्ग्रहमा छ ।

**अग्निस्पर्श** (२०६३) निबन्धसङ्ग्रहमा आत्मपरक शैलीको प्रयोग छ । विविध विषयवस्तुको सँगालो 'अग्निस्पर्श' निबन्धसङ्ग्रह भएकाले यसमा रोचक शैलीको प्रयोग पाइन्छ । यस निबन्धसङ्ग्रहका केही निबन्धहरू कविताका हरफबाट सुरु गरिएका र केही निबन्धहरूका अन्त्यमा कवितात्मक श्लोकहरू भएकाले यस निबन्धसङ्ग्रहमा कवितात्मक शैलीको प्रयोग पनि छ । यस निबन्धसङ्ग्रहका केही निबन्धहरू संस्मरणात्मक शैलीमा प्रस्तुत छन् ।

**अग्निस्पर्श** (२०६३) निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । यस सङ्ग्रहका केही निबन्धहरूमा अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ, जस्तै : नर्स क्लिनिक (पृ.२९) आदि । यस निबन्धसङ्ग्रहमा संस्कृत शब्दको बाहुल्यता पाइनाका साथै प्रायः सबै निबन्धहरूमा संस्कृत तत्सम शब्दहरूको व्यापक प्रयोग भएको छ । संस्कृत शब्दको अत्यधिक प्रयोगका कारण यस निबन्धसङ्ग्रहको भाषा कठिन र दुर्बोध्य छ ।

**अग्निस्पर्श** (२०६३) निबन्धकार शारदा शर्माको उत्कृष्ट निबन्धसङ्ग्रह हो । यस निबन्धसङ्ग्रहमा पैतालीस ओटा निबन्धहरू सङ्गृहीत छन् । विषयगत विविधता यस सङ्ग्रहको वैशिष्ट्य हो । यो आत्मपरक निबन्धसङ्ग्रह हो । यस सङ्ग्रहमा निजात्मक, कवितात्मक र सस्मरणात्मक शैलीको प्रयोग छ । सरल नेपाली भाषाका साथै आगन्तुक र संस्कृतका शब्दहरूको प्रयोग यस सङ्ग्रहमा छ ।

### ५.११.३ निष्कर्ष

समग्रमा शारदा शर्मा उत्कृष्ट निबन्धकार हुन् । यिनका निबन्धमा विषयगत विविधता पाइन्छ । नारीवादी चिन्तन यिनको प्रमुख विशेषता हो । यिनी आत्मपरक निबन्धकार हुन् । नारीवादी स्वर, वैचारिकता, आध्यात्मिकता, निजात्मकता र चिन्तनशीलता यिनका निबन्धात्मक प्रवृत्तिहरू हुन् । सरल नेपाली भाषाका साथै आगन्तुक र संस्कृतका शब्दहरूको प्रयोग यिनका निबन्धमा पाइन्छ ।

**अग्निस्पर्श** निबन्धसङ्ग्रहको भूमिकामा नरहरि आचार्य लेख्नछन् -"विषयहरूको विविधता अग्निस्पर्शको वैशिष्ट्य हो । नारीसंवेदनाका विविध पाटाहरू, कविताको प्रयोजन खोज्न प्रयत्न तथा सामाजिक सङ्गतिका जटिलताहरू ग्रन्थभित्र पाइने विषयवस्तु हुन् ।[१३३]

---

[१३३] नरहरि आचार्य, भूमिका, **अग्निस्पर्श,** (काठमाडौं : एकता प्रकाशन, २०६३), आवरण, पृ. ।

## ५.१२ निबन्धकार जगदीशचन्द्र भण्डारी (२०१९)

### ५.१२.१ पृष्ठभूमि

वि.सं. २०१९ मा स्याङ्जाको मालुङ्गामा जगदीशचन्द्र भण्डारी उत्कृष्ट निबन्धकार हुन् । यिनको **अँध्यारोमा चल्बलाएका शब्दहरू** (२०४७) निबन्धसङ्ग्रह प्रकाशित छ । यस निबन्धसङ्ग्रहको अध्ययन यस प्रकार छ :

### ५.१२.२ अँध्यारोमा चल्बलाएका शब्दहरू (२०४७) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार जगदीशचन्द्र भण्डारीको निबन्धसङ्ग्रह **अँध्यारोमा चल्बलाएका शब्दहरू** ( २०४७) हो । यस निबन्धसङ्ग्रहमा तेइस ओटा निबन्धहरू सङ्कलित छन् । तिनीहरू- 'हवाइ यात्राले छलेर नजाओस !', 'जे होस अहिले नाटक चलिरहेको छ', 'तीखा औँलाहरू कहाँ छन् !', 'हेरौं कतिबेलासम्म !', 'जिन्दगीको रापले च्वास्स ......', 'मुलुक त टर्रो हुँदै गएको छ !', 'अर्थमन्त्री भरतबहादुर प्रधानलाई शतत प्रणाम !', 'सपना बुन्ने रहर र कायरता ....', 'नढल्ने सगरमाथा हुन्', 'ओ परिवर्तनका सूर्यहरू, मस्तिष्कहरू !', 'हेरौं, ढोका कसरी खुल्छ', 'हावा खेल्ने ठाउँ र देश', 'भोक, एउटा डरलाग्दो चीज हो !' '.....देख्न पाएन, मदर टेरेसाहरूलाई', '...... संझना तीब्र छ र त जीवन क्रियाशील छ', '...उभिनेहरू सयौं घाउ बोक्छन् !', 'उध्याउँदै लानेहरू कहाँ छन् ?', 'दशैंले फूलपाती कसरी छर्न सक्छ !', 'गाउँ माने मेरो देश', 'कहाँ छन् सिरोटालाई भेदन गर्नेहरू', '.... हरू मिथकहरूमा बाँचेका छन् !', र '....... आस्था खुकुरीको धारमा उभिन्छ' हुन् ।

**अँध्यारोमा चल्बलाएका शब्दहरू** (२०४७) निबन्धसङ्ग्रहमा विषयगत विविधता रहेका छन् । यस निबन्धसङ्ग्रह राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, वैयक्तिक, वैचारिक र समसामयिक विषयवस्तुमा केन्द्रित छ । नेपाली शासक र शासन व्यवस्थाको चर्को व्यङ्ग्य यस निबन्धसङ्ग्रहमा छ । यिनका निबन्धमा नेपाली समाजमा विद्यमान अन्याय, अत्याचार, शोषण र दमनलाई देखाइएको छ । यस सङ्ग्रहमा राजनीतिक व्यङ्ग्य गर्दै निबन्धकार लेख्छन् - "आदरणीय जनताहरू आकाशमा ठूलो चील अडिरहेको छ, त्यस चीलमाथि आधारभूत आवश्यकताको सामान बोकेर मान्छेहरू ओहोर दोहोर गरिहेका छन्, कुन बेला तपाइँहरूका आगँनमा खसालिदिने हुन् । प्रतीक्षाका आँखा विछ्याइ रहनुहोस् - कतै तपाइँलाई छलेर नजाओस् !" (हवाइयात्राले छलेर नजाओस,पृ.४) । यस निबन्धसङ्ग्रहका केही निबन्धमा नेपालको भ्रष्टाचारी प्रवृत्तिको आलोचना पाइन्छ । नेपाली शासकका नाटकीय व्यवहारको चर्चा यस सङ्ग्रहमा छ । यस निबन्धसङ्ग्रहमा यथार्थ जीवनका विकृति र विसङ्गतिको चर्चा पाइन्छ । सोझा नेपाली जनताको आस्था र विश्वासलाई यस सङ्ग्रहमा प्रस्तुत गरिएको छ । प्रगतिवादी जीवनदृष्टि यस सङ्ग्रहका निबन्धमा प्रस्तुत छ । यस निबन्धसङ्ग्रहमा मुलुकका मान्छेहरू साँच्चिकै जिन्दगानीको अभावमा मुर्च्छा परिरहेका छन् , मान्छेको शक्ति अगम छ,, त्यस शक्तिलाई परिभाषित र परिचालित गर्ने विचारको अभावमा मान्छेहरू जिउँदो भोगाइ बिर्सन खोजिरहेको वैचारिकता प्रस्तुत गरिएको छ । वर्तमान समय अँध्यारोबाट गुज्रिरहेकाले निस्सासिएका जनताको मुक्तिका लागि ज्वलन्त आवाज उठाउनु आजको आवश्यकता भएको चर्चा यस सङ्ग्रहमा छ । यस निबन्धसङ्ग्रहमा कमरेड पुष्पलालप्रति श्रद्धा चढाउँदै भनिएको छ -"नढल्ने सगरमाथा हुन् पुष्पलाल, नपग्लने सगरमाथा हुन् पुष्पलाल" (नढल्ने सगरमाथा हुन् ,पृ.३२) । मान्छेमा मानवीय अस्तित्वको दिनप्रतिदिन ह्रास हुँदै गइरहेको चिन्ता यहाँका निबन्धमा प्रस्तुत छ । भीखका भाँडामा देखिएका मान्छेहरूलाई स्वाभिमान र कर्मप्रति आस्था र विश्वास

राख्ने रूपमा परिवर्तन गर्नुपर्ने विचार यस सङ्ग्रहमा प्रस्तुत छ । जीवनको वास्तविक द्वन्द्वबाट भागेर जीवनहीन जीवनको प्राप्तिमा रमाउन खोज्नेहरूलाई सत्यता थाहा नहुने चर्चा यस सङ्ग्रहमा छ । यस सङ्ग्रहका निबन्धमा अशिक्षित र अबोध जनताहरूको लाममा सुकिलो भाषणको प्रवाहले खास केही प्रभाव पार्न नसक्ने विचार प्रस्तुत छ । महानताको मूल्य ह्रास हुँदा पनि मान्छेहरू त्यसैलाई महान् भन्न, मान्न र स्वीकार गर्न विवश भएको विचार यस सङ्ग्रहका निबन्धमा प्रस्तुत छ । स्वतन्त्रताको अभावमा ढुङ्गाको कापमा च्यापिएको विरुवा पहेँलो हुने विचार यहाँ चर्चा गरिएको छ । बेरोजगारी समस्या राष्ट्रको भयानक समस्या भएको तर त्यसतर्फ राज्यले कुनै वास्ता नगरेकामा दु:ख प्रकट गरिएको छ । विकृति र पलायनको पाठ सिकाउने संस्कृतिको विकास भोक र बेरोजगारीले गर्ने विचार यस सङ्ग्रहका निबन्धमा छ । वर्तमान समय क्रूर र निर्दयी छ !, यसका हात पर्खालहरू बलिया छन् !, समयका नङ्ग्राहरूले चिथोर्ने विचार यहाँका निबन्धमा प्रस्तुत छ । आर्थिक असमानता दरिद्रता र दु:खद् पीडाको अभिव्यक्ति लिएर मनाइएका चाडपर्वहरूको कुनै अर्थ नहुने विचार यस सङ्ग्रहका निबन्धमा प्रस्तुत छ । नेपालका प्रशासकहरूको दानवी प्रवृत्तिको आलोचना यस सङ्ग्रहमा छ । अशिक्षित जनतालाई चेतनाको दियो बाली ब्युझाउँनु आजको आवश्यकता भएको विचार यहाँका निबन्धमा प्रस्तुत छ । अकर्मण्यता, निस्क्रियता र अविवेकीपनलाई देशका केही सीमित मान्छेहरूले आजसम्म आफ्नो परिचयको प्रमाण बनाएकाले त्यसका विरुद्ध विद्रोह गर्नु आजको आवश्यकता भएको चर्चा यस सङ्ग्रहमा छ । वर्तमानमा मान्छेहरू भित्रको मान्छेपन हराउँदै गएकामा चिन्ता प्रकट गरिएको छ । परिवर्तनको प्रक्रियामा जीवनलाई हाम्फाल्न लगाउने हिम्मत र चाहेको प्रबलतामा मात्र जीवन मुखरित हुन सक्ने अभिव्यक्ति यस सङ्ग्रहमा छ । यस निबन्धसङ्ग्रहका निबन्धमा मानवीय अस्तित्व र न्यायका निम्ति परम्परागत सभ्यताका विरुद्धमा विद्रोहको मुस्लो सल्काउनु पर्ने क्रान्तिकारी स्वर प्रस्तुत गरिएको छ ।

**अँध्यारोमा चल्बलाएका शब्दहरू** (२०४७) निबन्धसङ्ग्रहमा व्यङ्ग्यात्मक शैलीको प्रयोग गरिएको छ । समाजका यथार्थहरूलाई निजात्मक र रोचक शैलीको प्रस्तुति यस सङ्ग्रहका निबन्धमा छ । यस सङ्ग्रहका निबन्धमा आलोचनात्मक शैलीको प्रयोग पाइन्छ । केही निबन्धहरू प्रश्नात्मक शैलीका छन् । यस सङ्ग्रहका केही निबन्धमा कवितात्मक शैलीको प्रयोग पाइन्छ । केही निबन्धहरूमा पत्रात्मक शैलीको प्रयोग गरिएको छ । यस सङ्ग्रहका केही निबन्धहरू प्रतीकात्मक शैलीमा रचना गरिएका छन् र केही निबन्धहरू दन्त्यकथात्मक शैलीमा छन् ।

**अँध्यारोमा चल्बलाएका शब्दहरू** (२०४७) निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । त्यसैगरी तत्सम, तद्भव र आगन्तुक नेपाली शब्दहरूको प्रयोग पनि यस सङ्ग्रहमा छ । यस निबन्धसङ्ग्रहमा अङ्ग्रेजीका शब्द प्रयोग पाइन्छ । जस्तै - रोमान्टिक ( पृ.१५) कमरेड । यस सङ्ग्रहमा स्थानीय भाषिकाका शब्दको प्रयोग छ ।

**अँध्यारोमा चल्बलाएका शब्दहरू** (२०४७) निबन्धसङ्ग्रह उत्कृष्ट निबन्धसङ्ग्रह हो । यसमा तेईस ओटा निबन्धहरू संकलित छन् । विषयगत विविधता यस सङ्ग्रहको विशेषता हो । यो आत्मपरक निबन्धसङ्ग्रह हो । यस निबन्धसङ्ग्रहमा व्याङ्ग्यात्मक, प्रतीकात्मक, प्रश्नात्मक, आलोचनात्मक र कवितात्मक शैलीको प्रयोग गरिएको छ । यस निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोगका साथै तत्सम, तद्भव र आगन्तुक नेपाली शब्दको प्रयोग गरिएको छ ।

### ५.१२.३ निष्कर्ष

समग्रमा जगदीशचन्द्र भण्डारी उत्कृष्ट निबन्धकार हुन् । यिनको निबन्धसङ्ग्रह **अँध्यारोमा चल्बलाएका शब्दहरू** (२०४७) हो । उनका विविध पत्रपत्रिकामा प्रकाशित निबन्धहरू पनि रहेका छन् । यिनका निबन्धमा विषयगत विविधता पाइन्छ । प्रगतिवादी स्वर र मार्क्सवादी धरातलमा साहित्यको सिर्जना गर्नु यिनका मुख्य विशेषताहरू हुन् । यिनी आत्मपरक निबन्धकार हुन् । निजात्मक, व्याङ्ग्यात्मक प्रतीकात्मक, कवितात्मक र आलोचनात्मक शैली यिनका मुख्य निबन्धगत शैली हुन् । प्रगतिवादी चिन्तन, मार्क्सवादी सौन्दर्यशास्त्र, प्रतीकात्मकता, वैचारिकता, चिन्तनशीलता, यथार्थता र समसामयिकता यिनका मुख्य प्रवृत्तिहरू हुन् । सरल नेपाली भाषाका साथै व्यङ्ग्य भाषाको प्रयोग यिनको निबन्धगत भाषिक विशेषता हो ।

## ५.१३ निबन्धकार राजेन्द्रप्रसाद चापागाइँ 'आहत' (२०२४)

### ५.१३.१ पृष्ठभूमि

वि.सं. २०२४ मा स्याङ्जाको आरुचौरमा जन्मेका राजेन्द्रप्रसाद चापागाइँ 'आहात' उत्कृष्ट निबन्धकार हुन् । नेपाली भाषा र अङ्ग्रेजी भाषाका ज्ञाता चापागाइँ नेपाली निबन्ध तथा अङ्ग्रेजी भाषाका कविता, नाटक र समालोचनाका सर्जक हुन् ।[१३४] निबन्धकार चापागाइँको **आवरण** (२०६३) निबन्धसङ्ग्रह हो । उनको निबन्धसङ्ग्रहको अध्ययन यस प्रकार छ -

### ५.१३.२ आवरण (२०६३) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार राजेन्द्र चापागाइँको निबन्धसङ्ग्रह **आवरण** (२०६३) हो । यस निबन्धसङ्ग्रहमा पच्चीस ओटा निबन्धहरू सङ्कलित छन् । तिनीहरू - 'छुवाछुत र मनु', 'अक्कलबिनाको नक्कल', 'देख्न सकिनँ', 'चाकरीका पारखी', 'मेरो हैसियत र पोखरा', 'आवरण', 'समयको झट्का', 'बलात्कृत कागज र नाट्यविधा', 'विद्रोह : दाँतसँग आँत हँसाउन', 'समना, कल्पना र संभावना', 'कायरहर बाँच्ने गर्दछन्' 'जीवन, दर्शन र यथार्थता', 'धनको वर्कत र नाताको औकात' 'अनियन्त्रित', 'युवाका गितार र विचार', 'मेरो संगत र यथास्थिति', 'मनभित्रको यात्रा', 'व्लफ कल', 'चतुराखर र सनकमानको दोस्ती', 'एक क्षण जीवनयात्रामा', 'मात्र एक वाक्य', 'भाँचिएको मेरुदण्ड', 'आराम : एक जटिल प्रश्न', 'जिजीविषा', र 'ताल, छाल र कमजोर बहाना' हुन् ।

**आवरण** (२०६३) निबन्धसङ्ग्रह विविध विषयमा केन्द्रित निबन्धहरूको सङ्ग्रह हो । यस निबन्धसङ्ग्रहमा सामाजिक, आर्थिक, राजनैतिक, नैतिक, वैचारिक र समसामयिक विषयवस्तु रहेका छन् । नेपाली समाजमा विद्यमान जातिव्यवस्था र छुवाछुत प्रथाको प्रस्तुति निबन्धमा छ । वैदिककालदेखि जातीय विभाजन भएको र वर्तमान समयमा त्यसको छुवाछुत प्रथाको कानुनी रूपमा अन्त्य गर्ने प्रयास गरिए तापनि व्यावहारिक रूपमा नउतारिएको चर्चा यस सङ्ग्रहका निबन्धमा पाइन्छ । आजको नेपाली समाजमाा हत्या, हिंसा, आतङ्क, शोषण, सामन्ती प्रथा, भ्रष्टाचार, कामचोर र नामचोरको अत्यधिक वृद्धि भएकामा यिनका निबन्धमा

[१३४] राजेन्द्रप्रसाद चापागाइँ, 'आहात', **आवरण,** निबन्धसङ्ग्रह, (पोखरा : लेखनाथ साहित्य प्रतिष्ठान, २०६३) ।

चिन्ता प्रकट गरिएको छ । जातीय विभाजनअनुसार छुत र अछुत नभई पापी, अपराधी, भ्रष्टाचारीलाई अछुत वर्गमा राख्नुपर्ने विचार यस सङ्ग्रहमा पाइन्छ । नेपाली समाजमा निम्न वर्ग, मध्यम वर्ग र उच्च वर्ग तीन सामाजिक वर्गको व्याख्या यस निबन्धसङ्ग्रहका निबन्धमा छ । हामीले आफ्नो देशअनुसारको वेश गर्नुपर्नेमा यिनका निबन्धमा जोड दिइएको छ । नेपाल प्राकृतिक रूपले सुन्दर शान्त देश भए तापनि यस देशका राजनीतिज्ञ र प्रशासकहरूले दूषित पारेको चर्चा यस सङ्ग्रहमा छ । नेपालीहरूको चाकरी गर्ने प्रथाको आलोचना यस सङ्ग्रहमा गरिएको छ । यस निबन्धसङ्ग्रहका निबन्धमा नेपाली जनजीवनको महँगी, मान्छेका बाध्यता र भौतिक प्राप्तिको रवाफको चर्चा पाइन्छ । वर्तमान आवरण भ्रम यथार्थ वस्तु फरक भएको दृष्टिकोण यहाँका निबन्धमा प्रस्तुत छ । सत्यता र यथार्थ तीतो बनाउने वर्तमान आवरण समाजको आलोचना निबन्धमा गरिएको छ । वर्तमान समयमा सर्वस्वीकृत कुरा नै सत्य हुने हुँदा आवरण आजको सत्यता हो, बरु यथार्थ भ्रम भएको आलोचनात्मक दृष्टिकोण यस सङ्ग्रहमा छ । यस अन्यायी संसारमा समय मात्र न्यायको प्रतिमूर्ति हो जसले बिर्सेर पनि गल्ती गर्दैन अनि भिखारी र राजा भनेर भेदभाव गर्दैन, समय मार्गदर्शक, अग्रणी, स्रष्टा, द्रष्टा, पालक र विनाशक भएको विचार यस सङ्ग्रहका निबन्धमा प्रस्तुत छ । यस निबन्धसङ्ग्रहमा नाट्यविधाको समीक्षा गर्दै वर्तमान समयमा नाटक विधाप्रति गरिएको अवहेलनाको चर्चा पाइन्छ । अभ्यासले मान्छेलाई महान् बनाउने साथै वास्तविकताले आदर्श र दर्शन भगाउने विचार यहाँ प्रस्तुत गरिएको छ । मानवीय मूल्य मान्यता, बान्धवता, रगतनाता, सम्बन्ध र इष्टमित्र आदि सबै बिक्रीमा राखिएको वस्तु बनेकाले पैसावालले सजिलै किनबेच गर्न सक्ने वर्तमान विसङ्गतिको चर्चा यिनका निबन्धमा आएको छ । वर्तमान मानवीय स्वभाव परिवर्तनशील भएको र एकअर्काको सङ्गतले मानसिक संसारमा ठूलो परिर्वतन ल्याउने विचार यस सङ्ग्रहमा छ । आधुनिक सहरबजार विकृति, विसङ्गति र प्रदूषणले प्रदुषित भएकाले त्यसको निराकरणका लागि ग्रामीण प्राकृतिक क्षेत्रमा जानुपर्ने सुझाउ व्यक्त गरिएको छ । रुवाइ मान्छेको जन्मसँगै आउँछ, हाँसो त पछि बनाउने कृत्रिमताको आवरण भएको विचार यस सङ्ग्रहमा प्रस्तुत छ । वर्तमान जीवन दुःखपूर्ण रहेको र अभाव र पीडा नै वास्तविक जीवन भएको चर्चा यस सङ्ग्रहमा छ । वर्तमान संसार स्वार्थी र भौतिक आनन्दमा रमाउने भएकाले संसारलाई कसैको क्रन्दनसँग सरोकार नभएको विचार यहाँ पाइन्छ । आफ्नो हैसियतलाई नबुझी जीवनको रसपान गर्न चाहनेहरू र कमजोर बहना लिई विशाल तालमा डुङ्गा चलाउनेहरू अन्ततः संसार र तालको किनारमा पल्टिने र जीवनकै बिटमार्ने वैचारिकता यस सङ्ग्रहमा प्रस्तुत छ ।

**आवरण** (२०६३) निबन्धसङ्ग्रहमा निजात्मक शैलीको प्रयोग गरिएको छ । यस निबन्धसङ्ग्रहमा व्यङ्ग्यात्मक र आलोचनात्मक शैलीको प्रयोग पनि छ । यस सङ्ग्रहका केही निबन्धमा गीतिलयको प्रयोग पाइन्छ, जस्तै : 'उडायो सपना सारा हुरिले .... (पृ.८)। यस सङ्ग्रहका केही निबन्धहरूमा संस्मरणात्मक शैलीको प्रयोग पनि छ । यस सङ्ग्रहका केही निबन्धमा कथ्यसूत्रको प्रयोग छ । यस सङ्ग्रहका केही निबन्धहरू यात्रा निबन्ध भएकाले यहाँ नियात्रा शैलीको प्रयोग पाइन्छ ।

**आवरण** (२०६३) निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । यस निबन्धसङ्ग्रहमा संस्कृत श्लोकहरूको प्रयोग पाइन्छ । यस निबन्धसङ्ग्रहमा अङ्ग्रेजी भाषाको अत्यधिक प्रभावका कारण प्रत्येक निबन्धमा अङ्ग्रेजी शब्दहरूको प्रयोग छ । साथै वाक्यस्तरसम्म अङ्ग्रेजी भाषाको प्रयोग गरिएको छ । नेपाली भाषाका उखानटुक्काहरूको प्रयोग गरिएको छ । यस निबन्धसङ्ग्रहमा आगन्तुक शब्दको प्रयोग पाइन्छ ।

**आवरण** (२०५३) निबन्धसङ्ग्रह उत्कृष्ट निबन्धसङ्ग्रह हो । यस निबन्धसङ्ग्रहमा पच्चीस ओटा निबन्धहरू निबन्धन गरिएको छ । विषय विविधता यस निबन्ध सङ्ग्रहमा पाइन्छ । निजात्मक, व्यङ्ग्यात्मक, आलोचनात्मक, संस्मरणात्मक र नियात्रापरक शैलीको प्रयोग यस निबन्धसङ्ग्रहमा छ । सरल नेपाली भाषाका साथै तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग यस निबन्धसङ्ग्रहमा पाइन्छ ।

### ५.१३.३ निष्कर्ष

समग्रमा राजेन्द्रप्रसाद चापागाईं 'आहात' उत्कृष्ट निबन्धकार हुन् । यिनको **आवरण** ( २०६३) निबन्धसङ्ग्रह प्रकाशित छ । यिनले विविध विषयमा निबन्धहरूको रचना गरेका छन् । यिनी आत्मपरक निबन्धकार हुन् । आत्मपरकता, व्यङ्ग्यात्मकता, यथार्थता, आलोचनात्मकता, वैचारिकता र चिन्तनशीलता निबन्धकार चापागाईंका निबन्धगत प्रवृत्तिहरू हुन् । निबन्धकार चापागाईंका निबन्धहरूको अध्ययन गर्दै समालोचक प्रा.डा. अभि सुवेदी 'संस्कृति र सूचना युगजनित ज्ञान' शीर्षकमा लेख्छन् - "राजेन्द्र चापागाईंका निबन्धमा परम्परागत संस्कृतिका स्थापित ज्ञान र सूचनाका युगजनिन ज्ञानको राम्रो सन्धि भएको छ । त्यति मात्र होइन, उनले यी निबन्धमा निजत्वको पनि प्रयोग गरेका छन् । त्यो निजत्वसँग अनुभूति गाँसिएको छ । निबन्धको सबभन्दा ठूलो शक्ति हो त्यो । अर्को, राजेन्द्र चापागाईंले निजी अनुभूति र धेरै नरनारीका चिन्तासँग गाँसिएका विषयहरूको सफल समागम गराएका छन् - यी निबन्धमा ।"[१३५] यिनका निबन्धको अध्ययन गर्दै डा. श्रीधर गौतम 'सिर्जनशीलता र संवेदशीलता' शीर्षकमा लेख्छन् -"राजेन्द्र चापागाईंको निबन्धसङ्ग्रह 'आवरण'ले उनी सिर्जनशील एवम् साहित्यका मर्मज्ञ भएको थप पुष्टि हुन्छ । मैले उनको अङ्ग्रेजी कवितासङ्ग्रह 'The collage' पढेर धेरै प्रभावित हुने मौका पाएको छु । अहिले यस निबन्धसङ्ग्रहले लेखकको जीवन र जगत्प्रतिको फराकिलो एवम् संवेदनशील दृष्टिकोणको उजागर गरेको छ । नेपाली साहित्यमा नयाँ आयाम थप्ने शैलीमा शब्दको सुन्दर चयन गरी लेखिएको यस कृतिले सकारात्मक परिवर्तनको पक्षमा उभिएर निरपेक्ष स्थिरताको विरोध गरेको छ । देशको परिस्थितिसँग परिचित चापागाईंले देश र जनताको जीवनशैलीमा गुणात्मक सुधार ल्याउनु पर्छ र सत्य र इमान्दारीका बाटामा हिडनु पर्छ भन्ने सन्देशलाई दिल छुने गरी देखाएका छन् । उनको बौद्धिक र भावुक प्रवृत्ति अझ बढी तिखारिनेछ भन्ने विश्वास लिँदै म उनी यस यात्रामा प्रतिबद्ध भइरहन सकून भन्ने शुभकामना दिन चाहन्छु ।[१३६]

## ५.१४ निबन्धकार सुकुम शर्मा( २०२७)

### ५.१४.१ पृष्ठभूमि

वि.सं. २०२७ मा स्याङ्जाको गुडिखोलामा जन्मेका सुकुम शर्मा (गोविन्दप्रसाद शर्मा) उत्कृष्ट निबन्धकार हुन् । निबन्धकार शर्मा निबन्धका अतिरिक्त कथा, कविता, उपन्यास र समालोचनामा कलम चलाउने उत्कृष्ट स्रष्टा हुन् । निबन्धकार शर्माको **कोम्रोङ खोला बाँचे भेट होला** (२०५९) निबन्धसङ्ग्रह प्रकाशित छ भने विभिन्न पत्रपत्रिकाहरूमा हालसम्म तीन

---

[१३५] अभि सुवेदी, 'संस्कृति र सूचनाका युगजनित ज्ञान', भूमिका,**आवरण** (पोखरा: लेखनाथ साहित्य प्रतिष्ठान ,२०६३), आवरण पृष्ठ ।

[१३६] श्रीधर गौतम, 'सिर्जनशीलता र संवेदनशीलता', ऐजन ।

दर्जन भन्दा बढी निबन्धहरू प्रकाशित छन । यहाँ उनका निबन्धात्मक कृतिहरूको अध्ययन गरिएको छ ।

## ५.१४.२ कोम्रोङ खोला बाँचे भेट होला (२०५९) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार सुकुम शर्माको पहिलो निबन्धसङ्ग्रह **कोम्रोङ खोला बाँचे भेट होला** ( २०५९) हो । यस निबन्धसङ्ग्रहमा एघार ओटा निबन्धहरू सङगृहीत छन् । तिनीहरू 'घान्द्रुक जुनेलीमा रमाउँदै हाँसिरहयो,' 'फूलमालाको स्वागतमा नाच्दा,' 'कोम्रोङ खोला बाँचे भेट होला', 'छोम्रोङको गाउँको, बाटो राम्रो ढुङ्गाले माया फूलको थुङगाले,' 'प्रकृतिमा हराउँदाको मजा दोभानमा पाइयो', 'आजको बास अन्नपूर्णमा', 'साङ्ग्रिलामा रात र बिहानसित रमाउँदा', 'सौन्दर्यको ह्याङओभर,' 'कविता यात्रामा कविता नपढेको दिन,' 'तपाईहरू नै गाउँतिर आउनुस है,' र 'धुम्पुसमा पनि कविताको धीत मरेन' हुन् ।

**कोम्रोङ खोला बाँचे भेट होला** (२०५९) निबन्धसङ्ग्रह यात्रा संस्मरण निबन्धसङ्ग्रह वा नियात्रापरक निबन्धसङ्ग्रह हो । यस निबन्धसङ्ग्रहमा निबन्धकारका साहित्यिक यात्राका क्रममा घटेका देखेका र भोगेका विविध विषयवस्तुहरूलाई निबन्धको विषय बनाइएको छ । **'संरक्षण कवितायात्रा'** (२०५३) नामक साहित्यिक यात्राका क्रममा कास्कीको घान्द्रुक, कोम्रोङ खोला, छोम्रोङ, दोभान, अन्नपूर्ण, साङग्रिला र धम्पुसका विभिन्न भागहरूमा गरिएका यात्रानुभूतिहरू यस सङ्ग्रहका निबन्धमा पाइन्छ । प्राकृतिक सौन्दर्यको चर्चा यस निबन्धसङ्ग्रहमा छ । ग्रामीण नेपाली जनजीवनको रहसहन वेशभूषा, कला, संस्कृति र सभ्यताको चर्चा यहाँ पाइन्छ । यस निबन्धसङ्ग्रहमा बौद्धिक, प्राकृतिक, साहित्यिक, सांस्कृतिक र यथार्थ विषयवस्तु रहेका छन् ।

**कोम्रोङ खोला बाँचे भेट होला** (२०५९) निबन्धसङ्ग्रहमा निबन्धकार शर्माले नेपाली प्रकृति र जीवनको यथार्थतालाई गीतिलयात्मक ढङ्गले प्रस्तुत गरेका छन् । जस्तै "धानको बाला कोदाको कपनी, दिनको कुरा रातको सपनी"(पृ.४) । आजको साहित्य जीवनसित प्रत्यक्ष छोइएर लेख्नुपर्ने विचार निबन्धमा आएको छ । नेपाली ग्रामीण सोझा निर्धा जनता जसलाई राजनीति, चुनाव र शासन व्यवस्थाको बारेमा थाहै छैन तिनै जनताहरूसँग भोट फकाएर गाउँ नै नफर्कने नेताहरू विरुद्धको आलोचनात्मक स्वर यस निबन्धसङ्ग्रहमा प्रस्तुत छ । हामी नेपालीले आफ्नै देशका छातीका प्रकृति र संस्कृतिलाई चुम्न नसकेकामा निबन्धसङ्ग्रहमा चिन्ता प्रकट गरिएको छ । नेपाली श्रमजीवी जनता, गरिब र निमुखाका आँसुलाई उजागर गर्दै नेपाली समाजका जगमा गाँजिएको प्रगतिविरोधी सम्पूर्ण तत्त्वलाई मिल्काउनु पर्ने विचार यिनका निबन्धमा व्यक्त गरिएको छ । अन्याय र अत्याचारलाई हटाउन नवसंस्कृतिको सहयोग लिई गाउँगाउँमा जागरणको शङ्ख फुक्नु पर्ने विचार यहाँ प्रस्तुत छ । स्वदेशमा निर्मित घरेलु उद्योग र स्वदेशको रोजगारीमा जोड दिनुपर्ने विचार प्रस्तुत निबन्धसङ्ग्रहमा छ । हामी अस्थायी र प्रकृति स्थायी भएकाले प्रकृतिले हामी जस्ता धेरैको चोला हेरिसकेको चर्चा सङ्ग्रहका निबन्धमा छ । नेपालका पाखापाखामा हाम्रा दिदी बहिनीका पीर, मर्का र व्यथाहरू अनगिन्ति भएको तर तिनलाई व्यक्त गर्ने कलमहरू नपाएर पीर सुनिदिने मनहरू नपाएर हाम्रा पाखापखेरामा बचाइहरू मृत्युसँगै हराएको विचार यहाँका निबन्धमा छ । नेपाली ग्रामीण जीवनमा महाकाव्य लुकेको, श्रममा दर्शन बाँचेको र पहिरनमा संस्कृति गतिशील रहेको चिन्तन प्रस्तुत सङ्ग्रहका निबन्धमा छ । कविता गाउँले जीवनबाट लिएर गाउँलेकै लागि लेखिनुपर्ने विचार निबन्धकारको छ ।

साहित्यको अर्थ लोकजीवनमा उपलब्धिपूर्ण भएन भने लेख्ने स्वाद र त्यस साहित्यको अर्थ नहुने विचार प्रस्तुत निबन्धसङ्ग्रहका निबन्धमा छ । जीवनको मर्म नै साहित्य हो र जीवनको खुसी नै साहित्य भएको विचार प्रस्तुत गर्दै साहित्य लेख्न भन्दा साहित्यको कर्तव्य र दायित्ववहन गर्न कठिन हुने विचार प्रस्तुत सङ्ग्रहमा छ ।

यस निबन्धसङ्ग्रहमा साहित्यिक यात्राका क्रममा विविध ठाउँका विविध व्यक्तिहरूसँग गरिएको भलाकुसारी, प्रकृतिको चर्चा, नेपाली परिवेश र ग्रामीण निश्छल जीवनको यथार्थ विवरण प्रस्तुत गरिएको छ । प्रकृतिमा हराउँदाको मजा यस्तै अप्राप्तिका सौन्दर्यका छिर्कामा सँगालिने र नेपाली पहरा, छहरा, खोल्सा, खोला, हिमाल, गेग्रान, र डोरेटामा पाइने आनन्द राजमार्गीय कालोपत्रे सडकमा नपाइने विचार प्रस्तुत सङ्ग्रहका निबन्धमा छ । यस निबन्धसङ्ग्रहमा हिमाली सौन्दर्यको चर्चा गर्दै प्राकृतिक सुन्दरतालाई आत्मसात् गर्दा ठूलो उपलब्धि हासिल हुने विचार प्रस्तुत गरिएको छ ।

हामी नेपालीहरू आफूसितको अमूल्यनिधि नचिनेर भोका, गरिब, भरिया र ढाक्रे भई बाँचेकामा प्रस्तुत सङ्ग्रहका निबन्धमा चिन्ता प्रकट गरिएको छ । हामी गरिबीमा स्वाभिमान देखाएर धेरै दिन बाँच्न नसक्ने साथै हामीलाई काम गर्न नलजाउने सभ्यताको खाँचो भएको विचार यस सङ्ग्रहका निबन्धमा प्रस्तुत छ । नेपाल राष्ट्र प्रजातन्त्रका नशामा लठ्ठ परेको विकृतिको सम्पूर्णता प्रजातन्त्रलाई सुम्पिएर उपहासमा राष्ट्रले काँचुली फेर्ने कसम खाएको र नेपालको बेरोजगारी बढेकामा प्रस्तुत सङ्ग्रहका निबन्धमा चिन्ता प्रकट गरिएको छ ।

**कोम्रोङ खोला बाँचे भेट होला** (२०५९) यात्रासंस्मरण निबन्धसङ्ग्रह हो । यस निबन्धसङ्ग्रहमा नियात्रामूलक शैलीको प्रयोग गरिएको छ । निबन्धकार शर्माको निजी अनुभूतिको प्रयोगले प्रस्तुत सङ्ग्रहमा निजात्मक शैलीको प्रयोग पाइन्छ । यस निबन्धसङ्ग्रहका निबन्धहरूमा कवितात्मक श्लोकहरूको प्रयोग भएकाले प्रस्तुत सङ्ग्रहमा कवितात्मक शैलीको प्रयोग गरिएको छ । यस निबन्धसङ्ग्रहमा गीति लयको प्रयोग पाइन्छ । यस निबन्धसङ्ग्रहका केही निबन्धहरूमा वर्णनात्मक शैलीको प्रयोग पाइन्छ ।

**कोम्रोङ खोला बाँचे भेट होला** (२०५९) निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । नेपाली सरल भाषाका अतिरिक्त तत्सम र तद्भव शब्दको प्रयोग यस सङ्ग्रहमा छ । यस निबन्धसङ्ग्रहमा लयात्मक भाषाको प्रयोग पाइन्छ । यस निबन्धसङ्ग्रहमा नेपाली उखानको प्रयोग पाइन्छ । जस्तै बेला न कुबेला बजिनयला (पृ.४) । यस निबन्धसङ्ग्रहमा स्थानीय भाषिकाको प्रयोग छ । जस्तै- आबुइ नि (पृ.६), आम्मै नि (पृ.१५ ), सप्पै (पृ.९), हाइ बरै (पृ.२ ) । प्रस्तुत निबन्धसङ्ग्रहमा अङ्ग्रेजी आगन्तुक शब्दको आधिक्य प्रयोग पाइन्छ, जस्तै- अफिस (पृ.८), ट्रेकिङ इन (पृ.८), ब्ल्याक टी (पृ.३९), ह्याङओभर (पृ.३८), ब्युटिफुल ( पृ.३९), गुडमर्निङ (पृ.११), इन्डियन टुरिस्ट (पृ.२०) आदि । यस निबन्धसङ्ग्रहमा केही गुरुङ भाषाका शब्दहरू प्रयोग भएका छन् । जस्तै- 'पैंको खुले', 'कै चम', 'पा थुँ,' 'खनी हयामो', 'मैसे चम बोमे भाइ' (पृ.४६) । यस निबन्ध सङ्ग्रहका केही निबन्धहरूमा केही निजी शब्दको प्रयोग पनि पाइन्छ । जस्तै- रहरिलो (पृ.२१), सफेद आदि ।

**कोम्रोङ खोला बाँचे भेट होला** (२०५९) निबन्धसङ्ग्रह निबन्धकार सुकुम शर्माको उत्कृष्ट निबन्धसङ्ग्रह हो । यो यात्रा संस्मरण निबन्धसङ्ग्रह हो । यस निबन्धसङ्ग्रहमा एघार ओटा निबन्धहरू सङगृहीत छन् । यस निबन्धसङ्ग्रहमा साहित्यिक यात्राका क्रममा अनुभूति गरिएका वा देखेभोगेका विषयवस्तुहरू प्रस्तुत छन् । निजात्मक, नियात्रापरक,

संस्मरणात्मक, कवितात्मक र डायरी शैलीको प्रयोग यसमा छ । यस निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग पाइन्छ । स्थानीय भाषिकाको प्रयोग, निजी शब्दको प्रयोग र गुरुङ भाषाका शब्दका प्रयोगले प्रस्तुत सङ्ग्रह उत्कृष्ट निबन्धसङ्ग्रह बनेको छ ।

'सिर्जनाको कोम्रोङखोला कसको मन नछोला ?' शीर्षकमा साहित्यकार सरुभक्त लेख्नछन् - "**कोम्रोङखोला बाँचे भेट होला** भित्र सुकुम भाइको राष्ट्रबोध र आत्मबोधको चोखो प्रकाशन भएको छ । उनी मेरा दृष्टिमा भावप्रवल गद्यका सशक्त रचनाकार हुन् । उनका मुक्तकहरू गीतहरू र कविताहरूमा पनि शाश्वत प्रतिभाको छनक पाइन्छ । व्याकरण र भाषाविज्ञानका क्षेत्रमा पनि उनको अभिरुचि र प्रगति उल्लेख्य रहिआएको छ । जीवनका धेरै विषमताहरू र प्रतिकुलताहरू बीच उनले आफूलाई बनाएका छन् । उनी स्वयम् निर्मित व्यक्तित्व हुन् । उनको अदम्य जुझारुपना र बहुमुखी प्रतिभाले जीवन र सिर्जनाका धेरैधेरै नमेटिने डोबहरू छाड्दै जानेछन् - म आशा गर्दछु !"[१३७]

'सुकुमका सिउरमा नियात्राको निहुँ' शीर्षकमा भाषाविद् डा. माधवप्रसाद पोखरेल लेख्छन् -"सुकुम शर्माका निबन्धहरू लेखिएका जन्तु, प्रकृतिको भौतिक दृश्यावली, मान्छेले बनाएका संरचना, समाज, संस्कृति र आफूसँग भेट भएका कुत्कुत्याउने पात्रहरू र तिनीहरूको अन्तर्सम्बन्धबाट प्रकट भएको भावमा सुकुम शर्माभित्रको 'म' दाईंको गोरु घुमाउने खाँभो अथवा मियोको रूपमा देखिन्छ ।"[१३८]

**कोम्रोङ खोला बाँचे भेट होला** (२०५९) निबन्धसङ्ग्रह प्रकृतिप्रति चोखो आत्मीयता, सर्जक हृदयको इमान्दारिता र वैचारिक क्षमता आदि विशेषताहरूले ओतप्रोत निबन्धसङ्ग्रह हो । सौन्दर्य, बौद्धिकता, चिन्तनशीलता र यथार्थता यस निबन्धसङ्ग्रहमा पाइन्छ ।

## ५.१४.३ विभिन्न पत्रपत्रिकामा प्रकाशित निबन्धहरूको अध्ययन

साहित्यकार सुकुम शर्मा निबन्धकार हुन् । उनको **कोम्रोङ खोला बाँचे भेट होला** ( २०५९) निबन्धसङ्ग्रहबाहेक थुप्रै निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । तीन दर्जनभन्दा बढी निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भए तापनि यहाँ केही निबन्धहरूको परिचयात्मक अध्ययन गरिएको छ ।

विषयगत विविधता यिनका निबन्धहरूमा पाइन्छ । यिनका निबन्धहरू वैचारिक, सामाजिक, बौद्धिक, चिन्तनशील, छन् । यिनको **लेखन समस्या र चोरी** निबन्ध वैचारिक विषयवस्तुमा केन्द्रित छ । यस निबन्धमा विचार, भाव, शैली, र लेख चोर्नेहरूप्रति गम्भीर आपत्ति जनाइएको छ । हामीले लुकेछिपेका स्रष्टाहरूद्वारा प्रकाशनार्थ पठाइएका रचनाहरूलाई उचित रूपले स्थान दिएर उनीहरूको पारिश्रमिकको व्यवस्था गर्नमा लागी पर्नुपर्ने आजको चुनौतिपूर्ण कदम भएको विचार यस निबन्धमा व्यक्त भएको छ । **साहित्यका बारेमा** शीर्षकको निबन्धमा साहित्यबारेमा चर्चा गर्दै भनिएको छ- वातावरणको छाप सर्जकको हृदयमा जसरी पर्दछ त्यसरी सामाजिक व्यवहार भित्रबाट वर्गविभेदले निम्त्याएका सामाजिक प्रताडनाबाट बाँच्नको सुरम्य संसार विचार जन्मन्छ । त्यही विचारलाई समाजकै नाममा प्रस्तुत गर्नु

---

[१३७] सरुभक्त, 'सिर्जनाको कोम्रोङखोला कसको मन नछोला,' **कोम्रोङखोला बाँचे भेट होला**, २०५९, भूमिका ।

[१३८] माधवप्रसाद पोखरेल, 'सुकुमका सिउरमा नियात्राको निहुँ' **कोम्रोङखोला बाँचे भेट होला** (२०५९ निबन्धसङग्रह,) भूमिका पृ. ।

साहित्यकर्मीको काम हो । प्रेममा सामाजिक मर्यादा रहन्छ  र साहित्य पनि मर्यादित हुनुपर्छ । साहित्य राज्यका संवैधानिक मान्यताभित्र मात्र खुम्चिनु हुँदैन । भावनालाई मरमरी चपाउने तमामखाले शोषण र विभेदप्रति सर्जक सचेत रहनु पर्दछ । साहित्यिक रचना नयाँ मान्यता, परिवर्ततन, समाज र जनताका पक्षमा वकालत गर्दै सुखदुखका अभिव्यक्ति आइपुग्नुपर्दछ । भित्रभित्रै कुहेको सामाजिक विकारलाई चिरफार गरेमा मात्र समाज स्वच्छ बन्दछ । त्यही स्वच्छतामा मुस्काउने साहित्य नै उच्च हुन्छ  र समाजले आफ्ना हितानुकूल ठानी सगर्व स्वागत गर्दछ ।

**कलाभित्र तरेलिंदा** निबन्धमा कलात्मक पाराले वर्गीय रूपको विभेदलाई ननङग्याइ सांस्कृतिक क्रान्ति सफल नहुने धारणा प्रस्तुत गरिएको छ ।  श्रम सिर्जेर पसिना रोपेर मगमगाउने रचनामा कला आफै बोल्ने र अस्तित्वशाली रचनामा तीतोपन  आएपनि प्रवल कलात्मक हुने विचार प्रस्तुत गरिएको छ ।

**भत्किएको मन** निबन्धमा अस्तित्ववादी चिन्तन प्रस्तुत गरिएको छ । प्रत्येक विद्रोहमा युगको  विसङ्गति हुन्छ । विद्रोहले त्यस विसङ्गतिलाई मेट्न चाहन्छ  र उखेल्न चाहन्छ । विसङ्गतिका पहाडहरू मन भत्किएझै सजिलै  भत्किदैनन् तिनीहरू त उज्यालो भनेर अन्धकारमा रमाइरहने विचार प्रस्तुत छ ।

**आँधीखोले रोइलासित मितेरी गाँसौं कि** निबन्धमा आँधीखोला क्षेत्रमा प्रचलित रोइलागीतहरूको चर्चा पाइन्छ । आँधीखोलाको किनारमा आफ्नै पाराले मौलाएको रोइला गीतको ओजलाई आजको युवाहरूले बिर्सदै गएकामा चिन्ता व्यक्त गदै आफ्नो जातियता, सांस्कृतिकता र मौलिकतालाई चिनाउने रोइलागीतको संरक्षण गर्नुपर्ने विचार व्यक्त गरिएको छ ।

**आँसुको मोल** निबन्धमा वर्गीय चिन्तन प्रस्तुत गर्दै भनिएको छ - आँसु वर्गीय छ र लडाइँमा त्यसको अर्थ र मूल्य पनि वर्गीय नै हुन्छ । आँसु चर्को  सहानुभूतिले अर्थहीन समन्वयलाई मिलाउने रासायनिक तत्त्व होइन, यसभित्र त वर्गज्वारको नुनिलो दाउन छ र नवीन युगको खाका वर्गीय अर्थमा कोरिएको चिन्तन प्रस्तुत गरिएको छ ।

**फेवातालका पोल्टामा सँगालिएका गीतिलहर** निबन्ध प्राकृतिक विषयवस्तुमा केन्द्रित छ । सौन्दर्यको प्रतीक फेवातालमा जतिजति चुरीफुरी गरिन्छ । त्यति नै गरिबी र विवशताले कराँपेको अमिला अनुहारहरू र जिन्दगीका पीडा मार्माहित भएर पाकेका थुप्रैथुप्रै विश्वासहरू छन् । एकातिर बढदो यान्त्रिकता र अर्कोतिर बाँच्नुको विवशतामा जेलिएका विचार उक्त निबन्धमा प्रस्तुत गरिएको छ ।

**हाई पोखरा बाई पोखरा** निबन्धमा निबन्धकार शर्माले पोखरा बसाइँका क्रममा भोगेका तीतामीठा अनुभूतिहरू प्रस्तुत गरिएको छ । **साहित्यमा छचल्किएको मन** निबन्ध साहित्यिक विषयमा केन्द्रित छ । हार्दिक लोपमा साहित्य नफस्टाउने विचार यस निबन्धमा छ । जीवन नझल्की साहित्य नबल्ने र दर्शन छाट्दैमा उच्चता नआउने चिन्तन पनि उक्त निबन्धमा प्रस्तुत छ । परपीडन साहित्यको हेतु नभई वर्गीय चिन्तन भएको र  स्रष्टालाई सही लागेको कुरा बढी इमान्दारी र व्यावहारिक रूपमा प्रस्तुत गर्नुपर्ने विचार यस निबन्धमा पाइन्छ ।

**वेरोजगार** निबन्धमा नेपालको समसामयिक वेरोजगारी समस्याका बारेमा चर्चा गरिएको छ । वास्तवमा आदर्श छाँट्नु शिक्षितहरूको संस्कार हो । पठितहरू मूर्ख भएकामा, शिक्षितहरू निराशामा बाँचेकामा कुनै मतलवको विषय होइन । आँफू बाँचेर अरूको डाह गर्नु, अरूलाई पल्टाएर आफूले कुम्ल्याउन पाउँदा खुसी हुनु मृत्यु बिर्सनेहरूका विशेषता भएको चर्चा गरिएको छ । यस निबन्धमा नेपाली समाजमा विद्यमान नातावाद, कृपावाद, चाकरी, चाप्लुसी र संरक्षणवादप्रति खेद प्रकट गर्दै वेरोजगारी अवस्थाको विवशता र निस्सारताका बारेमा चर्चा गरिएको छ । समाजमा कामको आवश्यकता भएपनि कामप्रति टिप्पणी गर्नु समाजको संस्कार हो । संस्कार मिच्न डराउनेले र काममा विश्वास नगर्नेले उन्नति गर्न नसक्ने धारणा यस निबन्धमा प्रस्तुत छ ।

**धर्ती र आकाश** निबन्धमा धर्ती र आकाशको महत्त्वको चर्चा गरिएको छ । धर्तीले हामीलाई जीवन दिएको छ र बाँच्न सिकाएको छ । बचाइका सन्दर्भमा मान्छे स्वार्थी बन्यो, स्वार्थमा अकाशमा डुब्यो र काल्पनिक स्वर्ग खडा गऱ्यो । अनि हामी धर्तीका सन्तान आकाशको कथामा भुलेको धेरै भयो । आकाशमा मेघ गर्जन्छ, खडेरी पर्छ तब हामी इन्द्र रिसाएको भन्दै चाकडी अर्थात् पूजा गर्ने हाम्रो प्रवृति भएको विचार यस निबन्धमा व्यक्त छ । **गण्डकी साहित्य सङ्गम जीवनीका पृष्ठ भूमिमा** निबन्धमा गण्डकी साहित्य सङ्गम संस्थाको स्थापना र यसका विविध पक्षमा जानकारी दिइएको छ ।

**भावुकहरू सन्की हुन्छन्** निबन्ध वैचारिक विषयवस्तुमा केन्द्रित छ । भावुक, सहृदयी, असल कार्यको सोच गर्नेलाई सन्की बनाएर दुष्प्रवृत्तिहरूलाई बचाउने समाजको जग भत्काउनु पर्ने र कलमवीरहरूलाई जीवन बिभ्काउँदा उनीहरूले तोडेको साइनामा सन्कीपन नभई सहृदयको अर्थ लुकेको चर्चा यस निबन्धमा छ ।

**श्रमको सुवास** निबन्ध वैचारिकतामा केन्द्रित निबन्ध हो । यस निबन्धमा श्रमको महत्त्वको बारेमा चर्चा गरिएको छ । आफ्नो श्रममा सन्तोषको सुस्केरा खुसी भएर मुहार भरि फैलिंदा सबैभन्दा ठूलो आनन्द प्राप्त हुने र त्यस आनन्दको अर्थ श्रमको सभ्यता हो । श्रममा रमाउँदाको मजा जीवनको सर्वोत्कृष्ट खुसी हो । मानिसले गरेका सबै कार्यहरू श्रमका उपज हुन् । श्रमले मान्छेको बुद्धि धारिलो भएको छ । मान्छेको बुद्धिमा श्रमको सुवास संसारमा आश्चर्य भएको छ । चीनको पर्खाल श्रमको सुवास हो, भारतको ताजमहल श्रमसित प्रेमको महल हो । मरूभूमिमा हरियाली छाउँदा पानी, आकाश, र जमीनमा मान्छेले विचार गर्दा श्रमको सुवास हल्लिएको छ । मान्छे जति श्रम नै भएकाले त्यस गतिमा त्यो श्रमको सुवास युगको सभ्यता भएर गतिशील भएको र संसारमा सबैभन्दा अमूल्य चिज श्रम हो । त्यस अमूल्य श्रमको सुवास अजर अमर गतिमा फैलिएको विचार यस निबन्धमा प्रस्तुत छ ।

**बेथिति मर्म र जिन्दगीहरू** वर्गीय चिन्तनमा केन्द्रित निबन्ध हो । यस निबन्धमा हाम्रो देश र समाजमा देखिएका बेथितिहरूको चर्चा गरिएको छ । हाम्रो समाजमा धनी र गरिबको बेथितिले सारै सताएको नेपाली समाजको जुनसुकै क्षेत्रमा पनि बेथितिले सताएको नेपाली समाजको जुनसुकै क्षेत्रमा पनि बेथितिले जरा गाडेर बसेको साथै वर्तमान संसारनै बेथितिमा चलेको चर्चा यस निबन्धमा छ ।

**इलामको सम्भना कीर्तिपुरमा बस्दा** निबन्ध यात्राविषयमा केन्द्रित निबन्ध हो । यसमा निबन्धकारले इलामको भौगोलिक भ्रमणका क्रममा संगालेका अनुभूतिहरू प्रस्तुत गरेका छन् ।

**तिहार, लक्ष्मीप्रसाद देवकोटा र सम्झना** निबन्धमा नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाको व्यक्तित्व, कृतित्व र योगदानको चर्चा गरिएको छ ।

**कता जाँदैछ लेखकीय क्षेत्र** निबन्ध प्रगतिवादी लेखन धर्ममा आधारित निबन्ध हो । सरल र सहज प्रस्तुतिमा जनधरातल चित्रित भएको साहित्य अमर हुन्छ । प्रगतिवादी चिन्तन धरातलमा रहेर हिजैदेखि कलमका सिपाही भएका व्यक्तिहरूलाई आस्थाको आधार बनाएर अगि बढ्न हिच्किचाउन नहुने विचार यस निबन्धमा प्रस्तुत छ ।

**देश विकास र साहित्यकार** निबन्ध साहित्यिक विषयवस्तुमा केन्द्रित निबन्ध हो । समाज मानवीय आत्मा हो । समाजको घेरीय रूप देश हो र त्यसको उत्कृष्ट प्राप्ति विकास हो । यी सबैको बिम्बलाई जीवनसित जोडेर त्यसको विकासमा जुन साहित्य लेखिन्छ । त्यही नै उत्तम साहित्य हो । साहित्यकार अन्धकारको जुनकिरी हो जसले आफू बलेर अरूलाई बाटो देखाइरहेको हुन्छ । साहित्यकार पानीदार आँखाबाट समाजका विकृतिहरू छिप्न नसक्ने हुनाले साहित्य समाज विकासको दस्तावेज हो । सतीका कारुणिक गाथा, वैधकमराहरूका सुस्केरा, सामन्त र कृषकका बीचका तगरा पनि साहित्यमा भएको विचार व्यक्त गरिएको छ ।

**सन्दर्भभित्रको प्रसङ्ग नयाँ वर्ष** निबन्धमा अस्तित्ववादी चिन्तन प्रस्तुत गरिएको छ नयाँ वर्षले नयाँनयाँ खुसी, उमङ्ग र जाँगर ल्याउनका साथै हाम्रो मृत्युतिरको यात्रा पनि भएको विचार व्यक्त छ ।

**हाम्रो देश नेपाल** निबन्धमा राष्ट्रवादी स्वर प्रस्तुत छ । हाम्रो भूमिमा लागेको घाउ, चोट र हाम्रो अस्तित्वमा लागेको क्लेषमा सम्पूर्ण नेपालीहरूको आवाज एउटै भएर विकासको गति बढाउने काममा हामी सचेत बनेका छौं । हामीलाई होच्याउँदा लखेटदा् र तल पार्दा हाम्रो मन कुँडिन्छ र प्रतिशोधमा जुर्मुराउँछ । हामीले देश विकासको सङ्कल्प गर्दै हाम्रा महाकविको नेपाल सुन्दर शान्त विशाल भन्ने बोललाई हाम्रो पौरखले सिंगार्ने जुझारु अभियान सञ्चालन गर्नु पर्ने जोड यस निबन्धमा छ ।

**हाम्रो जात नेपाली हो** निबन्धमा नेपालको सामाजिक र सांस्कृति पक्षको चर्चा गरिएको छ । जाति व्यवस्था तत्कालीन समाजका लागि आवश्यक थियो होला तर हाल थोत्रिइसकेको छ । जन्मदै आर्जित हुने जातिगत संस्कारले मानव समाजमा निकै दरो जरो गाडेको छ । यस जरालाई छिमल्दै उखेल्नु पनि आजको सचेत कार्य हो । सधैंभरि एउटै व्यवस्था ठीक हुन्छ भन्नु मुर्खता हो । राजनीतिक व्यवस्थालाई बदल्न राजनीतिक क्रान्तिको आवश्यकता परेजस्तै समाज व्यवस्था बदल्न पनि सामाजिक क्रान्तिको आवश्यकता पर्दछ । जाति व्यवस्थाको अमानवीय कार्यबाट मुक्ति पाउन सामाजिक क्रान्तिको आवश्यकता पर्ने विचार यस निबन्धमा प्रस्तुत छ ।

पत्रपत्रिकामा प्रकाशित सुकुम शर्माका निबन्धहरूमा आत्मपरक शैलीको बाहुल्यता पाइन्छ । यिनका केही निबन्धहरू संस्मरणात्मक शैलीमा पनि लेखिएका छन् । केही निबन्धहरू नियात्रापरक शैलीमा लेखिएका छन् ।

सुकुम शर्माका निबन्धहरूमा सरल नेपाली भाषाका साथै तत्सम्, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ । नेपाली उखानटुक्काहरूको सान्दर्भिक प्रयोगले यिनका निबन्धहरूमा उत्कृष्टता थपेको पाइन्छ । संस्कृतका श्लोकका साथै अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग पनि शर्माका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित निबन्धहरूमा छ ।

### ५.१४.४ निष्कर्ष

समग्रमा सुकुम शर्मा (गोविन्दप्रसाद शर्मा)एक उत्कृष्ट निबन्धकार हुन् । यिनको **कोम्रोङ खोला बाँचे भेट होला** (२०५९) निबन्धसङ्ग्रह प्रकाशित छ भने तीन दर्जनभन्दा बढी निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । विषयगत विविधता यिनको निबन्ध लेखनको विशेषता हो । प्रगतिवादी जीवनदृष्टि यिनका निबन्धहरूको मूल विशेषता हो । यिनी आत्मपरक निबन्धकार हुन् । निजात्मक, संस्मरण, नियात्रापरक र पत्रात्मक प्रस्तुति यिनका निबन्धगत शैलीहरू हुन् । यिनका निबन्धमा आफ्नै जीवनका भोगाइहरू र घटित घटनाहरूको प्रस्तुति पाइन्छ । आत्मपरकता, वैचारिकता, बौद्धिकता, चिन्तनशीलता, समसामयिकता, यथार्थता र प्रगतिशीलता यिनका निबन्धगत प्रवृत्तिहरू हुन् । सरल नेपाली भााषाको प्रयोग साथै तत्सम, तदभव, र आगन्तुक शब्दको प्रयोग यिनका निबन्धमा पाइन्छ ।

## ५.१५ निबन्धकार लालगोपाल सुवेदी

### ५.१५.१ पृष्ठभूमि

वि.सं. २०२७ मा स्याङ्जाको क्याक्मीमा जन्मेका लालगोपाल सुवेदी उत्कृष्ट निबन्धकार हुन् । यिनका तीन ओटा निबन्ध सँगालोहरू प्रकाशित छन् । तिनीहरू **नानीका निबन्ध र चिठी** (२०६१), **निबन्ध र अभिव्यक्तिकला(२०६१)** र **केही निबन्ध र केही अभिव्यक्ति**(२०६१) हुन् । यहाँ उनका निबन्धसँगालाहरूको अध्ययन गरिएको छ ।

### ५.१५.२ नानीका निबन्ध र चिठी (२०६१) सँगालाको अध्ययन

निबन्धकार सुवेदीको पहिलो निबन्ध सँगाला **नानीका निबन्ध र चिठी (२०६१)** हो । यो सँगालो बालसाहित्यिक विषयवस्तुमा केन्द्रित छ । यसमा सत्ताईस ओटा निबन्धहरू र छ वटा चिठीहरू राखिएको छ । यस सँगालाका निबन्धहरू ‘आमा’, ‘घर’, ‘फूलबारी’, ‘साथी’, ‘किताब’, ‘गाउँ’, ‘सहर’, ‘गुरुआमा’, ‘पुतली’, ‘माटो र ढुङ्गाको खेल’, ‘कापी’, ‘कलम’, ‘कक्षाकोठा’, ‘कालोपाटी’, ‘झोला’, ‘गीत’, ‘विद्यालय’, ‘पुस्तकालय’, ‘रेडियो’, ‘टेलिभिजन’, ‘मामा घर’, ‘कुकुर’, ‘शनिवार’, ‘विरालो’, ‘लुगा’, ‘घडी’, र ‘भित्तेपात्रो’, हुन । त्यसै गरी चिठीहरूमा- ‘दाजुले बहिनीलाई अक्षर राम्रो बनाउने सल्लाह दिदै.....,’‘अतिरिक्त क्रियाकलापको महत्त्व बताउँदै रक्सी र चुरोट खाने मामालाई .......,’ ‘.भाइलाई चक्लेट, बिस्कुट नखाने सल्लाह दिदै...........,’‘सपनाको बयान गर्दै ..........’ र ‘गुरुको बारेमा बयान गर्दै........’ हुन् ।

यस सँगालोका अन्त्यतिर परिमार्जित तथा परिवद्धित संशोधनमा थप सामग्रीहरू राखिएका छन् । तिनीहरू ‘बालअधिकार’, ‘समानता’, ‘समावेशी लोकतन्त्र’, ‘जनआन्दोलन भाग-२’, ‘नयाँ नेपाल’, ‘विद्यार्थी शान्तिक्षेत्र, विद्यालय शान्ति क्षेत्र’ ‘बालश्रम अपराध हो’ र ‘नेपाली भाषाको माया’ हुन् ।

प्रस्तुत **नानीका निबन्ध र चिठी** (२०६१) वालसाहित्यिक विषयवस्तुमा आधारित सँगालो हो । यसमा प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरूका लागि अत्यन्त उपयोगी पाठ्यसामग्रीहरू प्रस्तुत छन् । यस सँगालामा सङ्कलित रचनाहरू बालबालिकाहरूको बोध क्षमता र अभिव्यक्तिको स्तरलाई ध्यान पुर्‍याई रचना गरिएको छ । यस सँगालामा प्राथमिक

तहमा अध्यापन गराउने शिक्षकशिक्षिकालाई समेत उपयोगी हुने सामग्रीहरू प्रस्तुत छन् । बालबालिकाहरूका वरिपरिका कुराहरूलाई यस सँगालाको विषयवस्तु बनाइएको छ । बालबालिकाहरका रुचिसँग सम्बन्धित विषयवस्तुहरू यस सँगालोमा छन् । यस सँगालोमा बालबालीकाहरूलाई निबन्धको बोध गर्न र निबन्ध लेख्न सक्ने सरल सामग्रीहरू प्रस्तुत छन् । यस सँगालोका निबन्धहरूमा बालबालिकाहरूको प्रतिभा प्रस्फुटन हुन सक्ने विषयहरू छन् ।

यस सङ्गालाको थप सामग्रीअन्तर्गतका निबन्धहरू वैचारिक र चिन्तनशील विषयवस्तुमा केन्द्रित छन् । यस सामग्रीअन्तर्गत वर्तमान नयाँ नेपाल नयाँ सन्दर्भ अन्तर्गतका निबन्धहरू समसामयिक विषयवस्तुमा आधारित छन् । यी निबन्धहरूमा स्वतन्त्रता, समानता, शान्तिक्षेत्र, जनताको शासन, नयाँ नेपाल निर्माण, भाषाको माया र बालश्रमको बारेमा चर्चा गरिएको छ ।

**नानीका निबन्ध र चिठी** (२०६१) निबन्धसङ्ग्रहमा मिश्रित शैलीको प्रयोग गरिएको छ । यस सङ्ग्रहमा केही निबन्धहरू आत्मपरक शैलीमा सृजित छन्  भने केही निबन्धहरू वस्तुपरक वा परात्मक शैलीमा रचित छन् । यस सँगालामा डायरी वा पत्रात्मक शैलीको प्रयोग पनि पाइन्छ ।

**नानीका निबन्ध र चिठी** (२०६१) सरल नेपाली भाषाको प्रयोग गरिएको सँगालो हो । यस सँगालामा सरल र सुगम शैलीमा छोटाछोटा वाक्यहरू र अनुच्छेदहरू लेखिएको छ ।

**नानीका निबन्ध र चिठी** (२०६१) निबन्धकार लालगोपाल सुवेदीको पहिलो प्रकाशित निबन्धसङ्ग्रह हो । यसमा सत्ताईस ओटा निबन्ध । छ ओटा चिठी र आठ ओटा थप सामग्रीहरू सङ्गृहीत छन् । यस सङ्ग्रहमा बालसाहित्यिक विषयवस्तुको प्रस्तुति पाइन्छ । यो मिश्रित शैलीमा लेखिएको निबन्धसङ्ग्रह हो । यसमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ ।

**नानीका निबन्ध र चिठी** (२०६१) निबन्धसङ्ग्रहको अधययन गर्दै साहित्यकार रमेश विकल लेख्छन्-  "यो कृति बालसाहित्यको निबन्ध विधाको रचना हो र यी स्वतन्त्र रूपबाट रचिएका हुन् । यिनको गन्तव्य भनेको स्कुलमा पढ्ने र नपढने पनि बालबालिका नै हुन् ।"[१३९] त्यसैगरी हरिप्रसाद पराजुली मन्तव्यमार्फत लेख्छन- "प्राथमिक तहका बालबालिकाहरूलाई कुन विषयमा कति ज्ञान दिने र कसरी दिने भन्ने खालका कुराहरू यसमा उदाहरण बनेर आएका छन् ।"[१४०]

## ५.१५.३ निबन्ध र अभिव्यक्तिकला (२०६१) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार लालगोपाल सुवेदीको दोस्रो निबन्धसङ्ग्रह **निबन्ध र अभिव्यक्तिकला**

(२०६१) हो । यस निबन्धसङ्ग्रहमा पैतालीस ओटा निबन्ध,छ ओटा मनोवाद, पाँच ओटा दैनिकी,  पाँच ओटा चिठी, पाँच ओटा निवेदन, व्यावसायिक चिठीका नमुनाहरू, चार ओटा

---

[१३९] रमेश विकल, **नानीका निबन्ध र चिठी**, (काठमाडौं : थाक्रो प्रकाशन, २०६१) भूमिका, पृ. ।

[१४०] हरिप्रसाद पराजुली, **नानीका निबन्ध र चिठी**, (काठमाडौं : थाक्रो प्रकाशन, २०६१) मन्तव्य, पृ. ।

संवाद, पाँचओटा वादविवाद, तीनओटा वक्तृता, कथालेखन, जीवनीलेखन, आत्मकथा लेखन र वोध सारांश लेखन रहेका छन् । त्यसैगरी परिमार्जित तथा परिवर्तित संस्करणअन्तर्गत नयाँ नेपाल नयाँ सन्दर्भको थपसामग्रीमा सङ्गृहीत निबन्धहरूमा 'समावेशी लोकतन्त्र', 'संविधानसभा', 'राज्य पुर्नसंरचना', 'नेपालको अन्तरिम २०६३', 'जनआन्दोलन भाग २', 'दलितवर्ग र तिनको सवलीकरण', 'पीडित कर्णाली', 'नेपाल भारत सीमा र हाम्रो चासो', 'महिला समानता र सशक्तिकरण', 'चौथो सार्क शिखर सम्मेलनका उपलब्धि : मुख्य बुँदा' 'राज्यबाट उपेक्षित जनजाति', 'समस्या र समाधान', 'बहुधार्मिक देश नेपाल (धर्म निरपेक्ष नेपाल)', 'शान्ति क्षेत्र : विद्यालय र विद्यार्थी', 'नयाँ नेपाल', 'अन्धविश्वास', 'मानव अधिकार' र 'संघीय शासनप्रणाली', हुन् ।

**निबन्ध र अभिव्यक्तिकला** (२०६१) सङ्ग्रह विशुद्ध निबन्धसङ्ग्रह नभएर विद्यार्थी उपयोगी कक्षा ९, १०, ११ र १२ का विद्यार्थीहरूका लागि रचिएको निबन्ध र अभिव्यक्ति सम्बन्धी पाठ्यपुस्तक हो । यसमा निबन्धहरू चिठी, वादविवाद, मनोवाद, वक्तृता, दैनिकी, संवाद, विभिन्न, लेखन र थप नयाँ नेपाल  सामाग्रीहरू प्रस्तुत भएकाले यो मिश्रित पाठ्य सँगालो हो ।

**निबन्ध र अभिव्यक्ति कला** (२०६१) सङ्ग्रहमा निबन्ध खण्डअन्तर्गत निबन्धको चिनारी, परिभाषा, लेखन प्रक्रिया र निबन्धलेखनका फाइदाहरू चर्चा गरिएको छ । यस सङ्ग्रहमा पैतालिस ओटा निबन्धहरू सङ्गृहीत छन् । तिनीहरू - विद्यार्थी जीवन, प्राविधिक शिक्षा, विश्वशान्ति आजको आवश्यकता, संसदीय प्रजातन्त्र, पर्यटन, समाजसेवा, नेपाली संस्कृति, देशभक्ति, लागुपदार्थ दुर्व्यसन, हाम्रा सहिदहरू र सहिद दिवस खेलकुदको महत्त्व, शिक्षाको महत्त्व, राष्ट्रिय प्रजातन्त्र दिवस, विज्ञान वरदान कि अभिशाप, नेपालमा प्राकृतिक सम्पदा, देशविकासमा विद्यार्थीको भूमिका, पुस्तकालय, बालअधिकार, संयुक्त राष्ट्रसङ्घ, सार्क, वसन्त ऋतु, सूर्योदय, पहाडी जीवन, स्वावलम्बन, दसैं, तिहार, मेरो जीवनको लक्ष्य, अतिरिक्त क्रियाकलाप, अनुशासन, र समयको महत्त्व हुन् ।

**निबन्ध र अभिव्यक्तिकला** (२०६१) निबन्धसङ्ग्रहमा विषयगत विविधता पाइन्छ । एउटै सङ्ग्रहभित्र निबन्ध, मनोवाद, संवाद, वक्तृता, बोध, सारांश, दैनिकी, आत्मकथा, कथा, जीवनी र चिठी सङ्कलित हुनु यस सङ्ग्रहको विशेषता हो । यस सङ्ग्रहको मुख्य उद्देश्य माध्यमिक तथा उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई निबन्ध र अभिव्यक्ति कलाको बारेमा जानकारी दिनु हो । यस सङ्ग्रहमा सङ्गृहीत रचनाहरू विद्यार्थीको स्तर र शैक्षिक प्रयोजनलाई विशेष रूपले ध्यान दिई तयार गरिएको हो । यस सङ्ग्रहमा लेखन सीपलाई वृद्धि गर्ने उपायहरूको खोजी गरिएको छ । प्रस्तुत सङ्ग्रहका निबन्धमा निबन्धकलाको सिर्जनात्मक निर्देशनलाई परिपालन गरिएको छ । यस निबन्धसङ्ग्रहमा निबन्धलेखन मनोवादलेखन, दैनिकीलेखन, आदिका बारेमा नमुनासहित प्रस्तुत गरिएको  छ । त्यसैगरी कथालेखन, जीवनीलेखन, आत्मकथालेखन बोध र सारांशका बारेमा उदाहरणसहित चर्चा गरिएको छ ।

**निबन्ध र अभिव्यक्तिकला** (२०६१) सङ्ग्रहमा परिमार्जित तथा परिवर्द्धित संस्करण अन्तर्गत थपसामग्री नयाँ नेपाल- नयाँ सन्दर्भमा वर्तमानका विषयवस्तुहरूको चर्चा गरिएको छ । यसअन्तर्गत नयाँ नेपाल- नयाँसन्दर्भमा नेपालको राजनैतिक, शैक्षिक, सांस्कृतिक, लैङ्गिक, स्वतन्त्रता, समानता र प्रजातन्त्रका बारेमा चर्चा गरिएको छ । यस खण्डअन्तर्गतका सामाग्रीहरू समसामयिक भएकाले विद्यार्थीहरू मात्र नभएर सम्पूर्ण नेपाली जनताले ग्रहण गर्न

सक्ने रहेका छन् । विविध घटनाहरूको प्रस्तुतीकरणले यो परिमार्जित तथा परिवद्धित खण्ड निकै रोचक देखिन्छ ।

**निबन्ध र अभिव्यक्तिकला** (२०६१) सङ्ग्रहमा आत्मपरक र वस्तुपरक वा मिश्रित शैलीको प्रयोग पाइन्छ । यस सङ्ग्रहका केही निबन्ध वा अन्य सामग्रीहरू निजात्मक शैलीमा रचित छन् भने केही सामग्रीहरू वर्णनात्मक शैलीमा रचित छन् । यस सङ्ग्रहमा पत्रात्मक, डायरी, कथात्मक शैलीको प्रयोग पाइन्छ ।

**निबन्ध र अभिव्यक्तिकला** (२०६१) सङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । विद्यार्थी तथा शिक्षकको स्तरअनुसारको भाषा यस सङ्ग्रहमा छ । यस सङ्ग्रहमा विविध सामग्रीहरूमा प्रसस्तै नमुनाहरूको प्रयोग गरिएको छ । विद्यार्थीहरूले सजिलैसँग बुझ्न र लेख्न सकून् भन्ने उद्देश्यले सिर्जित यस सङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग पाइन्छ । केही उखानटुक्काहरूको प्रयोगको कारणले सङ्ग्रह आकर्षक र रोचक देखिन्छ ।

**निबन्ध र अभिव्यक्तिकला** (२०६१) निबन्धकार लालगोपाल सुवेदीको उत्कृष्ट कृति हो । यसमा पैतालीस ओटा निबन्ध र अन्य अभिव्यक्तिकलासँग सम्बन्धित विभिन्न सामग्रीहरूको प्रस्तुति छ । यो सङ्ग्रह माध्यमिक तथा उच्च माध्यमिक तहका विद्यार्थीहरू शिक्षकहरूका साथै अन्य इच्छुक नेपाली भाषीहरूका लागि सिर्जित सङ्ग्रह हो । यसमा विद्यार्थीको स्तर र क्षमताअनुसारका सामग्रीहरू सङ्कलित छन् । यस सङ्ग्रहले विद्यार्थीहरूको निबन्ध तथा अभिव्यक्तिकलामा वृद्धि गर्नाका साथै समसामयिक परिवेशको पनि चिनारी दिएको छ । यो सरल नेपाली भाषामा रचना गरिएको सङ्ग्रह हो ।

यस निबन्धसङ्ग्रहको भूमिकामा डा. तारानाथ शर्मा लेख्छन्- "निरन्तरलेखन, अध्ययन र अध्ययनमा साधनारत सुवेदीबाट हाम्रा विभिन्न स्तरका शिक्षार्थीहरूका लागि यस्तो पठनीय, उपयोगी र सङ्ग्रहणीय ग्रन्थ निर्माण भएकामा म मेरो अन्तर्हृदयमै देखी उनलाई धन्यवाद दिन्छु र यस्तै छात्रोपयोगी खाँटी पुस्तकहरू अरू पनि उनबाट बराबर सिर्जित भइरहने छन् भन्ने सुदृढ आशा समेत प्रकट गर्दछु ।"[१४१] त्यसैगरी समालोचक दयाराम श्रेष्ठ लेख्छन- "विद्यार्थीहरूको भाषिक सीपको विकासका साथै तिनीहरूको अभिव्यक्ति क्षमतामा वृद्धि गराउने उद्देश्यले लेखिएको यो निबन्ध र अभिव्यक्तिकला नामक पुस्तक ज्यादै उपयोगी भएको मैले पाएँ । नियम वा तरिका सिकाइ अभ्यासको निम्ति उत्प्रेरित गर्ने वा सिद्धान्तका कुरालाई प्रयोगात्मक विधिद्वारा सरलीकरण गर्ने मात्र नभएर आवश्यक नमुनाद्वारा ज्ञान र बोधका लागि यथेष्ट पृष्ठभूमि तयार पारिदिने जुन पद्धति यसमा प्रयुक्त छ त्यो प्रशंसनीय छ ।"[१४२]

## ५.१५.४ निष्कर्ष

समग्रमा लालागोपाल सुवेदी उल्लेख्य निबन्धकार हुन । यिनका तीन ओटा निबन्धसङ्ग्रहहरू प्रकाशित छन । यिनका निबन्धहरू निबन्ध वा अभिव्यक्तिको सैद्धान्तिक ढाँचामा प्रस्तुत गरिएका छन् । यिनका निबन्धसङ्ग्रहहरू विभिन्न तहका विद्यार्थीहरू र

[१४१] तारानाथ शर्मा, **निबन्ध र अभिव्यक्तिकला**, (काठमाडौं : थाक्रो प्रकाशन, २०६१), भूमिका पृ. ।

[१४२] दयाराम श्रेष्ठ, ऐजन ।

शिक्षकहरूको स्तर क्षमतालाई ध्यानमा राखी लेखिएका छन् । विषयगत विविधता यिनका निबन्धमा पाइन्छ । यिनी आत्मपरक र वस्तुपरक दुवै शैलीमा निबन्ध लेख्ने निबन्धकार हुन । आत्मपरकता, वस्तुपरकता, विषय विविधता, कलात्मकता, सुन्दरता, समसामयिक यथार्थता र भाषिकशिल्प यिनका निबन्धगत प्रवृत्तिहरू हुन् । यिनका निबन्धमा सरल नेपाली भाषाको प्रयोग पाइन्छ ।

## ५.१६ निबन्धकार गायत्री लम्साल

### ५.१६.१ पृष्ठभूमि

वि.सं. २०३६ मा स्याङ्जाको चिन्नेवासमा जन्मेकी गायत्री लम्साल उत्कृष्ट निबन्धकार हुन् । निबन्धकार लम्सालको **बोकापालन** (२०६२) व्यङ्ग्य निबन्धसङ्ग्रह प्रकाशित छ । यस सङ्ग्रहबाहेक यिनका थुप्रै निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । यहाँ उनको प्रकाशित व्यङ्ग्य निबन्धसङ्ग्रहको अध्ययन गरिएको छ ।

### ५.१६.२ बोकापालन (२०६२) व्यङ्ग्य निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार गायत्री लम्सालको प्रकाशित निबन्धसङ्ग्रह बोकापालन (२०६२) हो । यस सङ्ग्रहमा तेर ओटा व्यङ्ग्य निबन्धहरू सङगृहीत छन् । तिनीहरू- ‘आजका पुरुष र भविष्य’, ‘सासू’, ‘मतन्त्र’, ‘विद्यार्थी’, ‘बोकापालन’, ‘जमाना’, ‘लभलेटर’, ‘माइती’, ‘फुर्सदको खेती’, ‘करेन्ट पैसाको’, ‘लोग्ने’, ‘उपहार’ र ‘लाइसेन्स’ हुन् ।

**बोकापालन**(२०६२) निबन्धसङ्ग्रहमा विषय विविधता पाइन्छ । यस निबन्धसङ्ग्रहका निबन्धहरूमा समाजका विकृति र विसङ्गतिप्रति खरो व्यङ्ग्य गरिएको छ । यस सङ्ग्रहका निबन्धमा उच्च नारीवादी स्वर प्रस्तुत गरिएको छ । वर्तमान लैङ्गिक समाजको विभेदको विरोध गर्दै नारी समानताको पक्षमा यस सङ्ग्रहका निबन्धमा चर्चा गरिएको छ । नारी पुरुष बराबरी नारा कथ्यमा मात्र सीमित रहेको तर व्यवहारमा गरिने नारीप्रतिको कुकृत्यलाई प्रस्तुत सङ्ग्रहका निबन्धहरूमा चर्चा गरिएको छ । नारीनारीमा पनि खुट्टा तान्ने प्रवृत्ति निकै रहेको  र नारी दमन स्वयम् नारीबाटै भएकातर्फ पनि यस सङ्ग्रहका निबन्धहरूमा चर्चा पाइन्छ । वर्तमान पुरुषवादी सामान्ती प्रथाको अन्त्य गरी नारीलाई विकासका प्रत्येक क्षेत्रमा उभ्याउनु पर्नेमा यस सङ्ग्रहका निबन्धहरूमा जोड दिइएको छ । विदेशी संस्कृतिको प्रभावले नेपाली मौलिक संस्कृतिलाई विस्थापित गर्ने प्रयास गरेकामा प्रस्तुत सङ्ग्रहका निबन्धमा चिन्ता प्रकट गरिएको छ । नेपाली समाजमा प्रचलित कुसंस्कार, अन्धविश्वास, अन्याय, अत्याचार, शोषण र दमनको प्रस्तुत सङ्ग्रहका निबन्धहरूमा व्यङ्ग्य गरिएको छ । वर्गीय समाजको आलोचना प्रस्तुत सङ्ग्रहका निबन्धमा छ । यस सङ्ग्रहका निबन्धमा नेपाल सरकारको कथित पारदर्शी नीतिको व्यङ्ग्य गरिएको  छ । प्रस्तुत सङ्ग्रहमा उत्पीडित, उपेक्षित वर्गप्रति सहानुभूति र शोषक सामन्ती वर्गप्रति व्यङ्ग्य गरिएको छ । नेपाली ग्रामीण समाजको यथार्थता यस सङ्ग्रहमा प्रस्तुत छ । नेपालमा दिनानुदिन बढिरहेको बेरोजगारी समस्यालाई प्रस्तुत सङ्ग्रहका निबन्धमा उठाइएको छ ।

**बोकापालन** (२०६२) निबन्धसङ्ग्रहमा व्यङ्ग्य शैलीको प्रयोग गरिएको छ । व्यङ्ग्यात्मकता प्रस्तुत निबन्ध सङ्ग्रहको प्रमुख विशेषता हो । निजात्मक विचारलाई आत्मपरक शैलीमा प्रस्तुत सङ्ग्रहका निबन्धमा पस्किएको छ । यस सङ्ग्रहका केही निबन्धहरू

संस्मरणात्मक शैलीमा लेखिएका छन् । केही निबन्धहरूमा कथ्य सूत्रको प्रयोग छ । निबन्धहरू कवितात्मक श्लोकहरूको प्रयोगले गर्दा कवितात्मक शैलीको यस सङ्ग्रहमा छ ।

**बोकापालन** (२०६२) निबन्धसङ्ग्रहका निबन्धहरूमा सरल नेपाली भाषाका साथै व्यङ्ग्य भाषाको प्रयोग गरिएको छ । केही संस्कृतका श्लोकहरूको प्रयोग पनि प्रस्तुत सङ्ग्रहमा छ । यस सङ्ग्रहमा अङ्ग्रेजी शब्दहरूको प्रयोग पाइन्छ । जस्तै (फर्मूला (पृ.१३), मार्केट (पृ.१३), प्रमोशन (पृ.१४) आदि । प्रस्तुत सङ्ग्रहमा अङ्ग्रेजी उखानको प्रयोग गरिएको छ । जस्तै मनी एट्याक मनी (पृ.४२) । यस निबन्धसङ्ग्रहमा स्थानीय भाषिकाको प्रयोग पाइन्छ । नेपाली भाषाका उखान र टुक्काहरूको प्रयोग यस सङ्ग्रहमा छ ।

निबन्धकार गायत्री लम्सालको पहिलो प्रकाशित निबन्धसङ्ग्रह **बोकापालन** (२०६२) हो । यसमा तेर ओटा व्यङ्ग्य निबन्धहरू सङ्कलित छन् । यस सङ्ग्रहमा विषयगत विविधता पाइन्छ । यो व्यङ्ग्यात्मक शैलीमा रचित सङ्ग्रह हो । यसमा समसामयिक परिवेश, सांस्कृतिक विसङ्गति र विकृति, पारिवारिक संरचना, आर्थिक राजनैतिक, प्रशासनिकलगायतका विषयवस्तुमा व्यङ्ग्य भरिएको छ । सरल नेपाली भाषाका साथै व्यङ्ग्यात्मक भााषाशैलीको प्रयोग यसमा छ ।

**बोकापालन** (२०६२) व्यङ्ग्य निबन्धसङ्ग्रहको अध्ययन गर्दै परशु प्रधान लेख्छन्- “गायत्री लम्सालका निबन्धहरूमा उत्तरआधुनिक प्रवृत्तिको मूल सार, आधुनिक प्रवृत्तिको मूल समनारी अस्तित्व, स्वतन्त्रता र अधिकार सफलतापूर्वक प्रस्तुत भएको पाइन्छ ।”[१४३] त्यसैगरी साहित्यकार देवीप्रसाद वनवासी लेख्छन् - “यसमा लेखिकाका अध्ययन, अनुभव, र अनुभूतिहरू सशक्त रूपमा अभिव्यक्त भएका छन् । अति सूक्ष्म र व्यापक तवरमा जीवन जगत्का मानवीय कमी र कमजोरीहरूको बिस्कुनै लगाइएको छ ।”[१४४] त्यस्तै साहित्यकार विश्वप्रेम अधिकारी लेख्छन् -“आफ्ना समकालीनहरूमा उनी धेरै अगि छन् । म उनलाई विशिष्ट प्रतिभा एवम् विद्वता भएकी नारी भन्दछु ।”[१४५]

### ५.१६.३ निष्कर्ष

समग्रमा गायत्री लम्साल एक उत्कृष्ट निबन्धकार हुन् । उनको **बोकापालन** (२०६२) व्यङ्ग्य निबन्धसङ्ग्रह प्रकाशित छ । यिनी नारीकेन्द्री विषय निबन्धमा व्यक्त गर्छिन् । विषयगत विविधता यिनका निबन्धमा पाइन्छ । व्यङ्ग्य यिनको मूल विशेषता हो । निजात्मक, व्यङ्ग्यात्मक, कवितात्मक शैली यिनका निबन्धमा पाइन्छ । व्यङ्ग्यात्मकता निजात्मकता, वैचारिकता, समसामयिक यथार्थता र नारीवादी स्वर यिनका निबन्धगत प्रवृत्तिहरू हुन् । सरल नेपाली भाषाका साथै व्यङ्ग्य भाषाको प्रयोग यिनको भाषागत विशेषता हो ।

---

[१४३] परशु प्रधान, **बोकापालन**, (स्याङ्जा : आँधीखोला साहित्य सदन, २०६२), बाह्य आवरण पृ. ।

[१४४] देवीप्रसाद वनवासी, **बोकापालन**, (स्याङ्जा : आँधीखोला साहित्य सदन, २०६२), बाह्य आवरण पृ. ।

[१४५] विश्वप्रेम अधिकारी, **बोकापालन**, (स्याङ्जा : आँधीखोला साहित्य सदन, २०६२), बाह्य आवरण पृ. ।

## ५.१७ केही निबन्धकारहरूका फुटकर निबन्धहरूको अध्ययन

निबन्धका क्षेत्रमा अग्रणी भूमिका खेलेको स्याङ्जा जिल्लामा तीस भन्दा बढी निबन्धसङ्ग्रहहरू पुस्तकाकार कृतिका रूपमा प्रकाशित भएका छन् भने थुप्रै निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । थुप्रै स्याङ्जाली स्रष्टाहरूले फुटकर निबन्ध लेखनमा कलम चलाएका भए पनि यहाँ केही निबन्धकारहरूका फुटकर निबन्धहरूको चर्चा गरिएको छ ।

### ५.१७.१ निबन्धकार कृष्णप्रसाद शर्मा

वि.सं. १९८१ मा स्याङ्जाको पेखुमा जन्मेका कृष्णप्रसाद शर्मा पहिलो स्याङ्जाली निबन्धकार हुन् । यिनको सबैभन्दा पहिलो निबन्ध **धर्मोदय** (२००६) पत्रिकामा प्रकाशित छ । यिनका फुटकर निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । यिनी जयतु संस्कृतमका सक्रिय सहभागी र २०४५ सालमा स्याङ्जामा स्थापित **मोती साहित्य प्रतिष्ठान**का सदस्य हुन् । **मोती साहित्य प्रतिष्ठान** स्याङ्जाले २०४८ मा प्रकाशित गरेको बार जना स्याङ्जाली निबन्धकारहरूको संयुक्त निबन्धसङ्ग्रह **मोती निबन्ध**मा यिनको निबन्ध प्रकाशित भएको छ । यिनका विभिन्न पत्रपत्रिकामा प्रकाशित निबन्धहरूमा विषयगत विविधता पाइन्छ । यिनका निबन्धहरू सामाजिक, आर्थिक, प्रशासनिक र पारिवारिक विषयवस्तुमा केन्द्रित रहेको पाइन्छ । यिनी स्याङ्जाका उत्कृष्ट फुटकर निबन्धकार  हुन् ।

### ५.१७.२ निबन्धकार मित्रलाल पंज्ञानी

वि.सं. २०१८ मा स्याङ्जाको काफलडाँडामा जन्मेका मित्रलाल पंज्ञानी निबन्धकार हुन् । पाँच कवितासङ्ग्रहका प्रकाशक पंज्ञानीका फुटकर निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । यिनको **सुइँकन बेर छैन** निबन्ध मोती निबन्धमा प्रकाशित छ । यिनका निबन्धहरू सामाजिक, आर्थिक र सांस्कृतिक विषयवस्तुमा केन्द्रित रहेको  पाइन्छ । वर्गीय चिन्तन यिनको निबन्धगत प्रवृत्ति हो । आत्मपरक, कवितात्मक र व्यङ्ग्यशैलीको प्रयोग यिनका निबन्धमा पाइन्छ । नेपाली समाजका सामन्ती शोषक र फटाहाप्रतिको विरोध यिनका निबन्धमा पाइन्छ । यिनका निबन्धमा  प्रगतिवादी स्वरको ओतप्रोत भएकाले यिनी प्रगतिवादी निबन्धकार हुन् । सरल  नेपाली भाषाका साथै तत्सम, तद्भव र आगन्तुक नेपाली शब्दको प्रयोग यिनका निबन्धमा पाइन्छ ।

### ५.१७.३ निबन्धकार फणीन्द्रराज काफ्ले

वि.सं. २००२ स्याङ्जाको बानेचोक देउरालीमा जन्मेका फणीन्द्रराज काफ्ले निबन्धकार हुन् । साहित्यका विभिन्न विधामा कलम चलाउने काफ्ले निबन्धकार पनि हुन् । यिनका फुटकर निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । यिनको **गिदी** निबन्ध मोती निबन्धसङ्गालो (२०४८) मा प्रकाशित छ । यिनका निबन्धमा वैचारिकता र चिन्तनशीलता व्यङ्ग्यात्मकता पाइन्छ । सामाजिक, वैज्ञानिक र सांस्कृतिक विषयवस्तुमा केन्द्रित यिनका फुटकर निबन्धहरू उत्कृष्ट छन् । यिनका निबन्धमा व्यङ्ग्यको तीखो प्रयोग पाइन्छ । नेपाली राजनीतिक संस्कारप्रतिको व्यङ्ग्य यिनका निबन्धमा छ । नेपाली भााषाका साथै तत्सम, तदभव र आगन्तुक नेपाली शब्दको प्रयोग यिनका निबन्धमा पाइन्छ ।

## ५.१७.४ निबन्धकार प्रेमराज लुइटेल

वि.सं. २०३५ मा स्याङ्जाको थुमपोखरामा जन्मिएका प्रेमराज लुइटेल निबन्धकार हुन् । विभिन्न पत्रपत्रिकाको सम्पादनमा संलग्न लुइटेल निबन्धका अतिरिक्त कथा, कवितामा पनि कलम चलाउने प्रतिभा हुन् । यिनका फुटकर निबन्धहरू **सगुन, रजस्थल** र अन्य पत्रपत्रिकाहरूमा प्रकाशित छन् । यिनको **सगुन** अङ्क २ मा **लाहुर विदेश र हामीहरू** निबन्ध प्रकाशित छ । सामाजिक, राजनैतिक, सांस्कृतिक र समसामयिक विषयवस्तुमा केन्द्रित यिनका निबन्धमा व्यङ्ग्यात्मक शैलीको प्रयोग पाइन्छ । यिनका निबन्धमा नेपाली समाजको कुसंस्कार, अन्धविश्वास, अशिक्षितपनाको चर्चा पाइन्छ । हामीले जेगरे पनि यही आफ्नै देशको माटामा गर्नुपर्छ भन्ने राष्ट्रवादी स्वर यिनका निबन्धमा पाइन्छ । सत्य, तथ्य र सान्दर्भिक वस्तु नेपाली समाजमा नपच्ने परम्परा रहेकामा त्यस प्रवृत्तिको अन्त्य नै गर्नुपर्ने जोड उनका निबन्धमा छ । नयाँ युवाहरूलाई सुझाउ दिँदै उनी लेख्छन् -"हाम्रो पुरातन सामन्तवादी र नवपुँजीवादी मस्तिष्कको कारणले गर्दा आज अध्ययन गर्नतिर नयाँ जमातलाई नलगाई विदेशतिर उन्मुख गराइरहेको पाइन्छ । त्यसैले त्यसको अन्त्य गर्नुपर्दछ । नबुझ्नेकाहरूलाई सम्झाउने देखाउने र सिकाउने दायित्व शिक्षितहरूको भएको विचार उनका निबन्धमा पाइन्छ । प्रगतिवादी स्वर यिनको मुख्य निबन्धगत विशेषता हो । निजात्मक अनुभूतिहरूलाई व्यङ्ग्यात्मक र सुधारात्मक शैलीमा प्रस्तुत गर्ने निबन्धकार लुइटेलको चिन्तन वर्तमान समसामयिक परिवेशसँग छ । उनका निबन्धमा सरल नेपाली भाषाका साथै तत्सम, तद्भव र आगन्तुक नेपाली भाषाको प्रयोग पाइन्छ ।

## ५.१८ अन्य निबन्धकारहरूको विवरण

निबन्ध साहित्यमा धनी जिल्ला स्याङ्जामा थुप्रै निबन्धकारहरूको वर्चस्व रहेको छ । तीस ओटाभन्दा बढी निबन्धसङ्ग्रहहरू प्रकाशित गर्ने स्रष्टाहरू एकातिर छन् भने त्यसभन्दा बढी निबन्धकारहरूले विभिन्न पत्रपत्रिकाहरूमा फुटकर निबन्धहरू प्रकाशन गरेका छन् । स्याङ्जाली साहित्यको प्रतिनिधित्व गर्ने मुख्य पत्रिकाहरू **युगभाषा, रजस्थल** र **सगुन**का विभिन्न अङ्कहरू साथै स्याङ्जा र स्याङ्जा बाहिरबाट प्रकाशित हुने विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा स्याङ्जाली निबन्धकारहरूका फुटकर निबन्धहरू प्रकाशित छन् । ती निबन्धकारहरू जयप्रसाद ढकाल, चिन्तु गिरी, अग्निप्रसाद उपाध्याय, गोपालमान श्रेष्ठ, दिनबन्धु अर्याल, शेषकान्त अर्याल, त्रिलोचन ढकाल, हितकाजी गुरुङ, सूर्यप्रसाद रेग्मी, भूपति ढकाल, अनन्तराज अर्याल, हरिप्रसाद काफ्ले, चक्रबहादुर पराजुली, हुमनाथ पौडेल, देवेन्द्र लम्साल, ज्ञानेश्वर रेग्मी, कृष्णशरण लामिछाने र सुन्तली रानाभाट हुन् ।

## ५.१९ निष्कर्ष

बाईसे र चौबीसे राज्यकालीन समयबाटै ऐतिहासिक महत्त्व बोकेको स्याङ्जा जिल्लाले साहित्यिक क्षेत्रमा अग्रणी स्थान हाँसिल गरेको छ । साहित्यको कनिष्ट विधा निबन्धमा पनि यस जिल्लाको अग्रणी स्थान छ । निबन्ध विधा स्याङ्जाली साहित्यिक फाँटमा अग्रणी स्थान हाँसिल गर्न सफल रहेको छ । नेपाली साहित्यको निबन्ध परम्परालाई तीस ओटा भन्दा बढी निबन्धात्मक कृति दिन सफल यस जिल्लाले थुप्रै निबन्धकारहरू जन्माएको छ । नेपाली निबन्ध साहित्यमा स्याङ्जाली निबन्धले दिएको अतुलनीय योगदानमा कसैको दुई मत हुन सक्दैन । विषयगत विविधता, शैलीगत विविधता र भाषागत विविधता, स्याङ्जाली निबन्धकारका साझा विशेषताहरू हुन् ।

# छैटौं परिच्छेद

# उपसंहार

**नेपाली निबन्धपरम्परामा स्याङ्जा जिल्लाको योगदान** शीर्षकमा तयार पारिएको प्रस्तुत शोधपत्रको मूल उद्देश्य स्याङ्जा जिल्लाको सामान्य चिनारी दिँदै जिल्लाको साहित्यिक सर्वेक्षणबाट निबन्धकारहरू पहिचान गरी नेपाली निबन्ध क्षेत्रमा स्याङ्जा जिल्लाबाट भएको योगदानको मूल्याङ्कन गर्नु हो ।

प्रस्तुत शोधपत्रको पहिलो अध्यायमा शोधपत्रको परिचय दिइएको छ । शोधपत्रको परिचय दिनेक्रममा शोधपत्रको शीर्षक, शोधकार्यको प्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, शोधशीर्षकसँग सम्बन्धित पूर्वकार्यको विवरण, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधकार्य गर्दा सामाग्रीसङ्कलन गर्ने तरिका र शोधविधि तथा यस शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो अध्यायमा स्याङ्जा जिल्लाको भौगोलिक अवस्था, स्याङ्जाको नामकरण, हावापानी, ऐतिहासिक पक्ष, समाज, सन्दर्भ, जातजाति, भाषा, संस्कार, धर्म, चाडपर्व, शैक्षिकसन्दर्भ, पत्रपत्रिका, पुस्तकालय, वाचनालय र साहित्यिक सङ्घसंस्थाको चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो अध्यायमा स्याङ्जा जिल्लाको साहित्यिक सर्वेक्षण गरिएको छ । जिल्लाको साहित्यिक पृष्ठभूमिका रूपमा लोकसाहित्य, अभिलेख साहित्यिकलेखन आरम्भ, स्याङ्जाली साहित्यको कालविभाजन साथै स्याङ्जाली समग्र साहित्यकारहरू र तिनीहरूका प्रकाशित अप्रकाशित कृतिहरूको विवरण प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो अध्यायमा नेपाली निबन्धपरम्परामा स्याङ्जा जिल्लाको योगदानका बारेमा चर्चा गरिएको छ । निबन्धको परिचय, परिभाषा, स्वरूप, तत्त्व, वर्गीकरण र नेपाली निबन्धको विकासक्रमका साथै स्याङ्जाली निबन्धलेखनको आरम्भ र निबन्धात्मक कृतिहरू प्रकाशित गर्ने स्याङ्जाली निबन्धकारहरूको चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौं अध्यायमा स्याङ्जा जिल्लाका प्रमुख निबन्धकार र तिनका निबन्धात्मक कृतिहरूको अध्ययन गरिएको छ । तीस ओटाको हाराहारीमा प्रकाशित स्याङ्जाका निबन्धकारका निबन्धात्मक कृतिहरूलाई विषयवस्तु, भाषा र शैलीका दृष्टिकोणबाट अध्ययन गरिएको छ । त्यसैगरी केही अन्य निबन्धकारहरूको सामान्य परिचय र विभिन्न पत्रपत्रिकाहरूमा निबन्ध प्रकाशित गर्ने निबन्धकारहरूको विवरण प्रस्तुत गरिएको छ ।

**नेपाली निबन्धपरम्परामा स्याङ्जा जिल्लाको योगदान** शीर्षक रहेको प्रस्तुत शोधपत्रमा जिल्लाको चिनारी स्याङ्जाको साहित्यिक सर्वेक्षण, नेपाली निबन्धपरम्परामा स्याङ्जा जिल्ला र जिल्लाका प्रमुख निबन्धकार र तिनका निबन्धात्मक कृतिहहरूको अध्ययन तथा विश्लेषण गर्दै नेपाली निबन्ध क्षेत्रमा स्याङ्जाले दिएको योगदानलाई प्रस्तुत गरिएको छ । नेपाली निबन्धपरम्परालाई महत्त्पूर्ण योगदान गर्ने स्याङ्जा जिल्लामा विविध निबन्धगत प्रवृत्तिहरू रहेका छन् । विषयगत, प्रवृत्तिगत, शैलीगत, प्रकारगत र भाषिकागत विविधता स्याङ्जाली

निबन्धपरम्पराका विशेषताहरू हुन् । प्रवृत्तिगत विविधताभित्र प्रगतिवादी चिन्तन, सामाजिक यथार्थको चित्रण र नारी समस्या आदि रहेका छन् । शैलीगत विविधतामा सङ्ख्यात्मक र गुणात्मक आदि प्रवृत्तिहरू रहेको पाइन्छ । विषयगत प्रवृत्तिअन्तर्गत लोकसामग्री, साहित्य, संस्कृति र विज्ञान रहेका छन् । प्रकारगत विविधताभित्र हास्यव्यङ्ग्यब, यात्रासंस्मरण, डायरीमूलक र संस्मरणात्मक निबन्धहरू देखिन्छन् । भाषिकागत विविधताभित्र स्थानीय भाषिकाको प्रयोग र नेपाली वाङ्मयको शब्दभण्डारका क्षेत्रमा योगदान दिएको पाइन्छ । यसबाट निबन्ध साहित्यको विकासमा स्याङ्जा जिल्लाले दिएको अतुलनीय योगदान प्रस्ट हुन जान्छ । छोटो अवधिमा थुप्रै निबन्धहरूको सिर्जना हुनु नेपाली निबन्ध साहित्यमा इँटा थप्ने कार्य हो । तसर्थः नेपाली निबन्धपरम्परामा स्याङ्जा जिल्लाको स्थान अग्रणी रहेको छ । कुनै पनि अध्ययन र अनुसन्धान आफैमा पूर्ण नहुने हुनाले स्याङ्जाली निबन्धको अध्ययन तथा अनुसन्धानका केही संभावित विषय र शीर्षक यस प्रकार रहेका छन् :

क) स्याङ्जाका निबन्धकारहरूको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन ।

ख) स्याङ्जाको साहित्यिक गतिविधिको समग्र सर्वेक्षणात्मक अध्ययन ।

ग) स्याङ्जाका महत्त्वपूर्ण साहित्यिक कृतिको कृतिगत अध्ययन ।

घ) स्याङ्जाका निबन्धकार र निबन्धकृतिको अध्ययन ।

## सन्दर्भसामग्रीसूची

### क) पुस्तकसूची


अधिकारी, गणेशप्रसाद, **समाजशास्त्र तथा मानवशास्त्र एक परिचय,** काठमाडौँ : रत्न पुस्तक भण्डार २०५४ ।

अधिकारी, रामलाल, **नेपाली निबन्ध यात्रा,** दार्जिलिङ : नेपाल साहित्य संचारिका, १९७६ ।

अधिकारी, विश्वप्रेम, **आँधीखोले लोकसंस्कृति र लोकगीत,** स्याङ्जा : लेखक स्वयम्, २०५७ ।

.........., **पश्चिमाञ्चलका लोकगीत र परम्परा,** स्याङ्जा विजय कुमार अधिकारी, २०५८ ।

..........., **आँधिखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण,** स्याङ्जा : विजयकुमार अधिकारी, २०५९ ।

............, **स्याङ्जाली साहित्यकार र तिनका सिर्जनाहरू,** स्याङ्जा : लेखक स्वयम्, २०६१ ।

अधिकारी, हेमाङ्गराज र अन्य (सम्पा), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौ : विद्यार्थी प्रकाशन प्रा.लि.,२०६१ ।

आचार्य, बाबुराम, **श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी,** (दो.सं.), काठमाडौँ : साझा प्रकाशन, २०६१ ।

उपाध्याय, केशवप्रसाद, **साहित्यप्रकाश,** (पाँचौँ संस्क.) काठमाडौँ : साझा प्रकाशन, २०४९ ।

खतिवडा, सोमप्रसाद, **अभिलेख विज्ञान एवम् मुद्राशास्त्र,** काठमाडौँ : एम.के. पब्लिशर्स एन्ड डिस्ट्रिब्युटर्स, २०५५ ।

ग्वीन, रवर्ट पी, दि **न्यू इन्साइक्लोपिडिया ब्रिटानिका,** भोल्युम ४, (सत्रौँ संस्क), दि युनिभर्सिटी अफ सिकागो, सन् १९६८ ।

गुरुङ, गणेशमान, **सम्झनाका क्षणहरू,** काठमाडौँ : एस. गुरुङ, २०४८ ।

गौतम, देवीप्रसाद र खगेन्द्र लुइटेल, **नेपाली निबन्ध,** काठमाडौँ : नवीन प्रकाशन, २०५५ ।

चापागाईं, राजेन्द्र, **आवरण,** पोखरा : लेखनाथ साहित्य प्रतिष्ठान, २०६३ ।

क्षेत्री, यमबहादुर, **मितेरी,** पोखरा : सुश्री सिर्जना पौडेल, २०५७ ।

ढकाल, केदार शर्मा, **बाँच्न गाह्रो भो,** स्याङ्जा : ढकाल बन्धु प्रगति प्रकाशन, २०४७ ।

......................, **जीवन सङ्घर्षको चक्कर ठक्कर,** स्याङ्जा : ढकाल बन्धु प्रगति प्रकाशन, २०५८ ।

ढकाल, घनश्याम, **दरिद्रताबाट मुक्ति,** पोखरा : पार्वती ढकाल, २०४५ ।

ढकाल, वेणीमाधव (सम्पा), **यज्ञशर्मसुरिविरचितम् चन्द्रसम्भव महाकाव्यम**, काठमाडौ : ने.रा.प्र.प्र., २०५८ ।

थापा, धर्मराज, **गण्डकीका सुसेली,** काठमाडौ : ने.रा.प्र.प्र., २०३० ।

थापा, मोहनहिमांशु , **साहित्य परिचय,** (दो.सं.), काठमाडौँ : साझा प्रकाशन, २०४२ ।

दाहाल, पेशल र सोमप्रसाद, **नेपाली समाज र संस्कृति,** काठमाडौँ : एम. के. पब्लिशर्स एन्ड डिस्ट्रव्युटर्स, २०५७ ।

देवकोटा, लक्ष्मीप्रसाद, **लक्ष्मी निबन्धसङ्ग्रह,** (बारौँ संस्क., ललितपुर : साझा प्रकाशन, २०५७ ।

दोरङ्गा, कृष्णप्रसाद र अन्य (सम्पा), **स्याङ्जा शैक्षिक दर्पण,** स्याङ्जा : जिल्ला शिक्षा कार्यालय, २०५८ ।

पराजुली कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक,** काठमाडौ : वीणा प्रकाशन प्रा.लि., २०५७ ।

पराजुली, मोतिलाल, **नेपाली लोकगाथा,** पोखरा : तारादेवी पराजुली, २०४९ ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.), **नेपाली वृहत् शब्दकोश,** काठमाडौँ : ने.रा.प्र.प्र, २०४० ।

भण्डारी, जगदीशचन्द्र, **अँध्यारोमा चल्बलाएका शब्दहरू,** काठमाडौँ : तीर्थमान ज्यापु, २०४७ ।

मार्क्स, कार्ल र फ्रेडरिक एङ्गेल्स, **कम्युनिष्ट पार्टीको घोषणापत्र,** (तृतीय संस्क), मस्को : प्रगति प्रकाशन, सन् १९८६ ।

**मेचीदेखि महाकालीसम्म भाग ३,** काठमाडौ : श्री ५ को सरकार सूचना विभाग, २०३१ ।

लम्साल, गायत्री, **बोकापालन,** स्याङ्जा : आँधीखोला साहित्य सदन, २०६२ ।

वनवासी, देवीप्रसाद, **आँधीखोले लोकसंस्कृति,** वालिङ् : चित्रलेखा प्रकाशन, २०५५ ।

............, **मुलुकभित्रै भौतारिदा,** स्याङ्जाः श्रीमती सुमित्रा रेग्मी, २०४२ ।

............**सोल्टी**, स्याङ्जा : चित्रलेखा प्रकाशन, २०५९ ।

............, **हरेलो**, स्याङ्जा : चित्रलेखा प्रकाशन, २०६१ ।

विनय, (सम्पा.), **निबन्धालोक,** दिल्ली : साहित्य केन्द्र, सन् १९६८ ।

श्रेष्ठ, दयाराम, **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ,** (दो.सं.), काठमाडौं : त्रिकोण प्रकाशन, २०६१ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** (छैटौँ संस्क.), ललितपुर : साझा प्रकाशन, २०५९ ।

शर्मा, एकनारायण र अन्य (सम्पा), **जिल्ला विकास योजना,** स्याङजा, २०६२/६३ ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्ध परिचय,** (एघारौँ (संस्क), काठमाडौँ : रत्न पुस्तक भण्डार, २०५७ ।

शर्मा ताना, **नेपाली साहित्यको इतिहास,** काठमाडौं : नवीन प्रकाशन, २०५१ ।

शर्मा, महेश्वर र अन्य, (सम्पा.), **स्याङ्जाको साहित्यिक चिनारी,** काठमाडौँ : स्याङ्जा साहित्य परिषद, २०५१ ।

....................., **तर ...........तापनि......**, स्याङ्जा : आस्था प्रकाशन, २०५१ ।

....................., **अस्तित्वको खोजीमा**, स्याङ्जा : आस्था प्रकाशन, २०५३ ।

...................., **वरं न राज्यम्कुराजराज्यम्**, स्याङ्जा : राधाकुमारी शर्मा, २०५३ ।

...................., **अलालिएका स्वर**, स्याङ्जा : अंशु प्रकाशन, २०५९ ।

......................, **स्याङजाका चौबीसे राज्यमा रुमलिंदा,** स्याङजा : आस्था प्रकाशन, २०५६ ।

शर्मा, मोहनराज, **शैलीविज्ञान,** काठमाडौ : ने.रा.प्र.प्र., २०४८ ।

..................., **समकालीन समालोचना : सिद्धान्त र प्रयोग,** काठमाडौँ : ने.रा.प्र.प्र., २०५५ ।

शर्मा मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, **शोधविधि,** ने.सं. ललितपुर : साझा प्रकाशन, २०६२ ।

शर्मा, शारदा, **अग्निस्पर्श,** काठमाडौ : एकता प्रकाशन, २०६३ ।

शर्मा, सुकुम, **आँधीखोला क्षेत्रमा प्रचलित उखानको अध्ययन**, काठमाडौ : निरन्तर प्रकाशन, २०६२ ।

................, **कोम्रोङ् खोला बाँचे भेट होला**, काठमाडौँ : राधा बुढाथोकी मगर, २०५९ ।

..............., **नेपाली भाषा साहित्यमा आन्दोलन,** काठमाडौं : एकेडेमिक बुक सेन्टर, २०६४ ।

सागर, **नाम कमाउने रहरमा,** पोखरा : लेखक स्वयम्, २०४२ ।

सुवेदी, राजेन्द्र (सम्पा.), **स्नातकोत्तर नेपाली निबन्ध**, (तेस्रो संस्क.), काठमाडौँ : पाठयसामग्री पसल, २०५७ ।

.........................., **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण,** काठमाडौँ : पाठयसामग्री पसल, २०५८ ।

.........................., **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि,** (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन, २०५८ ।

सुवेदी, लालगोपाल, **नानीका निबन्ध र चिठी,** काठमाडौँ : थाँक्रो प्रकाशन, २०६१ ।

......................., **निबन्ध र अभिव्यक्तिकला,** काठमाडौँ : थाँक्रो प्रकाशन, २०६१ ।


## ख) शोधपत्रसूची


अधिकारी, नारायणप्रसाद, **स्याङ्जेली लोकगीतको संकलन, वर्गीकरण र अध्ययन**, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०४३ ।

अर्याल, अच्युतशरण, **अझेटाका बान्कीहरू,** स्नातकोत्तर सिर्जनापत्र, त्रि.वि. कीर्तिपुर, २०४१ ।

अर्याल, खडानन्द, **महेश्वर शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०५५ ।

अर्याल, दिनेश, **नेपाली साहित्यमा युगभाषा पत्रिकाको योगदान**, अप्रकाशित शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा, २०५४ ।

काफ्ले, हरिप्रसाद, **स्याङ्जेली कविहरू र तिनको परिचयात्मक अध्ययन,** अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि.कीतिपुर, २०५५ ।

ढुङ्गाना, श्यामप्रसाद, **साहित्यकार भेषजराज शर्माको जीवनी, व्यक्तित्व र कृतिगत विवरण,** अप्रकाशित शोधपत्र, पृथ्वीनारायण क्याम्पस पोखरा, २०६२ ।

न्यौपाने, कृष्णप्रसाद, **स्याङ्जाका नेपाली लोकगीत र लोकगाथाहरूको विश्लेषणात्मक अध्ययन,** अप्रकाशित विद्यावारिधि शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६२ ।

पराजुली, चन्द्रकान्त, **साहित्यकार देवीप्रसाद वनवासी : जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित शोधपत्र, पृथ्वीनारायण क्याम्पस पोखरा, २०५१ ।

बराल, सुरेन्द्र, **विश्वप्रेम अधिकारीको जीवनी, व्यक्तित्व, र कृतित्वको अध्ययन,** अप्रकाशित शोधपत्र, पृथ्वीनारायण क्याम्पस पोखरा, २०५९ ।

लुइँटेल, प्रेमराज, **नेपाली हास्यव्यङ्ग्यमा स्याङ्जा जिल्लाको योगदान,** अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०६२ ।

तिमिल्सिना, शिवप्रसाद, **केदार शर्मा ढकालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा, २०५२ ।

दोरङ्गा, बलराम, **नेपाली साहित्यमा रजस्थल पत्रिकाको योगदान,** अप्रकाशित शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा, २०६२ ।

**ग) पत्रपत्रिका सूची**

अवस्थी, महादेव, 'निबन्धको सैद्धान्तिक परिचय र निबन्धलेखनका औचित्य एवम् फाइदा', **कुञ्जिनी,** वर्ष ६, अङ्क ४, २०५५ ।

अधिकारी, विश्वप्रेम, (सम्पा.) **रजस्थल,** अंङ्क १-२७, २०५५-०६४ ।

पराजुली, दिपेन्द्र, (सम्पा.) **आँधीखोलाको सुस्केरा,** विशेषाङ्क, २०६२ ।

लुइटेल, प्रेमराज (सम्पा.) **सगुन,** अङ्क १-१०, २०५९-०६४ ।

शर्मा, गोविन्दप्रसाद, (सम्पा.), **प्रयोग,** वर्ष १, अङ्क १, २०५३ ।

शर्मा, पीताम्बर (सम्पा.), 'म बाहुन हुन चाहन्न', **आँधीको सुसेली,** अङ्क ४, २०६० ।

........................., 'भऱ्याङ', **प्रज्ञा पराग,** वर्ष १, अङ्क ३, २०५९ ।

शर्मा, महेश्वर, (सम्पा.), **साहित्यधारा,** वर्ष १, अङ्क ४, २०२३ ।

सुवेदी, राजेन्द्र, 'आधुनिक नेपाली निबन्ध शिक्षण', **वाङ्मय,** वर्ष १०, पूर्णाङ्क १०, २०५७-५८ ।